"दिगो विकास समृद्धिको आधार, स्थायित्व र पर्याप्त पूर्वाधार"

# आवधिक योजना

## आ. ब. २०७८/७९ - २०८२/८३

## माङसेबुङ गाउँपालिका, इलाम

## माङसेबुङ गाउँपालिकाको कार्यालय

## इलाम

## प्रदेश न. १, नेपाल

## २०७८

## अवस्थिति नक्सा
## मांसेबुङ गाँउपालिका, इलाम



# आवधिक योजना

## आ. ब. २०७८/७९ - २०८२/८३

## माङसेबुङ गाउँपालिका, इलाम

## माङसेबुङ गाउँपालिकाको कार्यालय

## इलाम

## प्रदेश न. १, नेपाल

## २०७८

# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### इभाङ, इलाम

**१ न. प्रदेश, नेपाल**



**आवधिक योजनाको सन्दर्भमा ।**

नेपालको संविधान २०७२ ले कल्पना गरे अनुसार स्थानीय निकाय पुर्नसंरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह संञ्चालन भईरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ निदिष्ट गरे अनुसार हरेक स्थानीय तहले आफ्नो क्षेत्रका आवधिक एवम् एकीकृत योजना तयार गर्नु पर्ने व्यवस्था गरेको छ। यसै परिप्रेक्ष्यमा माङसेबुङ गाउँपालिका इलामले “दिगो विकास समृद्धिको आधार, स्थायित्व र पर्याप्त पूर्वाधार” भन्ने ध्येयका साथ माङसेबुङ गाउँपालिकाको ५ बर्षे आवधिक विकास योजना तयार गरेको हो । यस योजना पुस्तिका माङसेबुङ गाउँपालिकाको बार्षिक, आवधिक तथा रणनीतिक योजना तर्जुमाको लागि आधारभूत दस्तावेजको रुपमा रहनेछ। संघीय राज्यको अवधारणा अुनसार संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र अर्न्तगत स्रोत साधन र आवश्यकतालाई यस आवाधिक योजनामा समावेश गरिएकोछ। दिगो विकासको लक्ष्यहरुलाई स्थानीयकरण गर्ने साथसाथै कोविड १९ले पारेको प्रभावहरुलाई समेत यहाँ विश्लेषण गरिएको छ । यस दस्तावेजलाई आधिकारिक योजना दस्तावेजको रुपमा सबै सरोकारवालाहरुले प्रयोग गर्न सक्नेछन् । यस आवाधिक योजनाले संकेत गरेका लक्ष्य तथा रणनीतिहरु आगामी आर्थिक बर्षहरुको लागि विकास योजना छनौट तथा प्राथमिकिरणमा सहयोग पुग्ने भएकोले यस योजना अनुसार गाउँपालिकाको आगामी योजनाहरु छनौट तथा कार्यान्वयन हुदै जानेछन् । साथै यस गाउँपालिकासँग समन्वय र साझेदारीमा कामगर्ने सवै संघसंस्था, नीजि क्षेत्र र सवै निकायले यसै एकीकृत आवधिक योजनामा उल्लेख भएका लक्ष्य उद्धेश्य अनुसार आफ्ना बार्षिक गतिविधि कार्यान्वयन गर्दै जाने कुरामा विश्वसत छु।

यस माङसेबुङ गाउँपालिकाको आवाधिक योजना तयारी प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिकाका सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका कर्मचारी, वडा कार्यालयका कर्मचारी, राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, बिषयगत कार्यालयहरु लगायत यस कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न हुनुहुने सवैमा गाउँपालिकाको तर्फवाट हार्दिक  धन्यवाद प्रकट गर्दछु ।

...................
डिकेन्द्र इदिङ्गो
अध्यक्ष
माङसेबुङ गाउँपालिका, इलाम
जेठ, २०७८

# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## इभाङ, इलाम

**१ न. प्रदेश, नेपाल**



**आवधिक योजना सम्बन्धमा ।**

स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेको अधिकारको क्षेत्र भित्र रही स्थानीय तहले प्रभावकारी सेवा प्रवाहको लागि योजनावद्ध विकास गर्नुपर्ने मान्यताको आधारमा यस माङसेबुङ गाउँपालिका इलामले आफ्नो दिर्घकालीन सोंचका साथ गाउँपालिकाको प्रथम ५ बर्षे आवधिक योजना तर्जुमा गरेको छ ।

यस प्रथम पञ्चवर्षिय आवधिक योजनाले माङसेबुङ गाउँपालिकाको समग्र विकासमा ठोस योगदान पुऱ्याउन सक्नेछ भन्ने अपेक्षा लिईएको छ । यस गाउँपालिकामा कृयाशिल सबै जनप्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, सरकारी तथा गैरसरकारी संस्थाहरुले यस आवधिक योजनाका लक्ष्यहरुलाई सफल पार्न हरेक वर्ष योजना तर्जुमा, कार्यान्वयन र समीक्षा गर्दा विगतमा भए गरेका प्रसंशनीय कार्यको आत्मबोध गर्ने, स्वामित्व ग्रहण गर्ने र समेटेर सँगसँगै लैजानु हुनेछ भन्ने विश्वास लिएको छु । आवधिक योजनामा भएका योजनाहरुको कार्यान्वयनका पक्षमा गुणस्तरीय सुशासन र हाम्रो मर्यादालाई आत्मसाथ गर्दै योजनाको सफलताको लागि सकारात्मक र नकारात्मक पक्षको समीक्षा गर्दै गाउँपालिकाले तोकेको लक्ष्य अनुसार कार्यान्वयन पक्ष सफल र सक्षम वनाउनको लागि हामी सवै दृढ संकल्पका साथ अगाडी वढेमा विकासको प्रतिफल सवैले पाउने कुरामा दुईमत छैन । सक्षम स्थानीय तहको मान्यता अनुसार आगामी दिनहरुमा गाउँपालिकालाई प्राप्त हुने स्रोत अनुदान पनि आवाधिक योजनाको लक्ष्यसँग तालमेल मिलाउन प्राप्त हुनेछ भन्ने विश्वास समेत लिएको छु ।

अन्तयमा यस आवधिक योजना निर्माण कार्यमा सहयोग पुऱ्याउनु हुने गाउँपालिका बासी, गाउँ सभाका सदस्य, गाउँपालिकाका जिम्मेवार कर्मचारी मित्रहरु एवंम संघसंस्था लगायत तपाई सम्पूर्ण महानुभावहरु प्रति हार्दिक धन्वाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

..................

सुनिता योङहाङ

उपाध्यक्ष

माङसेबुङ गाउँपालिका, इलाम

जेठ, २०७८

# माङसेबुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## इभाङ, इलाम

**१ न. प्रदेश, नेपाल**



**धन्यवाद सम्बन्धमा ।**

नेपालको संविधान २०७२ ले कल्पना गरे अनुसार स्थानीय निकाय पुर्नसंरचना गर्दै अधिकार सम्पन्न स्थानीय तह संञ्चालन भईरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निदिष्ट गरे अनुसार हरेक स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र रही आवाधिक योजना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसै परिप्रेक्ष्यमा माङसेबुङ गाउँपालिका इलामले गाउँपालिकाको प्रथम आवधिक योजना (आ. व. २०७८/७९- आ.व.२०८२/०८३) तयार गरेको हो । यस योजना पुस्तिका गाउँपालिकाको बार्षिक, आवधिक तथा रणनितिक योजना तर्जुमाको लागि आधारभूत दस्तावेजको रुपमा रहनेछ । साथै यस दस्तावेजलाई आधिकारिक योजना दस्तावेजको रुपमा सबै सरोकारवालाहरुले प्रयोग गर्न सक्नेछन् । यस आवाधिक योजनाले संकेत गरेका लक्ष्य तथा रणनीतिहरु आगामी आर्थिक बर्षहरुको लागि विकास योजना छनौट तथा प्राथमिकिरणमा सहयोग पुग्ने भएकोले यस योजना अनुसार गाउँपालिकाको आगामी योजनाहरु छनौट तथा कार्यान्वयन हुदै जानेछन् भन्ने विश्वास लिएको छ । नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय मार्फत समय समयमा जारी गरिएका योजना तर्जुमा सम्बन्धी निर्देशनहरुले समेत यस आवाधिक योजना तर्जुमालाई परिणाममुखी बनाएको छ । दिगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरी त्यसैका लक्ष्यकेन्द्रित सूचक एवंम् कृयाकलापहरु यस आवाधिक योजनामा समावेश गरिएका छन् साथै मध्यावधी खर्च मूल्यांकनका आधारमा आगामी आर्थिक बर्षहरुमा गाउँपालिकाको बजेट स्रोत अनुमानलाई समेत अधिकंतम कार्यान्वयनमुखी हुनेछ भन्ने विश्वास लिएको छ ।

यस माङसेबुङ गाउँपालिकाको आवाधिक योजना तयारी प्रकृयामा सहयोग गर्नुहुने गाउँपालिकाका सम्पूर्ण कार्यपालिका सदस्य ज्यूहरु, वडाका निर्वाचित जनप्रतिनिधिज्यूहरु, गाउँपालिका कार्यालयका सहयोगी सम्पूर्ण कर्मचारी मित्रहरु, वडा कार्यालयका कर्मचारी साथीहरु, कृयाशिल राजनैतिक दल, बुद्धिजिवी, समाजसेवी, बिषयगत कार्यालयहरु लगायत यस कार्यमा औपचारिक तथा अनौपचारिक रुपमा संलग्न हुनुहुने सबै महानुभावहरु एवंम् परामर्शदाता श्री ग्रीन ईनिसिएटिभ सोलुसन प्रा.लि. इलामलाई हार्दिक धन्यवाद प्रकट गर्दछु ।

..........................

डिल्लीराम सुवेदी

प्रमुख प्रशासकीय अधिकृत

जेठ, २०७८

## विषय सूची


**परिच्छेदः १** ३

**आवाधिक योजना - परिचय** ३

१.१ पृष्ठभूमि ३

१.२ लक्ष्य र उद्देश्यहरु ३

१.३ योजना तर्जुमाका विधि र प्रक्रियागत चरणहरु ४

१.३.१ वस्तुगत विवरण विश्लेषण ४

१.३.२ विगत विकास र वर्तमान अवस्थाको विश्लेषण ४

१.३.३ वडा स्तरीय समस्या पहिचान तथा योजना तर्जुमा गोष्ठी ४

१.३.४ वडा स्तरीय प्राथमिकता तथा श्रोतको पहिचान ४

१.३.५ विषयगत विज्ञमार्फत योजना विश्लेषण ४

१.३.६ सरोकारवाला विश्लेषण ५

१.३.७ वित्तिय विश्लेषण ५

१.३.८ संभावना विश्लेषण ५

१.३.९ गाउँपालिका स्तरीय समायोजन ५

१.३.१० लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण कार्यशाला ५

१.३.११ मस्यौदा योजना गाउँपालिका स्तरीय छलफल ५

१.३.१२ अन्तिम प्रकाशन ५

१.४ नीतिगत पृष्ठभूमी र आवश्यकता ५

१.५ योजना तर्जुमाका सिमाहरु ६

१.६ केन्द्रिय तथा प्रादेशिक योजनासँगको सम्बन्ध ७

१.७ योजना तर्जुमाका सरोकारवालाहरु ७

१.८ योजनाले समेटेका बिषयगत क्षेत्रहरुको विवरण ७

**परिच्छेद २** ९

**वस्तुस्थिति बिश्लेषण** ९

२.१ गाउँपालिकाको सामान्य परिचय ९

२.१ भौगोलिक स्थिति ९

२.१ घरधुरी तथा जनसंख्याको अवस्था ९

२.१ प्राकृतिक स्रोत तथा सम्पदा १०

२.१ भू उपयोग तथा मानव वसोबास १०

२.१ सामाजिक तथा सांस्कृतिक अवस्था १०

२.१ आर्थिक अवस्था र क्रियाकलाप १०

२.१ धार्मिक तथा पर्यटकीय पूर्वाधार ११

२.१ खानेपानी तथा सरसफाईको अवस्था ११

२.१ इन्धनको स्रोत र प्रयोगको अवस्था ११

२.१ वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था ११

२.१ यातायात तथा भौतिक पूर्वाधारको अवस्था ११

२.१ सूचना तथा संचारको पहुँच ११

२.१ खेलकुद तथा मनोरञ्चन १२

२.१४ संस्थागत क्षमताको अवस्था १२

**परिच्छेद ३** १३
**माङसेबुङ गाउँपालिकाको विगत विकास समीक्षा र स्थिति विश्लेषण** १३
३.१ पृष्ठभूमी १३
३.२ विगतको विकासको समीक्षा र स्थिति विश्लेषण १३
३.३ विकासका उपलब्धिहरुको समीक्षात्मक विवरण १४
संस्थागत सुशासन १५
शिक्षा तथा खेलकूद १६
खानेपानी तथा सरसफाई १६
सूचना तथा सञ्चार १६
सामाजिक सुरक्षा कार्यक्रम १६
३.४ विगतको वित्तीय स्रोतको विश्लेषण १७
३.५ सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीको विश्लेषण १७
३.५.१ सवल पक्ष १७
३.५.२ कमजोर पक्ष १८
३.५.३ अवसर तथा संभावना १८
३.५.४ चुनौंती १९
३.६ सरोकारवालाहरुको विश्लेषण १९
३.६.१ संवैधानिक, न्यायिक एवम् प्रशासनिक सरकारी कार्यालय १९
३.६.२ विषयगत सरकारी निकाय २०
३.६.३ स्थानीय वडा कार्यालयहरु २०
३.६.४ गैह्र सरकारी तथा सामुदायिक क्षेत्र २०
३.६.५ सहकारी २१
३.६.६ वैक तथा वित्तिय संस्थाहरु: २१
३.६.७ नीजि क्षेत्र २१
३.६.८ नागरिक समाज एवम् समुदाय २२
३.६.९ राजनीतिक दल २२
३.७ छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँग विकासको रणनीतिक, सम्बन्ध र अवसरको समीक्षात्मक विश्लेषण २३
**परिच्छेद ४** २५
**आवाधिक योजनाको दिर्घकालीन सोच, लक्ष्य एवंम् समष्टिगत आर्थिक खाँका** २५
४.१ पृष्ठभूमि २५
४.२ आवाधिक योजना तयारीका आधारहरु २५
४.२.१ आर्थिक विकास २५
४.२.२ वन वातावरण २६
४.२.३ सामाजिक क्षेत्र २६
४.२.४ भौतिक पूर्वाधार २८
४.२.५ संस्थागत तथा सुशासनको स्थिति २९
४.२.६ वित्तिय व्यवस्थापन २९
४.३ दीर्घकालिन सोच र रणनीतिक दिशा ३०
४.३.१ गाउँपालिकाको दीर्घकालिन सोच: ३०
४.३.२ विकासको ध्येय: ३१

४.३.३ विकासको लक्ष्यः ३१
४.३.४ माङसेबुङ गाउँपालिकाको समष्टिगत विकासको उद्धेश्यहरुः ३१
४.४ विकासका निर्देशक सिद्धान्त ३१
४.४.१ वातावरणमैत्री दिगो एवम् आत्मनिर्भरमुखी विकास ३१
४.४.२ स्रोतको समुचित व्यवस्थापन ३१
४.४.३ लैंगिक समानता, सामाजिक न्याय र सामजिक समावेशीकरण ३१
४.४.४ साझेदारी एवम् सहभागितामूलक विकास पद्धति ३२
४.४.५ गरिबी न्यूनिकरण तथा रोजगारी ३२
४.४.६ संस्थागत विकास, सुशासन तथा विकेन्द्रीकरण ३२
४.४.७ सरकारी निजी तथा सहकारी साझेदारी ३२
४.४.८ मानव संशाधन विकास ३२
४.४.९ अन्तर निकाय साझेदारी ३२
४.४.१० दिगो विकासको लक्ष्य एवंम् मध्यकालीन खर्च संरचनासँगको तालमेल ३२
४.५ प्रमुख रणनीतिहरु ३३
४.६ आवाधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य ३३
४.७ वित्तिय व्यबस्थापन ३५
४.७.१ सार्वजनिक स्रोत परिचालनको आधार ३५
४.७.२ कुल वित्तीय लगानी ३६
४.७.३ गाउँपालिकाको सञ्चित कोषबाट हुने सार्वजनिक खर्च ३६
४.७.४ संघ र प्रदेशको प्रत्योजित कार्यक्रम अर्न्तगत सार्वजनिक खर्च ३८
४.७.५ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरु ३८
४.७.६ बहुपक्षीय स्रोतहरुको परिचालन ४०
४.८ आवाधिक योजनाको प्राथमिकताक्रम ४१
**परिच्छेद ५** ४३
**आर्थिक विकास** ४३
५.१ कृषि तथा पशुपालन ४३
५.१.१ प्रमुख समस्या ४३
५.१.२ अवसर र चुनौती ४३
५.१.३ उद्देश्य ४३
५.१.४ रणनीति ४३
५.१.५ कार्यनीति ४३
५.१.६ प्रमुख कार्यक्रम ४४
५.१.७ अपेक्षित उपलब्धी ४५
५.२ पर्यटन तथा संस्कृति ४५
५.२.१ प्रमुख समस्या ४५
५.२.२ अवसर र चुनौती ४५
५.२.३ उद्देश्य ४६
५.२.४ रणनीति ४६
५.२.५ कार्यनीति ४६
५.२.६ प्रमुख कार्यक्रम ४६

५.२.७ अपेक्षित उपलब्धी ४७
५.३ उद्योग, व्यापार र व्यवसाय ४७
५.३.१ प्रमुख समस्या ४७
५.३.२ अवसर र चुनौती ४७
५.३.३ उद्देश्य ४८
५.३.४ रणनीति ४८
५.३.५ कार्यनीति ४८
५.३.६ प्रमुख कार्यक्रम ४८
५.३.७ अपेक्षित उपलब्धी ४९
५.४ सहकारी तथ वित्तिय सेवा ४९
५.४.१ प्रमुख समस्या ४९
५.४.२ अवसर र चुनौती ४९
५.४.३ उद्देश्य ४९
५.४.४ रणनीति ४९
५.४.५ कार्यनीति ४९
५.४.६ प्रमुख कार्यक्रम ४९
५.४.७ अपेक्षित उपलब्धी ५०
**परिच्छेद ६** ५१
**सामाजिक क्षेत्र** ५१
६.१ शिक्षा ५१
६.१.१ प्रमुख समस्या ५१
६.१.२ अवसर र चुनौती ५१
६.१.३ उद्देश्य ५१
६.१.४ रणनीति ५१
६.१.५ कार्यनीति ५२
६.१.६ प्रमुख कार्यक्रम ५२
६.१.७ अपेक्षित उपलब्धी ५३
६.२ स्वास्थ्य, पोषण तथा खाद्यसुरक्षा ५३
६.२.१ प्रमुख समस्या ५३
६.२.२ अवसर र चुनौती ५४
६.२.३ उद्देश्य ५४
६.२.४ रणनीति ५४
६.२.६ प्रमुख कार्यक्रम ५५
६.२.७ अपेक्षित उपलब्धी ५६
६.३ यूवा तथा खेलकुद ५६
६.३.१ प्रमुख समस्या ५६
५.३.२ अवसर र चुनौती ५६
६.३.३ उद्देश्य ५७
६.३.४ रणनीति ५७
६.३.५ कार्यनीति ५७

६.३.६ प्रमुख कार्यक्रम ५७
६.३.७ अपेक्षित उपलब्धी ५८
६.४ लैङ्गिक तथा सामाजिक समावेशीकरण ५८
६.४.१ प्रमुख समस्या ५८
६.४.२ अवसर र चुनौती ५८
६.४.३ उद्देश्य ५९
६.४.४ रणनीति ५९
६.४.५ कार्यनीति ५९
६.४.६ प्रमुख कार्यक्रम ६०
६.४.७ अपेक्षित उपलब्धी ६१
६.५ खानेपानी तथा सरसफाई ६१
६.५.१ प्रमुख समस्या ६१
६.५.२ अवसर र चुनौती ६१
६.५.३ उद्देश्य ६१
६.५.४ रणनीति ६१
६.५.५ कार्यनीति ६१
६.५.६ प्रमुख कार्यक्रम ६२
६.५.७ अपेक्षित उपलब्धी ६२
**परिच्छेद ७** ६३
**भौतिक पूर्वाधार क्षेत्र** ६३
७.१ सडक तथा यातायात ६३
.१.१ प्रमुख समस्या ६३
७.१.२ अवसर र चुनौती ६३
७.१.३ उद्देश्य ६३
७.१.४ रणनीति ६३
७.१.५ कार्यनीति ६३
७.१.६ प्रमुख कार्यक्रम ६४
७.१.७ अपेक्षित उपलब्धी ६५
७.२ आवास, भवन तथा बस्ती विकास ६५
७.२.१ प्रमुख समस्या ६५
७.२.२ अवसर र चुनौती ६५
७.२.३ उद्देश्य ६५
७.२.४ रणनीति ६५
७.२.५ कार्यनीति ६६
७.२.६ प्रमुख कार्यक्रम ६६
७.२.७ अपेक्षित उपलब्धी ६६
७.३ सिंचाई तथा भूक्षय नियन्त्रण ६७
७.३.१ प्रमुख समस्या ६७
७.३.२ अवसर र चुनौती ६७
७.३.३ उद्देश्य ६७

७.३.४ रणनीति ६७

७.३.५ कार्यनीति ६७

७.३.६ प्रमुख कार्यक्रम ६७

७.३.७ अपेक्षित उपलब्धी ६८

७.४ बिद्यूत तथा बैकल्पिक ऊर्जा ६८

७.४.१ प्रमुख समस्या ६८

७.४.२ अवसर र चुनौती ६८

७.४.३ उद्देश्य ६८

७.४.४ रणनीति ६९

७.४.५ कार्यनीति ६९

७.४.६ प्रमुख कार्यक्रम ६९

७.५.७ अपेक्षित उपलब्धी ७०

७.६ सूचना तथा संचार ७०

७.६.१ प्रमुख समस्या ७०

७.६.२ अवसर र चुनौती ७०

७.६.३ उद्देश्य ७०

७.६.४ रणनीति ७०

७.६.५ कार्यनीति ७०

७.६.६ प्रमुख कार्यक्रम ७०

७.६.७ अपेक्षित उपलब्धी ७१

**परिच्छेद ८** ७२

**वन, वातावरण तथा बिपद् व्यबस्थापन** ७२

८.१ वन तथा वातावरण ७२

८.१.१ प्रमुख समस्या ७२

८.१.२ अवसर र चुनौती ७२

८.१.३ उद्देश्य ७२

८.१.४ रणनीति ७२

८.१.५ कार्यनीति ७२

८.१.६ प्रमुख कार्यक्रम ७३

८.१.७ अपेक्षित उपलब्धी ७४

८.१ विपद् व्यबस्थापन ७४

८.१.१ प्रमुख समस्या ७४

८.१.२ अवसर र चुनौती ७४

८.१.३ उद्देश्य ७४

८.१.४ रणनीति ७४

८.१.५ कार्यनीति ७४

८.१.६ प्रमुख कार्यक्रम ७५

८.१.७ अपेक्षित उपलब्धी ७५

**परिच्छेद ९** ७६
**सुशासन तथा संस्थागत विकास** ७६
९.१ योजना तथा तथ्याङ्क ७६
९.१.१ प्रमुख समस्या ७७
९.१.२ अवसर र चुनौती ७६
९.१.३ उद्देश्य ७६
९.१.४ रणनीति ७६
९.१.५ कार्यनीति ७६
९.१.६ प्रमुख कार्यक्रम ७७
९.१.७ अपेक्षित उपलब्धी ७८
९.२ संस्थागत विकास तथा सेवा प्रवाह ७८
९.२.१ प्रमुख समस्या ७८
९.२.२ अवसर र चुनौती ७८
९.२.३ उद्देश्य ७८
९.२.४ रणनीति ७८
९.२.५ कार्यनीति ७८
९.२.६ प्रमुख कार्यक्रम ७९
५.१.७ अपेक्षित उपलब्धी ८०
**परिच्छेद १०** ८१
**नतिजा खाका** ८१
१०.१ पृष्ठभूमी ८१
१०.२ बिषयगत तर्कबद्ध खाका ८१
१०.२.१ मानवीय तथा आर्थिक विकास सूचक ८१
१०.२.२ सामाजिक विकास सूचक ८२
१०.२.३ पूर्वाधार विकास क्षेत्र ८३
१०.२.४ वन वातावरण प्रकोप ८४
१०.२.५ संस्थागत विकास ८५
१०.२.६ वित्तिय व्यवस्थापन तथा सुशासन ८५
१०.३ गाउँपालिका स्तरीय गौरवका योजनाहरु ८६
**परिच्छेद ११** ८७
**दिगो विकास लक्ष्यको स्थानीयकरण तथा मध्यकालिन खर्च संरचना** ८७
११.१ दिगो विकासको लक्ष्यसँग आवाधिक योजनाको स्थानीयकरण ८७
११.१.१ परिचय ८७
११.१.२ दिगो विकासका लक्ष्यहरु ८७
११.१.३ स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने प्रमुख अवयवहरू ८८
११.१.४ स्थानीय तहको अधिकार तथा दिगो विकास लक्ष्य वीचको सम्बन्ध ८८
११.१.५ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ९०
११.२ मध्यमकालिन खर्च संरचना तथा आवधिक योजना तर्जुमा ९०
११.२.१ मध्यकालिन खर्च संरचना पृष्ठभूमी ९०
११.२.२ आवश्यकता ९०

११.२.३ उद्धेश्य ९१

११.२.४ आवधिक योजनामा बजेट स्रोतको अनुमान र मध्यकालिन समायोजन ९१

११.२.५ मध्यमकालिन खर्च अनुमान ९१

११.२.६ प्राथमिकताक्रम आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ९२

११.२.७ विषय क्षेत्रगत संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण ९२

**परिच्छेद १२** ९३

**सामाजिक समावेशीकरण** ९३

१२.१ पृष्ठभूमी ९३

१२.२ योजनामा लैङ्गिक समता तथा सामाजिक समावेशिकरण प्रकृया ९३

१२.२.१ मूलप्रवाहिकरण ९३

१२.२.२ गरीव, महिला, वालवालिका तथा लक्षित वर्ग लक्षित कार्यक्रम ९३

१२.२.३ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण ९३

**परिच्छेद १३** ९४

**आवाधिक योजना कार्यन्वयन, अनुगमन तथा मुल्याङ्कन** ९४

१३.१ पृष्ठभूमी ९४

१३.२ योजनाको कार्यन्वयन ढाँचा र पद्दति ९४

१३.३ अनुगमन मूल्याङ्कन सम्वन्धि संस्थागत व्यवस्था ९४

१३.३.१ सुपरिवेक्षण तथा अनुगमन समिति ९४

१३.३.२ सुपरिवेक्षण तथा अनुगमन उपसमिति ९४

१३.३.३ बिषयगत समिति ९५

१३.३.४ सम्बन्धित निकाय तथा परियोजना ९५

१३.४ अनुगमन प्रकृया ९५

१३.४.१ पटके तथा नियमित अनुगमन ९५

१३.४.२ नागरिक अनुगमन ९५

१३.४.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा ९५

१३.४.४ मध्यावधि मूल्याङ्कन ९५

१४.४.५ अन्तिम मूल्याङ्कन ९५

**सन्दर्भ सामग्रीहरु** ९६

**अनुसुची १** ९७

**माङसेबुङ गाउँपालिका क्षेत्रको वडास्तरीय प्रमुख समस्या पहिचान** ९७

**अनुसुची २** ११४

**योजना तर्जुमा गोष्ठिका सहभागीहरुको नामावली** ११४

**अनुसुची ३** ११९

**विषयगत समितिका पदाधिकारीहरुको नामावली** ११९

**अनुसुची ४** १२१

**माङसेबुङ गाउँपालिका गाँउ कार्यपालिका पदाधिकारीहरुको विवरण** २११

**अनुसुची ५** १२२

**माङसेबुङ गाउँपालिका कार्यालय अर्न्तगतका कर्मचारीहरुको विवरण** १२२


Soyak
Jitpur
Sakfara
Ramitekhola
Tandi
Jante
Madhumalla
N
3 km


सामाजिक नक्सा
मांसेबुङ गाउँपालिका, इलाम
उत्तर
वडा १
गजुरमुखी
डोल पोखरी
वडा २
हिँउखोला पोखरी
माङमालुङ माङमालुङ पोखरी
वडा ६
बाँझो
वडा ३
देउमाई खोला
लारुम्बा मांसेबुङ
वडा ५
वडा ४
संकेत
स्वास्थ्य संस्था
कृषि सेवा केन्द्र
पोखरी
पर्यटकीय क्षेत्र
खोला
गाउँपालिका/वडा सिमाना
स्केल
१:११००००
० १ २ ३ ४
किलोमिटर
स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।


स्रोत नक्सा
माङ्सेबुङ गाउँपालिका, इलाम
उत्तर
फाकफोक गा.पा.
झापा जिल्ला
माई न.पा.
चुलाचुली गा.पा.
जोगमाई खोला
माबा खोला
देवा खोला
तेलीटार
डोल पोखरी
चित्रे
नापी
हिँउखोला पोखरी
माइमालुङ पोखरी
माइमालुङ
खुर्सानीडाँडा
राजुरमुखी
बालुवेंसी
इभाङ
मकाङ
चतुरे
समाटार
मान्द्रे
बाँझो
टोड्के
उत्तरे
डुम्रे
लारुम्बा
मांसेबुङ
खानीटार
शान्तिडाँडा
मुसे
भालुखोप
संकेत
गाँउपालिका केन्द्र
स्वास्थ्य संस्था
मुख्य बस्ती
पुल
पशुसेवा केन्द्र
पोखरी
पर्यटकीय स्थल
मुख्य ग्रामीण सडक
खोला
स्केल
१:१३००००
० १ २ ३ ४
किलोमिटर
आधारनक्सा स्रोत : टोपोग्राफिकल नक्सा, नापी विभाग ।
नक्सांकन : जिल्ला समन्वय समिति, इलाम ।

**शब्द संक्षेप**

| | |
|---|---|
| अ.मु. | : अनुगमन तथा मूल्याङ्कन |
| अ/गै.स.स | : अन्तर्राष्ट्रियरगैर सरकारी संस्था |
| आ.व. | : आर्थिक वर्ष |
| आ.ले.प. | : आन्तरिक लेखा परिक्षण |
| आ.वि. | : आधारभुत विद्यालय |
| उ.स. | : उपभोक्ता समिति |
| क.व. | : कवुलियत बन |
| कि.मि. | : किलो मिटर |
| गा.वि.स | : गाउँ विकास समिति |
| गा.पा. | : गाउँपालिका |
| गाकापा | : गाउँ कार्यपालिका |
| जिसस | : जिल्ला समन्वय समिति |
| न.पा | : नगरपालिका |
| जि.आई.एस. | : जोर्गाफिकल ईन्सफमेसन सिस्टम |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| मा.वि. | : माध्यमिक विद्यालय |
| रायोआ | : राष्ट्रिय योजना आयोग |
| रु. | : रुपैयाँ |
| लि | : लिटर |
| स.सं | : सहकारी संस्था |
| सा.ब. | : सामुदायिक वन |
| हे. | : हेक्टर |

# परिच्छेदः १

# आवधिक योजना - परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले २०७२ ले राज्य पुर्नसंरचना गर्दै संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरे अनुरुप स्थानीय सरकारका रुपमा गाउँपालिका र नगरपालिकालाई उल्लेख गरेको छ। संविधान को अनुसुची ८ ले स्थानीय तहको अधिकारको सूचीमा स्थानीय स्तरका विकासयोजना तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । त्यसै गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासकालागि आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ । स्थानीय तहले यस्ता प्रकारका योजना बनाउँदा संघीय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद्व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई आवधिक तथा बार्षिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकार संचालन ऐनको मर्म अनुरुप माङसेबुङ गाउँपालिकाले सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अबलम्बन गरी **५ बर्षे आवधिक योजना** तर्जुमा गरेको छ। योजना तर्जुमा सम्वन्धि ऐन, नियमावली तथा निर्देशिकाको आधारमा गाउँपालिकाको बहुपक्षीय सरोकारवालाहरुको सहभागिता र समन्वयमा विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था भए बमोजिम सवै सरोकारवालाहरुको संलग्नता र सहकार्यमा माङसेबुङ गाउँपालिकाले **आ.व. २०७८/०७९ देखि २०८२/०८३** सम्मको **आवधिक योजना** तर्जुमा गरेको छ । प्रस्तुत योजनाले समग्र माङसेबुङ गाउँपालिकाको विकासलाई सहभागितामूलक तथा समावेशी बनाउँदै विकासको प्रतिफल आम समुदायसम्म पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्नेछ। यस योजनाले विकासका लागि स्थानीय तहमा उपलब्ध प्राकृतिक, मानवीय, आर्थिक स्रोत लगायत बाह्य स्रोत, साधनको प्रभावकारी परिचालन गर्न, विकास कार्य प्रति नागरिक समाज तथा नीजि क्षेत्रको चासो बढाउन र तिनको सहभागिता मार्फत विकासको लक्ष्य हासिल गर्न मार्गदर्शन दिन्छ। सहभागितात्मक योजना तर्जुमा प्रकृया अपनाई तयार गरिएको यस विकास योजनाले निश्चित अवधिका लागि गाउँपालिकाले तय गरेको दीर्घकालीन लक्ष्य पछ्याउँदै बार्षिक योजना तर्जुमा, स्रोत परिचालन र विकासका साझेदारहरुको परिचालन, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा समेत मद्दत पुर्‍याउने छ । यस योजनाले सरोकारपक्षहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, गैसस, नीजि क्षेत्र तथा सामुदायिक संस्थाहरुलाई परिचालन गरी विकास प्रक्रियालाई तिब्र, व्यवस्थित र प्रभावकारी बनाउन पनि भूमिका खेल्दछ । साथै संघीय र प्रादेशिक सारकारसँगको विकास प्रक्रियामा तालमेल गरी समग्र मुलुकको विकासमा सहयोग पुग्ने आशा गरिएको छ। यहि पृष्ठभूमि र सन्दर्भमा माङसेबुङ गाउँपालिका इलामले पाँच वर्षे **आवधिक योजना (२०७८/०७९ देखि २०८२/०८३)** तर्जुमा गरेको हो ।

## १.२ लक्ष्य र उद्देश्यहरु

स्थानीय सरकार संचालन ऐनको मूल मर्म बमोजिम प्रभावकारी स्थानीय सरकारको सुनिश्चितताका लागि आवधिक योजना तर्जुमा गरी लागू गर्न विद्यमान ऐन कानून तथा नीतिगत व्यवस्थाले समेत निर्देशित गरेको सन्दर्भमा सहभागितामूलक समावेशी, सन्तुलित एवम् योजनावद्ध ढंगबाट माङसेबुङ गाउँपालिकाको दीर्घकालिन सोच, रणनीतिक लक्ष्य, र सूचक सहितको उपलब्धि हासिल गर्न तथा समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्दै गति प्रदान गर्नु यस एकीकृत ५ बर्षे आवधिक विकास योजना तर्जुमाको मूल लक्ष्य रहेको छ।

### यस विकास योजना तर्जुमाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्

- गाउँपालिकाको दीर्घकालिन सोच तथा रणनीतिक दिशा, आवधिक लक्ष्य, निर्देशक सिद्धान्त, रणनीति, उद्धेश्य र प्राथमिकता निर्धारण गर्ने ।
- गाउँपालिकाको श्रोत परिचालनको विद्यमान स्थिति विश्लेषण गरी वडाबासी तथा सरोकारवालाको चाहना तथा सहभागितात्मक छलफलका आधारमा विकासको खाका तयार गर्ने ।
- विकासका प्रयासलाई मार्गदर्शन गर्ने तथा अपेक्षित नतिजा हासिल गर्ने कार्यनीति, प्रमुख कार्यक्रमहरु तय गर्ने ।
- ग्रामीण विकासका लागि देखा परेका समस्या एवम् विभिन्न सरोकारवाला निकायहरुबाट विगत र वर्तमानमा भएका हुँदै गरेका प्रयास, प्रयत्न, उपलब्धि, सवल पक्ष, कमजोर पक्ष, सम्भावना, चुनौती, सिकाई र अनुभवको सहभागितामूलक समीक्षा, विश्लेषण र लेखाजोखा गर्ने ।
- विकासको दीर्घकालिन सोच, रणनीतिक दिशा, आवधिक लक्ष्य, रणनीति, कार्यनीति र प्राथमिकताका आधारमा पाँच वर्षे कार्यक्रम र क्रियाकलाप तर्जुमा गर्ने ।

- योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन निर्धारण गर्ने ।
- विकासका प्रयासहरुको प्रक्रिया तथा नतिजाको अनुगमन तथा मूल्याङ्कनको खाका प्रस्तुत गर्ने ।
- योजना कार्यान्वयन पद्धति, सरोकारवालाको भूमिका सहभागिता, समन्वय र अनुगमन तथा मूल्यांकन सम्बन्धी नीतिगत व्यवस्था निर्धारण गर्ने ।

## १.३ योजना तर्जुमाका विधि र प्रक्रियागत चरणहरु

स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्देशित गरेको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिकाको विकास योजना तर्जुमा गर्दा सहभागितामूलक, समावेशी र पारदर्शी विधि र प्रक्रिया अवलम्बन गरिएको छ। विगतको अनुभव र सिकाई, वर्तमानको आवश्यकता र क्षमता तथा भविष्यमा समृद्धि हासिलको दीर्घकालिन सोच र रणनीतिक चिन्तनलाई योजना तर्जुमा गर्दा पूर्णत आत्मसात् गरिएको छ । यसबाट विकास योजनाको प्रभावकारी र सफल कार्यन्वयनमा सम्पूर्ण सरोकारवालाहरुको पूर्ण समर्थन, संलग्नता, सहभागिता र अपनत्व रहने अपेक्षा गरिएको छ । विषयगत, क्षेत्रगत सरकारी तथा गैह्र सरकारी निकाय, राष्ट्रिय तथा स्थानीय प्रकाशन तथा अध्ययन अनुसन्धानबाट प्राप्त द्वितीयस्रोत तथ्यांकका अलावा आवश्यकता अनुसार प्राथमिक तथ्यांकहरुलाई आधार लिईएको छ । त्यसैगरी भौगोलिक सूचना प्रणाली (Geographical Information System) मार्फत नक्सांकन र तथ्यांकशास्त्रीय विधिको आधारमा विश्लेषण, सहभागितामूलक पद्धतिबाट आवश्यकता, समस्या र सवालहरुको पहिचान गरी योजना तर्जुमा तथा व्यवस्थापन कार्य गरिएको छ । योजना तर्जुमाका लागि सम्पन्न गरिएका क्रियाकलापको विवरण तथा सरोकारवालाको उपस्थिति विवरण अनुसूचीमा संलग्न गरिएको छ । माङसेबुङ गाउँपालिकाको ५बर्षे एकीकृत आवधिक विकास योजना तर्जुमा गर्दा देहायका विधि र प्रक्रियागत चरणहरु अबलम्बन गरिएको छ ।

### १.३.१ वस्तुगत विवरण विश्लेषण

माङसेबुङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको समाजिक, आर्थिक एवम् सम्पूर्ण तथ्याङ्क र सूचनाहरुलाई समावेश गरी समग्र गाउँपालिकाको वस्तुगत विवरण तयार गरेको छ । यस आवधिक योजना तयारीका क्रममा उक्त वस्तुगत विवरणलाई अध्ययन र विश्लेषण गरिएको ताकि आवधिक योजनको लागि आधारबर्षको सूचकहरु पहिचान गर्न सहज होस् ।

### १.३.२ विगत विकास र वर्तमान अवस्थाको विश्लेषण

माङसेबुङ गाउपालिका क्षेत्रको विकासका पृष्ठभूमि, प्रयास र उपलब्धिहरुको वडा स्तरीय रुपमा समीक्षा गरी समग्र माङसेबुङ गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषण गरिएको छ । विश्लेषण गर्दा माङसेबुङ विकासको इतिहाससँगै वर्तमान सम्मका उपलब्धिहरुलाई खण्डिकृत रुपमा विश्लेषण गरी तयार गरिएको छ ।

### १.३.३ वडा स्तरीय समस्या पहिचान तथा योजना तर्जुमा गोष्ठी

माङसेबुङ गाउँपालिकाको योजना तर्जूमाको लागि हरेक वडाहरुमा मिति २०७७/१०/५ गते देखि २०७७ /१०/१५ गते सम्ममा समस्या पहिचान तथा योजना तर्जुमा कार्यशालाको आयोजना गरियो । कार्यशालामा वस्तुगत विवरणलाई आधार लिई समस्या पहिचान र योजना तर्जुमा गर्ने कार्य सम्पन्न भयो । कार्यशालामा वडा अध्यक्ष, सदस्य, वडा सचिव, कर्मचारी, राजनैतिक दल, स्थानीय संघ संस्था प्रतिनिधिहरु, शिक्षक, बुद्धिजिविहरुको एवम् अन्य समावेशी प्रतिनिनिधत्व अर्न्तगतको उपस्थिती रहेको थियो । कार्यशालावाट आएका समस्या तथा योजनाहरुलाई क्षेत्रगत रुपमा समायोजन गरिएकोछ। वडा स्तरीय गोष्ठिको उपस्थिती विवरण अनुसूचीमा राखिएकोछ।

### १.३.४ वडा स्तरीय प्राथमिकता तथा श्रोतको पहिचान

वडा स्तरीय योजना तर्जुमाको कार्यसँगै वडास्तरीय योजना प्राथामिकीकरण भयो । सवै पहिचान भई प्राथामिकतामा परेका योजनाहरुको कार्यांन्वयनका लागि स्थानीय स्तरमा उपलब्ध श्रोतहरुको पहिचान तथा विश्लेषण गर्ने कार्य पनि वडास्तरीय गोष्ठि मार्फत भयो । उक्त क्रियाकलापहरुलाई अनुसुची १ मा दिएको छ ।

### १.३.५ विषयगत विज्ञमार्फत योजना विश्लेषण

वडास्तरीय कार्यशाला मार्फत छनौंट भई आएका आयोजनाहरुका साथै फिल्ड भ्रमणवाट प्राप्त सूचनाहरुको विश्लेषण गर्ने कार्य विषयगतविज्ञहरु मार्फत गरियो । विश्लेषण गर्दा वस्तुगत विवरण, नक्सा, फिल्ड प्रतिवेदन तथा जैविक भौतिक अवस्था लगायत उपलब्ध सूचनाहरुको आधारमा विश्लेषण गरी योजना तर्जुमा कार्य सम्पन्न भएको छ ।

### १.३.६ सरोकारवाला विश्लेषण

यस माङसेबुङ गाउँपालिकाको योजना तर्जुमाको निम्ति सरोकारवालाहरु विश्लेषणको क्रममा देखिएका सरकारी कार्यालय, गैह्र सरकारी संघसंस्था, वित्तिय संस्था तथा सहकारीहरु, नागरिक समाज तथा पेशागत सञ्चाल एवम् निजी क्षेत्रको प्रत्यक्ष सहभागिता र योगदान रहनेछ । यसका लागि गाउँपालिकासंग सरोकार राख्ने सवै सरोकारवालाहरुको पहिचान तथा विश्लेषण गरी जिम्मेवारी किटानी सहितको योजना तर्जुमा भएको छ ।

### १.३.७ वित्तिय विश्लेषण

माङसेबुङ गाउँपालिकाको योजना तर्जुमामा यो वित्तिय पक्ष सवैभन्दा महत्वपूर्ण भएकाले माङसेबुङ गाउँपालिकाको विगत तथा चालु आर्थिक वर्षको समष्टिगत वजेट, विषयगत क्षेत्रको वजेट, निजि, गैहृ सरकारी क्षेत्रको वार्षिक बजेटको समीक्षा गरी विश्लेषण गर्ने कार्य भएको छ । वित्तिय श्रोतको विश्लेषणमा उपलब्ध भएको र आन्तरीक तथा वाह्य संभावित श्रोतको समेत आकंलन गरी योजना तर्जुमा भएको छ ।

### १.३.८ संभावना विश्लेषण

माङसेबुङ गाउँपालिकाको विकासका सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीहरुको अलग अलग विश्लेषण गरिएको छ । यसका लागि वडा स्तरीय छलफलवाट आएका बुँदा तथा विज्ञहरुको विश्लेषण मार्फत प्राप्त सूचनाहरुलाई आधार लिई विकास योजनाहरुको संभावना विश्लेषण गर्ने कार्य भएको छ ।

### १.३.९ गाउँपालिका स्तरीय समायोजन

यस माङसेबुङ गाउँपालिकाको वडास्तरवाट संकलित योजनाहरुलाई गाउँपालिका स्तरमा समायोजन गरीयो । साथै विगत वडा स्तरीय योजना छनौंट मार्फत पहिचान गरिएका योजनाहरुलाई पनि एकैसाथ समायोजना गरिएको छ। सवै योजनाहरु खण्डिकृत गरी विषयगत आधारमा समायोजना गरियो । परामर्शदाताले आवधिक योजना तर्जूमा सम्बन्धी विज्ञहरुलाई परिचालन गरी समायोजन गर्ने कार्य सम्पन्न गरेको छ ।

### १.३.१० लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण कार्यशाला

गाउँपालिका स्तरमा समायोजन भएको योजनाहरुको आधारमा २ दिने लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण कार्यशाला गरी गाउँपालिकाको आवधिक योजनाको दिर्धकालिन सोंच सहितको लक्ष्य, उद्धेश्य तथा सूचक निर्धारण गर्ने कार्य सम्पन्न गरिएको छ ।

### १.३.११ मस्यौदा योजना गाउँपालिका स्तरीय छलफल

वडास्तर देखि गाउँपालिका स्तरसम्म विभिन्न चरणका कार्यशालावाट तयारी मस्यौदा योजनालाई गाउँपालिकामा सल्लाह, सुझाव र पृष्ठपोषणको लागि गाउँपालिका स्तरमा पेश गरिएको थियो । मिति २०७८ जेठ २५ गते पालिकास्तरमा मस्यौदा योजनाको अध्ययन र छलफल पश्चात आवश्यक सुझावहरु संकलन गरिएको थियो ।

### १.३.१२ अन्तिम प्रकाशन

मस्यौदा योजनामा छलफलवाट आएका सल्लाह तथा सुझावहरुलाई समेटेर माङसेबुङ गाउँपालिकाको ५ बर्षे आवधिक योजनाको अन्तिम प्रकाशन गरिएको छ ।

## १.४ नीतिगत पृष्ठभूमी र आवश्यकता

स्थानीय सरकार संचालन ऐन २०७४ जारी भई प्रत्येक स्थानीय तहले विकास सम्बन्धी समग्र सवाल र पक्षहरूलाई समेटी एकीकृत आवधिक योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी संचालन गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सबल स्थानीय सरकारको रुपमा गाउँ तथा नगरपालिकाको योजनाबद्ध विकास प्रक्रियालाई अनिवार्य शर्तको रुपमा विद्यमान ऐन, कानून, नीति र नियमावलीहरु मार्फत प्रबर्द्धन गरिएको छ । सहभागितामूलक योजना तर्जुमा र व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गाउँ/नगरपालिकाले आफ्नो योजनाबद्ध विकास व्यवस्थापन कार्यलाई सहभागितामूलक योजना मार्फत सञ्चालन गर्न मार्गदर्शन प्रदान गरेको छ । विकास प्रक्रिया स्थानीय परिवेश सुहाउँदो, जनसहभागितामा आधारित र दिगो बनाउने अभिप्रायले एकीकृत रुपमा आवधिक योजना तर्जुमाको अवधारणा आएको हो । स्थानीय विशेषता, आवश्यकता, आधार, सम्भावना, प्राथमिकता र क्षमता तथा केन्द्रिय एवम् प्रादेशिक योजनाले परिलक्षित गरेका सोच, लक्ष्य, रणनीति र प्राथमिकता समेतका आधारमा

योजना तर्जुमा गरिएकोछ ।

स्थानीय तहमा गरिने विकास निर्माणको प्रभावकारिता र सार्थक उपलब्धिले हामी हाम्रो ठाँउ, क्षेत्र, जिल्ला र देशलाई नै कता लैजादैछौ ? हाम्रा समृद्धिका सूचकहरु के के हुन् ? हाम्रा सवल पक्ष, सम्भावना र अवसर तथा चुनौतीहरु के के छन् ? हाम्रा लक्ष्य, उद्देश्य, प्राथमिकता र कार्यक्रमहरु के रहन्छन् र हामीले सोचे खोजे जस्तो समृद्धि वा विकासको गन्तब्यमा पुग्न हामीसँग के कस्तो क्षमता रहेको छ ? स्थानीय स्रोत, साधन र अनुदानलाई परिचालन गर्ने माध्यम, संयन्त्र, रणनीति र पद्दति के कस्तो रहने छ ? हाम्रा विकास प्रयास र उपलब्धिमा कसरी अधिक भन्दा अधिक जनताको अर्थपूर्ण सहभागिता, हिस्सेदारी र अपनत्व विकास गर्न सकिन्छ ? राष्ट्रिय र प्रादेशिक आवाधि योजनाले तय गरेका दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यलाई कसरी सार्थक योगदान गर्न सकिन्छ ? भन्ने जस्ता विकासका ज्वलन्त सवाललाई दीर्घकालिन सोच निर्देशित योजनाबद्ध प्रयासबाट मात्रै सहजै सुल्झाउन सकिन्छ । माङसेबुङ गाउँपालिकाको लागि यी र यस्ता विकासका रणनीतिक सवालहरु उत्तिकै महत्वपूर्ण र अपरिहार्य रहेका छन् । यिनै कुरामा केन्द्रित भई यो योजना तर्जुमा गरिएको हो । यस योजना तर्जुमाको लागि नितिगत कानूनी व्यवस्थाहरु निम्ननुसार छन् ।

- नेपालको संविधान २०७२
- स्थानीय सरकार संचालन ऐन २०७४
- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्तिय आयोग ऐन २०७४
- अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐन २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेको निति नियम कानून तथा मापदण्डहरु
- स्थानीय तथा वजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धि निर्देशिका २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना
- उपलब्ध श्रोत साधन
- दिगो विकासको लक्ष्यले संकेत गरेका सूचकहरु
- विकासका अन्तरसम्वन्धित विषयहरु आदी

यस योजना तर्जुमाको लागि उक्त नितिगत कानूनी व्यवस्थाको आधार तथा योजनामा समेट्नुपर्ने विषयहरु नै आवधिक योजना तर्जूमा गर्नु पर्ने प्रमुख आवश्यक्ता हो । स्थानीय तहले आफ्नो क्षेत्राधिकारको विषयमा आवधिक, वार्षिक तथा क्षेत्रगत योजनाहरु वनाउनु पर्ने र योजना वनाउदा संघ र प्रदेश सरकारको निति लक्ष्य तथा उद्धेश्यसँग तालमेल कायम गर्नुपर्छ । विकासका अन्तरसम्वन्धित विषयहरु वातावरण संरक्षण जलवायू परिवर्तन, लैगिक तथा सामाजिक समावेशीकरण, विपद व्यवस्थापन, सुशासन आदी विषयलाई ध्यान दिनु पर्छ । नितिगत रुपमा योजना वनाउदा लिईएको आधारहरु निम्न छन्:

(क) भौगोलिक, आर्थिक एवम् प्राकृतिक सम्पदाहरु र तिनीहरुको वर्तमान उपयोग ।

(ख) विभिन्न क्षेत्रमा तुलनात्मक लागत लाभको हिसाबले उत्पादन गर्न सकिने सम्भावनाहरु ।

(ग) पिछडिएका जात जातिहरु एवम् गरिबी भएको क्षेत्र र त्यस क्षेत्रमा गरिएका वा गरिनु पर्ने विभिन्न विकास कार्यहरु ।

(घ) महिला र बालबालिकाको लागि आयमूलक र सीपमूलक कार्यहरु ।

(ङ) विभिन्न विषय क्षेत्र अन्तर्गतका सम्पन्न आयोजनाहरुको विवरण र तिनीहरुको संचालन तथा सम्भार सम्बन्धि व्यवस्था ।

(च) विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालिन एवम् दीर्घकालीन विकास कार्यहरु ।

(छ) स्थानीय बासिन्दाबाटै तयार गरिनु पर्ने विभिन्न विषय क्षेत्रका जनशक्ति विकास सम्बन्धि योजना ।

यस आवधिक योजनामा योजनाको दिर्घकालीन लक्ष्य, उद्देश्य र कार्यनीति उल्लेख गरी गाउँपालिका क्षेत्रको भौतिक पूर्वाधार तथा सेवा सुविधा, श्रोत परिचालन तथा आयआर्जनका सम्भावना, सरकारी एवं निजी क्षेत्रको लागत सहभागिता लगायत स्थानीय तहले गर्ने काम समावेश गरिएकोछ । योजना तर्जुमा गर्दा विषयगत समितिसँग परामर्श गरी विषयगत क्षेत्रका कार्यक्रमलाई एकीकृत रुपमा समावेश गरी अन्तिम रुप दिईएकोछ ।

## १.५ योजना तर्जुमाका सिमाहरु

आवधिक विकास योजनालाई समावेशी, पारदर्शी एवं परिणाममूखी वनाउन सबै सरोकारवालाहरुको व्यापक सहभागिता एवं अपरिहार्य रुपमा क्षेत्रगत लक्ष्य, नतिजा र उपलब्धिका सूचक समावेश गर्ने प्रयास गरिएको छ । साथै गाउँपालिका निर्वाचित जनप्रनिधि, कार्यरत

कर्मचारी, विषयगत क्षेत्र, वालक्लव, गैरसरकारी क्षेत्र र सरोकारवालाहरुबाट उपलब्ध भएसम्मका क्षेत्रगत योजनाहरु समावेश गर्ने प्रयास गरिएको छ । यस आवधिक योजनालाई सक्दो समावेशी, सहभागितामूलक तथा पारदर्शी वनाउने प्रयास गरिएको छ । गाउँपालिकाको समग्र विकासमा स्थानीय तह, प्रदेश तथा संघीय सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायका संस्था र विकास साझेदारको सहयोगमा संचालन हुने संभावित कार्यक्रमलाई पनि यस आवधिक योजनामा समाबेश गरिएको छ। गाउँपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत पालिकालाई प्राप्त हुने तथा अन्य स्रोतबाट बार्षिक रुपमा परिचालन हुने सम्भाव्य श्रोतलाई आधार बनाइएको छ। आवधिक योजना तर्जुमा गर्ने प्रक्रियामा प्रारम्भिक तथ्याङ्क र सूचना लिने क्रममा केही सूचनाको अनुपलब्धताका कारणले कतिपय सूचकहरु का लागि दोश्रो तहको सूचनाको आधारमा तय गरिएका छन् तथा प्राप्त सूचनाको विश्लेषणलाई आधार मानी लक्ष्य, उद्देश्य एवं सूचक निर्धारण गरिएको छ ।

**आवधिक योजना तर्जुमा सीमाहरु देहाय बमोजिम रहेका छन् :**

- गाउँपालिकाको कतिपय विषयगत क्षेत्रमा आवधिक तथा अध्यावधिक सूचना अभिलेखीकरण तथा प्रकाशन व्यवस्थित नभएकाले उपलब्ध सूचनाका आधारमा गाउँपालिका क्षेत्रको स्थिति विश्लेषण गरिएको छ ।
- गाउँपालिकाको अध्यावधिक हुन नसकेका र उपलब्ध नरहेका तथ्यांकहरु राष्ट्रिय तथ्यांकबाट लिइएकाले सबै परिसूचकहरुले गाउँपाकिालको अवस्थालाई प्रतिनिधित्व गर्छ भन्ने मान्यता राखिएको छ ।
- मूलतः विषयगत कार्यालय तथा निकायहरुको प्रकाशनका आधारमा द्वितीय तथ्यांकलाई आधार मानिएको छ भने प्राथमिक तथ्यांक संकलनमा समय स्रोतको सीमितताका कारण उपलब्ध भए सम्मका तथ्यांकलाई मात्रै समावेश गरी स्थिति विश्लेषण गरिएको छ ।
- अहिलेको वित्तिय तथा बजेट प्रवाहको प्रवृत्तिका आधारमा आवधिक योजना तर्जुमा भएकाले सुधार आउने अपेक्षा सहित अहिलेको प्रक्षेपण तथा अनुमानमा फरक आउन सक्छ ।

## १.६ केन्द्रिय तथा प्रादेशिक योजनासँगको सम्बन्ध

यो आवधिक योजना मूलत केन्द्रिय तथा प्रादेशिक योजनाले तोकेका लक्ष्यहरु, दिगो विकासको लक्ष्य प्राप्त गर्न र त्यसैको उपलब्धी लेखाजोखा गर्न सहयोगी हुने अनुमान गरिएको छ। "समृद्ध नेपाल, सुखी नेपाली" र "समृद्ध अर्थतन्त्र, सामाजिक न्याय तथा परिष्कृत जिवन सहितको समाजवाद उन्मुख राज्यको रुपमा रुपान्तरण गर्दै उच्च आय स्तर भएको मुलुकमा स्तरोन्नती हुने आधार निर्माण गर्ने" भन्ने लक्ष्य एवं निंधारित उद्देश्य, प्राथमिकताहरू र आ.व. २०७७/०७८ को प्रदेश न. १ को वार्षिक नीति र कार्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरूसँग तादामम्यता हुने गरी यस गाउँपालिकाको आवश्यक्ता र प्राथमिकता अनुसार यो योजना तर्जुमा गरिएको छ। विकासका क्षेत्रगत लक्ष्य तथा त्यस अनुसारका क्रियाकलापहरुको सफल कार्यन्वयनमा गरिवी न्यूनिकरण र साझेदारी अभिबृद्धि मार्फत दिगो विकासका निर्धारित लक्ष्यहरु एवंम्  सवालहरुलाई पनि स्थानीयकरण गरी सम्बोधन गरिएको छ । साथै विकासमा दोहोरोपना न्यूनिकरणका लागि पनि सजगता अपनाइएको हुनाले यस आवधिक योजनाको केन्द्रिय तथा प्रादेशिक योजनासँग सम्वन्ध रहेकोछ ।

## १.७ योजना तर्जुमाका सरोकारवालाहरु

आवधिक योजना तर्जुमाका प्रत्येक चरणका कार्यमा गाउँकार्यपालिका, निर्वाचित प्रतिनिधिहरु, गाउँपालिकाका कर्मचारीहरु, सरकारी तथा गैह्र-सरकारी कार्यालय, राजनीतिक दल, नागरिक/पेशागत संस्था/सञ्जाल, विज्ञ/प्राविधिक, निजी क्षेत्र, व्यवसायी तथा लक्षितवर्ग प्रतिनिधि लगायत सर्वपक्षीय सरोकारवालाहरुको संलग्नता, सहभागिता, साझेदारी, समन्वय र सहकार्य रहेको छ ।

## १.८ योजनाले समेटेका बिषयगत क्षेत्रहरुको विवरण

माङसेबुङ गाउँपालिकाको ५ बर्षे आवधिक योजना (२०७८/०७९ देखि २०८२/०८३ ले देहायका विषय तथा क्षेत्रलाई समेटेको छ।

### बिषयगत क्षेत्रहरुको विवरण

| विषय क्षेत्रहरु | आवधिक विकास योजनाले समेटेका शिर्षकहरु |
|---|---|
| आर्थिक विकास | यस क्षेत्र अन्तरगत आर्थिक संरचना, कूल गार्हस्थ्य उत्पादन र प्रतिव्यक्ति आय, कृषि तथा पशुपालन, सहकारी, उद्योग, वाणिज्य तथा व्यापार, रोजगारी, वित्तिय क्षेत्र तथा पर्यटन लगायतका क्षेत्र समेटिएका छन् । |
| सामाजिक विकास | यस क्षेत्र अन्तरगत शिक्षा तथा खेलकूद, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सूचना तथा सञ्चार, भाषा तथा संस्कृति, धार्मिकक्षेत्र विकास, लैंगिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा आदी समावेश गरिएका छन् । |
| पूर्वाधार विकास | यस क्षेत्र अन्तरगत सडक, पुल, सिंचाई, भवन तथा बजारीकरण, बिद्यूत, वैकल्पिक उर्जा, संचार, पर्यटकीय पूर्वाधार निर्माण, प्राकृतिक सम्पदा संरक्षण, औद्योगिक क्षेत्र तयारी, ग्रामीण पूर्वाधार आदि समेटिएको छ । साथै अन्तरपालिका सडक र एकीकृत पर्यटकीय पूर्वाधारहरु । |
| वातावरण तथा विपद् व्यवस्थापन | यस क्षेत्र अन्तरगत वन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायू परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, वन, वनस्पति, जैविक विविधता, चुरे संरक्षण, सिमसार र वातावरण संरक्षण सम्बन्धी कार्यक्रम तथा योजना समावेश गरिएको छ ।<br>त्यसैगरी प्रकोप रोकथाम तथा न्यूनिकरण, प्रकोप जोखिम मूलप्रवाहीकरण, आपतकालिन सेवा संचालन, नीतिगत तथा संस्थागत विकास, साझेदारी, प्रकोप पूर्वतयारी आदी समेटीएका छन् । |
| संस्थागत विकास तथा सेवा प्रवाह, | यस क्षेत्र अन्तरगत प्रशासन व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, मानव संशाधान/जनशक्ति विकास, संस्थागत क्षमता विकास, पूर्वाधार, टोल विकास संस्था/समूह, सहकारी, नागरीक वडापत्र, सेवा प्रवाहका मापदण्ड निर्धारण, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग लगायतका पक्ष समावेश भएका छन् । |
| वित्तिय व्यवस्थापन तथा सुशासन | सुशासन, राजश्व संकलन एवम् परिचालन, वित्तिय अनुशासन, आन्तरीक लेखा परिक्षण तथा आन्तरीक नियन्त्रण प्रणाली, अन्तिम लेखा परिक्षण तथा वेरुजु फरछ्यौंट, सूचना तथा संचार व्यवस्थापन, अनुगमन मुल्याङ्कन आदी |

# परिच्छेद २

## वस्तुस्थिति बिश्लेषण

### २.१ गाउँपालिकाको सामान्य परिचय

माङसेबुङ गाउँपालिका प्रदेश न. १ अर्न्तगत इलाम जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित छ । पछिल्लो पटक नेपाल सरकारले राज्य पुर्नसंचरनाको क्रममा वि.स. २०७३ सालमा साविकको गजुरमुखी, इभाङ र बाँफो गाउँविकास समितिहरुलाई एकिकृत गरी माङसेबुङ गाउँपालिका सिमाकंन गरिएको हो । यस गाउँपालिकाको नामाकरण लिम्बु भाषाबाट राखिएको हो । किराँत भाषामा "माङ्" भन्नाले देवीदेवताले रुचाएको बासस्थान भन्ने हुन्छ । यस क्षेत्रमा यस्ता देवस्थलहरु धेरै पाईन्छन् । यहि पवित्र भूमि माङ्बाट यस गाउँपालिकाको नाम माङसेबुङ रहन गएको छ । इलाम जिल्लाको निर्वाचन क्षेत्र न. २ मा पर्दछ । यस गाउँपालिकाको पूर्वमा देउमाई नगरपालिका र माई नगरपालिका, पश्चिम र दक्षिणमा चुलाचुली गाउँपालिकाका, उत्तरमा फाकफोकथुम गाउँपालिका र पाँचथर जिल्ला जोडिएको छ । दमक-रवी-राँके सडकले यस गाउँपालिकालाई चिरेर गएको छ भने मेचीराजमार्ग-देऊमाई-गजुरमुखी सडकले पनि यस क्षेत्रलाई यातायता पुहँच पुऱ्याएको छ । किराँत धर्मगुरु आत्मनन्द लिङ्देनको पवित्रस्थल लारुम्बा यसै गाउँपालिकाभित्र पर्दछ । कूल ३,७६९ घरधुरी रहेको यो गाउँपालिका ६ वटा वडाहरुमा विभाजन भएको छ । यस गाउँपालिकाको कूल साक्षरता  ९०.०४ प्रतिशत रहेको छ ।

### २.१ भौगोलिक स्थिति

यस माङसेबुङ गाउँपालिका २६ डिग्री ४३ मिनेट ४३ सेकेन्ड देखि २६ डिग्री ५५ मिनेट ३६ सेकेण्ड उत्तरी अंक्षाश र ८७ डिग्री ३८ मिनेट ५५ सेकेण्ड देखि ८७ डिग्री ४७ मिनेट २९ सेकण्ड पूर्वी देशान्तर बीच फैलिएको छ । कूल ६ वटा वडाहरुमा विभाजन भएको यो पालिकाको क्षेत्रफल १७१.८२ वर्ग कि.मि. रहेको छ । यस गाउँपालिकाको सवैभन्दा होचो क्षेत्र समुद्रसतहबाट २०८ मिटर देखि सवैभन्दा अग्लो क्षेत्र २०२० मिटर सम्म रहको छ ।

### २.१ घरधुरी तथा जनसंख्याको अवस्था

माङसेबुङ गाँउपालिकाको जनसंख्या राष्ट्रिय जनगणना २०६८ र माङसेबुङ्ग गाँउपालिकाको पार्श्वचित्र घरधुरी सर्वेक्षण २०७६ अनुसार बडा अनुसार घरधुरी, महिला, पुरुषको जनसंख्या तथा औषत परिवारको आकारलाई  तलको तालिकामा प्रस्तुत गरिएको छ ।  जसअनुसार यस गाउँपालिकाको कुल घरधुरी संख्या ३७६९, औषत परिवार संख्या ४.९२ जना रहेको छ भने कूल जनसंख्या ८८४८ जना महिला (४७.७०) प्रतिशत, पुरुष (५२.३०) प्रतिशत रहेको छ । जातीय उपस्थिति, साक्षरता एवम स्रोत र साधनको विद्यमान अवस्थालाई पार्श्वचित्रमा आधारित भएर विश्लेषण गरिएको छ । जातिय जनसंख्यामा लिम्बु र राईको सघन उपस्थिति रहेको छ । यहाँका ५८ प्रतिशत किराँत धर्मावलम्बीहरु बसोबास गर्दछन ।

| वडा नं | जनगणना २०६८ अनुसार | | | | | घरधुरी सर्वेक्षण २०७५/७६ अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | | | | | जनसंख्या | | | |
| | घरधुरी | जम्मा | पुरुष | महिला | औषत घर परिवारको आकार | घरधुरी | जम्मा | पुरुष | महिला | औषत घर परिवारको आकार |
| १ | ६९१ | ३,३९३ | १,७५६ | १,६३७ | ४.९१ | ६९७ | ३,४७९ | १,८०१ | १,६७८ | ४.९९ |
| २ | ७२७ | ३,४४५ | १,७९६ | १,६४९ | ४.७४ | ७५७ | ३,८०० | १,९८० | १,८२० | ५.०२ |
| ३ | ८२४ | ४,११३ | २,१८० | १,९३३ | ४.९९ | ८०४ | ४,१२५ | २,१८६ | १,९३९ | ५.१३ |
| ४ | ३७३ | १,९५४ | १,०७६ | ८७८ | ५.२४ | ४२१ | १,९१३ | १,०५३ | ८६० | ४.५४ |
| ५ | ६१३ | ३,२८६ | १,७२४ | १,५६२ | ५.३६ | ५९० | २,७३० | १,४३२ | १,२९८ | ४.६३ |
| ६ | ५०१ | २,३१२ | १,१५४ | १,१५८ | ४.६१ | ५०० | २,५०२ | १,२४९ | १,२५३ | ५.०० |
| जम्मा | ३७२९ | १८,५०३ | ९६८६ | ८,८१७ | ४.९६ | ३,७६९ | १८,५४९ | ९,७०१ | ८,८४८ | ४.९२ |

### २.१ प्राकृतिक स्रोत तथा सम्पदा

यहाँको भौगोलिक अवस्थिति समथर भूभाग एवम होचा अग्ला पहाडी भू भागले भरिपूर्ण छ । यहाँको मुख्य आयस्रोत कृषि तथा

पशुपालन रहेको छ । ६० प्रतिशत भन्दा बढी भुभाग हरियो वन ओगटेको छ । यहाँ डोल पोखरी, माङमालुङ पोखरी र हिउँ खोला पोखरी रहेका छन् । यहाँ पन्ध्र भन्दा बढी खोलाहरु रहेका छन जसबाट सिचाइका अलावा खानेपानी तथा पेल्टिक सेटबाट बिद्युत उत्पादन गरिएको छ ।

## २.१ भू उपयोग तथा मानव वसोबास

यस गाँउपालिकाको कुल आवादी जमिन मध्ये ३२ प्रतिशत कृषियोग्य जमिन रहेको छ । त्यसैगरी ६० प्रतिशत जमिनमा वन तथा १.५ प्रतिशत झाडीले ढाकेको छ भने ३ प्रतिशत जमिनमा घाँसबालीले ढाकेको छ । यहाँको कुल जमिनको ७३ प्रतिशत जमिन निजी स्वामित्वमा रहेको छ भने २५ प्रतिशत ऐलानी र २ प्रतिशत अन्य किसिमको स्वामित्वमा रहेको छ ।

## २.१ सामाजिक तथा सांस्कृतिक अवस्था

यस गाँउपालिकामा जनजातिहरुको बाहुल्यता रहेको छ । यहाँ मुख्यतय: लिम्बु (४१.७९%) र राई (३७.७४%)को बसोबास रहेको छ । यहाँ ३२ वटा सरकारी विद्यालय र ४ वटा निजी क्षेत्रबाट सञ्चालित विद्यालय रहेका छन् । यहाँका साक्षरता ९० प्रतिशत भन्दा बढी रहेको छ । यहाँका बासिन्दाहरुको मुख्य पेशा भनेको कृषि हो । यहाँ किराँत धर्माबलम्बीहरुको धार्मिक स्थल तथा किराँत धर्मगुरु आत्मानन्द लिङ्गदेनको कुटी रहेको प्रसिद्ध स्थल लारुम्बा अवस्थित रहेको छ । त्यसैगरी गजुरमुखी धाम, माङमालुङ जस्ता धार्मिक स्थलहरु अवस्थित रहेका छन् । विशेष गरेर किराँत धर्माबलम्बीहरुको आस्थाको केन्द्रका् रुपमा रहेको लारुम्बा क्षेत्रले किराँत धर्मसंस्कृतिको अध्ययन अवलोकन गर्नेहरुको गन्तव्यस्थल पनि हो ।

## २.१ आर्थिक अवस्था र क्रियाकलाप

यस क्षेत्रका बासिन्दाहरु कृषि तथा पशुपालनमा आश्रित रहेका छन् । गाँउपालिकाको घरधुरी सर्वेक्षण २०७५ अनुसार ८० प्रतिशत भन्दा बढी घरधुरी कृषि तथा पशुपालनमा संलग्न रहेका छन् । उनीहरुको आर्थिक उपार्जनको मुख्य श्रोत भनेकै कृषि तथा पशुपालन हो । त्यसैगरी वैदेशिक रोजगारीमा ६ प्रतिशत भन्दा बढी घरधुरी निर्भर छन् भने ५ प्रतिशत घरधुरी व्यापार तथा व्यवसायमा सक्रिय छन् ।

दैनिक ज्यालादारी श्रममा झण्डै २ प्रतिशत घरधुरी निर्भर छन् जो कृषिमा आधारित श्रममा संलग्न छन् । वैदेशिक रोजगार र स्वरोजगारमा संलग्न घरधुरीको तुलना गर्दा अत्यन्तै न्युन परिवारमात्र स्वरोजगार छ । करिव २ प्रतिशत घरधुरीले मात्र खाद्यन्न सञ्चिती गर्न सक्छन् भने ५५ प्रतिशत घरधुरी तीन महिना मात्र आफ्नो उत्पादनले धान्न सक्छ । यसकारण यहाँको कृषि तथा पशुपालनलाई आवश्यक सहयोग गरी तिनीहरुको आर्थिक उपार्जनमा सहयोग गर्नुपर्ने देखिन्छ । बैकिङ्ग कारोबारमा २५ प्रतिशत घरधुरीको खाता रहेको तथ्यले स्थानीय नगद परिचालन बढी मात्रामा रहेको तथ्याकले देखाउछ भने ३७ प्रतिशत घरधुरीले कुनै न कुनै स्रोतबाट ऋण लिएको देखिन्छ । यसले गैरबैकिङ्ग कर्जाको हिस्सा ठूलो रहेको देखिन्छ ।

| वडा नं | कृषि तथा पशुपालन | व्यापार व्यवसार | दैनिक ज्यालादारी | निजी क्षेत्रमा रोजगारी | बैदेशिक रोजगार | सरकारी जागिरे | स्वरोजगार | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६१८ | ३६ | १३ | ३ | १३ | १० | | ४ | ६९७ |
| २ | ६७६ | १५ | २१ | २ | २८ | १३ | १ | १ | ७५७ |
| ३ | ५९० | ३३ | २१ | १५ | १११ | १८ | १० | ६ | ८०४ |
| ४ | ३६५ | २५ | १५ | १ | ११ | १ | ० | ३ | ४२१ |
| ५ | ३६७ | ४७ | ५६ | ८ | ६७ | ७ | ३२ | ६ | ५९० |
| ६ | ४०२ | ३९ | १५ | ४ | १९ | १६ | २ | ३ | ५०० |
| जम्मा | ३०१८ | १९५ | १४१ | ३३ | २४९ | ६५ | ४५ | २३ | ३७६९ |
| प्रतिशत | ८०.०७ | ५.१७ | ३.७४ | ०.८८ | ६.६१ | १.७२ | १.१९ | ०.६१ | १०० |

स्रोत: गाँउपालिका पार्श्वचित्र २०७५

## २.१ धार्मिक तथा पर्यटकीय पूर्वाधार

यस गाँउपालिकामा प्रसिद्ध गजुरमुखीधाम, माङमालुङ र किराँत धर्मगुरु आत्मानन्द लिङ्गदेनको कुटी रहेको लारुम्बा जस्ता धार्मिक स्थलहरु रहेका छन् । भिन्न किसिमको भूबनौट भएको अत्यन्तै सुन्दर यो क्षेत्र धार्मिक स्थलका साथै मनोरम दृश्यावलोकनका लागि पनि उत्तिकै महत्वपुर्ण छ । इलाम जिल्लाको पश्चिमी क्षेत्रमा अवस्थित यस भेगका बासिन्दाहरुको परम्परागत कृषि तथा पशुपालन एव्म रहनसहन, भेषभुषा, भोजनको अनुभव लिन चहानेहरुको लागि त झनै महत्वपूर्ण छ । पछिल्ला दिनहरुमा सडक यातायातको विकासले विस्तारै उन्नतिको लय समातेको यो क्षेत्र पर्यटकीय गन्तव्यको रुपमा विकास हुदै गइरहेको छ । गाँउपालिकाको पार्श्वचित्रमा १८ वटा विभिन्न स्थानलाई पर्यटकिय क्षेत्रको रुपमा पहिचान गरिएको छ ।

## २.१ खानेपानी तथा सरसफाईको अवस्था

यस गाँउपालिकामा ८५ प्रतिशत घरधुरीलाई पिउन योग्य खानेपानीको उपलब्ध रहेको गाँउपालिकाको पार्श्वचित्र २०७५को तथ्याकबाट देखिन्छ । जसमध्ये पाइपबाट निजी घर कम्पाउण्डमा खानेपानीको पँहुच भएका घरधुरी ५३ प्रतिशत, सार्वजनिक धाराको प्रयोग गर्ने ३० प्रतिशत र २ प्रतिशत घरधुरी ढाकिएको कुवा इनारको प्रयोग गर्ने गरेको देखिन्छ । त्यसैगरी १५ प्रतिशत घरधुरीले खुल्ला इनार कुवा, खोला वा जरुवाको पानी उपभोग गरेको देखिन्छ । गाँउपालिकामा फोहोर पानी प्रशोधन, पिउने पानी प्रशोधन सम्बन्धि कुनै पनि प्रशोधनशाला उपलब्ध नभएको देखिन्छ । हाल उपलब्ध खानेपानी योजनाहरुमा पिउनेपानी शुद्धिकरण गर्ने प्रविधिको विकासमा सहयोग आवश्यक रहेको छ ।

यो गाउँपालिका खुल्लादिशा मुक्त गाउँपालिका घोषणा गरिसकिएको छ । व्यक्तिगत सरसफाईको हकमा ६० प्रतिशत घरधुरी आधुनिक शौचालयको प्रयोग गर्नेगरेका छन भने ३७ प्रतिशत घरधुरी साधारण शौचालयको प्रयोग गर्ने गरेको देखिन्छ । अझैपनि ३ प्रतिशत घरधुरीले शौचालय नबनाएको वा प्रयोग नगर्ने गरेको देखिन्छ । अधिकांश यस्ता घरधुरी विपन्न परिवारका मानिसहरु रहेको तथ्याकले देखाएको छ । गाँउपालिकाले विभिन्न स्थानमा १४ वटा सार्वजनिक शौचालन निर्माण गरिसकेको छ । गाँउपालिका अधिकांश ग्रामिण बस्ती भएको कारणले ल्याण्डफिल साइट तथा सफाइ कर्मचारीको समेत प्रवन्ध गरिएको पाईदैन ।

## २.१ इन्धनको स्रोत र प्रयोगको अवस्था

यहाँका अधिकांस बासिन्दा इन्धनको रुपमा वन पैदावारको प्रयोग गर्ने गर्दछन् । झण्डै ९५ प्रतिशत घरधुरी इन्धनको रुपमा दाउराको उपयोग गर्दछन् । त्यसैगरी सिलिण्डर ग्यास र बायो ग्याँसको प्रयोग पनि बिस्तारै बढ्दै गएको देखिन्छ । राष्ट्रिय प्रशारणबाट वितरित बिद्युत ३६ प्रतिशत घरधुरीमा बिस्तार भई सकेको छ भने स्थानीयस्तरमा सञ्चालित साना लघुजलबिद्यूत तथा माइको हाइड्रोबाट उत्पादित विद्युत २७ प्रतिशत घरधुरीले उपयोग गरिरहेका छन् । त्यसैगरी २६ प्रतिशत घरधुरी सौर्य उर्जाको उपयोग गरिरहेका छन् भने बाँकी न्यून घरधुरी मट्टितेलको प्रयोग गरी उज्यालो बनाई रहेका छन् ।

## २.१ वातावरण तथा प्राकृतिक प्रकोपको अवस्था

विभिन्न किसिमको प्राकृतिक प्रकोपबाट ९४ घरधुरी प्रभावित रहेको तथ्याक गाउँपालिकाको पार्श्वचित्रमा उल्लेख गरिएको छ । जसमध्ये पहिरोको प्रकोपबाट सवैभन्दा बढी ४७ घरधुरी प्रभावित भएको देखिएको छ । त्यसैगरी भुकम्पबाट २० घरधुरी प्रभावित भएको देखिन्छ भने १७ घरधुरी हावाहुरी जस्तो मौषमी प्रकोपबाट प्रभावित भएको पाइन्छ । आगलागी, बाढी तथा चट्याङको प्रकोपको प्रभाव न्यून देखिन्छ । विशेष गरेर यस क्षेत्रमा पहिरोको जोखिम उच्च रहेकोले पहिरो रोकथामका लागि विशेष कार्यक्रम आवश्यक देखिएकोछ । गाँउपालिकाले विपद् व्यवस्थापनका लागि आवश्यक विपद् व्यवस्थापन योजना र सो अनुसारका कार्य गर्न आवश्यक तयारी गरेको देखिन्छ । पालिकाले आपतकालिन उद्धारका लागि एम्बुलेन्सको व्यवस्था गरेको छ भने अन्य प्राविधिक उपकरण र साधनको व्यवस्थापन गर्दै आएको छ ।

## २.१ यातायात तथा भौतिक पूर्वाधारको अवस्था

यस गाँउपालिकामा यातायात पूर्वाधारको विकासको चरणमा रहेको छ । यातायातलाई सहज बनाउन १३ बटा झोलुङ्गे पुल निर्माण भएका छन भने २ वटा पक्की मोटरेवल पुल निर्माण गरिएको छ जसले वर्षायाममा यातायात व्यवस्थालाई सहज बनाएको छ । त्यसैगरी ३ वटा ट्रस पुल निर्माण सम्पन्न भईसकेको छ । विभिन्न आयोजनाबाट  कालो पत्रे सडक निर्माणाधिन रहेको छ । त्यसैगरी गाँउपालिकाको सडक सञ्जाललाई ५६ कि.मी. कच्ची सडकले आन्तरिक तथा वाह्य सडक सञ्जालमा गाँउपालिकालाई जोडेकोछ । गाँउपालिका भित्र २३ वटा सार्वजनिक तथा सामुदायिक भवन बिद्यमान छन् । इभाङमा शहिद स्मारक तयार गरिएको छ । गाँउपालिकाले आफ्नै प्रशासनिक भवनबाट दैनिक सेवा प्रदान गरिरहेको छ । विद्यमान सडक सञ्जाललाई आगामी दिनहरुमा स्तरोन्नति गरि भरपर्दो सडक निर्माण गाँउपालिकाको पहिलो प्राथमिकतामा रहेको योजना पनि हो ।

## २.१ सूचना तथा संचारको पहुँच

यस गाँउपालिकाले सबै वडा कार्यालयहरुमा इन्टरनेटको सुविधा सहितको सेवा प्रदान गरिरहेको छ । सबै बडाहरुमा मोवाईल

नेटवर्कको कभरेज रहेको छ भने विद्युतको विस्तारसँगै संचारका उपकरणहरुको उपभोग वृद्धि हुदै गएकोछ। रेडियो माडसेबुङ एफ. एम. रेडियो संचालनमा रहेको छ। टेलिभिजन तथा रेडियोको उपयोग पनि विस्तारै विस्तार भई रहेको छ। गाँउपालिकाले संचारमा समान पँहुच पुर्याउन बार्षिक बजेट विनियोजन गरी सेवा विस्तारको कार्य गरिरहेको छ।

## २.१ खेलकुद तथा मनोरञ्चन

गाँउपालिकामा ३१ वटा सार्वजनिक खेलमैदान रहेका छन् जसमध्ये ११ वटा बिद्यालयको स्वामित्वमा रहकेका र बाँकी सामुदायिक खेल मैदान हुन। विद्यालयका खेल मैदानहरु पनि स्थानीय बासिन्दाले उपयोग र संरक्षण गर्ने गरेका छन्। त्यसैगरी गाँउपालिकामा ४ बटा सामुदायिक पार्क उद्यानहरु रहेका छन्। यस्ता उद्यानहरुलाइृ गाँउपालिकाले समुदायको सहभागितामा विकास र विस्तार गरिरहेको छ। विद्यायलयलाई बालमैत्री बनाउन नियमित रुपमा स्तरोन्नतिका कार्यहरु गरिने गरिएको छ।

## २.१४ संस्थागत क्षमताको अवस्था

यस गाउँपालिकाको आफ्नै सुबिधा सम्पन्न प्रशासनिक कार्यालय रहेको छ। गाउँपालिकाको विभिन्न शाखाहरु यसै क्षेत्रबाट संचालित छन्। स्थानीय सरकार संचालन ऐनको प्रावधान अनुसारका प्रशासनिक इकाईहरु जनशक्ति सहित व्यबस्थापन गरिएको छ। गाउँपालिकाको आफ्नै वेभ साईड तथा फेसबुक पेज संचालन भएको छ। गाउँपालिकाको वस्तुगगत विवरण तयार गरिएको छ। कानूनको अधिकारक्षेत्रभित्र रहेर विभिन्न ऐन नियम र नियमावलीहरु तयार र स्थानीय राजपत्र मार्फत सार्वजनिक गरिएका छन्। सुरक्षित आप्रवासनसँग सम्बन्धित परियोजना संचालन भएका छ। त्यसै गरी व्यक्तिगत घटनादर्ता अभिलेखलाई सफ्टवेयरमा आवद्ध गरिएको छ। न्यायियिक समितिको क्षमता विकासमा पहल गरिएको छ। गाउँसभा मार्फत आर्थिक ऐन तयार गरी आन्तरिक श्रोत संकलनका कार्यहरु हुदै आएका छन्।



# परिच्छेद ३

# माङसेबुङ गाउँपालिकाको विगत विकास समीक्षा र स्थिति विश्लेषण

## ३.१ पृष्ठभूमी

यस परिच्छेदमा माङसेबुङ गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा र कार्यान्वयनका लागि विगत विकासका प्रयास, सरोकारवाला पहिचान तथा भूमिका, वित्तिय श्रोतको अवस्थाका साथै माङसेबुङ विकासको संभावनाहरुको विस्तृत विश्लेषण गरिएको छ ।

## ३.२ विगतको विकासको समीक्षा र स्थिति विश्लेषण

माङसेबुङ गाउपालिका क्षेत्रको विकासका पृष्ठभूमि, प्रयास र उपलब्धिहरुको समीक्षा गर्दा पञ्चायत कालीन समय देखि नै समिक्षा गर्नु पर्छ । समग्र इलामको सदमरमुकामबाट पश्चिमी भूभागमा अवस्थित साविकको इभाङ, बाँझो, र गजुरमुखी माङसेबुङ विकासको इतिहास दमक रवी सडक निर्माण र ग्रामीण सडक पूर्वाधारहरुको निर्माणसँग यस क्षेत्रको भौतिक पूर्वाधार विकासको थालनी क्रमश हुदै आएको देखिन्छ । इलाम जिल्लाको पश्चिमी व्यापारिक केन्द्र मंगलबारे तथा पाँचथर जिल्लाको व्यापारिक केन्द्र रवी बजारले यहाँको आर्थिक चहलपहलमा सकारातमक सेवा पुर्‍याएको थियो । इलामको प्रसिद्ध ४ वटा नदीहरु मध्ये देऊमाई पारिको भू भाग यस क्षेत्रमा पर्दछ । इलामको दक्षिणी चुरे भूभागदेखि उत्तरतिर फैलिएको यस गाउँपालिकाको समृद्धिको प्रमुख आधारहरु प्राकृतिक स्रोतहरु साथै कृषि तथा  पर्यटन हुन । त्यसै गरी झापा र इलाम सँग जोडिएका राजमार्गसँग लिङ्क रोडको रुपमा पश्चिमी इलाम जिल्ला जोडने सडक निर्माण समेत आधार स्तमको रुपमा रहेको छ । किराँतधर्म गुरुको प्रवित्र स्थल लारुम्बा, माङसेबुङ साथै धार्मिक आस्थाको केन्द्र गजुरमुखी देवी यसै गाउँपालिका पर्दछ ।

वि.सं.२०४६ सालको जनआन्दोलनबाट देशमा प्रजातन्त्रको पुर्नबहाली भएपछि शासन प्रक्रियामा जनताको सहभागिता बढ्नुका साथै जनताका आकांक्षामा समेत उल्लेख्य वृद्धि भयो । जननिर्वाचित सरकारसँग जनताका अपेक्षा बढ्नु स्वाभाविक पनि थियो । यस अवधिमा जनताको चेतना र सशक्तिकरणको स्तर, सामाजिक, आर्थिक एवम् भौतिक पूर्वाधार तथा सेवा प्रवाहका साथै संस्थागत विकासमा केही उल्लेख्य सुधार भएका छन् । यस अवधिको अधिकांश समयमा देखिएको राजनैतिक अस्थिरताका कारण पूर्व-अपेक्षित उपलब्धि भने हासिल गर्न सकिएको देखिदैन ।

प्रजातन्त्रको स्थापनासँग सरकारले लिएको पुँजी संकलन र परिचालनको लागि सहकारी अवधारणा, वैंक तथा वित्तिय संस्थाहरुको सहज पहुँच र सूचना प्रविधिको विकास यस अवधिका महत्वूर्ण उपलब्धीहरु हुन । निर्वाचित केन्द्रिय सरकार मार्फत तत्कालिन गाउँविकास समितिहरुलाई न्यून मात्रामा उपलब्ध गराएको विकास अनुदान र सांसदविकास कोषको आर्थिक रकमले पूर्वाधार विकासका केही सकारात्मक शुरुवात भएको पाईन्छ । उपभोक्ता समितिमार्फत सम्पन्न हुने यस प्रकारको विकास प्रयासले हालको माङसेबुङ क्षेत्रमा विकासको आधार तयार गरेको हो । प्रजातान्त्रिक कालमा शिक्षा, स्वास्थ्य, कृषि, सडक पूर्वाधार, सामाजिक परिचालन र समावेशी विकासका लागि यो समय उर्भर रहेको पाईन्छ । शिक्षा, संञ्चारको नयाँ नयाँ प्रविधिको विकास, वातावरण संरक्षण, धार्मिक पर्यटन पूर्वाधार तयार, कृषिमा आधुनिकिकरण र  पहुँच विस्तार, राजनीतिक चेत र खुल्ला प्रतिर्ष्धात्मक वातावरणले यस गाउँपालिका क्षेत्रको समग्र विकासको लागि महत्वपूर्ण कोषे ढुङ्गा स्थापना गर्न सफल भयो । वन व्यवस्थापनको लागि समुदायलाई जिम्मेवार र सशक्त वनाउन सामुदायिक वन उपभोगको अवधारणा शुरु भई वन संरक्षण तथा व्यवस्थापनमा ठूलो सुधार भएको पाईन्छ । चुरे क्षेत्रमा देखिएको सुकुम्बासी र जमिनको स्वामित्व सम्बन्धी समस्या साथसाथै लारुम्बा क्षेत्रमा बढ्दो आन्तरिक र बाह्य बसाईसराई लाई सम्बोधन गर्ने प्रयास गरियो । वैदेशिक रोजगारीको नयाँ नयाँ गन्तव्य र तेस्रो मुलुकमा दक्ष र अर्धदक्ष सहज रोजगारी अवसरले यहाँको आर्थिक अवस्थामा ठूलो योगदान दिएको छ । रेमिट्यान्स मार्फत भित्रिएको आर्थिक स्रोत गाउँपालिकाको बासिन्दाको समग्र अवस्था सुधारको लागि यस अवधिमा महत्वपूर्ण रह्यो ।

लोकतन्त्रको स्थापना र २०६२/०६३ को सफल राजनीतिक आन्दोलनले नागरिक आवाज र स्थानीय अधिकारमा थप टेवा दिन सफल भयो । लक्षित वर्गको लागि राज्य श्रोतको उपभोगको अवसर, समावेशी विकासको अवधारणा र अधिकारमुखी विकास प्रयास यस अवधिको उपलब्धीको रुपमा रहेको पाईन्छ । सामुदायिक वन व्यास्थापन, साना तथा मझौला पूर्वाधारको रुपमा ग्रामीण सडकहरुको ट्र्याक खोल्ने काम र भएका सडकहरुको स्तरोन्नतीले निक्कै तिव्रता पायो । सडक पुलहरुको तिव्र निर्माण, भूक्षय नियन्त्रण, सतही सिंचाई, कृषि यान्त्रीकरण आदि उल्लेखनीय रह्यो । खुल्ला दिशा मुक्त क्षेत्र घोषणा, पूर्ण साक्षर गाउँ घोषणा र कार्यान्वयन साथै बालमैत्री गाउँ तयारीको लागि विभिन्न कार्यक्रमहरु संञ्चालन गरियो । माङ्सेबुङको जीवनस्तरको एक प्रमुख माध्यम कृषि तथा पशुपालनलाई थप प्रतिष्पर्धी बनाउन संघीय एवम् प्रदेश सरकारको पकेट कृषि कार्यक्रम अध्ययनको शुरुवात भयो । गाउँपालिकाका

धार्मिक पर्यटन प्रवर्द्धनका लागि एकीकृत कार्यक्रमहरु पहिचान भएका छन् ।

नेपालको संविधान २०७२ पश्चात संघीय शासन प्रणाली स्थापनासँगै स्थानीय सरकार मजवुद भई थप श्रोत तथा साधन उपलब्ध भएको छ । निर्वाचित जनप्रतिनिधि मार्फत विकास प्रक्रियालाई जनमुखी र जवाफदेही वनाउन अधिकतम प्रयास भईरहेको अवस्था विद्यमान छ । जसका लागि संघीय तथा प्रदेश सरकारवाट ठूलो वित्तिय श्रोत विनियोजन हुदै आएले विकासमा थप उपलब्धि हुदै गईरहेकोछ ।

विकासको क्रम सगै माङसेबुङमा प्राकृतिक विपत्ती र मावन निर्मित दुवै प्रकारको विपद्हरु पनि देखा नपरेको होइन । चुरेक्षेत्रमा बग्ने नदीले आफ्नो बहाव परिवर्तन गर्ने, पहिरो खस्ने, नदी कटानको कारण उर्भर भूमि र ग्रामीण सडक पूर्वाधारमा क्षति पुग्यो । नगदे तथा अन्न बालीखेती साथै घरपालुवा पशुहरुमा देखिने रोग किरा र जलबायु परिवर्तनको नकारात्मक असर स्वरुप बालीचक्रमा आएको परिवर्तन यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ ।  ऐलानी जमिनको भोगचलन र सुकुम्बासी समस्या समाधान यद्धपि पूर्ण रुपले समाधान हुन सकेका छैन । माङ्सेबुङको एकीकृत विकासको लागि स्रोत पहिचान सहितको एकीकृत कार्यक्रम आवश्यक छ ।

## ३.३ विकासका उपलब्धिहरुको समीक्षात्मक विवरण

| क्षेत्र | उपलब्धिहरुको समीक्षात्मक विवरण |
|---|---|
| **सुसाशन तथा नीतिगत व्यवस्था** | नेपाल अधिराज्यको संविधान वि.सं. २०४७ जारी भई त्यसपछिको निर्वाचित सरकारले स्थानीय निकायको निर्वाचन तथा गठन भयो । यसले स्थानीय विकासलाई गतिप्रदान गर्नुका साथै योजनाबद्ध विकास प्रक्रियालाई अघि बढाउन सफल भएको देखिन्छ । आ.ब. २०५२/०५३ देखि गाउँविकास समिति अनुदान शुरु गरी क्रमशः उल्लेख्य मात्रामा वृद्धि भएको थियो । यसले स्थानीय योजना सञ्चालन गर्न गाँउ विकास समितिको वित्तिय क्षमतामा समेत वृद्धि भएको देखिन्छ ।<br><br>स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा नियमावली २०५६ यसै अवधिमा जारी भई स्थानीय निकायलाई अधिकार तथा स्रोत सम्पन्न बनाउन मद्दत गर्नुका साथै स्थानीय निकायका योजना तर्जुमा तथा कार्यान्वयनका लागि जनसहभागितामा उल्लेख्य वृद्धि भएको छ । महिला, आदिवासी जनजाती, दलित तथा विपन्नवर्गलाई स्थानीय शासन प्रक्रियामा सहभागी हुन यसले मार्गप्रशस्त गरेको थियो । यस अवधिमा साविकमा इभाङ, बाभ्रुो र गजुरमुखी गाविसहरुले आ आफ्नो क्षेत्रको वस्तुगत विवरण र तत्क्षणमा ५ बर्षे आवधिक योजना समेत तयार गरेका थिए ।<br><br>ग्रामीण स्वालम्बन, आफ्नो गाँउ आफै बनाऔं, गरीबसँग विश्वेश्वर जस्ता ग्रामीण विकासका कार्यक्रम मार्फत स्थानीय विकासलाई जनसहभागितामूलक तथा गतिशील बनाउन योगदान पुर्याएको छ । जिल्ला विकास सिमितिमा मार्फत समन्वय गरी यी कायक्रमहरु संचालन भएका थिए । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम मार्फत निर्वाचित नजप्रतिनिधिहरु नभएको रिक्त अवस्थामा समेत तत्कालिक गाविसहरुको सुशासन क्षमता विकासमा काम गरेको पाईन्छ । माङसेबुङको सन्दर्भमा यी सरकारी, सहकारी तथा अन्य गैह्सरकारी संस्थाहरुको कार्यक्रमहरुले विकासका अभियानहरुलाई बढी प्रगतिशील बनाएको देखिन्छ ।<br><br>यस माङसेबुङ गाउँपालिकामा जम्मा ६ वटा वडाहरु छन् । गाउँ सभामा जम्मा ३४ सभा सदस्य र गाउँ कार्यपालिकामा १४ सदस्य छन् । गाउँपालिका भित्रको समग्र कार्यविभाजन र व्यवस्थापनका लागि जम्मा ६ विषयगत समितिहरुको व्यवस्था गरी जिम्मेवारी विभाजन गरिएको छ साथै गाउँपालिकाको कार्यलाई चुस्त वनाउन गाउँपालिकामा आवश्यक्ता अनुसार कर्मचारीहरु परिचालन गरी  सलग्न छन् । गाउँपालिकाको संस्थागत वेभसाईड र फेसबुक पेज संचालन गरिएको छ भने कानूनको परिधिभित्र रही विभिन्न ऐन, नियम, कार्यविधि र मापदण्डहरु तयार गरिएको छ ।<br><br>गाउँपालिकाले आफ्नो क्षेत्रको समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्न आवश्यत्ता अनुसारको विभिन्न ऐन, नियम, विनियम तथा कार्यविधिहरु तयार गरी कार्यान्वयनमा छन् । यसवाट माङसेबुङको विकास प्रक्रिया थप मजवुद हुने छ । |

| | |
|---|---|
| **आर्थिक विकास** | व्यापार तथा व्यवसाय संञ्चालनको लागि विशेषगरी ग्रामीण सडक निर्माण र पर्यटकीय चहलपहल शुरुवात भएपश्चात साना बजारी क्षेत्रहरुमा व्यापार फष्टाएको देखिन्छ । चिसापानी पञ्चमी, रक्से, गजुरमुखी, नाङरुङ, भालुटार, चतुरे आदि स्थानहरु व्यापारिक केन्द्रको रुपमा विकास हुदै गएका छन् । यी साना बजारी क्षेत्रमा भएका पसलहरुबाट दैनिक उपभोग्य सामानहरु खरिद तथा विक्रि गर्ने गरिएको छ । यस बाहेक झापाको दमक, पाँचथरको रवीबजार, र इलाम सदरमुकामबाट साना सवारी साधनले दैनिक उपभोग्य सामग्रीहरु गाउँपालिकाका भित्री बजारसम्म पनि लैजाने गरेको छ । स्थानीय वडाबासीहरुले तिनै साना ग्रामीण व्यापारिक केन्द्रबाट खरिद विक्री गर्ने गर्दछन् । स्थानीय साना बजार केन्द्रहरुमा उद्योग तथा व्यापारसँग सम्बन्धित सरोकारवालाहरुको वृद्धि हुदै गएको छ । स्थानीय स्तरमा साना तथा मझौला होटलहरुको संञ्चालन शुरुवात भएका छन् । पवित्र धार्मिक स्थल गजुरमुखी, लारुम्बा, माङसेबुङ र चिसापानबजार क्षेत्रमा दैनिक चहलपहल देख्न सकिन्छ । कृषि तथा पशुपालनमा आएको व्यबसायिकता र नयाँ प्रविधिको आत्मासाथले पनि यहाँको आर्थिक विकासमा ठूलो योगदान दिएको छ । नीजि जंगलका ठूला रुखहरुलाई गोलियाको रुपमा निकासी गर्ने क्रमले पनि आर्थिक चहलपहलमा टोवा पुऱ्याएको छ । स्थानीय स्तरमा रोजगारीका पर्याप्त संभावना भएपनि यस क्षेत्रवाट रोजगारीका लागि झापा तथा तेस्रो मुलुकमा समेत जाने गरेको पाईन्छ जसवाट यस गाउँपालिका क्षेत्रमा रेमिटान्स मार्फत आर्थिक क्रियाकलाप चलायमान छ<br>गाउँ गाउँमा छरिएर रहेको पुँजीलाई एकतित्र गरी बचत तथा ऋण परिचालन मार्फत सहकारी संस्थाहरुको स्थापना र सञ्चालनले यस गाउँपालिको आर्थिक अवस्था चलायमान बनाउन थप भूमिका निर्वाह गरेको छ । यस गाउँपालिकामा गठन र संञ्चालन भएका सहकारी, बैंक तथा वित्तिय संस्थाहरुले सेवा दिदै आएका छन् । सिटिजन वैकले आफ्नो शाखा स्थापना गरी सेवा संचालन गर्दै आएको छ । |
| **स्वास्थ्य** | स्वास्थ्य संस्थाहरु अर्न्तगत साविक गाउँविकास समिति अनुसार स्वास्थ्य चौकी ३ वटा संञ्चालित छन् । यी स्वास्थ्य चौकीहरुमा दरबन्दी अनुसारका प्राविधिक जनशक्तिले सेवा प्रवाह भईरहेको छ । यसै गरी निजी स्वास्थ्य सेवा प्रदायककाे रुपमा चिसापानी, लारुपम्बा, रक्से बजारमा क्लिनिकहरु तथा समान्य मेडिकल संञ्चालनमा रहेको देखिन्छ । माङसेबुङ गाउँपालिका भौगालिक रुपमा छरिएर रहेको हुनाले वडास्तरमा खोपकेन्द्र र क्लिनिकहरु पनि संचालनमा छन् । थप स्वास्थ्य उपचार सेवाको लागि यहाँवाट रवी, झापा तथा सदरमुकाम इलामबजार जाने गर्दछन् । गाउँपालिका क्षेत्रको स्वास्थ्य क्षेत्रको समन्वय पालिका अर्न्तगत स्वास्थ्य शाखाले गर्ने गरेको छ । |
| **वन वातावरण** | गाउँपालिका क्षेत्रभित्र रहेको सार्वजनिक तथा सरकार वनलाई समुदाय मार्फत संरक्षण तथा व्यवस्थापन अभ्यास भएको छ । सामुदायिक वन अवधारणा मार्फत उपभोक्ताहरुल सामुदायिक वनहरु संरक्षण गरेका छन् । वन पैदावारको निकासी परिमाणमा वृद्धि,सामुदायिक वन प्रतिको आकर्षण बढ्दै गई समुदायलाई हस्तान्तरणको काम बढेको, विशेष संरक्षण क्षेत्र अवधारणा अघि बढाइएको देखिन्छ । माङ्सेबुङ गाउँपालिका भित्र डोलपोखरी, माङमालुङ पोखरी, हिउँखोलापोखरी गरी ३ वटा सिमसार वा पोखरीहरु रहेका छन् ।<br>देउमाई, रतुवा र मेवा तथा अन्य जलाधार क्षेत्र भित्र ९ जलाधार क्षेत्र छन् । नदीजन्य श्रोत, परिचालन, प्रयोग मार्फत सिंचाई, खानेपानी तथा निर्माण सामाग्री उपलब्ध हुदै आएको छ । यस क्षेत्रको प्रमुख देउमाई र रतुवा नदीमा उपलब्ध प्राकृतिक श्रोत यस गाउँपालिकाको आन्तरीक आयको एक महत्वपूर्ण श्रोत हो । संरक्षण क्षेत्रको रुपमा विकास गरिएको माङमालुङ धार्मिक वन यस पालिकाको महत्वपूर्ण क्षेत्र हो । नदी नियन्त्रण तथा चुरेक्षेत्र संरक्षण कार्यक्रम भएपनि प्रकोपका घटनामा कमी नआएको र विपद् व्यवस्थापनको लागि यी नदीमा भूक्षय नियन्त्रण कार्यक्रम महत्वपूर्ण छ । |
| **उर्जा** | यस गाउँपालिकामा रहेका घरधुरीहरुले खाना पकाउन प्रयोग गर्ने प्रमुख ऊर्जा दाउरा हो । गाउँपालिका ९४.६६ प्रतिशत घरधुरीले खाना दाउराले पकाउने गर्दछन् । त्यसैगरी ४.५३ प्रतिश घरधुरीले सिण्डिर ग्याँस मार्फत खाना पकाउने गर्दछन् । यस बाहेक न्यून प्रतिशत घरधुरीमा बाँयोग्यास जडान गरिएको छ ।<br>यस गाउँपालिका रहेका घरधुरीहरु मध्ये ६४.०७ प्रतिशत घरले उज्यालोको लागि राष्ट्रिय प्रसारणलाईन तथा स्थनीय लघुजलविद्यूत प्रयोग गर्ने गरेको पाईन्छ । त्यसैगरी २६ प्रशिशत घरमा सौर्य प्रणाली जडान गरिएको छ । हालैका बर्षहरुमा उज्यालोको लागि राष्ट्रिय प्रसारण लाईनको विस्तार तिब्र रुपले हुदै आएको छ भने सुधारिएको चुलो निर्माणलाई पालिकाले प्राथमितामा राखेको छ । |
| **संस्थागत सुशासन** | स्थानीय सरकार संचालन ऐनको प्रावधान अनुसार गाउँपालिका भित्रको संस्थागत संरचनाको लागि विभिन्न शाखा तथा एकाईहरुको विभाजन गरिएको छ । समग्र कार्यविभाजन र व्यवस्थापनका लागि जम्मा ६ विषयगत समितिहरुको व्यवस्था गरी जिम्मेवारी विभाजन गरिएको छ साथै गाउँपालिकाको कार्यलाई चुस्त वनाउन आवश्यक कर्मचारीहरु परिचालन गरी सलग्न छन् । पालिकाको दैनिक प्रशासन चुस्तताको लागि वडा कार्यालय मार्फत सेवा प्रभावकारी बनाइएको छ । गाउँपालिकाको कार्यको जवाफदेहिताको लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण जस्ता कार्यहरु गाउँपालिकाले गर्दै आईरहेको छ । सूचना प्रचारप्रसारको लागि www.mansebungmun.gov.np नामक आधिकारिक वेव साईड र फेसबुक पेज तयार गरिएको छ । गाउँपालिकाको कार्यलाई चुस्त वनाउन आवश्यक ऐन, नितिनियम तथा कार्यविधिहरु वनाई कार्यान्वयन भैरहेको छ । गाउँपालिकाको समग्र संस्थागत अवस्था सहितको श्रव्यदृश्य कार्यक्रम विद्युतीय सूचना प्रणाली मार्फत नियमित रुपमा सार्वजनिक गरिएको छ । |

| | |
|---|---|
| **शिक्षा तथा खेलकूद** | शैक्षिक संस्थाहरु प्रसस्त, अनौपचारिक शिक्षा कार्यक्रमको विस्तार मार्फत साक्षरता प्रतिशत वृद्धि भई ९०.०४ प्रतिशत पुगेको देखिन्छ । विद्यालयको पूर्वाधार विकासमा समेत उल्लेख्य सुधार भएको थियो । हाल गाउँपालिका भित्र ३२ वटा सामुदायिक विद्यालय, ३ वटा संस्थागत विद्यालय १ गुरुकुल रहेको छ । त्यसैगरी स्थानीय मातृभाषामा पठनपाठन पनि शुरुवात गरिएको छ । विद्यालय तहमा खेलकुद प्रवर्द्धनको लागि खेलमैदानहरु निर्माण भएका छन् भने गाउँपालिका र वडा स्तरमा समेत आवधिक रुपमा प्रतियोगितात्मक खेलकुद आयोजना गरिदै आएका छन् । |
| **खानेपानी तथा सरसफाई** | यस अवधिमा व्यवस्थित पाईपप्रणाली मार्फत खानेपानी सुविधा उपभोग गर्ने जनसंख्या वृद्धि भई ८२ प्रतिशत पुगेको पाइन्छ । ग्रामीण क्षेत्रमा साविकको जिविस, गाविस, खानेपानी तथा सरसफाई उपभोक्ता डिभिजन कार्यालय तथा गैह्र सरकारी संस्थाहरुको पहल तथा हाव गाउँपालिकाको पहलमा खानेपानीका उल्लेख्य योजनाहरु निर्माण भएका देखिन्छन् । यस गाउँपालिकामा भएको घरधुरी मध्ये ९४ प्रतिशत घरधुरीमा मापदण्डयुक्त शौचालय प्रयोग गर्ने गरिएको छ र गाउँपालिकालाई खुल्लादिशा मुक्त गाउँपालिका घोषणा गरिसकिएको छ । साना बजारी केन्द्रमा प्लाष्टिक जन्य फोहरमैलाको सामान्व समस्या भएपनि अधिकांश ग्रामीण भेगका घरधुरीले आफैले घरायसी फोहरलाई व्यवस्थापन गर्ने गरेको पाईन्छ । |
| **दलित उत्पिडीत, आदिवासी तथा जनजाती** | स्थानीय सरकार सम्बन्धी ऐन, नियमावली, उपभोक्ता समिति कार्यविधि कार्यान्वयन, सहभागितामूलक विकास पद्दति अवलम्बन तथा चेतना र सशक्तिकरणको वृद्धिसँगै विकास निर्माण प्रक्रियामा दलित,आदिवासी जनजातीको सहभागिता र प्रतिनिधीत्वमा केही सुधार आएको देखिन्छ । खासगरी जातीय विभेद र छुवाछुतका घटनामा केही हदसम्म कमी आएको पाइन्छ । यस क्षेत्रमा आदिबासी जनजातिहरुको उलेख्य बसोबास रहेको छ । लक्षित बर्गको क्षमता विकास कार्यक्रममा पालिकाले लगानी गर्दै आएको छ भने विभिन्न जातीय उत्थानका लागि विभिन्न संस्थाहरु समेत कृयाशिल रहेको पाईन्छ। |
| **सूचना तथा सञ्चार** | समीक्षाको यस अवधिमा सञ्चार क्षेत्रको विकास विस्तार उल्लेखनीय मात्रामा भएको छ। स्थानीय छापा सञ्चार माध्यमहरु सञ्चालनमा नआएपनि अनआईन मिडिया र एफ एम संचालन भएको छ । सञ्चार सुविधा प्रयोग गर्ने जनसंख्यामा उल्लेख्य वृद्धि भएको छ । नेपाल टेलिकम र एनसेलका मोवाएल प्रविधिको सहज पहुँच रहेको छ । स्थानीय कृयाशिल पत्रकार छातासंस्थाको विकासको लागि गाउँपालिकाले सहज नीति अवलम्बन गरेको छ । |
| **सामाजिक सुरक्षा कार्यक्रम** | वि.सं. २०५१/०५२ देखि सामाजिक सुरक्षा भत्ता प्रदान थालनी गरिएको थियो । यसबाट ज्येष्ठ नागरिक, एकल/विधवा महिला र भिन्न क्षमता भएका नागरिकहरुले राज्यबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरी लाभान्वित भएका छन् । यस गाउँपालिकाको कुल वजेटको १० प्रतिसत वजेट सामाजिक सुरक्षामा खर्च हुदै आएको छ । हाल मापदण्डअनुसार सामाजिक सुरक्षा वितरण प्रणालीलाई वैंकमार्फत अनिवार्य गरिएको छ । |
| **कृषि तथा पशुपालन** | माङ्सेवुङ गाउँपालिका मूलतः कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र भएको गाउँपालिका हो । गाउँपालिकाको बहुसंख्यक जनसंख्याको जिविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि तथा पशुपालननै रहेको देखिन्छ । यहाँको अर्थतन्त्रमा व्यवसायिक रुपमा खेती गरिएका खाद्यबाली धान, मकै, गहुँ त्यसैगरी नगदेबालीहरुमा अदुवा, आलु, सागसब्जी, इस्कुस, पशुपालन अर्न्तगत गाई भैसी, बाख्रा, बगुँर, कुखुरा, दुध उत्पादन, मह तथा वनजन्य उत्पादन आदिले मुख्य योगदान पुऱ्याउदै आएको देखिन्छ। उन्नत नश्लका गाई तथा भैसी पाल्ने क्रममा वृद्धि भई दुग्ध उत्पादनमा १५.१ प्रतिशत वृद्धि भएको देखिन्छ भने मासु उत्पादनमा १०.७ प्रतिशतले वृद्धि भएको पाइन्छ । |
| **पर्यटन विकास** | यस गाउँपालिकामा धार्मिक पर्यटनको प्रसस्त संभावना छ। यद्यपी ती पर्यटकीय स्थलसम्म पुग्ने दिगो पूर्वाधार विकासको शुरु भएका खासै देखिन्छन् । गाउँपालिकाको पर्यटन क्षेत्र विकासको लागि निश्चित क्षेत्रको गुरु योजना तयार गरिएको छ । धार्मिक तथा सास्कृतीक महत्वको गजुरमुखीधाम, लारुम्बा, माङ्मालुङ, चमेरे गुफा, फुलुडी अदि उल्लेखनीय हो । एकऔलाले हल्लने विशाल ढुङ्गा यहाँको माङमालुङ क्षेत्रमा पर्दछ । दिगो पर्यटन विकास योजना मार्फत यी क्षेत्रहरुको प्रचारप्रसार र पदमार्गमार्फत जोड्न सके समग्र पर्यटनलाई टेवा पुग्ने देखिन्छ । |
| **सडक तथा यातायात** | दमक-रवी - राँके सडक तथा राके - रवी - भेडेटार सडकको कभरेज क्षेत्रमा यो गाउँपालिका पर्दछ । त्यसैगरी मेची रानमार्गको नेपालटार - मंगलबारे -गजुरमुखी सडकले पनि यस गाउँपालिकालाई सडक पहुँच स्थापना गरेको छ । दानवारी- बाफ्रो सडकबाट पनि यहाँ सम्मको सम्पर्क स्थापना छ । यी सवै सडकहरुको कच्ची र केही खण्ड ग्रावेल तथा आंशिक सोलिङ भएका छन् । गाउँपालिका भित्र बृहद सडकहरु निर्माणका क्रममा छन भने धेरै ग्रामीणसडकहरु स्तरोन्नती हुदै आएको छन् । यस्ता ग्रामीण सडक यस गाउँपालिका क्षेत्रभित्र ५३ कि.मि. छ । यस गाउँपालिका विभिन्न वडाहरु जोड्ने सहायक तथा ग्रामीण कच्ची सडकहरु जोडिएको छ । गाउँपालिकाको सडक गुरुयोजना तयार भएको छ र सडक निर्माणको निम्ति मापदण्ड तयार भएको छ । |

### ३.४ विगतको वित्तीय स्रोतको विश्लेषण

समष्टिगत, विषय/क्षेत्रगत, तथा निजि, गैह्र सरकारी क्षेत्रको वार्षिक चालु तथा पूँजीगत बजेटको समीक्षात्मक विवरण देहाय बमोजिम समावेश गरिएको छ।

- माङसेबुङ गाउँपालिकाको वित्तिय स्थितिलाई अध्ययन गर्दा आ.ब. २०७६/०७७ मा कूल वार्षिक बजेट ३४ करोड ५७ लाख रहेकोमा आ.ब. ०७७/०७८ मा ४० करोड २३ लाख ६ हजार पुगेको देखिन्छ। समष्टिगत बजेटको आकार विगत आर्थिक वर्षको बजेट विश्लेषणका आधारमा कूल बजेटको औसतमा १० प्रतिशतले वृद्धि भएको देखिन्छ।
- यस माङसेबुङ गाउँपालिकाको समग्र वजेटको अवस्थालाई अध्ययन गर्दा ७५ प्रतिशत भन्दा वढि वजेट संघीय सरकारवाट व्यवस्थापन भैरहेको र भावी दिनमा समेत पनि श्रोतको व्यवस्थापन संधिय सरकारवाट वढि व्यवस्थापन हुनु पर्ने देखिन्छ। स्थानीय गाउँपालिकाको वजेट १५ प्रतिशत योगदान रहेकोमा आँउदा दिनमा वृद्धि हुने देखिन्छ भने प्रदेश सरकारवाट १० प्रतिशत भन्दा न्यून रकम व्यवस्था भईरहेको अवस्था छ। प्रदेश सरकारको अनुदान आँउदा बर्षहरुमा वृद्धि हुने अपेक्षा लिइएको छ।
- माङसेबुङ गाउँपालिकाको आ. व. २०७७/०७८ मा क्षेत्रगत बजेट विश्लेषणको आधारमा सबै भन्दा धेरै पूर्वाधार विकासमा २१ प्रतिशत र सामाजिकमा ३९ प्रतिशत, भएको देखिन्छ। त्यस्तै, आर्थिक विकासमा १० प्रतिशत, संस्थागत विकास तथा, सुशासनमा ११ प्रतिशत र वातावरण संरक्षण र विपद जोखिम व्यवस्थापनमा १ प्रतिशत विनियोजन भएको देखिन्छ।
- गैह्र सरकारी संस्थाहरुको लगानी आ.व २०७७/७८ भन्दा गाउँपालिकाको वार्षिक वजेटको तुलनामा ज्यादै न्यून रहेको छ। माङसेबुङ गाउँपालिकाको समग्रमा ५ प्रतिशत भन्दा कम लगानी गैर सरकारी संस्थाहरुवाट भएको देखिन्छ।
- निजी क्षेत्रको लगानीको अवस्थालाई समग्र रुपमा गाउँपालिकाको योजनासंग तालमेल गराउन सकिएको छैन। यस माङसे बुङ गाउँपालिकामा नीजि क्षेत्रको समग्र अवस्थालाई विश्लेषण गर्दा शिक्षा, स्वास्थ्य, उद्योग, पर्यटन तथा व्यापार व्यवसायको क्षेत्रमा निजि क्षेत्रको लगानी गर्न सक्ने अवसर देखिन्छ। गाउँपालिकाले निजी क्षेत्रसँगको समन्वयलाई तथा प्रोत्साहनमूलक कार्यक्रमका लगानी वार्षिक वजेटमा व्यवस्था भएको देखिन्छ।
- आ.ब.०७७/७८को वार्षिक बजेट अनुसार कूल बजेटमा आन्तरीक योगदान १५ प्रतिशत रहेको पाइन्छ। भने औसत केन्द्रीय अनुदान ७५ प्रतिशत रहेको पाइन्छ।
- गाँउपालिकाको आन्तरिक आम्दानीका मुख्य स्रोतहरूमा कवाडीजन्य कर, निर्माण सामग्री, प्राकृतिक स्रोत, मालपोत, सेवा उपयोग कर, दस्तूर, चलअचल सम्पत्ति विक्री, दण्ड जरिवाना, भाडा, सिफारिस, रजिष्ट्रेसन शुल्क एवंम् ऐनमा उल्लेख भएका अन्य स्रोतहरु आदी लगायतका छन्।

### ३.५ सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीको विश्लेषण

माङ्सेबुङ गाउँपालिकाको विकासका सवल पक्ष, कमजोरी, अवसर/सम्भावना र चुनौतीको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ।

#### ३.५.१ सवल पक्ष

- इलामको प्रमुख ४ वटा खोलाहरुमध्ये देउमाई खोला यस गाउँपालिकाको सिमाना भई वहनु एवम् रतुवा, मावा जस्ता खो लाको जलाधारक्षेत्र रहनु।
- धरातलीय स्वरुप, मौसमी अवस्थालाई हेर्दा अन्य गाउँपालिकाहरुको तुलनामा प्राय सवै क्षेत्र वसोवास र कृषि उर्वरताको लागि अत्यन्तै उपयुक्त हुनु।
- खाद्यन्न तथा नगदेबाली खेतिको लागि उपयुक्त हावापानी र उर्भर माटो कायम रहेको छ
- कृषि पर्यटन र सांस्कृतिक पर्यटनको लागि पर्याप्त आधारहरु रहेका छन्।
- विकासका हरेक पक्षको सक्रिय र परिपक्व सामुदायिक संस्था, सहकारी, स्थानीय समुदाय एवं निजी क्षेत्रले विकासमा निर न्तर सहयोग भईरहनु।
- विविध जातीय सद्भाव, धार्मिक सहष्णुिता, सामाजिक साँस्कृतिक तथा आर्थिक सहकार्य र सम्मिलनले गाउँपालिका समृद्ध हुनु।
- फाल्गुनन्द मार्ग, राँके- रवी -दमक सडक तथा रवी -भेडेटार सडकको सेवा क्षेत्रभित्र यो गाउँपालिका रहनु।
- गाउँपालिकाको सवै क्षेत्रहरुलाई समेटेर आन्तरिक मोटरवाटोको संजाल निर्माण हुनु।
- धार्मिक पर्यटन प्रवर्द्धनको लागि किराँतधर्मगुरु आत्मानन्द लिङ्देनको जन्मभूमि तथा लारुम्बा, माङ्सेबङ, अन्धाराजा, पारहाङ साथै गजुरमुखीदेवी जस्ता धार्मिक महत्व वोकेका पवित्रस्थल यसै माङ्सेबुङ गाउँपालिका क्षेत्रमा हुनु।

- पालिका क्षेत्रभित्र सामुदायिक तथा निजी स्तरमा प्रसस्त वनजंगल रहेको छ । उक्त वनलाई धार्मिक वनको रुपमा विस्तार र संरक्षण गर्न सकिन्छ ।
- प्राथमिक स्वास्थ्य सेवा केन्द्र, पशुसेवा केन्द्रहरु, वडा कार्यालयहरु तथा अन्य सेवाकार्यालयहरु निर्माणधिन रहेका छन् ।

### ३.५.२ कमजोर पक्ष

- दिगो विकासका आधारका रुपमा रहेको जलश्रोत, वन तथा चुरेक्षेत्र लगायतका प्राकृतिक सम्पदाहरुको संरक्षणमा कमी ।
- आन्तरिक स्रोत वृद्धिको निम्ति दिगो तथा व्यवस्थित योजना वन्न नसक्नु ।
- ग्रामीण भेगमा यातायातका लागि अधिकांश सडक मौषमी मात्र हुनु ।
- यूवावर्ग श्रमको खाजिमा विदेशिनु ।
- शैक्षिक विकासका लागि विद्यालयको विस्तार र स्तरोन्नति गरेता पनि शिक्षामा गुणात्मक सुधार नहुनु ।
- उच्च मुल्यको नगदेवाली प्रवर्द्धनमा कमी ।
- कृषिवाली रासायनिक विषादीको प्रयोगमा वृद्धि ।
- खेतीभूमिमा बन्यजन्तु तथा मानव वीच द्वन्द्ध बृद्धि ।
- आधुनिक सेवासुविधाको खोजिमा आर्थिक रुपले सक्षम र वौद्धिक वर्गहरुको पलायन लाई नियन्ण गर्नुपर्ने ।
- कृषिजन्य तथा नगदेवालिहरुमा देखिएका तथा नयाँ रोगहरुको पहिचान तथा रोकथामको लागि प्रयत्नरत हुनु पर्ने ।
- उत्पादित कृषिजन्य वस्तुको वजार व्यवस्थापनकालागि पालिकास्तरवाट पहल हुनुपर्ने ।
- संरक्षणका दिगो उपायहरु अवलम्बन नगरिकन र विना योजना वाटोघाटोको निर्माण हुँनु जसले गर्दा वनिसकेका बाटोहरुमा स्थायूत्वको अभाव तथा भू-क्षय  तथा पहिरोको प्रकोप वडदैजाने हुँदा रोकथामकोलागि पहल हुनुपर्ने ।
- अधिकांश बासिन्दाको प्रमुख पेशाको रुपमा कृषि तथा पशुपालनलाई अवलम्बन गरिएको भएपनि व्यवस्थीत कृषिप्रणालिमा प्राविधिक ज्ञान वडाउन प्रयास गर्नुपर्ने ।
- कृषि उत्पादनलाई ब्राण्डिङ गरी एरिया अर्गानिक प्रमाणिकरण गर्न नसक्नु ।
- स्वास्थ्य, कृषि, पशुपालन विकास आदी क्षेत्रमा प्राविधिक, संस्थागत तथा मानवीय संशाधन क्षमता विकासको कमी
- कृषि पर्यटन, धार्मिक/सास्कृतिक पर्यटन, र इकोपर्यटन विकासका लागि पूर्वाधारहरु भएपनि प्रवर्द्धन विकास गर्न प्रयत्न हुनुपर्ने ।

### ३.५.३ अवसर तथा संभावना

- गाउँपालिकाको सिंचाईयुक्त क्षेत्रमा नगदेबालीको व्यबसायिक उत्पादन गरी समग्र गाउँको आय स्तरमा वृद्धि गर्न सकिने अवसर रहेको छ ।
- कृषि तथा वनजन्य उत्पादनहरुलाई मूल्य श्रृंखला वृद्धि गरी औद्योगिकरण मार्फत गाउँपालिकाको समंग्र अर्थतन्त्र र रोजगारीका अवसरहरु उल्लेख्य मात्रामा सिर्जना गर्न सकिने संभावना रहेको छ ।
- उत्पादित कृषि जन्य बालीहरुलाई ब्राण्डिङ गरी अर्गानिक सर्टिफिकेसनमा जान सकिने पर्याप्त संभावना छ ।
- माङ्सेबुङ्, भालुटार, खलङ्गे, गजुरमुखी वेशी, जस्ता रहेको क्षेत्रमा नगदेवाली, तरकारी खेतीलाई व्यवसायिक रुपमा विकास गरी तराईको तरकारी आपूर्तिको विकल्पको रुपमा विकास गर्न सकिन्छ  ।
- धरातलीय विविधता भएको कारण जमिनको उचाई तथा भूगोल अनुसार पकेटक्षेत्र जोनिङ गरी कृषिलाई व्यसायिक उत्पादन गर्न सकिने संभावना छ ।
- विभिन्न सहकारीहरु मार्फत छरिएर रहेको पूँजीलाई एकत्रित गरी उत्पादनशील क्षेत्रमा लगानी गर्न सकिने संभावना रहेको छ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग विकासको लागि क्षेत्र निर्धारण गरी केही क्षेत्रहरुमा औद्योगिक पूर्वाधार विकास गर्न सकिने संभावना रहेको छ ।
- कृषि, पशुपालन उत्पादनलाई उचाई र भौगोलिकताको आधारमा पकेट क्षेत्र तोकी उत्पादन प्रवर्द्धन गर्न र ग्रामीण रोजगारी प्रवर्द्धन गर्न उद्योगहरु स्थापना गर्न सकिने संभावना रहेको छ ।
- सामुदायिक वन मार्फत काष्ठ पैदावरको स्थानीय रुपमै व्यबसायिक प्रसोधन मार्फत रोजगारीका अवसरहरु सृजना गर्न सकिने संभावना रहेको छ ।

- भौतिक पूर्वाधार विकासलाई स्थानीय अर्थतन्त्र र उत्पादन, वितरण तथा बजारीकरणसँग जोडी तुलनात्मक तथा प्रतिस्पर्धी लाभ हासिल गर्न सकिने संभावना रहेको छ ।
- जलाधार र नदी उकास क्षेत्रको सिमाङ्कन गरी बृक्षारोपण र जलाधार संरक्षण मार्फत भूक्षय संरक्षण र नदीकटान नियन्त्रण गर्न सकिने संभावना रहेको छ ।
- मझौला तथा सानाखाले चिया, ईंटा, कागज जस्था उद्योगहरुको स्थापनाद्धारा रोजगारीमा वृद्धि गर्न सकिन्छ ।
- बैकल्पिक उर्जा प्रयोग तथा परिचालन प्रति आकर्षण भई बैकल्पिक उर्जाको प्रयोग र विस्तारको संभावना एवंम् स्वच्छ ऊर्जा प्रवर्द्धन गर्न सकिने संभावना छ ।
- इलाम जिल्लामा मात्र नभई देश तथा विदेशको लागि समेत पहिचान भई अगाडी आईरहेका ईलाम जिल्लाका पश्चिमी क्षेत्रको सवैभन्दा ठूलो धार्मिक स्थल गजुरमुखीधाम, लारुम्बा, माङ्सेबुङ लगायत अन्य पर्यटकीय स्थलहरुश्र घोर्लेभिर, माँवालुङ, अन्धाराजा, खराने थुम्का, हल्ने ढुङ्गा जस्ता महत्वपूर्ण स्थानहरु यसै क्षेत्रमा रहेका छन् । यी पर्यटकीय क्षेत्रहरुलाई एकीकृत अवधारणा अनुसार प्रचारप्रसार एवम् प्रवर्द्धन गरी फाइदा लिन सकिने संभावना छ ।

### ३.५.४ चुनौंती

- अधिकांश युवा जनशक्ति वैदेशिक रोजगारीका लागि बाहिरिनु ।
- शिक्षित र युवाबर्गलाई व्यबसायिक कृषिमा आर्कषण गर्न नसक्नु ।
- गाउँपालिकका घेरै जसो वडाहरुबाट तराई तिर बसाई सर्ने कम तथा अन्य आन्तरिक बसाई सराई व्यबस्थापन ।
- सवेदनशिल चुरे क्षेत्र तथा सडक निर्माणको कम विस्तार भएकोले भूक्षय नियन्त्रण ।
- खेती भूमीमा जंगली जनावर/मानव बस्ती द्वन्द्व ।
- उत्पादित खाद्य तथा नगदेबालीको दिगो बजारीकरण तथा भण्डारनको चुनौती ।
- जलवायू परिवर्तनले वाली प्रणालीमा पारेको नकारात्मक असर ।
- चुरेवस्ती क्षेत्रमा खानेपानी तथा सिंचाईको श्रोत सुक्दै जानु ।
- चुरे तथा पालिकाका अन्य सार्वजनिक क्षेत्रमा बसोवास गर्ने सुकुम्वासीहरुको पहिचान तथा वसोवासको दिर्घकालिन समाधान ।
- अधिकांश बासिन्दाको प्रमुख पेशाको रुपमा कृषि तथा पशुपालनलाई अवलम्न गरिएको भएपनि व्यवस्थित कृषि प्रणालीमा प्राविधिक ज्ञानको कमी ।
- सिमित स्रोतको कारण तथा सेवाक्षेत्र फराकिलो भएकोले कार्यालयको जनशक्ति व्यवस्थापन तथा परिचालन ।
- पालिकाको दक्षिणी भेगमा पर्ने रतुवा लगायतको खोलामा आउने बाढी र बाटो बगाउने समस्याको कारण बर्षभरी नियमित यातायात संचालनको चुनौती ।
- संविधानले प्रदत्त गरेको स्थानीय तहको अधिकार सूची अनुसार जिम्मेवारी निर्वाह गर्ने शिलशिलामा प्राविधिक पक्षहरुमा स्थानीय तहको क्षमता विकास ।

## ३.६ सरोकारवालाहरुको विश्लेषण

यस माङ्सेबुङ गाउँपालिकाको विकासमा सरकारी, विषयगत तथा गैह्र सरकारी, सहकारी, नागरिक समाज तथा पेशागत सञ्जाल एवम् निजी क्षेत्रको प्रत्यक्ष सहभागिता र योगदान रहदै आएको छ । यस आवधिक योजनाको सफल तर्जुमा एवम् कार्यन्वयनमा ती क्षेत्रको विशिष्टता, क्षमता, क्षेत्र/विषयगत पहुँच, भूमिका, संलग्नता तथा साझेदारीको ढाँचाले अहम् भूमिका खेल्दछन् । यस शीर्षकमा निम्नानुसार सरोकारवालाको विश्लेषण गरिएको छ ।

### ३.६.१ संवैधानिक, न्यायिक एवम् प्रशासनिक सरकारी कार्यालय

विकास योजनाको लक्ष्य हासिल गर्नको लागि संवैधानिक, न्यायिक एंव प्रशासनिक कार्यालयहरुको महत्वपूर्ण समन्वयकारी भूमिका रहने छ । स्थानीय विकासको योजना तयारीका लागि आवश्यक नीतिगत प्रावधानहरु सहज एंव कार्यान्वयन तथा त्यसको अनुगमन मूल्याङ्कनमा भूमिका उल्लेख गरिएको छ । बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ ।

- योजना तर्जुमा तथा समीक्षा
- सुसासन अभिबृद्धि

- राजश्व व्यवस्थापन तथा बाँडफाँड
- अनुगमन तथा मूल्याङ्कन

### ३.६.२ विषयगत सरकारी निकाय

आवधिक योजनाको कार्यान्वयनमा बिषयगत सरकारी निकायहरुको भूमिकालाई महत्व दिईएको छ । योजनाले लक्षित गरेको उपलब्धि हासिल गर्न तथा प्रस्तावित योजनाहरु बार्षिक कार्यान्वयन साथै अनुगमन मूल्याङ्कनमा भूमिका रहनेछ। वित्त खोजी तथा परिचालन, मानवीय स्रोत उपलब्धता, स्थानीय रणनीति तयारी, सम्बन्धित अन्य निकायहरुसँग समन्वय महत्वपूर्ण हुनेछ । प्राप्त उपलब्धि तथा अवस्थाहरुको तथ्याङ्कीय अभिलेख र त्यसका आधारमा आगामी प्रस्तावहरु तयार गर्न समेत सरकारी निकायहरुको भूमिका रहनेछ। साथै उपभोक्ता तथा माथिल्लो निकायहरुको विच सम्पर्क स्थापना गर्ने भूमिका पनि अनुमान गरिएको छ। बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ।

- तथ्याङ्क तथा सूचनाहरु संकलन गर्ने, अद्यावधिक गर्ने र लक्ष्य निर्धारण गर्ने ।
- योजना तर्जुमा तथा समीक्षा ठीक समयमा नियमित गर्ने गराउने ।
- कार्यक्रम कार्यान्वयनमा जनशक्ति प्रविधि र स्रोत जुटाउने ।
- श्रोत साधनको उपलब्धता, परिचालन र लगानी विचको तादतम्यता मिलाउने ।
- समन्वय, सहकार्य र साझेदारीमा जोड दिने ।
- प्राविधिक विषयमा उपभोक्ता तथा सामुदायिक संगठनहरुलाई सीप दिने र सहजीकरण गर्ने ।
- मानवीय स्रोत परिचालन तथा खोजी गर्ने ।
- स्थानीय तह, प्रदेश र संघीय मन्त्रालय, निकायहरु वीचको समन्वय गराउने ।

### ३.६.३ स्थानीय वडा कार्यालयहरु

विकास योजनाको लागि स्थानीय जनता तथा उपभोक्ताहरुसँग प्रत्यक्ष सरोकार राख्ने तहको रुपमा स्थानीय सरकारले भूमिका निर्वाह गर्नेछ । यस योजनाले राखेका उद्धेश्य हासिल गर्न बार्षिक तथा आवधिक योजना तथा कार्यक्रमहरु पहिचान र श्रोत विनियोजन गर्ने भूमिका रहनेछ। स्थानीय आवाश्यकता अनुसारका नीति तथा कार्यविधिहरु तयारी, कार्यक्रमको लक्षित क्षेत्र निर्धारण र विभिन्न सरकारी तथा गैह्सरकारी निकायहरुसँग समन्वय, स्रोत खोजी तथा साझेदारी स्थापना गरी योजनाहरुको कार्यान्वयन गर्ने जिम्मेवारी रहन्छ। विकास योजनाहरुसँग सम्बन्धित अनुगमन मूल्याकंन तथा प्रतिवेदनहरु तयारी र अभिलेख राख्ने जिम्मेवारी हुनेछ। यसका माध्यमले पारदर्शिता र सुशासन अभिबृद्धिमा सहयोग पुर्‍याउने छ। बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छः

- आवधिक योजनाको आधारमा वार्षिक कार्यक्रम, कार्यनिति वनाउने ।
- विकास योजनाहरुको कार्यान्वन गर्ने गराउने ।
- उपभोक्ता समितिहरुको सहभागितामा लक्ष्य प्राप्तिको लागि सकृय रहने ।
- अनुगमन तथा मूल्याङ्कन नियमित र निरन्तर गर्ने ।
- तथ्याङ्कीय आधार तयार गर्ने, अद्यावधिक गर्ने र योजना तर्जुमा गर्दा प्रयोग गर्ने ।
- स्रोत साधन खोजी, परिचालन तथा लगानी अभिवृद्धि तथा व्यवस्थित गर्ने ।
- सहकार्य र साझेदारीमा जोड दिने ।
- पारदर्शिता सहित सुन्य भ्रष्टाचारको सुशासन दिने, उत्कृष्ण कृयाकलापहरुको प्रचासप्रसार गर्ने ।
- आवधिक विकास योजनाको आवधिक समीक्षा गर्ने ।
- संस्थागत विकास तथा क्षमता अभिवृद्धिका क्रियाकलाप सञ्चालन गर्ने र कर्मचारीहरुलाई अभिप्रेरित गर्ने ।

### ३.६.४ गैह्र सरकारी तथा सामुदायिक क्षेत्र

यस योजनाको लक्ष्य तथा प्रगति हासिल गर्न गैह्सरकारी संस्था तथा सामुदायिक क्षेत्रको पनि महत्वपूर्ण भूमिका रहने छ। योजना कार्यान्वयनका लागि नेपाल सरकार तथा अन्य बाह्य सहयोगीहरुसँग स्रोत खोजी गर्ने, प्रविधि विस्तार गर्ने तथा मानवीय स्रोत उपलब्धता र परिचालन गर्ने जिम्मेवारी रहनेछ । सामुदायिक विकास क्षेत्र तथा लक्षित समूहको परिचालन र क्षमता विस्तारमा भूमिका रहनेछ। नागरिक अनुगमनका रुपमा विभिन्न संघ संस्थाहरुले गरेको कामहरुको प्रगति विश्लेषण, सुशासन अभिवृद्धिका लागि

स्थानीय तह तथा समुदायको क्षमता विस्तार आदीमा यसले भूमिका खेल्न सक्छ । प्रतिवेदनहरु तयारी, सूचना अभिलेख स्थापना र आगामी कार्ययोजनाहरु तयारीमा समेत महत्वपूर्ण भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी यस प्रकारको भूमिका रहने छ ।

- स्थानीय तह र विषयगत कार्यालयहरुसंगको नियमति समन्वय, सहकार्य र साझेदारीमा लक्षित कार्यक्रमहरुको कार्यान्वयन गर्ने ।
- लक्षित समुहहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- समसामयिक विषयहरुमा वहस तथा पैरवी गर्ने ।
- सामाजिक परिचालन, श्रोत साधन खोजी, परिचालन र लगानीको विषयमा ज्ञानशीप अभिवृद्धि गराउने ।
- मानव विकास र स्थानीय विकासमा सहयोग पुऱ्याउने ।
- सुशासन प्रर्वद्धन गरी पारदर्शिता र जनउत्तरदायी प्रक्रिया वसाल्न मद्धत पुऱ्याउने ।
- नागरीक खवरदारी गर्ने ।
- रोजगारीको अवसरहरुको सृजना गर्न उद्यमशीलताको विकास गर्ने ।

### ३.६.५ सहकारी

यस योजनाको कार्यान्वयनका लागि समुदाय परिचालन तथा स्थानीय साझेदारी अभिवृद्धि गर्न सहकारीहरुको भूमिका रहने छ । छरिएको पूँजी एकत्रित गर्ने तथा लागत साझेदारी जुटाउदै स्रोत खोजी, लगानी र परिचालनमा भूमिका रहनेछ । स्थानीय पूर्वाधार विकास र समुदायको आर्थिक क्षमता विकास गरी कारोबारीय सामाजिक परिचालनको माध्यमबाट लक्षित समुदायको अवस्था सुधारमा  सहकारी तथा समूहहरुको भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- स्थानीय स्तरका स्रोतहरुको परिचालन गरी उद्यम व्यवसायको स्थापना र रोजगारीको सृजना गर्ने ।
- लक्षित वर्ग र तहमा वित्तीय स्रोतको पहुँच पुऱ्याउने ।
- समूह तथा सदस्यहरुको परिचालन गर्ने ।
- स्रोत खोजी, लगानी तथा परिचालन गर्ने ।
- समन्वय, सहकार्य र साझेदारीमा जोड दिने ।
- संस्थागत सवलीकरण तथा क्षमता विकास गर्ने ।
- क्षेत्रगत लगानी तथा पूँजी निर्माण गर्ने ।

### ३.६.६ वैक तथा वित्तिय संस्थाहरुः

गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुले विभिन्न व्यवसाय प्रवद्धनमा कर्जा प्रवाह र परिचालन, आफ्ना सेवा विस्तार गरी रोजगारीको प्रर्वद्धनमा सहयोग गर्ने गर्दछन् । बैंक तथा वित्तिय संस्थाहरुको भूमिका निम्नानुसार हुनेछ ।

- लगानीका लागि कर्जा प्रवाह
- पूँजी निर्माण र परिचालन
- सेवा विस्तार
- साना, ठूला उद्योग तथा वृहत आयोजनाहरुमा पूँजी लगानी
- रोजगारी लगानी

### ३.६.७ नीजि क्षेत्र

विकास योजनाको कार्यान्वयनमा नीजि क्षेत्रको भूमिकालाई महत्व दिईएको छ । पूर्वाधार विकासमा श्रोत खोजी परिचालन तथा समन्वय निर्माण र रोजगारी अभिबृद्धिमा नीजि क्षेत्रको भूमिका रहने छ ।  आर्थिक समृद्धि र विकासको मुख्य साझेदारको रुपमा स्थापित हुदै श्रम र प्रविधि मार्फत पूजी निर्माण गर्न समन्वयकारी भूमिका रहने छ । निर्धारित लक्ष्य हासिल गर्दै आगामी संभावना र कार्यक्रमहरु तयारी गरी अभिलेख स्थापनामा समेत नीजि क्षेत्रको भूमिका रहने छ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- क्षेत्र पहिचान तथा लगानी प्रवर्द्धन गर्ने ।
- बजार विकास तथा विस्तार गर्ने ।
- समन्वय, सहकार्य र साझेदारी गर्ने ।

- प्रविधि विकास तथा विस्तार र पूजी निर्माण
- वित्तिय परिचालन गर्ने ।
- पर्यटन व्यबसायलाई दिगो आम्दानीको रुपमा स्थापित गर्ने ।
- सार्वजनिक निजि साझेदारी लगानी अवधारणामा काम गर्न जोड दिने ।
- सामाजिक उत्तरदायित्व वहन गर्ने ।
- आर्थिक अवसर खोजी तथा रोजगारी वृद्धि गर्ने ।
- नयाँ संभावना पहिचान तथा खोजी गर्ने ।

### ३.६.८ नागरिक समाज एवम् समुदाय

विकास योजनाको कार्यान्यनमा सामाजिक परिचालन एवं नागरिक सहभागिता मार्फत योजना कार्यान्व्यिन, मितव्ययिता र अनुगमन मूल्याकंन गरी आगामी क्रियाकलापहरु किटान तथा कार्यान्वयनमा नागरिक समाज एंव समुदायको भूमिका रहनेछ । लक्षित वर्ग पहिचान, सुशासन अभिबृद्धि र पारदर्शिता कायम गरी स्थानीय साझेदारी सहितको खवरदारी गर्न यसको भूमिका रहनेछ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- सुशासन अभिबृद्धि र पारदर्शिता कायम
- स्थानीय लगानी र साझेदारीका खोजी
- समन्वय र सहकार्य तथा नागरिक खवरदारी
- नेतृत्व विकास तथा नागरिक संस्था सवलीकरण

### ३.६.९ राजनीतिक दल

यस योजना तयारी तथा कार्यान्वयनमा राजनीतिक दलको भूमिका महत्वपूर्ण छ । योजना तयारी, अद्यावधिक तथा यसले लक्षित गरेको उपलब्धि हासिल गर्न सहभागितात्मक प्रकृयाको आधारमा माग सम्बोधन र कार्यान्वयनमा भूमिका रहने छ । स्थानीय आवश्यकता अनुसार नीतिगत रुपमा सहजता स्थापना गर्न तथा कार्यक्रमको लागि स्रोत, साधनको खोजी र परिचालनमा समेत भूमिका रहनेछ । सरकारी, निजी तथा गैह्सरकारी निकायहरुबाट संञ्चालित कार्यक्रमहरुको अनुमगन, मूल्याकंन तथा पृष्ठपोषणको सहित आगामी मार्गनिर्देशनमा समेत महत्वपूर्ण भूमिका रहनेछ । स्थानीय तहहरुको लक्ष्य अनुसारको गतिविधि संञ्चालन र प्रकृयागत रुपमा सहज पार्ने भूमिका र नेतृत्व विकास पनि राजनीतिक दलको भूमिका अनुमान गरिएको छ । बुदाँगत रुपमा मुख्य गरी निम्न प्रकारको भूमिका रहने छ ।

- योजना तर्जुमा र कार्यक्रम कार्यान्वयनको वातावरण सृजना गर्ने
- स्थानीय नीति र निर्देशिका तर्जुमा र सुधार
- श्रोत साधन खोजी तथा परिचालन
- समन्वय, सहकार्य र साझेदारी
- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन
- स्थानीय लोकतन्त्र सुदृढिकरण

### ३.७ छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँग विकासको रणनीतिक, सम्बन्ध र अवसरको समीक्षात्मक विश्लेषण

माङसेबुङ गाउँपालिकाको भौगोलिक अवस्थिति आफैँमा एक महत्वपूर्ण विकास अवसर हो । भौगोलिक रुपमा चुरेक्षेत्रदेखि उच्च महाभारत पर्वत सम्म यो गाउँपालिका फैलिएको छ । पूर्वमा देउमाई नगरपालिका र माई नगरपालिका, पश्चिम र दक्षिणमा चुलाचुली गाउँपालिकाका, उत्तरमा फाकफोकथुम गाउँपालिका र पाँचथर जिल्लासँग सिमा जोडिएको छ । यो गाउँपालिका फाल्गुनन्द मार्गमा पर्ने भएकोले इलामको पश्चिमी क्षेत्रलाई तराईसँग र पाँचथरसँग जोडने यातायात संजालको दृष्टिकोणले मजवुद रहेको छ । देउमाई र रतुवा जलाधार तथा अनय उपजलाधार क्षेत्रको समुचित दिगो विकास र स्रोत परिचालनको लागि माङसेबुङ संभावित क्षेत्र हो । अन्तर पालिका र अन्तर जिल्ला समन्वयको दृष्टिकोणले माङसेबुङको संभावना तथा अवसरहरुको रुपमा जलस्रोत, वनजन्य उत्पादन, बिद्युत प्रसारण, वन, सडक तथा पुल संञ्जाल, खानी र प्राकृतिक स्रोत परिचालन र पर्यटकीय मार्ग आदि पहिचान भएका क्षेत्रहरु हुन साथै व्यापारीक तथा आवासीय दृष्टिकोणवाट यो गाउँपालिका एक महत्वपूर्ण स्थान हो । आवधिक योजना सम्बन्धमा माङसेबुङ गाउँपालिकाको छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँगको अन्तरसम्बन्ध तलको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

**छिमेकी गाउँपालिका, नगरपालिका र जिल्लासँगको अन्तरसम्बन्ध विश्लेषण**

| क.स. | जिल्ला | विकासका आधार | जिल्ला/पालिकासँग अन्तरसम्बन्ध | विकासमा साझेदारीको ढाँचा |
|---|---|---|---|---|
| १ | झापा | • कृषि (उत्पादन, प्रशोधन, उद्योग तथा बजारीकरण)<br>• औद्योगिक विकास र व्यापार व्यवसाय<br>• पर्यटन विकास<br>• जलश्रोत<br>• वन जंगल<br>• सडक तथा यातायात संजाल<br>• प्राविधिक शिक्षा तथा गुणात्मक स्वास्थ्य उपचार | • कृषि तथा पशुजन्य उत्पादन र आपुर्ति<br>• पर्यटन प्रवर्द्धन र एकीकृत विकास ढाँचा<br>• जलविद्युत प्रसारणलाईन तथा जैविक उर्जा<br>• वन तथा जडीबुटी, चोरी निकासी नियन्त्रण<br>• प्राकृतिक स्रोत उपयोग तथा कर<br>• उद्योगधन्दा कलकारखाना, मूल्य अभिवृद्धि, भण्डारण, प्रशोधन, बजारीकरण र दोहोरो व्यापारिक सम्बन्ध<br>• स्वास्थ्य अस्पताल<br>• प्राविधिक शिक्षा<br>• सडक तथा भौतिक पूर्वाधार विकास<br>• जलाधार व्यवस्थापन तथा श्रोत संरक्षण<br>• एकीकृत जल साझेदारी ढाँचा विकास र वातावरण संरक्षण<br>• प्रकोप न्यूनिकरण, चुरे क्षेत्र, नदी कटान भूक्षय<br>• विपद व्यवस्थापनः आपतकालिन उद्धार सेवा<br>• जनसंख्या व्यवस्थापन (वसाई सराई) | • साझा कार्ययोजना,<br>• संयुक्त परियोजना विकास<br>• संघीय तथा प्रान्तिय योजनाका लागि संयुक्त पहल,<br>• तुलनात्मक लाभका क्षेत्र पहिचान, प्राथमिकीकरण, समन्वय<br>• योजना समन्वय<br>• संयुक्त लगानीमा नमुना परियोजना तय गरी कार्यन्वयन (कृषि उपज, प्राकृतिक स्रोत उपयोग, उर्जा, पर्यटन, नदी व्यवस्थापन, वन र पानीको मूल संरक्षण<br>• जैविक मार्ग संरक्षण र विकास |
| | पाँचथर | • कृषि उत्पादन र बजारीकरण<br>• पर्यटन प्रवर्द्धन<br>• व्यापार<br>• प्राकृतिक स्रोत संरक्षण<br>• सडक तथा यातायात संजाल | • कृषि तथा पशुजन्य उत्पादन र आपुर्ति<br>• पर्यटन प्रवर्द्धन र एकीकृत विकास ढाँचा<br>• जलविद्युत प्रसारणलाईन तथा जैविक उर्जा<br>• वन तथा जडीबुटी, चोरी निकासी नियन्त्रण<br>• प्राकृतिक स्रोत उपयोग तथा कर<br>• उद्योगधन्दा कलकारखाना, मूल्य अभिवृद्धि, भण्डारण, प्रशोधन, बजारीकरण र दोहोरो व्यापारिक सम्बन्ध<br>• स्वास्थ्य अस्पताल<br>• प्राविधिक शिक्षा<br>• सडक तथा भौतिक पूर्वाधार विकास<br>• जलाधार व्यवस्थापन तथा श्रोत संरक्षण<br>• एकीकृत जल साझेदारी ढाँचा विकास र वातावरण संरक्षण<br>• प्रकोप न्यूनिकरण, चुरे क्षेत्र, नदी कटान भूक्षय<br>• विपद व्यवस्थापनः आपतकालिन उद्धार सेवा<br>• जनसंख्या व्यवस्थापन (वसाई सराई) | • एकीकृत साझा कार्ययोजना,<br>• संयुक्त परियोजना विकास<br>• संघीय तथा प्रदेशस्तरीय योजनाका लागि संयुक्त पहल,<br>• तुलनात्मक लाभका क्षेत्र पहिचान, प्राथमिकीकरण, समन्वय |

| | | | | |
|---|---|---|---|---|
| | देउमाई / माई नगरपालिका चुलाचुली/ फाकफोकथुम गाउँपालिका | • कृषि (उत्पादन, प्रशोधन, उद्योग तथा बजारीकरण)<br>• बाणिज्य<br>• एकीकृत पर्यटन विकास<br>• ढुङ्गा, गिटी, बालुवा र जल आदि जस्ता प्राकृतिक स्रोत<br>• सडक संजाल<br>• गुणस्तरीय स्वास्थ्य उपचार<br>• बृहद कृषि पकेट क्षेत्र | • कृषि तथा पशुजन्य उत्पादन र आपुर्ति<br>• पर्यटन प्रवर्द्धन र एकीकृत विकास ढाँचा<br>• जलविद्युत प्रसारणलाईन तथा जैविक उर्जा<br>• वन तथा जडीबुटी, चोरी निकासी नियन्त्रण<br>• प्राकृतिक स्रोत उपयोग तथा कर<br>• उद्योगधन्दा कलकारखाना, मूल्य अभिवृद्धि, भण्डारण, प्रशोधन, बजारीकरण र दोहोरो व्यापारिक सम्बन्ध<br>• स्वास्थ्य अस्पताल<br>• प्राविधिक शिक्षा<br>• सडक तथा भौतिक पूर्वाधार विकास<br>• जलाधार व्यवस्थापन तथा श्रोत संरक्षण<br>• एकीकृत जल साझेदारी ढाँचा विकास र वातावरण संरक्षण<br>• प्रकोप न्यूनिकरण, चुरे क्षेत्र, नदी कटान भूक्षय<br>• विपद व्यवस्थापनः आपतकालिन उद्धार सेवा<br>• जनसंख्या व्यवस्थापन (वसाई सराई) | • अन्तर पालिका साझा एकीकृत कार्ययोजना<br>• संयुक्त परियोजना तथा लागत साझेदारी विकास<br>• संघीय तथा प्रान्तिय योजनाका लागि संयुक्त पहल,<br>• उत्पादित बस्तुको ब्राण्डिङ्ग तथा सर्टिफिकेसन पहल<br>• संयुक्त लगानीमा नमुना परियोजना तय गरी कार्यन्वयन (कृषि उपज, शीतभण्डार स्थापना, प्राकृतिक स्रोत उपयोग, उर्जा, पर्यटन प्रवर्द्धन, प्राकृतिक स्रोत व्यबस्थापन व्यवस्थापन, वन र पानीको मूल संरक्षण<br>• क्लष्टर अर्गानिक उत्पादन घोषणा अवधारणा |

# परिच्छेद ४

## आवधिक योजनाको दिर्घकालीन सोच, लक्ष्य एवंम् समष्टिगत आर्थिक खाँका

### ४.१ पृष्ठभूमि

आवधिक योजना मूलत: स्थानगत विशेषता तथा संभावनाहरुमा आधारित बहु विषयक योजना हो । विकास योजनाले दीर्घकालिन सोच तथा उद्धेश्यहरु प्राप्त गर्न गर्नका लागि आवश्यक रणनीति, प्राथमिकता क्षेत्र पहिचान तथा कार्यनीतिहरु तयार गरी दिगो विकासको लागि भविष्यको मार्चचित्र तयार गर्दछ । यस प्रकृयामा स्थानीय विकास साझेदार एंव सरोकारवालाहरुको पहिचान भई प्रभावकारी परिचालन तथा समन्यको आधार तयार भएको हुन्छ ।

स्थानीय तहको अगुवाईमा तयार गरिने योजना तर्जुमा नीतिगत र व्यवहारिक दुवै रुपमा आवश्यक हुन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ दफा २४ उपदफा १ मा हरेक स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रका बिषयमा आवधिक योजना तयार गर्नुपर्ने र सोही योजनाको आधारमा बार्षिक योजना तर्जुमा गर्नुपर्ने व्यबस्था गरेको छ ।

यो आवधिक योजना स्थानीय क्षेत्रको संभावना तथा आवश्यकताका आधारमा विकासको पहिचान, कार्यक्रम निर्धारण एवं स्रोत साधनको विनियोजन गर्न उत्प्रेरणा जगाउने, विश्वास दिलाउने र विकास न्याय स्थापित गर्ने महत्वपूर्ण उपाय हो । यो आवधिक योजनामा संञ्चालन हुने सवै प्रकारका कार्यक्रमहरुलाई निर्देशित गर्ने, सेवाप्रदायक र सेवाग्राही दुवै निकायलाई सवै क्षेत्रमा परिचालन हुने, पर्यवेक्षण गर्ने जस्ता सवै सरोकारवालाको सहभागितामा संयुक्त चिन्तन्, मनन्, मूल्यांकन, विश्लेषण, परामर्श र सहमतिमा सहभागितात्मक रुपमा तयार गरिएको साझा एंव प्रतिवद्धताको दस्तावेज हो ।

### ४.२ आवधिक योजना तयारीका आधारहरु

आवधिक योजना तर्जुमाको लागि वडास्तरमा सरोकारवालाहरुसँग कार्यशाला गोष्ठी संञ्चालन गरी गोष्ठीवाट आएका सूचनाहरुको आधारमा विकास योजनाका आधारहरु तय गरिएको छ । कार्यशाला गोष्ठीले सडक निर्माण तथा स्तरोन्नती, सिंचाई विस्तार, पूर्वाधार विकास, ऊर्जा, सामाजिक विकास अर्न्तगत शिक्षा, स्वास्थ्य, समावेशी विकास, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन, कृषि तथा पशुपालन, घरेलु तथा साना उद्योग प्रवर्द्धन, सार्वजनिक सेवा प्रवाह, संस्थागत क्षमता विकास र वातावरण तथा विपद् व्यबस्थापन आदि विकासका प्राथामिक र मुख्य आधारका रुपमा पहिचान गरेको छ । विकासका प्राथमिकताका आधार एवम् औचित्य देहाय बमोजिम दिइएको छ ।

#### ४.२.१ आर्थिक विकास

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| **कृषि तथा पशुपालन** | • कृषि तथा पशुपालनमा आधारित अर्थतन्त्र र अधिकांश समुदाय कृषि र पशुपालन व्यबसायमा प्रत्यक्ष संग्लन भएका छन् ।<br>• कृषि तथा पशुपालनलाई सम्मानित पेशाको रुपमा गरिवी निवारणसँगको तारतम्य मिलाउन सरकारी तथा गैह्सरकारी क्षेत्रबाट प्रयासहरु शुरुवात गरिएका छन् ।<br>• खेतियोग्य भूमिमा आद्युनिक कृषि कृषि प्रणाली र यान्त्रीकरणको लागि कृषि समूह तथा विभिन्न सहयोगी निकायहरु कार्यरत रहेका छन् ।<br>• उन्नत र नश्ल सुधार गरिएका पशुपालन प्रवर्द्धन नीजि स्तरमा शुरुवात भएका छन् भने त्यसलाई अनुदान प्रकृयामा सहयोग गर्न पालिका एमंम् विभिन्न निकायहरु सकारात्मक रहेका छन्  ।<br>• तरकारीबाली उत्पादन र बाखापालन, गाईपालन साथै कुखुरापालन व्यबसायप्रति कृषक समुदायमा आर्कषण रहेको छ ।<br>• खाद्यबालीमा धान, मकै, कोदो, गहुँका साथसाथै सिमी, मास, भटमास जस्ता दलहनबाली उत्पादन हुने गरेको छ भने तोरी र फिलुङ्गे लगायतका तेलहनबाली पनि उत्पादन हुने गरेको छ ।<br>• भौगोलिक स्वरुपको अनुकुलता अनुसार आँप, लिची, अम्बा, नासपाती, एभोकाडो, आरुचा, केरा जस्ता फलफूल उत्पादन हुने गरेको छ ।<br>• स्थानीय खोला खोल्सा र नदी स्रोत भएका साना तथा मझौला सिंचाई आयोजना मार्फत सिंचाई सुविधाको उपलब्धता केही भागहरुमा प्रवन्ध गरिएको छ ।<br>• स्थानीय स्तरमा कृषि तथा प्राविधिक जनशक्तिको उपलब्धता र परिचालनको लागि गाउँपालिका, निजी एग्रोभेट, नीजिक्षेत्र र गैहसरकारी क्षेत्रबाट मध्यम स्तरका जनशक्ति परिचालन गरिएको छ ।<br>•  पालिकाको बेशी खण्ड, गजुमुखी, लुम्दे, इभाङ्ग पुछार भागमा तुलनात्मक सिंचाई सुविधा सहज भएको र उर्भरा भूमि भएकोले अन्न उत्पादनको स्थिति मजवुद रहेको छ । |

| | |
|---|---|
| उद्योग व्यपार र वैकिंङ्ग | • स्थानीय कच्चा र कृषिमा आधारित साना तथा मझौला उद्यम तथा उद्योगको विकास शुरु भएको छ । <br>• साना व्यापार तथा व्यबसाय संञ्चालनको लागि विशेषगरी चिसापानी पञ्चमी, रक्से, चतुरे, मझुवा दोभान, झालुटार, खंलगे गजुरमुखी बजार, लारुम्बा जस्ता साना बजारी क्षेत्रहरु व्यापारिक केन्द्रको रुपमा विकास हुदै गएको देखिन्छ । <br>• पुँजी संकलन, परिचालन र वित्तिय कारोकार गर्ने बैंक, सहकारी तथा अन्य संघसंस्थाहरु स्थापना भएका छन् । |
| पर्यटन | • गाउँपालिकाको प्रयासमा विभिन्न लारुम्बा, गजुरमुखीधाम, माङ्गमाबुङ्ग जस्ता धार्मिक सांस्कृति पर्यटकीय क्षेत्रहरु पहिचान गरी उक्त क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि गुरुयोजनाहरु तयार गरिएको छ । <br>• धार्मिक तथा सास्कृतिक पर्यटन अर्न्तगत लारुम्बा, गजुरमुखीधाम, माङ्गमाबुङ्ग, चुचिनम्बा, फुलुङ्गी, युमा माङहिम, अन्धाराजा धार्मिक पर्यटकीयक्षेत्र, खत्रक्पा, आत्मानन्दगुरु आश्रम आदि महत्वपूर्ण छन् । <br>• झापाको दमकबाट पाँचथर सम्मको पहाडी पथयात्रालागि रमणीय क्षेत्र पूर्वाधारको रुपमा रहेको छ । <br>• बाली उत्पादनमा विबिधता रहेको र मौषम अनुकुल भएकोले कृषि पर्यटनको विशेष महत्वपूर्ण छ । <br>• आदीबासी जनजाति जातिको मौलिक सांस्कृतिक परम्परा रहेकोले सास्कृतिक पर्यटन र अर्गानिक उत्पादन क्षेत्र किटान मार्फत होमस्टेको लागि पर्याप्त आधारहरु रहेका छन् । |
| भूउपयोग र भू स्वामित्व | • दक्षिणी भाग देउमाई खोलाको किनारी तथा अन्य साना खोल्सा सिंचित क्षेत्रमा कृषिको लागि खेती योग्य जमिन प्रयोग हुदै आएको छ । <br>• गाउँपालिका कार्यालयले सडक गुरु योजना अनुसार पूर्वाधार निर्माण मापदण्ड तयार तथा स्वीकृत गरिसकेको छ । <br>• लारुम्बा क्षेत्र आसपास र अन्य चुरे बस्तीमा आन्तरिक बसाईसराईको कारण बसोबास व्यबस्थापनको लागि नीतिगत पहल शुरुवात गरिएको छ । <br>• पूर्वाधार निर्माणको क्रममा र अन्य प्राकृतिक कारणले हुने भूक्षय नियन्त्रणको जैविक तथा अन्य प्रयासहरु शुरुवात गरिएको छ । |

### ४.२.२ वन वातावरण

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| वन सम्पदा | • गाउँपालिका भित्र संरक्षित सामुदायिक वन तथा धार्मिक वन क्षेत्रले ठूलो क्षेत्र ओगटेको छ । <br>• माङसेबुङ गाउँपालिका भित्र विभिन्न १० वटा सामुदायिक वन उपभोक्ता समितिहरु कृयाशिल रहेका छन् । <br>• समुदाय मार्फत व्यबस्थापन भएका सामुदायिक वनहरुले उपभोक्ताको आवश्यकता अनुसार वनजन्य काष्ठ पैदावार र घाँसदाउरा उपलब्ध गराउने गरिएको छ । <br>• सामुदायिक वनको संरक्षण र विकास मार्फत भूक्षय नियन्त्रण र जैविक विविधता संरक्षणमा सहयोग पुगेको छ । <br>• जलवायू परिवर्तनको असरबाट हुने क्षति कम गर्दै अनुकुलनका लागि जलवायु अनुकुलन गाउँ तयारीको कार्य शुरुवात गरिएको छ । |
| जल सम्पदा तथा जलाधार | • देउमाई र रतुवा जलाधार क्षेत्रमा पर्ने यो क्षेत्र देउमाई-रतुवा र यसका सहायक नदीको जलाधार क्षेत्रभित्र पर्ने भएकोल नदीजन्य श्रोत प्रयोग तथा परिचालनको लागि सहजता छ । <br>• यस गाउँपालिका भित्र प्राकृतिक तथा मानव निर्मित डोलपोखरी, माङमालुङ पोखरी र हिउँखोला पोखरी गरी ३ वटा साना ठूला ताल पोखरीहरु छन् । |
| जैविक विविधता र वातावरणीय सेवा | • भौगोलिक रुपमा चुरे र निम्न र उच्च पहाडी क्षेत्र मिलेर फैलिएको हुनाले जैविक विविधतामा पनि यो गाउँपालिका सम्पन्न छ । यहा भौगोलिक विविधता अनुसार फरक फरक महत्वका वनस्पती, जनावर, बुट्टयान र जडीबुटीहरु पाईन्छन् । <br>• प्राकृतिक रुपमा रहेका खुल्ला क्षेत्र तथा सामुदायिक वन आसपास क्षेत्रका मनोरम स्थलहरुलाई पार्क निर्माण गरी सेवा प्रदान गर्न सकिने अवस्था छ । <br>• गाउँ जोखिम तथा विपद् व्यबस्थापन ऐन तयार भएको छ । <br>• स्थानीय प्राकृतिक तथा वातावरण संरक्षण ऐन पारित तथा जारी गरिएको छ । |

| | |
|---|---|
| विपद् व्यवस्थापन | • छिमेकी पाँचथरको रवी बजार (मिक्लाजुङ गाउँपालिका) र देउमाई नगरपालिका संयुक्त साझेदारीमा आपतकालिन उद्धार सेवाका प्रयासहरु भैरहेको छ ।<br>• विपद्को अवस्थामा आपतकालिन उद्धार तथा पुर्नस्थापनको लागि कार्ययोजना तयार भएको छ ।<br>• गाउँपालिकाको स्वास्थ्य संस्था मातहत रहनेगरी १ वटा एम्बुलेन्स संञ्चालनको अन्तिम अवस्था छ ।<br>• आपतकालिन अवस्थामा प्रयोग गर्न सकिने अवस्थाका खुल्ला क्षेत्र र खेलमैदानहरु गाउँपालिका भित्र रहेका छन् ।<br>• स्थानीय गाउँपालिकाको वडा न ६ चिसापानीमो ससस्त्र प्रहरी सुरक्षा वेश समेत गरी ६ वटा प्रहरी चौकी स्थापना गरिएको छ ।<br>• स्थानीय स्तरमा विपद व्यवस्थापनका लागि सामुदायिक संस्थाको रुपमा रेडक्रस क्रियाशिल छ ।<br>• गाउँपालिकाको मातहतमा स्थानीय आपतकालिन विपद् कोष स्थापना गरिएको छ । |

### ४.२.३ सामाजिक क्षेत्र

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| शिक्षा | • स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिका अर्न्तगत शिक्षा, स्वास्थ्य शाखा हेर्ने अलग्गै संयन्त्र र स्रोत व्यबस्थापन गरिएको छ ।<br>• माङसेबुङ गाउँपालिका शैक्षिक अवसरको दृष्टिकोणले सम्पन्न छ । यस गाउँपालिका भित्र बालविकास केन्द्रदेखि उच्च शिक्षा सम्मको अवसरका लागि शैक्षिक संस्थाहरु रहेको छन् ।<br>• बालमैत्री स्थानीय शासनको प्रावधान अनुसार शिक्षण शिकाई कृयाकलापहरुई बालबालिका मैत्री बनाईएको छ ।<br>• यस गाउँपालिका पूर्ण साक्षर क्षेत्र घोषणा भैसकको क्षेत्र हो ।<br>• बिद्यालय शान्ति क्षेत्र आधार स्तम्भको रुपमा रहेको छ ।<br>• स्थानीय मातृभाषाको पाठ्यक्रम तयार गरी शिक्षण शुरुवात गरिएको छ ।<br>• बिद्यार्थी सख्या अन्य मापदण्डका मर्चर नीति अपनाइएको छ ।<br>• नमुना विद्यालय संचालन तथा व्यवस्थापन कार्यविधि पारित गरिएको छ । |
| स्वास्थ्य | • स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्र सुधार तथा जनशक्ति व्यबस्थापनको लागि स्वास्थ्य तथा सामाजिक विकास शाखा स्थापना गरिएको छ ।<br>• स्वास्थ्य चौकी र एकाइहरुको पूर्वाधार निर्माण शुरु गरिएको छ ।<br>• सहस्राब्दी विकास लक्ष्यहरुको प्राप्तिको लागि व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सरसफाईका अभियानमूलक कार्यक्रम संञ्चालको लागि गाउँपालिका मार्फत स्थानीय स्तरका क्रियाकलापहरु छनौट गरिएको छ ।<br>• निजी स्वास्थ्य सेवा प्रदायकको रुपमा क्लिनिकहरु तथा मेडिकल संञ्चालन संञ्चालन भएका छन ।<br>• आपतकालिक सेवा तथा उद्धारको लागि १ वटा एम्बुलेन्स संञ्चालनमा रहेका छन् ।<br>• धुवावाट हुने रोगहरुको न्यूनीकरणका लागि परम्परागत चुलोको सट्टामा सुधारिएको धुवाँरहित चुलो निर्माण शुरु भएको छ । |
| खानेपानी तथा सरसफाई | • ८२ प्रतिशत घरधुरीमा सुलभ रुपमा घरधुरीमानै खानेपानीको व्यवस्था पुगेको छ ।<br>• खानेपानीको व्यवस्थापनको लागि खोल्सा तथा प्राकृतिक सतही श्रोतको उपलब्धता छ ।<br>• ९२ प्रतिशत घरधुरीमा मापदण्डयुक्त शौचालय प्रयोग प्रयोग भएको छ ।<br>• स्तरउन्नती गरिएको ग्रामीण सडकमा पक्की ढलको व्यवस्था छ ।<br>• पूर्ण सरसफाई अभियानको प्रयासहरु अगाडी वढिरहेको छ । |

| | |
|---|---|
| महिला वालवालिका **तथा सामाजिक समावेशीकरण** | • गाउँपालिकामा स्थानीय सरकार संञ्चालन ऐन अनुसार समग्र महिला तथा बालबालिका क्षेत्र विकासको लागि महिला, बालबालिका तथा समाजकल्याण इकाई स्थापना गरिएको छ ।<br>• महिला तथा सामाजिक समावेशीकरणमा सहभागीता वृद्धि भएको छ ।<br>• गाउँपालिकाका सामुदायिक बिद्यालयहरुमा बालविकास केन्द्र स्थापना तथा संञ्चालना रहेका छन् ।<br>• बालबालिकाको प्रत्यक्ष सहभागितामा गाउँपालिका भित्र ३४ वटा बालक्लब स्थापना भएका छन् ।<br>• २१.५४ प्रतिशत घरहरुको धरमूली महिला रहेको छ ।<br>• पालिकास्तरी महिला तथा दलित समन्वय समिति संचालन कार्यविधि तयार भएको छ ।<br>• बालश्रमिकहरुको परिचालनमा न्यूनीकरणका प्रयासहरु जारी रहेकाछन् ।<br>• बालमैत्री स्थानीय शासनका लागि गाउँपालिकाले प्रारम्भिक चरणका कृयाकलापहरु शुरुवात भएका छन् ।<br>• अति विपन्न र जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचार कोष संचालन कार्यविधि तयार भएको छ । |
| **यूवा खेलकुद र मनोरञ्जन** | • सामुदायिक खेलमैदानहरुको उपलब्धता छ साथै खेलमैदान विस्तार गर्ने प्रसस्त आधारहरु छन् ।<br>• पछिल्लो युवा खेलाडीहरु क्रिकेटखेल प्रति धेरै आकर्षण बढेको छ । पालिका स्तरीय प्रातियोगितात्मक खेलकुद निरन्तर हुदै आएको छन् ।<br>• स्थानीय यूवा समूह तथा यूवा क्लबहरु सामाजिक रुपमान्तरणका लागि क्रियाशिल रहेका छन् ।<br>• पर्यटकीय स्थलहरु पहिचान गरी पूर्वाधार निर्माणको लागि श्रोत पहिचान र बजेट विनियोजन भएको छ । |
| **कला भाषा र संस्कृति** | • आदिबासी जनजातिहरुको सांस्कृतिक थलोको रुपमा रहेको छ ।<br>• किराँत धर्मको पवित्र आस्था केन्द्र लारुम्वा, माङसेबुङ एमव् सनातन संस्कृतिका धार्मिक केन्द्र गजुरमुखी यसै पालिका पर्दछ ।<br>• स्थानीय मातृभाषाको पठनपाठन शुरुवात गरिएको छ ।<br>• आफ्नो जातीय परम्परा अनुसारको संस्कृति र चाडपर्व अवलम्बन गर्ने गरिएको छ । |
| **शान्ति सुरक्षाको अवस्था** | • यस गाउँपालिकाको वडा न. ६ चिसापानी पंचमीमा सशस्त्र प्रहरी बेस क्याम्प स्थापना गरिएको छ ।<br>• पालिकाको वडा न. १, २, ३ र ४ मा गरी पाँचवटा प्रहरी चौकी /बिट स्थापना भएको छ । |

### ४.२.४ भौतिक पूर्वाधार

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| **यातायात** | • मेची राजमार्गको नेपालटार मंगलबारे सडक खण्डबाट यो गाउँपालिकाको प्रवेश विन्दु करिव २७ कि.मि. पश्चिममा पर्दछ ।<br>• पश्चिम इलामलाई झापा र पाँचथरसँग सिधा सम्पर्क गर्ने फाल्गुनन्द मार्गले यस गाउँपालिकाकालाई चिरेर गएको छ ।<br>• गाउँपालिकाबाट विनियोजन हुने प्रत्येक आर्थिक बर्षको बार्षिक बजेटमा सडकनिर्माण तथा स्तरोन्नती उच्च प्राथमिकता सहित बजेट विनियोजन हुने गरेको छ ।<br>• माङसेबुङको गौरवको रुपमा  रहेको रिङ्गरोड लगायतको अन्य ठूला सडकहरुको विस्तृत परियोजना प्रतिवेदन तयार भएको एवम् बहुबर्षे ठेक्का प्रणालीमा अगाडि बढेको निर्माण शुरुवात समेत भएको छ ।<br>• कूल ५६ कि.मि लम्बाई भएको ४ वटा पालिकास्तरीय सडकहरु रहेका छन् भने बाँकी सडकहरुको स्तरोन्नतिको क्रममा रहेको छ ।<br>• वडाहरु जोड्ने सहायक तथा ग्रामीण कच्ची सडकहरुको संजाल निर्माण भएका छ ।<br>• नियमित रुपमा लामा दुरीका तथा छोटो दुरीका यात्रु वाहक सवारी साधन संञ्चालनमा रहेको छ ।<br>• पक्की मोटरेवल पुलहरुको निर्माण भएका र केही डिपिआर उच्च प्राथमिकतामा कार्यान्वयन भईरहेका छन् । |

| | |
|---|---|
| **विद्युत तथा वैकल्पिक उर्जा** | • सामुदायिक वन प्रसस्त रहेको यस गाउँपालिकाको ९४.६६ प्रतिशत घरधुरीले खाना दाउराले पकाउने गर्दछन् ।<br>• यस गाउँपालिकाको कुल घरधुरी मध्ये ४.५३ प्रतिशत घरधुरीले सिण्डिर ग्याँस मार्फत खाना पकाउने गर्दछन् ।<br>• पशुपालन लागि पर्याप्त संभावना भएको यस गाउँपालिकाको घरधुरीमा बाँयोग्यास जडान शुरुवात गरिएको छ ।<br>• नेपाल बिद्यूत प्राधिकरण मार्फत वितरण गरिएको राष्ट्रिय प्रसारण तथा स्थानीय खोल्साबाट उत्पादन भएको जलबिद्यूत लाईन ६४.०७ प्रतिशत घरले उज्यालोको लागि प्रयोग गर्ने गरको पाईन्छ भने विद्यूत विस्तार हुन नसकेको वस्तीहरुमा गाउँपालिकाको बार्षिक कार्यक्रम मार्फत विद्यूत विस्तार उच्च प्राथमिकतामा परेको छ ।<br>• स्वच्छ ऊर्जा प्रवर्द्धन र धुँवाबाट हुने नकारात्मक असर न्यूनिकरणको लागि सुधारिएको चुलो निर्माण प्रति समुदाय ईच्छुक हुनका साथै सुधारिएको चुलो निर्माण नमूनाको रुपमा शुरुवात गरिएको छ । |
| **संचार तथा प्रविधि** | • मोवायल एवम् इन्टनेट सेवा प्रदायक नेपाल टेलिकम तथा एनसेलको नेटवर्क कभरेज सन्तोष जनक रहेको छ । पाखापानी कार्यालय स्थापना गरी सेवा प्रदान गरिएको छ ।<br>• ५०० वाटको रेडियो माङसेबुङ १०४.६ मेघाहर्ज स्थापना तथा प्रसारण हुदै आएको छ ।<br>• गाउँपालिकाका मार्फत प्रदान गरिने सेवा तथा सुविधाबारे जानकारीकाले लागि बिद्यूतीय प्रविधि प्रयोग शुरु गरिएको छ । |
| **आवास तथा भवन** | • फाल्गुनन्द मार्ग आसपासका क्षेत्रहरुमा साना बजारीकरण बड्दै गएको छ ।<br>• गाउँपालिकाकाले भू उपयोग नीति अनुसार आवास क्षेत्रको पहिचान गरी आवश्यक कार्यनीति तयार गरेको छ ।<br>• गाउँपालिका भित्र करिव ९२.५ प्रतिशत घर  जस्ता पाता तथा पक्की ढलान गरिएर निर्माण भएको छ ।<br>• २३ वटा सरकारी भवनहरु निर्माण भई संचालनमा छन् भने वडा भवन निर्माणको लागि श्रोत विनियोजन गरिएको छ । |

### ४.२.५ संस्थागत तथा सुशासनको स्थिति

| क्षेत्र | विकासका प्रमुख आधारहरु |
|---|---|
| **संस्थागत संरचनाहरु** | • साविकको तीनवटा गाविसको वडाहरुलाई पुर्नसंरचना गरी ६ वटा वडाहरुमा गाउँपालिकालाई विभाजन गरिएको छ ।<br>• वडा कार्यालयमा स्थानीय सरकार संञ्चालनको प्रावधान अनुसार बिषयगत जनशक्ति व्यवस्थानको कार्य शुरुवात गरिएको छ ।<br>• ६ विषयगत समितिहरुको व्यवस्था गरिएको छ ।<br>• गाउँपालिकाको संस्थागत गतिविधिहरु वेभसाईड तथा बिद्यूतीय माध्यमबाट सार्वजनिक गर्ने गरिएको छ ।<br>• मौजुदा कानूनी प्रावधान अनुसार गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र पर्ने विभिन्न ऐन, नियम र कार्यविधिहरु तयार भएका छन् र स्थानीय राजपत्रमा प्रकासन समेत भएका छन् ।<br>• न्यायिक समितिको संस्थागत सुदृणिकरणका लागि बजेट तयार भएको छ ।<br>• स्थानीय स्तरमा सहकारी र कृयाशिल संघसंस्थाहरुको स्थापना भएको छ ।<br>• सहकारी संचालन सम्बन्धी छुट्टै नीति पारित गरिएका छन् । |

### ४.२.६ वित्तिय व्यवस्थापन

| | |
|---|---|
| **राजश्व** | • स्थानीय स्तरमा गाउँपालिकाले उठाउन पाउने करको दायरा किटान गरी नितिगत कार्यविधि तयार भएको छ ।<br>• स्थानीय राजश्व परामर्श समिति कार्यसंचालन कार्यविधि तथा लागू गरिएको छ ।<br>• संघ, प्रदेश र स्थानीय तह विचको राजश्व वाँडफाँडको मार्गदर्शन तयार भएको छ ।<br>• स्थानीय स्तरमा कर, राजस्व संकलन तथा परिचालन शुरु भएको छ<br>• करको दर दायरा निर्धारण सम्बन्धी मापदण्ड तयार भएको छ ।<br>• स्थानीय नदीजन्य श्रोत परिचालनको लागि ठेक्का मार्फत आन्तरी श्रोत संकलन भईरहेको छ ।<br>• गाउँमानै वित्तियसेवा उपलब्ध गराउने सिटिजन वैक र अन्य सहकारीहरु कृयाशिल रहेको छ । |
| **अन्य** | • कृयशिल गैह्सरकारी संस्थ तथा अन्य वैदेशिक लगानीको लागि समन्वय तथा साझेदारी विकास भएको छ ।<br>• नेपालसरकारको प्राथमिकतामा परेको सुरक्षित आप्रवासन, लघुउद्यम, ऊर्जा लगायतका सहयोगी परियोजना संचालन भएका छन ।<br>• लारुम्वा, माङसेबुङ र गजुरमुखी जस्ता पर्यटकीय क्षेत्र विकासको लागि क्षेत्रगत योजना तयार भएका छन् ।<br>• माङसेबुङ-काठमाडौं सम्पर्क समितिले यस क्षेत्रको सकारात्मक विकासको पहलमा चासो शुरुवात भएको छ । |

### ४.३ दीर्घकालिन सोच र रणनीतिक दिशा

यस शीर्षकमा आवधिक योजनाको दीर्घकालिन सोच, आवधिक योजनाको समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति, परिमाणत्मक लक्ष्य, लगानीको स्रोत, सार्वजनिक स्रोतको व्यबस्था, सरकारी र निजी क्षेत्रको भूमिका, अन्तर वित्त, स्रोत साधनको बाँडफाँड तथा परिचालनका आधारहरुको चर्चा गरिएको छ। यसैको अधारमा सहभागीतात्मक विकास प्रक्रियावाट तय गरिएको दिर्घकालिन सोच र रणनीतिक दिशा तय भएको छ। जसलाई आवधिक योजना २०७८/७९ देखि २०८२/८३ ले उपलब्धिमूलक वनाउने छ।

#### ४.३.१ गाउँपालिकाको दीर्घकालिन सोचः

**"दिगो विकास समृद्धिको आधार : स्थायित्व र पर्याप्त पूर्वाधार"**

आगामी २० बर्षको लागि माङ्सेबङ गाउँपालिकाको समग्र सामाजिक न्यायमा आधारित फराकिलो दिगो आर्थिक विकास र समृद्ध पूर्वाधार सहितको दिगो वातावरणीय विकासको लागि माङ्सेबङ गाउँपालिकाले आफ्नो दीर्घकालिन सोच गाउँपालिकाले तयार गरेको छ।

**दीर्घकालिन सोचको व्याख्याः**

**दिगो विकास :**

विकास मानवीय जिवनको अभिन्न पक्ष हो। विकास मानवीय चाहना पनि हो। वर्तमानमा सूचना र प्रविधिको कारणले विश्वनै एउटा सानो भूगोलको रुपमा परिणत हुदैछ। यद्धपी सन्तुलित विकासको अवधारणा अनुसार माङसेबुङ गाउँपालिकको आवश्यकताहरुलाई संवोधन गर्ने क्रममा दिगो विकासको मान्यता कायम राख्नु अनिवार्य छ। विकास न्यून लगानीमा अधिकंतम प्रतिफल प्राप्त हुने गरी भविष्यका सन्ततीहरुलाई समेत स्रोत उपभोगको अवसर सुनिश्चित गरिनेछ। वातावरणीय क्षतिलाई कम भन्दा कम गरी दिगो र सुरक्षित प्रतिफललाई ख्याल गरिनेछ। वातवरण र पूर्वाधारनिर्माण वीच तालमेल मिलाएर दिगो विकासको मान्यता अनुसार अग्रगामी कृयाकलापहरु संचालन भएको हुन्छ।

**समृद्धिः**

समृद्धि शब्दको अर्थ राम्ररी बढेको, पूर्ण रुपले बढेको, विकसित भएको, सप्रिएको, राम्रो बृद्धि, बढिबढाउ, सामार्थ्य र शक्ति भएको भन्ने कुरालाई जनाउँदछ।

यसले माङ्सेबङ गाउँपालिकालाई उन्नत, शिक्षित, स्वच्छ तथा सामजिक, आर्थिक, पूर्वाधार तथा वातावरणीय विकास भएको गाउँपालिका भन्ने जनाउँदछ। माङ्सेबुङ गाउँपालिको दीर्घकालिन सोचमा समाविष्ट समृद्ध शब्दले तल उल्लेख गरिएको बिषयलाई समेट्न खोजिएको छ।

१. ग्रामीण तथा अन्य भौतिक पूर्वाधारको पर्याप्त विकास भई सवै जनताको लागि व्यवस्थित भएको।
२. शिक्षा र स्वास्थ्य सेवा सुविधामा सुलभ र सहज पहुँच भई सवै जनताहरु शिक्षित, स्वास्थ्य भएको।
३. गाउँपालिकाको संस्थागत क्षमता विकास भई सेवा तथा सुविधामा आम पहुँच भएको।
४. उद्योग, व्यापार, पर्यटन, रोजगारी लगायतका समग्र आर्थिक विकास भई सवै जनसंख्या सम्पन्न भएको।
५. कृषि तथा पशुपालन पेशा व्यासायिक र व्यवस्थित भई उत्पादन तथा उत्पादकत्वमा वृद्धि भएको।
६. सामाजिक सुरक्षा, सामाजिक न्याय, अनुशासनको प्रत्याभूती भएको।
७. वातावरणमैत्री स्थानीय शासन र विकास भएको।
८. मानव विकास सूचकांङ्कमा उलेख्य सुधार भएको।
९. दिगो विकास तथा आवधिक योजनाका लक्ष्य प्राप्त भएको।

**स्थायित्व :**

सामाजिक, राजनैतिक, आर्थिक नकारात्मक द्वन्द्वहरु समाप्त भई लक्ष्य प्राप्तिको लागि व्यक्तिगत स्वार्थ भन्दा माथि उठी हामी सवैको सवैका लागि भन्न मान्यता स्थापना गरी अमन चयन र सुरक्षित शासकीय प्रवन्धमा मार्फत सुशासन कायम गर्न माङसेबुङ गाउँपालिकाका सदैब कृयाशिल रहनेछ। आर्कषक गन्तव्य स्थलको रुपमा यसलाई थप आर्कषक बनाउन माङ्सेबङ जागरुकता, उत्साह र मेहनतले यहाँको सुन्दरता र स्थायित्वमा अझ निखार ल्याउने छ। आगामी विकास योजनाहरुले माङ्सेबुङको भौलिक विशेषताको रुपमा रहेका पक्षहरुलाई उजागर गर्दै पूर्ण स्थायित्वको प्रत्याभूमि भएको हुनेछ।

**पूर्वाधारः**

गाउँपालिकाको सन्तुलित विकासको लागि र आम गाउँपालिकाबासीहरुले गुणस्तरीय सुविधा सम्पन्न जीवनयापन गर्न भौतिक पूर्वाधारहरुको द्रुत विकास हुन आवश्यकछ । इलाम जिल्लाका पश्चिम क्षेत्रमा अवस्थित यो गाउँपालिका पर्याप्त संभावना र अवसार हुदाहुदैपनि भौतिक पूर्वाधार विकासकाले ठूलो फड्को मार्न सकेको छैन । त्यसैले पनि सडक, विद्यूत, खेलमैदान, पर्यटनमैत्री संरचना लगायतका पहिचान भएका पूर्वाधारहरुले सम्पन्न हुनेछ । विपद् प्रतिरोधी संरचना तयार हुनेछ । ग्रामीण तथा राष्ट्रिय सडकहरु स्तरोन्नती हुनेछन् भने विभिन्न अन्य रणनैतिक सडकहरुको दिगो पूर्वाधार तयार भएको हुनेछ ।

### ४.३.२ विकासको ध्येयः

उपलब्ध स्रोत-साधनको समुचित प्रयोगमा आधारित सहभागितामूलक योजनावद्ध दिगो विकासका माध्यमले माङ्सेबुङ सुन्दर, हराभरा र समृद्ध बनाउनु रहेको छ ।

### ४.३.३ विकासको लक्ष्यः

प्राकृतिक श्रोतको दिो उपयोग, कृषिको व्यबसायिकरण, वातावरणमैत्री पूर्वाधार विकास, परम्परागत लोक संस्कृतिको संरक्षण र पर्यापर्यटनको सम्बर्द्धन मार्फत समष्टिगत सामाजिक तथा आर्थिक विकासद्धारा नागरिकको जीवन स्तरमा गुणात्मक सुधार भएको हुनेछ ।

### ४.३.४ माङ्सेबुङ गाउँपालिकाको समष्टिगत विकासको उद्धेश्यहरुः

१. माङ्सेबुङ बासीको प्रमुख पेशाको रुपमा रहेको कृषि तथा पशुपालन पेशालाई व्यबसायिकरण गर्नु ।
२. पर्यटन र उद्योग व्यवसायका माध्यमबाट स्थानीय रोजगारी र आयमा वृद्धि गर्नु,
३. आधारभूत स्वास्थ र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु,
४. मावन सृर्जित तथा प्राकृतिक प्रकोप र जोखिम न्यूनीकरण मार्फत वातावरण मैत्री दिगो र योजनाबद्ध भौतिक पूर्वाधारको विकास गर्नु,
५. प्राकृतिक श्रोत र साधनहरूको दिगो उपयोग गर्नु,
६. संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह एवंम् आमनागरिकको पहुँच वृद्धि गर्नु ।

## ४.४ विकासका निर्देशक सिद्धान्त

विकास योजनाको दीर्घकालिन सोच, ध्येय, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि देहाय बमोजिमका निर्देशक सिद्धान्तहरु अवलम्बन गरिएको छ :

### ४.४.१ वातावरणमैत्री दिगो एवम् आत्मनिर्भरमुखी विकास

विकासका उपलब्धिहरुलाई दीर्घकालसम्म आत्मनिर्भरमुखी तरिकाले प्राप्त गर्न यस योजनाले विशेष प्राथमिकता दिएको छ । आत्मनिर्भरतामा आधारित विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय स्रोत साधन, सीप र सम्भावनाहरुको पहिचान र परिचालन गरिने छ । साथै कृषिमा व्यवसायीकरण, औद्योगिकरण, भौतिक पूर्वाधार विकासमा प्राकृतिक एवम् वातावरणीय सम्बेदनशील क्षेत्रहरुमा आधात नपुर्‍याई न्यून वातावरणीय क्षतिको सिद्धान्त अवलम्बन गरी पर्यावरणीय सम्वर्द्धन र सन्तुलन कायम राख्दै विकास निर्माणका कार्य सञ्चालन गरिनेछ । जलवायू परिवर्तनको असर न्यूनीकरणमा स्थानीय अनुकुलनका कार्यहरुमा विशेष ध्यान दिईने छ ।

### ४.४.२ स्रोतको समुचित व्यवस्थापन

माङसेबुङ गाउँपालिकाको समष्टिगत विकासका लागि उपलब्ध स्थानीय स्रोत, साधन, सीप र प्रविधिको समुचित उपयोगमा आधारित विकास प्रयास आवश्यक रहेको छ । गाउँपालिकामा उपलब्ध श्रोत, संघीय तथा प्रदेश सरकारमार्फत प्राप्त अनुदान, विषयगत सरकारी निकाय, गैह्र सरकारी, सहकारी र निजी क्षेत्र मार्फत उपलब्ध हुने स्रोत, आन्तरिक तथा बाह्य स्रोतलाई भौगोलिक तथा विषयगत सन्तुलन र सामाजिक न्यायको सुनिश्चित हुने गरी समुचित व्यवस्थापनको प्रयास गरिनेछ । आन्तरिक स्रोत अभिवृद्धि गर्न क्षेत्र र विषयको पहिचान एवम् स्रोतको व्यवस्थापनलाई विशेष प्राथमिकता दिइने छ ।

### ४.४.३ लैंगिक समानता, सामाजिक न्याय र सामजिक समावेशीकरण

विकास निर्माणका प्रत्येक चरणमा लैंगिक भूमिका विश्लेषण गरी महिलाहरुको सहभागिता अभिवृद्धि हुने वातावरण सिर्जना गर्नु पर्नेछ । यसै गरी विकासको प्रक्रिया र प्रतिफलमा सामाजिक आर्थिक दृष्टिले पिछाडि परेका/पारिएका विपन्न तथा गरीब, आदिवासी जनजाती, अल्पसंख्यक, मुस्लिम, भूमीहिन, अपाङ्गता भएका, एकल/विधवा महिला, बालबालिका, युवा, ज्येष्ठ नागरिक लगायतका

क्षेत्र एवम् समुदायलाई विकासको मुलधारमा समाहित गरी समाजिक न्याय र समावेशी विकासको अवधारणालाई स्थानीय तहसम्म पुर्‍याउने तर्फ विशेष ध्यान दिईनेछ । लैङ्गिक समानता, समाजिक सुरक्षा, न्याय र समावेशीकरण सुनिश्चित गर्नका लागि सुविधा विमुख समूहको सशक्तिकरणका विषेश कार्यक्रमहरु सञ्चालन गरिनेछ । नेपाल सरकारको लक्षित वर्ग कार्यक्रमलाई थप प्रभावकारी र प्रतिफलमुखी बनाउनु गाउँपालिकाको विशेष दायित्व हुने छ ।

### ४.४.४ साझेदारी एवम् सहभागितामूलक विकास पद्धति

विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्ने सन्दर्भमा स्थानीय सरकार, विषयगत सरकारी तथा गैर सरकारी निकाय, निजी क्षेत्र, सहकारी, सामुदायिक संस्था तथा राष्ट्रिय एवम् अन्तरराष्ट्रिय दातृ संस्था र साझेदारहरुसँग समन्वय र सहकार्य गरी सम्पूर्ण सरोकारवाला निकायसँग साझेदारी सञ्चालन स्थापना गरिनेछ । आवश्यकता, समस्या र चासोका आधारमा स्थानीय समुदायको प्रत्यक्ष सम्लग्नतामा बस्ती स्तरबाटै छनौट भई आएका योजनाहरुको कार्यन्वयनमा विशेष जोड दिईनेछ ।

### ४.४.५ गरिबी न्यूनिकरण तथा रोजगारी

पिछडिएका ग्रामीण तथा विपन्न वर्गमा आयआर्जन एवम् रोजगारीको अवसर सिर्जना र विस्तार गरी आधारभूत आवश्यकताको परिपूर्तिका साथै भूस्वामित्वमा पहुँच एवम् सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने तर्फ विकासका प्रयासहरु केन्द्रित गरिनेछ । कृषि उत्पादन पकेट क्षेत्र अवधारणा लागू गरिनेछ । खास गरी स्थानीय स्रोत, साधन, सीप र प्रविधि मार्फत स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न, उत्पादनमुलक श्रमको प्रवर्द्धन एवम् युवा स्वरोजगारका विशेष कार्यक्रमहरु कार्यन्वयन गरिनेछ । कोविड १९ बाट प्रत्यक्ष प्रभावित परिवारहरुलाई विशेष सहुलियत प्रदान गरिनेछ । गरिवी निभारणका लागि एकीकृत कार्यक्रमलाई प्रोत्सहान गरिनेछ ।

### ४.४.६ संस्थागत विकास, सुशासन तथा विकेन्द्रीकरण

विकासका प्रक्रिया र प्रतिफललाई व्यवस्थित, जनउत्तरदायी, जवाफदेहि, पारदर्शी, चुस्त दुरुस्त बनाउदै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन सरकारी, नीजि, गैर सरकारी क्षेत्र, नागरिक समाज एवम् सेवाग्राही समुदाय समेतको सहभागितामा जोड दिईनेछ । संस्थागत विकास, सुशासन प्रवर्द्धन एवम् स्थानीय स्तर सम्म अधिकारको निक्षेपण, प्रत्यायोजन र कार्य विभाजनलाई अपनाईनेछ । सार्वजनिक सेवा प्रवाह र सामाजिक आर्थिक पूर्वाधार तथा सुविधाहरु लक्षित समूदाय, क्षेत्र सम्म पुर्‍याउन साझेदारीमा आधारित कुशल तथा चुस्त व्यवस्थापनको पद्धति अपनाईनेछ ।

### ४.४.७ सरकारी निजी तथा सहकारी साझेदारी

विकासका कार्यक्रमहरुलाई उत्पादन एवम् स्थानीय अर्थतन्त्रसँग जोड्दै स्रोतको समुचित एवम् कुशल व्यवस्थापन एवम् उच्च प्रतिफलमुखी र दिगो बनाउन सरकारी, नीजि तथा सहकारी वीचको उच्चतम् साझेदारीलाई अवलम्बन गरिनेछ । समुदायमा सहकारीका माध्यमबाट संकलित पूजी एवम् नीजि क्षेत्रको पूजी समेतलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्ने तथा सरकारले निर्माण गर्ने भौतिक पूर्वाधारहरुलाई समेत स्थानीय अर्थतन्त्रको विकासमा समाहित गर्न तीनवटै क्षेत्रको सहकार्य र साझेदारीको उचित पद्धतिको विकास र अवलम्बन गरिनेछ ।

### ४.४.८ मानव संशाधन विकास

सामाजिक विकास तथा रोजगारी र आयआर्जनमा सहयोग पुर्‍याउने उत्पादनमूलक आर्थिक समृद्धिका क्रियाकलापहरु मार्फत समग्र विकासमा सहयोग पु-याउन दक्ष, योग्य, प्राविधिक एवम् जीवन उपयोगी शिक्षा प्राप्त मध्यम तथा उच्च स्तरका मानव संशाधन विकास तथा परिचालनमा विशेष जोड दिईनेछ । प्राविधिक शिक्षामा समुदायको पहुँच वृद्धि गरी सिपयूक्त जनशक्ति तयार गरिने छ । साथै वैदेशिक रोजगारीवाट सिप हाँसिल गरी फर्किएका जनशक्तिलाई प्रोत्साहन गर्दै स्थानीय स्तरमा परिचालन गरिनेछ ।

### ४.४.९ अन्तर निकाय साझेदारी

विकासका प्रयाशहरुलाई उचित प्रतिफलमुखी र दिगो बनाउन एवम् स्रोतको समन्वयतात्मक व्यवस्थापनका लागि तुलनात्मक एवम् प्रतिस्तर्धात्मक लाभ हासिल गर्न छिमेकी नगरपालिका तथा गाउँपालिकाहरुसँग समेत घनिष्ठ साझेदारी र सहकार्य गरी विकासका कार्यक्रमहरु तर्जूमा एवम् कार्यन्वयन गरिनेछ । अन्य क्षेत्रमा परीक्षण भई सफलता हासिल गरेका ज्ञान, सीप तथा प्रविधिहरुको प्रचार प्रचारमा साझेदारी मार्फत आपसी लाभका विकास कार्यक्रमहरु सञ्चालन तर्फ ध्यान दिईनेछ ।

### ४.४.१० दिगो विकासको लक्ष्य एवंम् मध्यकालीन खर्च संरचनासँगको तालमेल

नेपाल सरकारले समेत प्राथामिकतामा राखी दिगो विकासका निर्धारित लक्ष्य SDGs Goal प्राप्तिका लागि राष्ट्रिय तथा स्थानीय प्रयासहरुलाई यस योजनामा समाहित गरी कार्यान्वयन गरिनेछ । दिगो विकासका लक्ष्यहरुलाई स्थानीकरण गर्दै पालिको आर्थिक

क्षमता विश्लेषण मार्फत मध्यकालिन खर्च संरचना MTEF लाई पनि आधार मानेर स्रोत तथा बजेट अनुमान गरिनेछ ।

## ४.५ प्रमुख रणनीतिहरु

१. प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरूको अत्याधिक उपयोग गर्ने ।

२. आकर्षक धार्मिक/सांस्कृतिक पर्यटनको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने ।

३. सामाजिक विकासका सूचकहरूमा सुधार गर्ने ।

४. सामाजिक सूरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने ।

५ .विकासलाई प्रविधिमैत्री वनाउदै सूचना प्रविधिको पहुँच वढाउने ।

६. यातायात, जलश्रोत, सञ्चार तथा वस्ती विकास लगायतका दिगो पूर्वाधारको विकास गर्ने ।

७. वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनीकरणबाट विकास, भू उपयोग र वातावरण वीच सन्तुलन कायम गर्ने ।

८. विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सुदृढ गरी नतिजामा आधारित अनुगमन मार्फत सुशासन अभिवृद्धि गर्ने ।

## ४.६ आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य

विकासको आवधिक लक्ष्य निर्धारण गर्दा आ.ब. ०७७/०७८ लाई आधार मानिएको छ । संलग्न क्षेत्रको वृद्धिदर (Growth Rate), परिवर्तनको प्रवृत्ति (Change Trend) तथा अनुमानित समायोजन (Esitmated Adjustment) का आधारमा आवधिक योजनाको अन्तिम वर्ष सम्मको अनुमानित लक्ष्य निर्धारण गरिएको छ । विकासको आवधिक लक्ष्य छुट्टै परिच्छेदमा विषयगत क्षेत्रको आधारमा प्रस्तुत गरिएको छ ।

| सूचकहरु | इकाई | आधार बर्ष | आवधिक योजनाको लक्ष्य | |
|---|---|---|---|---|
| | | २०७६/०७७ | २०८०/०८१ | २०८२/०८३ |
| औसत आयू (वर्षमा) (प्रदेश | सूचक | ७०.७ | ७२ | ७५ |
| मानव विकास सूचकांक | सूचकांक | ०.५७४ | | |
| प्रतिव्यक्ति आय PPP डलर (प्रदेश) | सूचकांक | १०७१ | १२५० | १४०० |
| आर्थिक बृद्धिदर (प्रदेश) | सूचकांक | ३.४१ | ६ | १० |
| गरिवीको दर इलाम जिल्ला | | १९.७ | १७ | १४ |
| कृषि तथा पशुपालनसँग प्रत्यक्ष संलग्न जनसंख्या | प्रतिशत | ८०.०७ | व्यसायिक बनाउने | व्यसायिक बनाउने |
| आफ्नो अन्न उत्पादनले ३ महिना भन्दा कममात्र खानपुग्ने घरपरिवार | प्रतिशत | ५५ | ४० | २५ |
| पहिचान भएको पर्यटकीय स्थल | संख्या | १८ | पूर्वाधार विकास | पूर्वाधार विकास |
| होस्टे संञ्चालन पहिचान भएको क्षेत्र | संख्या | ० | १० | ३० |
| बैदेशिक रोजगारीमा तेस्रो मुलुक गएको जनसंख्या | संख्या | ९२१ | ७०० | ५०० |
| पर्यटन गुरुयोजना | संख्या | ० | १ | १ |
| सहकारी संख्या | संख्या | १४ | नीति अनुसार | |
| बैंक तथा बित्तिय संस्था | संख्या | १ | १ | २ |
| सरदर साक्षरता | प्रतिशत | ९०.०४ | ९५ | १०० |
| आधारभूत तहको खुद भर्नादर (प्रदेश) | ९७.३ | ९८.५ | | १०० |
| दक्ष स्वास्थ्य कर्मीबाट प्रसुती सेवा दर | | ५५.६ | ६० | ७५ |
| स्वास्थ्य सेवामा सुलभ पहुँच भएको घरधुरी | प्रतिशत | ६३ | ७० | ८५ |
| एकघण्टा भन्दा धेरै समयमा मात्र प्राथमिक स्वास्थ्यसेवा प्रदायक संस्था भेट्ने परिवार | प्रतिशत | ५५ | ४० | २५ |
| आयोडिनयुक्त नून प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८८ | १०० | |

| | | | | |
|---|---|---|---|---|
| पाइप प्रणालीबाट खा.पा. उपभोग गर्ने जनसंख्या | प्रतिशत | ८३.२० | ८६ | ९० |
| मापदण्ड युक्त शौचालय प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६०.१२ | ७५ | ९० |
| महिला घरमुली भएको घरधुरी | प्रतिशत | २१.५४ | २५ | ३० |
| महिलाको नाममा वैंक खाता भएको घरधुरी | प्रतिशत | १६ | २५ | ३० |
| किराँत साम्जिक मुन्दुम पाठशाला | संख्या | १ | | कायम राख्ने |
| जातीय संगालय | संख्या | ० | | १ |
| ससस्त्र प्रहरी सुरक्षा वेश | संख्या | १ | | कायम राख्ने |
| प्रहरी चौकी | संख्या | ३ | | ४ |
| अस्थायी प्रहरी विट संख्या | संख्या | २ | | ३ |
| मोटरबाटो/सडक | कि.मी. | | | |
| कालो पत्रे (कि.मी.) | क.मी. | | | |
| ग्राभेल सडक | कि.मी. | | | |
| ग्रामीण धुले सडक | कि.मी. | | | |
| ग्रावेल सडक पहुँच भएका घरधुरीको | प्रतिशत | | | |
| पक्की सडकले छोएको घरधुरी | प्रतिशत | ० | १५ | ३५ |
| विद्युत जडान गरिएको घरधुरी | प्रतिशत | ६४.०७ | ७५ | ९० |
| सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी | प्रतिशत | १४ | ४० | ६० |
| सिलिण्डर ग्यांस प्रयोग गर्ने घरधुरी | संख्या | ४.५३ | १० | २५ |
| सौर्य सिंचाई प्रणाली | संख्या | ० | २ | ४ |
| मोवाईल प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ६३ | ७५ | ८५ |
| जस्तापाताको छाना भएको घरधुरी | प्रतिशत | ९१.७४ | ९३ | ९५ |
| पक्की वा ढलान गरिएको छत भएको घरधुरी | प्रतिशत | ०.७९ | ३ | ५ |
| खर वा फुसको छाना भएको घरधुरी | प्रतिशत | ६.९७ | २ | ० |
| आफ्नै कार्यालय भएका वडा कार्यालय | संख्या | २ | २ | २ |
| ल्याण्डफिल्ड साईड | संख्या | ० | | १ |
| वनको कूल क्षेत्रफल | वर्ग कि.मि. | | | |
| घरभित्रको धुवाँमुक्त वडा | संख्या | ० | ३ | ६ |
| वातावरणमैत्री वडा संख्या | संख्या | ० | ३ | ४ |
| आपतकालिन यातायातका साधन (एम्बुलेन्स) | संख्या | १ | १ | २ |
| स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना | संख्या | ० | १ | |
| सामुदायिक सूचना केन्द्र | संख्या | ० | ३ | ३ |
| गाउँपालिकाको गतिविधि सम्बन्धी नियमित बुलेटिन | संख्या | १ | २ | २ |
| बालक्लब तथा बाल संजालको | संख्या | २१ | ३० | २१ |
| गाउँपालिकाको वेभ साईड | संख्या | १ | | १ |
| मोवाएल एप्लिकेसन तयारी | संख्या | ० | १ | ० |
| प्रकोप नक्सांकन | पटक | ० | १ | ० |
| भू उपयोग योजना | पटक | ० | १ | ० |
| सामाजिक परीक्षण | संख्या | ० | १ | १ |
| लैङ्गिक बजेट परीक्षण | संख्या | ० | १ | १ |
| सार्वजनिक सुनुवाई | संख्या | २ | २ | २ |

## ४.७ वित्तिय व्यबस्थापन

### ४.७.१ सार्वजनिक स्रोत परिचालनको आधार

माङसेबुङ गाउँपालिका इलामको आवधिक योजना सफल कार्यान्वयनका लागि वहुपक्षीय स्रोतहरू परिचालन गरिनेछ । यसका लागि विद्यमान स्रोतहरूको आंकलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा परिचालन गरिनेछ । आवधिक योजनामा यस गाउँपालिकाद्वारा निम्न वमोजिम विभिन्न वित्तीय स्रोतहरू परिचालन हुनेछ ।

#### (क) वित्तीय हस्तान्तरण

(१) प्रत्येक आर्थिक वर्षका लागि यस गाउँपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्नेछ । संघीय सरकारबाट समानीकरण अनुदान तर्फ आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ का लागि उपलब्ध सिमालाई आधार मानी औषतमा १० प्रतिशत, सशर्त अनुदानतर्फ औषतमा १० प्रतिशत र राजस्व बाँडफाँटको रकम औषतमा १० प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ ।

(२) नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भए पछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकत्म ४० प्रतिशत सम्म प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले परियोजना लागतको ६० प्रतिशत रकम स्वलगानी गर्नु पर्नेगरी अनुमान गरिएको छ ।

(३) प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०७६/०७७ र आ.व. २०७७/०७८ का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १० प्रतिशतको वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ । साथै प्रदेश सरकारबाट अघिल्लो आर्थिक बर्षमा सर्शत र विशेष अनुदान प्राप्त हुन नसके पनि आगामी आर्थिक वर्षमा सर्शत, विशेष र समपूरक अनुदान तर्फ केहि रकम प्राप्त हुने अनुमान गरिएको छ ।

(४) वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्भौता गरेर मात्र गाउँपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले संघीय अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा केहि वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएको छ । यस्तो रकमलाई अन्य प्राप्ति अन्तर्गत राखिएको छ ।

(५) वैदेशिक ऋणको हकमा अन्तर्राष्ट्रिय विकास सहायता नीति वमोजिम ऋण सहायताको रकम, व्याजदर, भुक्तानी सम्वन्धी शर्तहरू सहित स्थानीय तह सँगै सहायक ऋण सम्भौता गरेर मात्र गाउँपालिकालाई वैदेशिक ऋण उपलब्ध हुन सक्ने प्रावधान रहेकोछ । यस प्रावधान बमोजिमको वैदेशिक ऋण गाउँपालिकाको यस आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

#### (ख) गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अन्य रकमहरू

(१) आन्तरिक राजस्व तर्फ हालको हालको शीर्षकअनुसार राजश्व प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि कानूनअनसार आफ्नो क्षेत्राधिकारमा पर्ने स्रोत सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिनेछ । गाउँपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १० प्रतिशतको वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ । गाँउपालिकाले एकिकृत सम्पत्ति कर तथा करको दायरा बढाएको खण्डमा प्रक्षेपित वृद्धि दर दोब्बर हुन सक्नेछ ।

(२) आवधिक योजना अवधिमा स्थानीय सञ्चित कोष अन्तर्गत विशेष आयोजना सञ्चालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।

(३) आर्थिक वर्षको अन्त्यमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नियमानुसार नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक वजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

#### (ग) गाउँपालिकाको सञ्चित कोष वाहिर संघ र प्रदेशबाट प्रत्यायोजन हुने रकमहरू

(१) संघको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

(२) यसै गरी प्रदेशको वार्षिक कार्यक्रम तथा वजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

### ४.७.२ कुल वित्तीय लगानी

माङसेबुङ गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका निमित्त आवधिक योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालनका स्थानीय संचित कोष अन्तर्गत गाँउपालिका लागि कूल प्राप्ति रकम रु. २ अर्ब ८५ करोड वित्तीय लगानी हुने अनुमान छ । यस गाउँपालिकाको आवधिक योजना आवधिका लागि लगानीको प्रक्षेपण गर्दा अपेक्षित आर्थिक तथा सामाजिक विकासका लक्ष्यहरूलाई विचार गरिएको छ । साथै वहु क्षेत्रगत स्रोतहरू परिचालनका सम्भावनाहरूका सन्दर्भमा गाउँपालिकको आर्थिक आँकडाहरू र आविधक योजना छलफलको क्रममा उपलब्ध जानकारीलाई समेत आधार लिइएको छ ।

**आवधिक योजनामा अनुमानित समष्टिगत लगानी**

| सि.न. | स्रोत | स्रोत (रु. करोडमा) | प्रतिशत |
|---|---|---|---|
| १ | **सघिय सरकार अनुदान** | २२०.१३ | ७७.१५ |
| २ | प्रदेश सरकार अनुदान | २०.८१ | ७.२९ |
| ३ | आन्तरिक स्रोत | ४४.३८ | १५.५६ |
| | **कुल जम्मा** | २८५.३२ | १०० |

नोटः लगानी प्रक्षेपणको आधार राष्ट्रिय सिमानत पुँजी उत्पादन अनुपातको आधार रहेको छ ।

यस आवधिक योजनाको पाँच बर्ष अवधिका लागि आ.ब. २०७७/०७८ को विनियोजित बजेटलाई आधार बर्ष मानि आवधिक योजना अवधि भरको समष्टिगत लगानी प्रक्षेपण गरिएको छ । आवधिक योजनाको अनुमानित समष्टिगत लगानीलाई निम्नानसार चार्टमा हेर्न सकिन्छ ।




### ४.७.३ गाउँपालिकाको सञ्चित कोषबाट हुने सार्वजनिक खर्च

सार्वजनिक खर्च अन्तर्गत गाउँपालिकाको सञ्चित कोषबाट आवधिक योजना अवधिमा कूल रु.२८५.३२ करोड खर्च हुने प्रक्षेपण गरिएको छ । कूल खर्च मध्ये चालु खर्च तर्फ रु.२१२.८१ करोड र पूँजीगत खर्च तर्फ रु. ८५.९१ करोड हुने अनुमान गरिएको छ । आवधिक योजनामा सार्वजनिक खर्च अन्तर्गत गाउँपालिकाको सञ्चित कोष अन्तर्गत हुने क्षेत्रगत खर्चको अनुपात प्रक्षेपणमा आ.व. २०७७/०७८ लाई आधार वर्ष मानिएको छ । गाउँपालिकाको सञ्चित कोषबाट कूल प्रक्षेपित खर्च रु. २८५.३२ करोड मध्येबाट संघिय, प्रदेश सरकार र आन्तरिक श्रोतबाट प्राप्त हुने बजेटलाई क्षेत्रगत रुपमा विनियोजन गरिएको छ । गाँउपालिकाले विनियोजन गर्ने बजेटको आधारमा क्षेत्रगत खर्चको लागि प्रक्षेपित खर्च रु. २८५.३२ करोड मध्ये क्षेत्रगत बाँडफाँडमा सामाजिक

क्षेत्र रु.१११.५७ करोड, पुर्वाधार विकासमा रु.६२.२८ करोड, संस्थागत विकास र सुशासनका क्षेत्रमा रु.३३.६६ करोड, आर्थिक क्षेत्रमा रु.२६.०२ करोड, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु.३.४२ करोड र कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा रु. ४८.३६ करोड बराबरको रकम स्थानिय सञ्चित कोषको रकमबाट विनियोजन गर्ने लक्ष्य लिइएको छ ।

**गाँउपालिकाको सञ्चित कोषबाट सार्वजनिक खर्चको क्षेत्रगत बाँडफाँड**

| क.स | विवरण | आ व ०७७/७८ को अनुमान आधारबर्ष | २०७८/०७९ प्रक्षेपण | २०७९/०८० प्रक्षेपण | २०८०/०८१ प्रक्षेपण | २०८१/०८२ प्रक्षेपण | २०८२/०८३ प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | चालु खर्च | २८७,५५९,००० | ३३४,०५७,७१८ | ३६७,४६३,४९० | ४०४,२०९,८३९ | ४४४,६३०,८२२ | ४८९,०९३,९०५ | २,०३९,४५५,७७३ |
| २ | पुंजीगत खर्च | ११४,७४७,००० | १३३,२८६,५९९ | १४६,६१५,२५९ | १६१,२७६,७८५ | १७७,४०४,४६४ | १९५,१४४,९१० | ८१३,७२८,०१७ |
| | कुल खर्च | ४०२,३०६,००० | ४६७,३४४,३१७ | ५१४,०७८,७४९ | ५६५,४८६,६२४ | ६२२,०३५,२८६ | ६८४,२३८,८१५ | २,८५३,१८३,७९० |
| | **कूल बजेट खर्चको वर्गीकरण** | | | | | | | |
| १ | आर्थिक विकास | ३४,२०४,००० | ४२,६२४,४०० | ४६,८८६,८४० | ५१,५७५,५२४ | ५६,७३३,०७६ | ६२,४०६,३८४ | २६०,२२६,२२४ |
| २ | सामाजिक विकास | १६३,५८१,००० | १८२,७४६,८१७ | २०१,०२१,४९९ | २२१,१२३,६४९ | २४३,२३६,०१३ | २६७,५५९,६१५ | १,११५,६८७,५९२ |
| ३ | पूर्वाधार विकास | ७९,१०२,००० | १०२,०१२,२०० | ११२,२१३,४२० | १२३,४३४,७६२ | १३५,७७८,२३८ | १४९,३५६,०६२ | ६२२,७९४,६८२ |
| ४ | वातावरण तथा विपद् व्यबस्थापन | ५,१००,००० | ५,६१०,००० | ६,१७१,००० | ६,७८८,१०० | ७,४६६,९१० | ८,२१३,६०१ | ३४,२४९,६११ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह सुशासन | ४८,३०५,३०० | ५५,१३५,८३० | ६०,६४९,४१३ | ६६,७१४,३५४ | ७३,३८५,७९० | ८०,७२४,३६९ | ३३६,६०९,७५६ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ७२,०१३,७०० | ७९,२१५,०७० | ८७,१३६,५७७ | ९५,८५०,२३५ | १०५,४३५,२५८ | ११५,९७८,७८४ | ४८३,६१५,९२४ |

गाउँपालिकाको सञ्चित कोषबाट आवधिक योजना अन्तर्गत प्रक्षेपित कूल खर्च रु. २८५.३१ करोड मध्येबाट आर्थिक क्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा खर्च रु. २६.०२ करोड रकमबाट यस सम्बन्धी उपक्षेत्रहरू: कृषि तथा पशुपालन, पर्यटन, सहकारी, उद्योग, आयआर्जन, वाणिज्य तथा आपूर्ति सेवा, वित्तीय क्षेत्र र वैदेशिक रोजगारी सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ । सामाजिक क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.१११.५७ करोडबाट यस सम्बन्धी उपक्षेत्रहरू: आधारभूत तथा माध्यमिक शिक्षा, स्वास्थ्य, जनसंख्या तथा पोषण, युवा तथा खेलकुद विकास, खानेपानी तथा सरसफाइ क्षेत्र र लैङ्गिक समानता, सामाजिक समावेशीकरण एवं संरक्षण तथा सुरक्षा सम्बद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ ।

पूर्वाधार क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.६२.२८ करोड यस सम्बन्धी उपक्षेत्रहरू: यातायात पूर्वाधार एवं आन्तरिक सडक तथा कृषि सडक, सिँचाइ, विद्युत/बैकल्पिक ऊर्जा, सुरक्षित आवास, सार्वजनिक भवन तथा पूर्वाधार विकास र सामाजिक पूर्वाधार सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ । वन तथा भू-संरक्षण, वातावरण र विपद् व्यवस्थापन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.३.४२ करोडबाट यसका उप क्षेत्रहरू सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्र अन्तर्गतको प्रक्षेपित जम्मा खर्च रु.३३.६६ करोडबाट यस सम्बन्धी उपक्षेत्रहरू सम्वद्ध कार्यक्रमहरूमा खर्च गरिनेछ । त्यसैगरी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र अन्तर्गत प्रक्षेपित जम्मा रु.४८.३६ करोड यसका उप क्षेत्रहरु सम्वद्ध कार्यक्रममा र्खच गरिनेछ । माङसेबुङ गाउँपालिकाको आवधिक योजना (२०७८/०७९–२०८२/०८३) को लागि अनुमानित श्रोतको औषत वृद्धिदर १० प्रतिशत हुने अनुमानका आधारमा कूल खर्चको औषत वार्षिक वृद्धि दर १० प्रतिशत रहने गरी खर्चको प्रक्षेपण गरिएको छ ।

**गाँउपालिकाको प्रक्षेपित खर्चको क्षेत्रगत रुपमा विनियोजित बजेटलाई निम्मानुसार चार्टमा देखाईएको छ ।**




### ४.७.४ संघ र प्रदेशको प्रत्योजित कार्यक्रम अन्तर्गत सार्वजनिक खर्च

गाउँपालिकाको सञ्चित कोषबाट खर्च हुने बजेट बाहेक संघीय सरकार तथा प्रदेश सरकार मार्फत प्रत्यायोजित कार्यक्रम अन्तर्गत क्षेत्रगत आधारमा विषयगत आवधिक योजनामा कूल रु.१६.४८ करोड खर्च हुने प्रक्षेपण गरिएको छ। प्रत्यायोजित कार्यक्रम अन्तर्गत संघको सामाजिक सुरक्षा कार्यक्रम, संघीय तथा प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरू लगायत संघ र प्रदेशबाट प्रत्यायोजित गरिने अन्य कार्यक्रमहरूलाई समेटिने छ। उल्लेख भए अनुसार संघ र प्रदेशको प्रत्यायोजित कार्यक्रमको रकम गाउँपालिकाको सञ्चित कोष बाहिरबाट कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा निकासा हुने भएता पनि गाउँपालिकाको आर्थिक सामाजिक विकासका लागि खर्च हुने भएबाट सार्वजनिक खर्च अन्तर्गत समावेश गरिएको छ।

### ४.७.५ सार्वजनिक खर्च व्यहोर्ने स्रोतहरु

माङसेबुङ गाउँपालिकाको आवधिक योजना कार्यान्वयनका लागि आवश्यक खर्च जुटाउन संघ र प्रदेशको अन्तर सरकारी वित्तीय हस्तान्तरणका साथै आन्तरिक राजस्वका स्रोतहरू पनि परिचालन गरिनेछ । यस गाउँपालिकाको आन्तरिक स्रोतहरू निकै कम भएकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि बढी भन्दा बढी निर्भर रहनु पर्ने बाध्यता छ। यसै परिप्रेक्ष्यमा आ.व २०७६/०७७ को तुलनामा आ.व २०७७/०७८ संघबाट हस्तान्तरण हुने रकमहरूमा भएको वृद्धिलाई उत्साहवर्द्धक मान्न सकिन्छ। यसै गरी आवधिक योजनाको आगामी वर्षहरूमा पनि संघ र प्रदेशबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा क्रमिक वृद्धि हुदै जाने अनुमान गरिएको छ। गाँउपालिकाको स्थानीय संञिति कोष र प्रत्यायोजित कार्यक्रम अन्तर्गतको प्राप्तिलाई निम्नानुसार रहने प्रक्षेपण गरिएको छ।

## गाउँपालिकामा आय प्राप्ति तथा बजेट खर्च व्यहोर्ने स्रोतहरु तलिका

| विवरण | २०७७/०७८ को अनुमान आधारबर्ष | २०७८/०७९ प्रक्षेपण | २०७९/०८० प्रक्षेपण | २०८०/०८१ प्रक्षेपण | २०८१/०८२ प्रक्षेपण | २०८२/०८३ प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|
| संघीय सरकारको अनुदान | | | | | | | |
| वित्तिय समानीकरण अनुदान | ८७८००००० | ९६५८०००० | १०६२३८००० | ११६८६१८०० | १२८५४७९८० | १४१४०२७७८ | ५८९६३०५५८ |
| ससर्त अनुदान | १५८३४८००० | १७४१८२८०० | १९१६०१०८० | २१०७६११८८ | २३१८३७३०७ | २५५०२१०३७ | १०६३४०३४१२ |
| राजश्व बाँडफाँडको रकम | ६७५४३०३० | ७४२९७३३३ | ८१७२७०६६ | ८९८९९७७३ | ९८८८९७५० | १०८७७८७२५ | ४५३५९२६४८ |
| विशेष अनुदान | | १०००००००० | ११००००००० | १२१००००० | १३३१०००० | १४६४१००० | ६१०५१००० |
| समपूरक अनुदान | | ५०००००० | ५५०००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ३०५२५५०० |
| **प्रदेश सरकारको अनुदान** | | | | | | | |
| समानीकरण अनुदान | ६९९१००० | ७६९०१०० | ८४५९११० | ९३०५०२१ | १०२३५५२३ | ११२५९०७५ | ४६९४८८३० |
| सशर्त  अनुदान | ६३००००० | ५०००००० | ५५०००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ३०५२५५०० |
| राजश्व बाँडफाँडको रकम | ४९०४००० | ५३९४४०० | ५९३३८४० | ६५२७२२४ | ७१७९९४६ | ७८९७९४१ | ३२९३३३५१ |
| विशेष अनुदान | | ५५००००० | ६०५०००० | ६६५५००० | ७३२०५०० | ८०५२५५० | ३३५७८०५० |
| समपूरक अनुदान | १०००००००० | ११००००००० | १२१००००० | १३३१०००० | १४६४१००० | १६१०५१०० | ६७१५६१०० |
| आन्तरिक राजश्व | ६६०९०६२२ | ७२६९९६८४ | ७९९६९६५३ | ८७९६६६१८ | ९६७६३२८० | १०६४३९६०८ | ४४३८३८८४२ |
| **कूल स्रोत (स्थानीय संचित कोष अर्न्तगत गाउँपालिकाको जम्मा प्राप्ती)** | ४०२३०६६५२ | ४६७३४४३१७ | ५१४०७८७४९ | ५६५४८६६२४ | ६२२०३५२८६ | ६८४२३८८१५ | २८५३१८३७९१ |
| संघ मार्फत प्रत्यायोजित कार्यक्रमहरु | | २५००००० | २७५०००० | ३०२५००० | ३३२७५०० | ३६६०२५० | १५२६२७५० |
| संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अर्न्तगतका रकमहरु | १०००००००० | ११००००००० | १२१००००० | १३३१०००० | १४६४१००० | १६१०५१०० | ६७१५६१०० |
| प्रदेशद्धारा प्रत्यायोजित कार्यक्रमहरु | | २५००००० | २७५०००० | ३०२५००० | ३३२७५०० | ३६६०२५० | १५२६२७५० |
| प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम | १०००००००० | ११००००००० | १२१००००० | १३३१०००० | १४६४१००० | १६१०५१०० | ६७१५६१०० |
| कूल जम्मा | ४२२३०६६५२ | ४९४३४४३१७ | ५४३७७८७४९ | ५९८१५६६२४ | ६५७९७२२८६ | ७२३७६९५१५ | ३०१८०२१४९१ |

प्रक्षेपण अनुसार संघबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व वाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट करिव रु.२१९.८२ करोड वित्तीय हस्तान्तरण हुने अनुमान गरिएको छ। प्रक्षेपण अनुसार संघबाट कूल रु. २१९.८२ करोड वित्तीय हस्तान्तरण हुने मध्ये वित्तीय समानीकरण अनुदान रु ५८.९६ करोड, सशर्त अनुदान रु.१०६.३४ करोड, राजस्व बाँडफाँड रु.४५.३५ करोड, विशेष अनुदान रु.६.१० करोड र समपूरक अनुदान रु.३.०५ प्राप्त हुने अनुमान गरिएको छ।

यसै गरी प्रदेशबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व वाँडफाँड, विशेष अनुदान र समपूरक अनुदानबाट करिव रु.२१.११ करोड प्राप्त हुने अनुमान गरिएको छ। प्रक्षेपण अनुसार प्रदेशबाट कूल रु.२१.११ करोड वित्तीय हस्तान्तरणहुने रकम मध्ये वित्तीय समानीकरण रु.४.६९ करोड, सशर्त अनुदान रु.३.०५ करोड, राजश्व बाँडफाँड रु. ३.२९ करोड, विशेष अनुदान रु.३.३५ करोड र समपूरक अनुदान रु.६.७१ करोड प्राप्त हुने अनुमान गरिएको छ। गाँउपालिकाको आन्तरिक राजश्व कुल रु ४४.४८ करोड रकम प्राप्त हुने अनुमान गरिएको छ। आन्तरिक राजश्वको दायरा बढाउन सकेमा अनुमानित रकमको २० प्रतिशत राजश्व वृद्धि हुने अनुमान गर्न सकिन्छ। हालसम्म गाँउपालिकाले एकिकृत सम्पत्ति कर स्वघोषणा गरी कर तिर्नसक्ने प्रावधान तय गर्ने र करको दायरा बढाउन ठोस पहल आवश्यक देखिएकोछ। त्यसैगरी संघ र प्रदेशबाट प्रत्यायोजित विभिन्न कार्यक्रमहरुबाट कुल रकम रु. १६.४८ करोड रकम गाँउपालिकाका आयोजनाहरुमा प्राप्त हुने अनुमान गरिएको छ। यस प्रकार संघ र प्रदेशबाट समष्टिगत रुपमा प्राप्त हुने रकम, माङसेबुङ गाउँपालिकाको आन्तरिक राजश्व र प्रत्यायोजित विभिन्न कार्यक्रम अन्तर्गत रु.१६.४८ करोड गरी कुल जम्मा रु.३०१.८० करोड रकम परिचालन हुने अनुमान छ।

### ४.७.६ बहुपक्षीय स्रोतहरुको परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भनी उल्लेख गरिएको छ। यस परिप्रेक्ष्यमा माङसेबुङ गाउँपालिकाको आवधिक योजनाको विकास रणनीति अन्तर्गत सार्वजनिक, निजी र सहकारी क्षेत्रका बीचमा सहकार्य एवं साझेदारीलाई बढावा दिईएको छ । यसै गरी आवधिक योजनाद्वारा प्राथमिकिकरण गरिएका विकास कार्यक्रमहरूमा गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारीसंस्थाहरूसँग पनि नेपाल सरकारद्वारा निर्दिष्ट मापदण्ड भित्र रहेर कार्यान्वयन गरिन्छ। यस आवधिक योजनामा सार्वजनिक क्षेत्र, सहकारी क्षेत्र, निजी क्षेत्र तथा गैर सरकारी / अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट गरी निम्न बमोजिम कूल रु.३२४.८० करोड रकम बराबरको स्रोतहरूको परिचालन गरी विकास सम्वद्ध कार्यहरूमा लगानी गरिने अनुमान गरिएको छ।

#### समष्टिगत लगानीको चार्ट




#### (क) सार्वजनिक क्षेत्रबाट स्रोत परिचालन

माङसेबुङ गाउँपालिकाको विद्यमान स्थितिमा निजी तथा सहकारी क्षेत्र कमजोर रहेकोले यस गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासका लागि गाउँपालिकाले प्राप्त गर्ने सार्वजनिक स्रोतहरूलाई वढी भन्दा वढी परिचालन गर्दै गाउँपालिकाको अगुवाईमा निजी र सहकारी क्षेत्र सँगको प्रवर्द्धनात्मक सहकार्यलाई प्रोत्साहित गरिनु पर्ने छ । गाउँपालिकाको सार्वजनिक स्रोतहरू अर्न्तगत सबै प्रकारका आन्तरिक स्रोतहरूको योगदान करिव १६ प्रतिशत रहेकोले संघ र प्रदेशबाट हुने वित्तीय हस्तान्तरण माथि वढी निर्भर रहनु पर्ने अवश्यक छ। तथापि आगामी दिनहरूमा अन्तर सरकारी वित्तीय हस्तान्तरण माथिको बढी निर्भरतालाई कम गर्न आन्तरिक राजस्वको अनुपातलाई क्रमिक रुपमा विस्तार गर्दै लाने तर्फ विशेष रुपमा पहल गरिनु पर्नेछ । आवधिक योजनाको अवधिमा गाउँपालिकाको सञ्चित कोष मार्फत कूल रु.२८५ करोड परिचालन हुने अनुमान छ।

सार्वजनिक स्रोत अन्तर्गत गाउँपालिकाको बजेट संरचना बाहिर संघ र प्रदेश तहबाट प्रत्यायोजित क्षेत्र गत कार्यक्रमको आधारमा उपलब्ध गराइने रकमहरूलाई पनि आवधिक योजनमा समेटिएको छ। तर, यस प्रकार संघ र प्रदेशमार्फत प्रत्यायोजित कार्यक्रमहरूको प्राथमिकीकरण र वजेट विनियोजनमा गाउँपालिकाको कुनै भूमिका नहुने हुँदा गाउँपालिकाको कार्यक्रमहरूसँग दोहरोपन हुने र गाउँपालिकाको प्राथमिकीकरणमा नपरेका कार्यक्रमहरू प्रत्यायोजित हुन सक्ने सम्भावना रहन्छ । आवधिक योजनाको अवधिमा प्रत्यायोजित कार्यक्रमहरू कूल रु.१६.४८ करोड परिचालन हुने अनुमान गरिएको छ । माथि उल्लेख भए वमोजिम आवधिक योजनाको अवधिमा सार्वजनिक स्रोतहरू अन्तर्गत कूल रु.३०१.८० करोड परिचालन हुने प्रक्षेपण गरिएको छ।

#### (ख) सहकारी क्षेत्रबाट स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्याधिक परिचालन गर्ने भन्ने स्पष्ट उल्लेख गरिएको छ । माङसेबुङ गाउँपालिकाको आर्थिक सामाजिक विकासमाा

सहकारी क्षेत्रबाट उल्लेख्य योगदान पुग्न सक्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा कृयाशिल सहकारी संस्थाहरूमा कृषि तथा पशुपालन एवम बचत तथा ऋण सम्बन्धित भएबाट आर्थिक विकासमा सहकारी क्षेत्रबाट खासै योगदान रहेको छैन । हाल गाउँपालिकाले सहकारी मर्जरको नीति अगाडी ल्याएको छ। कृषि, पशुपालन, पर्यटन व्यवसायका अवसरहरू र उपभोक्ता सहकारी पसलका सम्भावनाहरूलाई हेर्दा आगामी दिनहरूमा यस गाउँपालिकामा सहकारी क्षेत्रमा उद्यमशीलताको विकास भई आर्थिक विकासमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ । आवधिक योजनामा सहकारी क्षेत्रको विस्तारबाट आर्थिक तथा सामाजिक क्षेत्रहरूमा गरी करिव रु.५ करोडको लगानी हुने अनुमान गरिएको छ ।

### (ग) निजी क्षेत्रको स्रोत परिचालन

नेपालको संविधानद्वारा निर्दिष्ट गरिएको अर्थ, उद्योग र वाणिज्य सम्बन्धी नीति अन्तर्गत अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन र स्रोतको अधिकत्तम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने उल्लेख गरिएको छ। माङसेबुङ गाउँपालिकाको सर्न्दभमा जलबिद्यूत उत्पादन, वैकल्पिक ऊर्जा प्रवर्द्धन,  निर्माण सामाग्री उत्पादन, व्यवसायिक कृषि एवंम पशुपालन, वनजन्य उत्पादन, उपलब्ध विभिन्न प्रकारका जडीवुट्टी, पर्यटन व्यवसाय र उद्योगका अवसरहरूलाई उपयोग गर्दै सम्भाव्य विकास तथा विस्तार गरिनु पर्ने छ।

यस गाउँपालिकामा हाल लघु तथा घरेलु स्तरका उद्योगहरू १८ वटा मात्र रहेका छन । यस स्थितिमा सुधार गरी निजी क्षेत्रबाट गाउँपालिकाको आर्थिक विकासमा सघाउन स्थानीय कच्चा पदार्थहरूमा आधारित मूल्य श्रृखलामा आधारित उद्योगहरूको सम्भाव्यता अध्ययन गरी विस्तार आवश्यक छ । कृषि जन्य उत्पादनलाई फाईदा लिन शित भण्डारका आवश्यकता महसुस गरिएको छ। यसै गरी गाउँपालिकाद्वारा निजी क्षेत्र मैत्री कर नीति अनुसरण गरी विभिन्न सुविधाहरू प्रदान गरिनेछ। पर्यटनलाई उद्योग व्यवसायको रुपमा निजी क्षेत्रको लगानी तथा अगुवाईमा विस्तार तथा विकास गरिने छ। यस गाउँपालिका क्षेत्रमा निजी क्षेत्रबाट जल विद्युत आयोजनाहरू निर्माण तथा सञ्चालन गर्ने सम्भावनाहरू पनि रहेका छन। यसै गरी गाउँपालिकामा उपभोग्य वस्तुहरूको आपूर्तिलाई सहज तुल्याउन एवं स्थानीय उत्पादनको बजारीकरणमा सघाउन निजी क्षेत्रको लगानीमा वृद्धि गर्नमा सघाउ पुऱ्याइने छ। पर्यटन लगायत उद्योग व्यवसायमा निजी क्षेत्रबाट आवधिक योजनाको अवधिमा करिव रु.८ करोडको लगानी योगदान हुने अनुमान गरिएको छ।

### (घ) गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट स्रोतहरूको परिचालन

माङसेबुङ गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा हाल विभिन्न गैर सरकारी/अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरू क्रियाशील रहदै आएका छन। स्थानीय तहमा कार्य गर्ने स्थानीय तथा र्राष्ट्रिय गैर सरकारी संस्थाको कार्यक्रम गाउँपालिकाको वार्षिक कार्यक्रममा एकीकृत पश्चात संचालन गर्नुपर्नेछ। चालु आ.व.मा पनि कृयाशिल गैससहरुको खर्च हुने अनुमान सहित कार्यक्रमहरू समाविष्ट छन । आवधिक योजनाको अवधिमा विभिन्न गैर सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूबाट करिव रु.१० करोडको लगानी हुने अनुमान गरिएको छ। विशेषगरी आय आर्जन, समावेशी विकास, जैविक विविधता, पर्यटन प्रवर्द्धन, सुरक्षित बैदेशिक रोजगारी, दिगो भूमि व्यवस्थापन, जलवायु परिवर्तन र वातावरण संरक्षण जस्ता क्रियाकलापहरुमा यस क्षेत्रबाट कार्यक्रम साझेदारी हुने अनुमान गरिएको छ।

## ४.८ आवधिक योजनाको प्राथमिकताक्रम

विकास योजना तयारी गर्न स्थानीय सरकार संचालन ऐनमा उल्लेख गरिएको योजना तर्जुमा प्रक्रिया अन्तर्गत रहेर वडास्तरवाट प्राप्त आयोजनालाई विषयक्षेत्र अनुसार बिषयगत समिति मार्फत प्राथमिकताक्रम निर्धारण गरिएको छ। प्राथमिकता क्षेत्र निर्धारण गर्दा विश्लेषणको निचोड, बिषयगत उद्धेश्य र माङसेबुङको धरातलीय बिशेषताका आधारमा बिषयक्षेत्रको निर्धारण गरिएकोछ । यसरी प्राप्त भएको आयोजनाहरू तथा विभिन्न सरोकारवाला निकायहरुबाट कार्यान्वयनमा रहेका कार्यक्रम तथा आयोजनाहरू मध्येबाट विकास योजनाको दीर्घकालिन सोच, विकासको लक्ष्य तथा उद्देश्य, उपलब्ध स्रोतसाधन विगतका उपलब्धि र क्षमतालाई पनि आधार मानिएको छ।

## आवधिक योजनाको प्राथमिकिकरण

| क्र.सं. | विकासका क्षेत्रहरु | प्राथामिकता | प्राथमिकताका क्षेत्र |
|---|---|---|---|
| १ | **पूर्वाधार विकास योजना** | I | १. यातायात तथा पुल |
| | | | २. पूजिंगत मर्मत सुधार |
| | | | ३. भवन तथा सहकारी |
| | | | ४. उर्जा |
| | | | ५. आयोजना व्यवस्थापन |
| | | | ६. सिंचाई |
| २ | **सामाजिक विकास योजना** | II | १. शिक्षा तथा खेलकुद |
| | | | २. स्वास्थ्य तथा पोषण |
| | | | ३.सामाजिक समावेशी विकास क्षेत्र ( आदिवासी जनजाती, महिला, दलित, बालबालिका, वृद्धवृद्धा) |
| | | | ४. खानेपानी तथा सरसफाइ |
| | | | ५. शान्ति तथा सुरक्षाको अवस्था |
| | | | ६. कला, भाषा, संस्कृती तथा साहित्य |
| ३ | **आर्थिक विकास योजना** | III | १. कृषि पशुपालन तथा खाद्यसुरक्षा |
| | | | २. पर्यटन विकास |
| | | | ३. रोजगारी र गरिवी निवारण |
| | | | ४. उद्योग, बाणिज्य तथा सहकारी |
| | | | ५. वजारीकरण |
| ४ | **संस्थागत विकास तथा सेवा प्रवाह** | IV | १. राजश्व परिचालन |
| | | | २. सुचना तथा संचार व्यवस्थापन (विद्युतीय सूचना प्रविधि) |
| | | | ३. सुशासन प्रवर्द्धन |
| | | | ४. अनुसंधान तथा विकास |
| | | | ५. अनुगमन तथा मूल्यांकन |
| ५ | **वित्तिय व्यवस्थापन** | III | १. वित्तिय अनुसाशन |
| | | | २. स्रोत परिचालन र क्षमता विकास |
| | | | ३. आन्तरिक आय अभिबृद्धि |
| | | | ४. आन्तरीक नियन्त्रण प्रणाली |
| ६ | **वातावरणीय तथा विपद् व्यबस्थापन** | V | १. प्रकोप व्यवस्थापन कोष (महामारी नियन्त्रण र जोखिम न्यूनिकरण) |
| | | | २. जल उत्पन्न प्रकोप ( भूक्षय, पहिरो तथा नदीकटान) |
| | | | ३. जलवायु परिवर्तन र अनुकूलन |
| | | | ४. जलश्रोत तथा जलाधार |
| | | | ५. वन तथा भूसंरक्षण |
| | | | ६. फोहोरमैला तथा ढल व्यवस्थापन |

# परिच्छेद ५

# आर्थिक विकास

आर्थिक विकास विना मानव विकास र समृद्धि हासिल हुन सक्दैन । यस क्षेत्र अन्तर्गत कृषि, पशु विकास, उद्योग वाणिज्य तथा आपूर्ति, पर्यटन, वैंक तथा वित्तीय क्षेत्र आदि उपक्षेत्रहरू पर्दछन । यस क्षेत्रको विकासको लागि जनतावाटै पहिचान भएका समस्या तथा सवालहरुको आधारमा उद्धेश्य तथा कार्यक्रमहरु तय गरी यस आर्थिक विकास योजनामा समावेश गरिएकोछ । माङसेबुङ गाउँपालिकाले आर्थिक क्षेत्रको "कृषि, उद्यम, पर्यटन लगायतका आर्थिक क्षेत्रको विकास भई नागरिकको आय र जीवनस्तरमा सुधार गर्नु" भन्ने उद्देश्य निर्धारण गरेको छ, साथै विषय उपक्षेत्रगत योजना तल उल्लेख गरिएको छ । यस योजनामा समावेश भएका योजना तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन हुदै जाँदा माङसेबुङ गाउँपालिकाको आर्थिक उन्नतिमा अपेक्षाकृत सुधार हुनेछ ।

यस अर्न्तगत निम्न उपक्षेत्रहरु समावेश गरिएको छ ।

- **कृषि तथा पशुपालन**
- **पर्यटन तथा संस्कृति**
- **उद्योग, व्यापार, व्यबसाय**
- **सहकारी तथा वित्तिय सेवा**

## ५.१ कृषि तथा पशुपालन

### ५.१.१ प्रमुख समस्या

यस गाउँपालिकाको अर्थतन्त्रको प्रमुख माध्यमको रुपमा कृषि तथा पशुपालन रहेको छ । यहाँको प्रमुख पेशा कृषि तथा पशुपालन भएपनि निर्वाहमुखी कृषि, खाद्य सुरक्षाको कमी, न्यून उत्पादकत्व, उच्च उत्पादकत्व भएका पशु पालन नहुनु, अलैची र अदुवा जस्ता नगदेबालीमा रोगकिराको प्रकोप, सिचाइको कमी, मानव र वन्यजन्तु वीच द्वन्द्ध, उन्नत वीउ र आधुनिक प्रविधिको अभाव, कृषि बजार र सूचनाको अभाव आदि प्रमुख समस्या रहेका छन ।

### ५.१.२ अवसर र चुनौती

#### (क) अवसर

अदुवा, अलैची, आलु, कुचो, खुर्सानी, दुध लगायतका स्थानीय उत्पादनको विस्तार गरी मूल्य श्रृङ्खलामा आवद्ध गर्न सकिने, अम्लिसो, डालेघाँसे तथा पराल प्रसस्त उत्पादन हुने भएकोले व्यावसायिक पशुपालनको अनुकुलता, केरा, लिची, सुन्तला, कागती, नासपाती जस्ता फलफुल र काका, फर्सी, कोपी, सिमी लगायतका तरकारीको राम्रो उत्पादन हुने भएकोले पकेट क्षेत्र घोषणा गरी अर्गानिक उत्पादन मार्फत सर्टिफिकेसन प्रकृयामा जान सकिने संभावना रहेको छ । कृषि स्थानीय सरकारको अधिकार क्षेत्रमा हुनु, अधिकांश नागरिक र जन प्रतिनिधिहरूको चासोको विषय रहनु आदि प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

उपयुक्त प्रविधि र पुँजीको कमी भएकोल व्यावसायिक तथा जैविक कृषि विकास गर्नु, उन्नत मल बीउ र प्रविधि ल्याउनु स्थानीय स्तरमा सहज पहुँच, बाँदर बदेल दुम्सी जन्ता वन्यजन्तु सँग मानवकृषिभूमिसँगको द्वन्द्ध देखिनु, कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, वाली विविधिकरण र सघनीकरण गर्नु, कृषि योग्य जमिनमा सिचाइको व्यवस्था गर्नु, उन्नत पशुनश्ल मार्फत व्यवसायिक पशुपालन प्रवर्द्धन गर्नु, कृषि/पशुपालन अनुदानलाई व्यबस्थित गर्नु, उचाई र भौगोलिक पाटोको आधारमा कृषिका पकेट क्षेत्र पहिचालन गर्नु, अर्गानिक प्रमाणीकरण गर्नु, सुलभ ढुवानीको लागि यातायात पहुँच पुर्‍याउनु आदि प्रमुख चुनौती हुन ।

### ५.१.३ उद्देश्य

कृषि र पशुपालनमा आधुनिकीक र व्यबसायीकरण गर्दै उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषकको जीवन स्तरमा सुधार गर्नु

### ५.१.४ रणनीति

१. व्यावसायिक, आद्युनिक कृषि र पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने,
२. कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने,
३. स्थानीय विशिष्टिकृत र जैविक उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने ।

### ५.१.५ कार्यनीति

#### रणनीति (१) व्यावसायिक, आद्युनिक कृषि र पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने

१. जैविक/अर्गानिक दिगो कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ ।
२. उच्च नश्लका पशुपालनमा कृषकहरूलाई प्रोत्साहन गरिनेछ ।

३. व्यावसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई सहकारीसँग वा कृषि समूहसँग आवद्ध गरी वित्तिय पहुँच, उत्पादित सामाग्रीको सङ्कलन र भण्डारणमा सहयोग पुऱ्याइनेछ।
४. कृषि प्रसार र प्राविधिक सेवालाई कृषकहरूको घरदैलो सम्म पुऱ्याइनेछ।
५. मानव र वन्यजन्तु वीचको द्वन्द्ध न्यूनिकरणका लागि आवश्यक पहल गरिनेछ।
६. कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रुपमा विकास गरी युवा शक्तिलाई व्यवसायिक कृषि तर्फ आकर्षित गर्ने युवामैत्री, सिर्जनशील, कृषिमा आधारित उद्योग व्याबसाय सञ्चालन गरिनेछ।
७. बढ्दो मानव र वन्यजन्तुवीचको द्वन्द्व न्यूनिकरणको लागि वन्यजन्तुलाई वनमै अड्याउने विकल्पहरु पहिचान गरिनेछ र

**रणनीति (२) कृषि तथा पशुजन्य उत्पादनलाई मूल्य श्रृङ्खलामा आवद्ध गर्ने।**

१. उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादन गर्न लाई प्रोत्साहित गरिनेछ।
२. कृषि तथा पशु पंक्षीजन्य मूल्य श्रृङ्खला सम्बन्धी कृषकहरूलाई तालिम र क्षमता विकास संचालन गरिनेछ।
३. उचाई र धारातलीय अवस्थाको आधारमा कृषि उत्पाद पकेटक्षेत्र तयार गरिनेछ।
४. उच्च मूल्य वाली उत्पादन गरी मूल्य श्रृङ्खलामा आवद्ध गर्न कृषकहरूलाई अनुसन्धान केन्द्र, अनुदान प्रकृया र बजारीकरणमा आवद्ध गराइनेछ।
५. दिगोकृषि र अर्गानिक उत्पादन प्रमाणीकरणको लागि नीतिगत पहल गरिनेछ।

**रणनीति (३) स्थानीय विशिष्टीकृत उत्पादनको व्राण्डिङ र बजारीकरण गर्ने।**

१. हावापानी र माटोको विविधता अनुकुलका स्थानीय उच्च मूल्यका प्रतिस्पर्धी उत्पादनहरूको विकास गरी बजारीकरण गरिनेछ।
२. स्थानीय उत्पादनको प्रदर्शन र बजारीकरणको लागि स्थानीय हाट बजार प्रणालीलाई प्रोत्साहन गरिनेछ।
३. स्थानीयता दर्शाउने विशिष्टीकृत उत्पादनको व्राण्डिङ गरी बजारीकरण गरिनेछ।
४. उत्पादनको लेवलिङ, व्राण्डिङ र सर्टिफिकेसन गर्दै बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग पुऱ्याइनेछ।
५. पकेट क्षेत्रका अवधारणा अनुसार एक गाउँ एक विशिष्टीकृत कृषि उत्पादनमा प्राथमिकता दिइनेछ।
६. नगदेबाली, दुग्ध तथा मासुजन्य उत्पादन बढाई बजारीकरण गर्न प्रोत्साहित गरिनेछ।
७. कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका नकारात्मक असर न्यूनिकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गर्दै लगिनेछ।

### ५.१.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

(१) उन्नत नश्ल पशु विकास कार्यक्रम
(२) अर्गानिक खेती प्रवर्द्धन
(३) दिगो कृषि प्राविधि विकास
(४) किसान पहचान गरी उन्नतजातको गाई, बाखा, बंगुर, कुखुरा र माछापालन पकेट प्रवर्द्धन
(५) कृषि उपज संकलन केन्द्र
(६) मौषमी एवम् बेमौसमी तरकारी खेति प्रवर्द्धन
(७) कृषकसमूह/कृषि सहकारी तालिम तथा अध्ययन भ्रमण
(८) उच्च मूल्य श्रृङ्खला अभिमुखीकरण
(९) कृषि उद्यमशिलता विकास
(१०) किवी, केरा, सुपारी, चिया, कफी खेति र माहुरीपालन प्रवर्द्धन
(११) कृषि यान्त्रिकरण एवम् प्रविधि हस्तान्तरण
(१२) कृषि तथा पशु वीमा प्रवर्द्धन
(१३) उचाई र भौगोलिक पाटाको आधारमा पकेट क्षेत्र विकास
(१४) वडा. ४ केराखेती, वडा न. ३ धानखेती, वडा न. १,२,३ र ६ को माथिल्लो क्षेत्र किवीखेती, वडा न. ३ को खंलगे, उत्तरे, चिवुवा, माद्रे, खोंगी, खुन्द्रुका, सिवाचिन र वडा न. ६ को टोड्के कुसुण्डे क्षेत्रलाई टमाटर पकेट क्षेत्र तयार
(१५) एरिया अर्गानिक जोनिङ
(१६) कृषक र वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि कृयाकलाप संचालन
(१७) उन्नत बिऊ बिजन तथा फलफूल बेर्ना वितरण
(१८) मानव वन्यजन्तु द्वन्द्ध न्यूनिकरण
(१९) कृषक समूह तथा सहकारी मार्फत किसानहरुलाई प्लाष्टिक टनेल, उन्नत बिऊविजन र फलफूलको विरुवा अनुदानमा उपलब्ध गराउने

(२०) मह उत्पादनको लागि आद्युनिक प्रविधि सहयोग तथा क्षमता विकास कार्यक्रम

(२१) कृषि समूह दर्ता, कृषि सहकारी, कृषि उद्यमी तथा मल बिऊ बिषाधी बिक्रेताहरुको सूचिकरण

(२२) पशुपालनको लागि गोठसुधार तथा भकारो सुधार कार्यक्रम संञ्चालन गर्ने

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

(१) कृषि तथा पशुपालन अनुसन्धान केन्द्रसँग आवद्धता

(२) बाली तथा पशुपालक कृषकहरुलाई अनुदान सहजीकरण

(३) उचाई र धरातलीय स्वरुप जस्ता प्राविधिक मापदण्डाका आधारमा पकेट क्षेत्र पहिचान र प्रवर्द्धन

(४) कृषि ऋण प्रकृया सहजीकरण

(५) संस्थागत कृषि उपजको बजारीकरण सहयोग

(६) व्यावसायिक कृषि सम्बन्धी अध्ययन, अनुसन्धान

(७) दुध तथा दुधजन्य पदार्थको उत्पादनमा अनुदान सहयोग

(८) उन्नत जातको पशु नश्ल सुधार तथा व्यबसायिक पशुपक्षी पालनको लागि कार्यक्रम संञ्चालन

(९) नगदे तथा खाद्यबालीमा देखिएको रोगकिरा नियन्त्रण

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

(१) एकीकृत कृषि प्रवर्द्धन कार्यक्रमसँग आवद्धता

(२) कृषि यन्त्रीकरण र अनुदान

(३)कृषकहरुबाट उत्पादन भएको कृषि जन्य उपजहरुको सहज बजारीकरणको लागि संकलन केन्द्र स्थापना गर्ने ।

(४) शीत भण्डार स्थापना

### ५.१.७ अपेक्षित उपलब्धी

पालिका क्षेत्र ६ वटा कृषि पकेट क्षेत्रको विकास भएको हुनेछ । वार्षिक खाद्यन्न उत्पादन ५ प्रतिशतले बृद्धि भएको हुनेछ । ५ वटा वटा स्थानीय उत्पादनको ब्राण्डिङ भएको हुनेछ । ४ वटा कृषि उत्पादन सङ्कलन केन्द्र निर्माण भएको हुनेछ । कम्तीमा २ वटा कृषि हाट बजार केन्द्र स्थापना भएको हुनेछ । २ वटा दुग्ध चिस्यान केन्द्र स्थापना भएको हुनेछ । किवी, सुपारी, केरा, कफी, चिया र तरकारी, र पशुपालन गरी १२ वटा क्षेत्र पहिचान भएको हुनेछ । १५ वटा कृषकसमूह/ सहकारी सस्था स्थापना भएको हुनेछ ।

## ५.२ पर्यटन तथा संस्कृति

### ५.२.१ प्रमुख समस्या

स्थानीय धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि प्रसस्त संभावना भएपनि दिगो पूर्वाधार विकास गर्न नसक्नु, पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी, अलवेदर मोटर बाटोको पहुँच कमी, छिमेकी पालिकाहरुसँग समन्वयमा एकीकृति पर्यटन विकास प्याकेज तयार नहनु, पर्यटकीय स्तरका होटल र होमस्टेको कमी, पर्यटकीय प्याकेजको कमी, प्रचार प्रसारको कमी, पर्यटन उद्यमशिलताको कमी आदि प्रमुख समस्याका रुपमा रहेका छन ।

### ५.२.२ अवसर र चुनौती

**(क) अवसर**

इलामका प्रसिद्ध चारवटा माई मध्ये देउमाईको जलाधारक्षेत्रभित्र गर्ने यो पालिकामा प्रसिद्ध आस्थाका देवी गजुरमुखी माई भगवती, किराँत धर्मका धर्मगुरु फाल्गुनन्दको पुण्यभूमी लारुम्बा, किराँतधर्मको पवित्रस्थल माङसेबुङ जस्ता ठूला धार्मिक सांस्कृतिक पर्यटनका आकर्षण रहेको छ । धार्मिक तथा सांस्कृतिक पर्यटनको अवला प्राकृतिक सुन्दरताले भरीपूर्ण धेरै क्षेत्रहरु यस गाउपालिका रहेका छन् । व्यबस्थित होटल र होमस्टेहरुको पूर्वाधार विकास गरी कृषिपर्यटन र इकोटुरिजम समेतको अवसर रहेको छ ।

**(ख) चुनौती**

पर्यटकीय स्थलहरुमा भौतिक पूर्वाधार निर्माण, अलवेदयर सडकको सुनिश्चितता, अन्तरपालिलका जोड्ने गरी एकीकृत पदमार्गहरूको विकास र संरक्षण गर्नु, पर्यटकीय उपजहरूको विविधिकरण गर्नु, नयाँ गन्तव्यहरूको विकास गर्नु, माङसेबुङको पर्यटकीय विशिष्टता र विविधता वारे राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नु, स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु आदि प्रमुख चुनौतीको रुपमा रहेका छन ।

### ५.२.३ उद्देश्य

१. पर्यटकीय चहलपहल मार्फत ग्रामीण आय र रोजगारीमा वृद्धि गर्नु
२. स्थानीय कला र साँस्कृतिक विशिष्टताको संरक्षण र संवर्द्धन गर्नु

### ५.२.४ रणनीति

१. स्थानीय मौलिक उपजहरुको पहिचान गरी पर्यटन व्यबसायसँग एकीकृत रुपमा आवद्ध गर्ने
२. मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने

### ५.२.५ कार्यनीति

**रणनीति १: स्थानीय मौलिक उपजहरुको पहिचान गरी पर्यटन व्यबसायसँग एकीकृत रुपमा आवद्ध गर्ने**

१. पर्यटकीय क्षेत्रहरूमा पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ ।
२. पर्यटकीय उपजको विविधिकरण गरिनेछ ।
३. पर्यटकीय स्तरका होटल र होमस्टेको विकास र विस्तार गरिनेछ ।
४. होटल व्यबसायसँग सम्बन्धीत उद्यमशिलता विकासका लागि तालिम दिइनेछ ।
५. गाउँपालिकामा एउटा पर्यटकीय सूचना केन्द्र स्थापित गरिनेछ ।
६. पर्यटन आगमनको दरलाई वृद्धि गर्न पर्यटकमैत्री होटल, यातायात, ट्राभल्स/टुर, ट्रेकिङ, पथप्रदर्शक निकाय, भ्रमण सञ्चालक, होमस्टे लगायतका निकायहरुको गुणस्तरीय सेवा अभिवृद्धि, क्षमता विकास, दक्ष जनशक्ति उत्पादन, तालिम, प्रोत्साहन, र लगानी वृद्धिका लागि उपयुक्त वातावरण सिर्जना गर्दै लगिनेछ ।
७.. वैज्ञानिकरुपमा सहभागितात्मक पर्यटन गुरुयोजना तयार गरी स्थानीय संभावनाहरुको विकासलाई एकीकृत रुपमा अगाडी बढाइने छ ।

**रणनीति २: मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने ।**

१. स्थानीय मौलिक कला सस्कृतिको विकास गरी पर्यटनसँग आवद्ध गरिनेछ ।
३. लोक भाषा, संस्कृति, कला, धार्मिक साँस्कृतिक स्थल आदिको संरक्षण र प्रवर्धन गरिनेछ ।
४. स्थानीय ग्रामीण सडक, एवं पर्यटकीय पदमार्ग, विश्राम स्थल, होटल तथा होमस्टे साथै साँस्कृतिक एवं धार्मिक स्थल, पार्कहरू आदिको पूर्ण संरक्षण गरिनेछ ।

### ५.२.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- पर्यटनगुरु योजना
- पर्यटन सूचनाकेन्द्र स्थापना एवंम् व्यबस्थापन
- पहिचान भएका स्थानीय पर्यटकीय पूर्वाधारहरुको प्रचार प्रसार
- पर्यटनका संस्थागत एवं भौतिक पूर्वाधार विकास
- होमस्टे प्रवर्द्धन
- होटल व्यबसायी तथा होमस्टे संचालकहरुका लागि तालिम
- एकीकृत पर्यटन विकास प्याकेज कृयाकलाप पहिचान
- किराँत धर्म संग सम्बन्धित भाषा, लिपी, भेषभुषा, उपकरण, औजार, बाजा आदीको संरक्षण तथा प्रर्वद्धनका लागि एक संग्रालय निर्माण तथा व्यवस्थापन ।
- १६औं राष्ट्रिय विभूती महागुरु फाल्गुनन्द लिङदेनको विश्वमा सबैभन्दा अग्लो पूर्ण कदको सालिक निर्माण गर्ने । माङवालुङ्ग ढुङ्गा, चमेरेगुफा, चतुरे, गिद्धेपार्क, एक्लेचुली, थामचुली,
- रत्न बान्तवा शाहदत स्थल र राष्ट्रिय विभूती फाल्गुनन्दको जन्मस्थान माङमालुङ पर्यटन पूर्वाधार निर्माण
- घोर्लेभिरमा साहासिक पर्यटन प्रर्वद्धन (रक क्लाईम्बीङ्ग, जिपलाईनिङ्ग र साङरेङ्ग देखि सिकारी थुम्का पदमार्ग, ङु एक्लेचुली, थामचुली पर्यटन र खराने थुम्कामा सूर्योदयको दृष्य अवलोकन स्थल तथा पिकनिक स्पट निर्माण गर्ने
- अन्धाराजा मार्ग र माङमालुङ सौन्यर्दयीकरण
- आत्मानन्द जन्म स्थान /चुक्चीनाम्वा पूर्वाधार
- लिम्बु जातिय सङ्गालय
- गजुरमुखीधामम भत्तजनहरुकालागि एक सार्वजनिक धर्मशाला निर्माण

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- कृषि/पर्यापर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन तथा विकास
- आवश्यक गाइड, कुक, वेटरलाई तालिम
- अडियो भिडियो प्रचार प्रसार सामाग्री तयार
- अन्तर स्थानीय तह समन्वय र एकीकृत कार्यक्रम पहिचान
- पर्यटकीय पूर्वाधारको विकास र भौतिक संरचना निर्माण
- माङमालुङ एकीकृत पर्यटकीय पूर्वाधार
- तीनथुम्की दृश्यावलोकनकालागि भ्यूटावर
- माङमालुङ देवस्थलएकीकृत पूर्वाधार निर्माण

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- पर्यटकीय पूर्वाधारको विकासका लागि विशेष अनुदान
- निजी क्षेत्र लगानी मैत्री नीति निर्माण
- पहिचान भएको पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माणको लागि डिपिआर तयार
- माङसेबुङलाई धार्मिक सांस्कृतिक र कृषिपर्यटन प्रवर्द्धन मार्फत पर्यटकीय हवतयारी

### ५.२.७ अपेक्षित उपलब्धी

आन्तरिक र बाह्य पर्यटन आगमन बार्षिक १०००० पुगेको हुने, स्थानीय पर्यटन व्यासायसँग सम्बन्धित ५० वटा होमस्टे संचालन हुने, पालिका भित्रका विभिन्न वडाका १५० जनाले आतिथ्य व्यवस्थापन, होटल/होमस्टे व्यवस्थापन, सुरक्षा जस्ता विषयमा तालिम लिई पर्यटन तालिम प्राप्त गरी रोजगारीमा संलग्न गराइएको हुने, कम्तिमा ४ वटा पर्यटन क्षेत्रको डिपिआर तयार हुने, १ वटा सांस्कृतिक संग्रहालय र १ वटा पर्यटन सूचना केन्द्र स्थापना भएको हुने, मन्दिर धाम क्षेत्रको फोहर व्यबस्थापन चुस्त दुरुस्त भएको हुने, छिमेकी पालिसँग एकीकृत पर्यटन विकास अवधारणा तयार हुने र साना पर्यटकीय पूर्वाधार स्तरोन्नति भएको हुने, प्रचारप्रसार सामाग्री तयार हुने साथै अन्तर सरकार र सम्वद्ध निकाय वीच प्रभावकारी समन्वय भएको हुने आदि ।

## ५.३ उद्योग, व्यापार र व्यबसाय

### ५.३.१ प्रमुख समस्या

गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी, औद्योगिक पूर्वाधारको कमी, औद्योगिक ग्राम स्थापना नहुनु, दक्ष प्राविधिक जनशक्तिको कमी, व्यावसायिक सीप र दक्षताको अभाव, वित्तीय पहुँचको कमी दुर्लभ र उत्पादित कृषिजन्य वस्तुहरु कच्चा रुपमै निकासी हुनु, यथोचित तथ्याङ्कको अभाव आदि प्रमुख समस्या रहेका छन ।

### ५.३.२ अवसर र चुनौती

**(क) अवसर**

दमक रवी सडक जोडिएको र पक्की हुनेक्रममा रहेको, अन्य ठूला सडकहरु स्तरोन्तीको क्रममा हुनु, वन तथा कृषिपशुपालनमा आधारित लघु तथा घरेलु उद्योग स्थापना शुरुवात हुनु र नियमनको अधिकार स्थानीय तहमा रहनु, कृषि, वन र जडी वुट्टी जन्य उद्योगको प्रवल सम्भावना रहनु, स्थानीय नागरिकहरूमा व्यावसायिक लगानी प्रतिको आकर्षण, उद्योग, ऊर्जा, पर्यटन आदि क्षेत्रमा वाह्य लगानीको संभावना रहनु, एक स्थानीय तह एक वाणिज्य वैंकको नीति अनुसार सिटिजन वैकको शाखा स्थापना हुनु, विद्युतको राष्ट्रिय प्रसारण सबै स्थानीय तहमा पुऱ्याउने राष्ट्रिय नीति रहनु साथै गाउँपालिकामा विद्यूत विस्तार गाउँपालिकाको प्राथमिकतामा पर्नु, एक गाउँपालिका एक औद्योगिक ग्रामको केन्द्रीय नीति रहनु, वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग गर्न सकिने सम्भावना रहनु, व्यापार व्यवसायको वृद्धि गर्नु, आदि प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

पूर्वाधार निर्माण गरी औद्योगिक वातावरण सृजना गर्नु, उद्यमशिलता विकास गर्नु, औद्योगिक जनशक्ति उत्पादन गर्नु, कृषि एवम् पशु विकास र वनजन्य उत्पादन र जडीवुट्टीको व्यावसायिक उत्पादन गर्नु, औद्योगिक ग्रामको निर्माण गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको सवैमा पहुँच वृद्धि गर्नु, वित्तीय पहुँच अभिवृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु आदि प्रमुख चुनौती हुन ।

### ५.३.३ उद्देश्य

रोजगारी, आयआर्जन, उद्योग, व्यापार र व्यवसाय विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।

### ५.३.४ रणनीति

(१) उद्यमशीलताको प्रवर्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,
(२) व्यापार व्यवसायको विविधिकरण, विकास र विस्तार गर्ने

### ५.३.५ कार्यनीति

**रणनीति १ः उद्यमशीलताको प्रवर्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा विस्तार गर्ने,**

(१) गाउँपालिका भित्र लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गर्न नीतिगत एवं कानूनी व्यवस्था गरिनेछ ।

(२) गाउँपालिका भित्र स्थापना तथा संचालन भएका साना तथा घरेलु उद्योगहरुको प्रविधिमा आधारित लगत राखिनेछ ।

(३) स्थानीय स्तरमा उद्यमशिलता विकासका लागि उपयुक्त व्यक्तिहरूको छनौट गरी सीप विकास एवं उद्यमशिलता तालिम प्रदान गरी आय र रोजगारी सँग आवद्ध गराइनेछ ।

(४) एक गाउँ एक उत्पादनको लागि संभावना अध्ययन गरी औद्योगिक ग्राम लगायतका औद्योगिक पूर्वाधारको विकास गरिनेछ ।

(५) वैदेशिक रोजगार बाट फर्किएका युवाहरूलाई उद्योग व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच लगायत अन्य सहुलियत प्रदान गरिनेछ ।

(६) साना तथा मझौला उद्योग स्थापनार्थ तालिम प्राप्त जनशक्तिलाई स्किम धितोका आधारमा समूह जमानीमा वित्तीय सस्थाबाट कर्जा उपलब्ध गराउन संस्थागत सहजिकरण गरिनेछ ।

(७) स्थानीय सीप र कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगलाई प्रोत्साहन गरिनेछ ।

(८) परम्परागत रुपमा चलिरहेका स्थानीय पहिचान जन्य उद्योगहरूलाई नयाँ प्रविधि सँग आवद्ध गरी व्यवसायिक्ता अभिवृद्धि गरिनेछ ।

(९) महिला उद्यमीहरूद्वारा सञ्चालित उद्यमलाई दर्ता, संचालन र अनुदान प्रकृयामा विशेष प्राथमिक्ता र प्रोत्साहन दिइनेछ ।

(१०) स्थानीय मौलिक कृषि उत्पादन तथा चिया उत्पादनलाई अर्गानिक प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गरी बिक्री वितरण गर्न प्रोत्साहित गरिनेछ । सर्टिफिकेसन प्रकृयालको लागि नीतिगत सहजीकरण गरिनेछ ।

**रणनीति २ः व्यापार व्यवसायको विविधिकरण, विकास र विस्तार गर्ने ।**

(१) पालिका भित्र संचालनमा रहेका व्यापार व्यवसायको तथ्याङ्क सङ्कलन गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।

(२) नाफामूलक व्यापार एवम् व्यबसायलाई  नियमानुसार करको दायरामा समेटिने छ ।

(३) स्थानीय उत्पादनलाई आन्तरिकसम्म पहुँच बढाउन सबै वडामा नियमित यातायात संचालनको लागि पहल पूर्वाधार तयार गरिनेछ ।

(४) खाद्य सुरक्षा र पोषणको प्रत्याभूति गराउन सहकारी तथा निजी क्षेत्र मार्फत स्थानीय उत्पादनलाई वढावा दिदै नियमित आपूर्तिको व्यवस्था गरिनेछ ।

(५) गजुरमुखीधामक्षेत्र, चियापानी पञ्चमी, चुतुरे, लारुम्बाजस्ता ग्रामीण बजारकेन्द्रहरुमा व्यापार प्रवर्द्धनका लागि सार्वजनिक संरचना निर्माणलाई प्राथमिकता दिईनेछ ।

### ५.३.६ प्रमुख कार्यक्रम

(क) स्थानीय तह आफैले गर्ने

- नीति एवं कानून तर्जुमा तथा अनुगमन
- उद्यमशीलता तथा एडभान्स सीप तथा क्षमता विकास कृयाकलाप
- ग्रामीण औद्योगिक पूर्वाधारको विकास
- परम्परागत उद्योगको आधुनिकीकरण र प्रवर्द्धन
- महिला उद्यम विकास, प्रवर्द्धन
- स्थानीय पहिचान भएका उत्पादनहरूको प्रशोधन, लेवलिङ, ब्राण्डिङ तथा प्याकेजिङ
- स्थानीय हाट बजारको व्यवस्था तथा टहरो निर्माण

- पालिका भित्र संचालित उद्योग तथा व्यापारको अभिलेख तयार र अद्यावधिक
- अनुदान सहुलियत प्रवन्ध एवंम् प्रविधि हस्तान्तरण
- रोजगारी सृजनाका लागि आयआर्जन कार्यक्रम संचालन
- सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी परामर्श सेवा

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- औद्योगिक पूर्वाधारको विकास ।
- अद्यौगिक ग्रामस्थापना तथा प्रवर्द्धन
- उद्यमविकास अनुदान
- सार्वजनिक नीजि साझेदारी अवधारणा मार्फत व्यबसाय प्रोत्सहान कार्यक्रम

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- एकगाउँ एक उत्पादन प्रवर्द्धन
- औद्योगिक ग्राम स्थापना
- लगानी आकर्षण र प्याकेज परियोजना सहजीकरण
- विशेष अनुदान व्यबस्था
- उद्यमशीलताको लागि लघुउद्यमी विकास तथा सहयोग

### ५.३.७ अपेक्षित उपलब्धी

८० वटा लघु तथा घरेलु उद्योग स्थापना, पालिकास्तरीय उद्योग लगत राख्ने सफ्टवेयर जडान र व्यापार तथा मझौला व्यवसाय समेतमा गरी ९०० जनाले रोजगारी प्राप्त गरेको हुने, औद्योगिक ग्राम स्थापना भएको हुने, १२० जनाले उद्यम विकास तालिम लिएको हुने, सीपमूलक तालिम ३०० जनाले प्राप्त गरेको हुने, ४ वटा साना बजारी क्षेत्रमा न्यूतनम पूर्वाधार विकासहुने, पालिकाको २ वटा क्षेत्र अर्गानिक जोन किटान भई प्रोडक्ट सर्टिफिकेसनको लागि अनुकुल नीति तयार भएको हुनेछ ।

## ५.४ सहकारी तथ वित्तिय सेवा

### ५.४.१ प्रमुख समस्या

गाउँपालिका समूह/सहकारी गठन संचालन भएपनि सवै सदस्यहरु वीच सहकारी सम्बन्धी ज्ञानको कमि हुनु, सहकारी क्षेत्रको सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य नहुनु, सहकारी संस्था सञ्चालनका लागि आवश्यक पर्ने उद्यमशीलताको कमी हुनु, सहकारी क्षेत्र अन्तर्गत आय आर्जन तथा रोजगारीका अवसरहरू वारे सम्भाव्यता तथा अध्ययन विश्लेषण नहुनु, वित्तीय सेवाका निमित्त आवश्यक इन्टरनेट सुविधाको कमी, सञ्चालनमा रहेका वचत तथा ऋण लगायतका सहकारी संस्थाहरूको कारोवार क्षमता सीमित हुनु, आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन ।

### ५.४.२ अवसर र चुनौती

**(क) अवसर**

पालिका स्तरमा बिषयगत शाखाको रुपमा सहकारी क्षेत्र स्थानीय सरकारको कार्य क्षेत्रमा पर्नु, गाउँपालिकाको नीति सहकारी प्रवर्द्धनात्मक हुनु, गैह्सरकारी क्षेत्रबाट पनि सहकारी प्रवर्द्धन र क्षमता विकासमा सहयोग जुट्नु, सहकारी क्षेत्रमा उद्यमशीलता विकासका लागि संघ र प्रदेश स्तरका निकायहरूबाट सहयोग उपलब्ध हुनु, बैंक र वित्तीय संस्थाको उपस्थिति रहनु, वचत तथा ऋण लगायतका बैंकिङ्ग सेवाको मागमा विस्तार हुनु आदि सहकारी क्षेत्रका अवसरहरू रहेका छन ।

**(ख) चुनौती**

सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्नु, दिगो इन्टनेट प्रवन्धमा मार्फत बैंकिङ्ग तथा वित्तीय सेवा विस्तार गर्नु, सहकारीको प्रतिस्पर्धात्मक क्षमता बढाउनु, सहकारी शिक्षा प्रदान गर्नु र सहकारी क्षेत्रले सार्वजनिक क्षेत्र र निजी क्षेत्र सँग सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन ।

### ५.४.३ उद्देश्य

(१) सहकारी डेक्स मार्फत यस क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवं व्यावसायिक तुल्याउनु ।
(२) वित्तीय तथा बैंकिङ्ग सेवाको पहुँच बढाउनु ।

### ५.४.४ रणनीति

(१) सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने ।

(२) सहकारी अनुगमन र नियमन मार्फत सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने ।
(३) गाउँपालिकामा वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने ।

### ५.४.५ कार्यनीति

**रणनीतिः १ सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशील तुल्याउने ।**

(१) सहकारी क्षेत्र अन्तर्गत सम्भाव्य उत्पादन क्षेत्र तथा उपक्षेत्र र सेवा क्षेत्रको पहिचान गरी सहकारीको लगानी परिचालन गरिने छ ।
(२) सहकारी खेती तथा सहकारी सिचाइ अवधारणालाई प्रवर्द्धन गरिनेछ ।
(३) उत्पादन तथा सेवालाई बजारीकरण गर्न सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ ।
(४) सहकारी क्षेत्रमा आवश्यक सीप तथा उद्यमशीलताको विकास गरी आय आर्जन तथा रोजगारीका अवसरहरूमा विस्तार गरिनेछ ।
(५) सहकारी लगानीलाई बढी मूल्य अभिवृद्धि ९ख्बगिभ ब्मृजबष्ल० हुने आर्थिक क्रियाकलापहरू तर्फ क्रियाशील तुल्याइने छ ।
(६) विद्यमान आर्थिक अवसरहरूको विस्तार गर्न सहकारी क्षेत्र, सार्वजनिक क्षेत्र र निजी क्षेत्र वीचको साझेदारी विकास गरिनेछ ।

**रणनीतिः २ सहकारी तथा वित्तीय क्षेत्रमा सुशासन कायम गर्ने ।**

(१) सहकारी सम्बन्धी नीति कानून, कार्यविधि तथा मापदण्डहरूको तर्जु एवंम् सशोधन गरी कार्यान्वयन गरिनेछ ।
(२) सहकारी शिक्षा तथा अभिमुखीकरण द्वारा गाउँ बासीमा सहकारीको आधारभूत सिद्धान्त र मूल्य बारे जागरण गरिनेछ ।
(३) सहकारी सम्बन्धी जागरणका लागि जानकारी पुस्तिकाहरू प्रकाशन, वितरण तथा स्थानीय एफ.एम.रेडियो सेवा द्वारा प्रसार गरिनेछ ।
(४) सहकारी क्षेत्रको समग्र विकासका निमित संस्थागत क्षमताको विकास गरिनेछ ।
(५) सहकारी संस्थाहरूको सु-सञ्चालनमा सघाउन सहकारी डेक्सस स्थापना गरी गाउँपालिकाद्वारा नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी तुल्याइने छ ।
(६) लघुवित्त सेवाप्रदायकहरु वीच छलफल गरी कर्जा प्रकृयालाई सहजीकरण गरिनेछ ।

**रणनीतिः ३ गाउँपालिकामा वित्तीय तथा बैंकिङ्ग सेवाको विस्तार गर्ने ।**

(१) गाउँपालिकाका अन्य साना बजारी क्षेत्रहरूमा वित्तीय तथा बैंकिङ्ग संस्थाहरू स्थापना तथा विस्तार गरिनेछ ।
(२) वचत तथा ऋण सहकारी संस्था र वित्तीय तथा बैंकिङ्ग संस्थाहरूका वीचमा स्वस्थ प्रतिस्पर्धामा सहजीकरण गरिनेछ ।
(३) साना व्यवसाय, कृषि, पशुपालन आदि व्यावसायिक क्षेत्रमा वीमाको प्रवन्ध गरिनेछ ।

### ५.४.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- वचत तथा ऋण सहकारी अनुगमन तथा नियमन
- सहकारी संचालन सम्बन्धी मापदण्ड तयार एवंम् कार्यान्वयन
- सहकारीमा मार्फत व्यबसाय प्रवर्द्धन तथा अनुदान सहजीकरण
- तालिम तथा क्षमता विकास ।
- वित्तिय साक्षरता कार्यक्रम
- अनुषन्धान तथा अध्ययन भ्रमण

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- वहुउद्देश्यीय सहकारीको क्षमता विकास,
- अनुगमन तथा नियमन

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- ऋण तथा वित्तिय सहयोग

### ५.४.७ अपेक्षित उपलब्धी

घर परिवारमा कम्तिमा एक सदस्यको बैंक वा वित्तीय संस्थामा खाता भएको परिवार ७५ प्रतिशत पुगेको हुने, सहकारीको लगानी ७५ प्रतिशत उत्पादनशील क्षेत्रमा भएको हुनेछ, सहकारी सम्न्धमा बार्षिक ४ वटा क्षमता विकास कार्यक्रम संचालन हुनेछ ।

# परिच्छेद ६

# सामाजिक क्षेत्र

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन**

(क) शिक्षा
(ख) स्वास्थ्य र पोषण
(ग) युवा तथा खेलकुद
(घ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)
(ङ) खानेपानी तथा सरसफाई

## ६.१ शिक्षा

### ६.१.१ प्रमुख समस्या

विद्यालयका भौतिक पूर्वाधार कमजोर हुनु, सवै बिद्यालयहरुमा अपाङ्ग मैत्री पूर्वाधार नहुनु, गुणस्तरीय शिक्षामा पहुँचमा कमी, बढ्दो अविभावकको चाहना भएपनि प्राविधिक विद्यालय नहुनु, विद्यालयमा पर्याप्त शैक्षिक सामग्रीको कमी, प्रविधिमैत्री शिक्षण सिकाईको कमी, वाल विकास केन्द्र व्यबस्थित नहुनु, गणित, विज्ञान तथा अंग्रेजी शिक्षकको कमी, कार्यमूलक शिक्षक तालिमको कमी, सवै बिद्यालयमा मातृभाषामा शिक्षा नहुनु, छात्रा एवं अपाङ्गता मैत्री शौचालय न्यून हुनु यस क्षेत्रका प्रमुख समस्याको रुपमा रहेका छन ।

### ६.१.२ अवसर र चुनौती

**(क) अवसर**

नेपालको संविधानले आधारभूत शिक्षा मौलिक हकको रुपमा स्थापित हुनु, शिक्षाक्षेत्र सवैतहको सरकारको प्राथमिक्तामा पर्नु, माध्यमिक शिक्षा सम्मको नीति तथा योजना बनाउने अधिकार स्थानीय तहमा हुनु, स्थानीय सरकारद्वारा शिक्षामा लगानी वृद्धि, सबै स्थानीय तहमा एक प्राविधिक विद्यालय स्थापना गर्ने सरकारी नीति हुनु, पुराना र जीर्ण भौतिक संरचना भएको विद्यालय भवनहरू पुनर्निर्माण हुँदै जानु, प्राविधिक शिक्षा प्रतिको जन अभिरुचि बढ्दै जानु, स्थानीय मातृभाषामा पाठ्यक्रम तयार भई शिक्षणकार्य प्रारम्भ हुनु आदि यस क्षेत्रका अवसर हुन ।

**(ख) चुनौती**

समुदायस्तरमा प्राविधिक र गुणस्तरीय शिक्षाको पहुँचको सुनिश्चितता, कक्षा छाड्ने र दोहोर्‍याउने दर घटाउनु, विशेष शिक्षाको पहुँच बढाउनु, शैक्षिक पूर्वाधारको दिगो विकास, शिक्षण र सिकाई दरमा सुधार गर्नु, विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु, उच्चशिक्षाको अवसर बृद्धि गर्नु, मातृभाषा माध्यमबाट सवै क्षेत्रमा अध्यापन शुरुवात गर्नु, शिक्षकले लिएको तालिम कक्षाकोठा सम्म आईनपुग्नु आदि यस क्षत्रेका प्रमुख चुनौती हुन्छ ।

### ६.१.३ उद्देश्य

दिगो पूर्वाधार सहित गुणस्तरीय शिक्षामा समतामूलक पहुँच स्थापित गर्नु ।

### ६.१.४ रणनीति

(१) आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।
(२) शिक्षामा समतामूलक पहुँच स्थापित एवंम् अंग्रेजी शिक्षक अनुदान निरन्तरता कायम गर्ने ।
(३) शिक्षण सिकाई दर बढाउने ।
(४) एक गाउँपालिका एक प्राविधिक धार बिद्यालय मार्फत व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने ।
(५) अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने ।

### ६.१.५ कार्यनीति

**रणनीति (१) आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने ।**

- गाउँपालिकाको सामाजिक विकास समिति अन्तर्गत सरोकारवाला समेतको सहभागिता हुने गरी आवश्यकत परे शिक्षा विकास उपसमिति गठन गरी शैक्षिक विकासमा कृयाशील गराइने छ ।
- विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।
- खेलकुद मैदान, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालय, पठन पाठन शैक्षिक सामग्री, महिला र अपाङ्गता मैत्रीसंरचना आदि जस्ता शैक्षिक पूर्वाधारको विकास गरिनेछ ।
- दरबन्दी अनुसार विषयगत शिक्षकहरूको पदपूर्ति गरिनेछ ।
- बिद्यालय पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिनै सवै विद्यालयलाई वालमैत्री तथा अपाङ्गता मैत्री बनाइनेछ ।
- विद्यालय शिक्षालाई सूचना प्रविधिसँग आवद्ध गरी विद्यालय शिक्षालाई प्रविधि मैत्री बनाइने छ ।
- मापदण्ड पुगेका बिद्यालयहरुलाई आवासीय स्मार्ट बिद्यालयको रुपमा विकास गरिने छ ।

**रणनीति (२) शिक्षामा समतामूलक पहुँच स्थापित एवंम् अंग्रेजी शिक्षक अनुदान निरन्तरता कायम गर्ने ।**

- विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षामा आवद्ध गर्न आमा समूह, नागरिक समाज उन्मुख संघ संस्था, सामुदायिक संस्था, गैसस परिचालन गरिनेछ ।
- अभिभावकमा शैक्षिक चेतना विस्तार कार्यक्रमका लागि आवधिक कृयाकलापहरु सञ्चालन गरिने छ ।
- विपन्न, दलित तथा पिछडिएका जाति तथा समुदायका बालबालिकाहरूलाई विद्यालयमा आकर्षण, टिकाउ र सिकाईमा सहयोग पुग्ने गरी पोसाक, दिवा खाजा, छात्रवृत्ति, शैक्षिक सामाग्री लगायतका विशेष उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिने छ ।
- मातृभाषामा पठनपाठन गराउने सामुदायिक, धार्मिक, वा बैकल्पिक बिद्यालयहरुलाई मापदण्डका आधारमा कार्यक्रम अनुदान र मातृभाषा शिक्षक दरबन्दी अनुदान कार्यक्रमलाई निरन्तरता दिएईनेछ ।
- वालिका शिक्षालाई प्रोत्साहित गर्न छात्रामैत्री शौचालय, स्यानिटरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिने छ ।
- वाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिनेछ साथै सहायक कार्यकर्तालाई प्रोत्साहनमूलक कृयाकलापहरु संचालन गरिनेछ ।

**रणनीति (३) शिक्षण सिकाई दर बढाउने ।**

- शिक्षक तालिम र पुनर्ताजगी तालिम उपलब्ध गराइने छ ।
- शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग बढाइने छ ।
- विद्यालयमा सिकाई वातावरण अनुसार कक्षा कोठाको व्यवस्थापन मिलाउँदै लगिने छ ।
- अभिभावकहरुको चाहाना अनुसार शैक्षिक प्रगतिको लागि क्रमशः अग्रेजी माध्यम शिक्षण शिकाईको परीक्षण गरिनेछ ।
- शिक्षण सिकाईमा सहयोग पुग्ने अतिरिक्त कृयाकलाप र प्रयोगात्मक शिक्षालाई बढावा दिइनेछ ।
- सिकाईको अभिवृद्धि गर्न शिक्षक उपस्थिति, शिक्षण शैली, सिकाई परीक्षण, सिक्ने र सिकाउने वातावरण जस्ता पक्षहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ साथै उत्कृष्ठ अभ्यासलाई प्रोत्साहन गरिनेछ ।

**रणनीति (४) प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने ।**

- स्थानीय आवश्यकतामा आधारित एक गाउँपालिका, एक प्राविधिक बिद्यालय स्थापनाको लागि पहल गरिने छ ।
- विद्यालय शिक्षा पुरा नगरेका किशोर किशोरीहरूलाई विद्यालय केन्द्रित व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिने छ ।
- अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको विस्तार गर्ने ।
- विद्यालय केन्द्रीत अनौपचारिक शिक्षा अभियान सञ्चालन गरिने छ ।
- डिजिटल साक्षरताको नीति अवलम्बन गरिने छ ।
- साक्षरता कार्यक्रम पुर्नताजगीमा कृयाशिल गैर सरकारी संस्थाहरूको परिचालन र समन्वय गरिनेछ ।
- एक गाउँपालिका एक नमूना बिद्यालय र एकवडा एक नमूना बिद्यालय निर्माणलाई सूचंकाकमा आधारित बनाई निरन्तरता दिईनेछ ।

### ६.१.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- वालमैत्री, अपाङ्गता मैत्री, महिला मैत्री विद्यालय भौतिक पूर्वाधार निर्माण ।
- अभिभावक शिक्षा अर्न्तकृया तथा अभियान ।
- मर्यादित महिनावारीको लागि स्यानिटरी प्याड वितरण कार्यक्रम

- विद्यालयमा स्वच्छ खानेपानीको व्यबस्था र छात्र-छात्रामैत्री शौचालय निर्माण
- विद्यालय भर्ना अभियान ।
- छात्रबृत्ति कार्यक्रम
- सूचना प्रविधिमा अधारित अध्यापन तथा कम्प्युटर ल्याव ।
- आवासीय नमूना विद्यालय ।
- बिद्यालयहरुमा बोर्डव्यान्ड ईन्टरनेट जडान
- स्थानीय पाठ्यक्रम तयारी, कार्यन्वयन र अनुगमन ।
- स्थानीय मातृभाषा शिक्षा प्रबर्द्धन
- शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि,
- सामाजिक परीक्षण ।
- सबै बिद्यालयहरुमा शिक्षक विद्यार्थी आचारसहिता अनिवार्य गर्ने
- व्यक्तिगत स्वास्थ्य शिक्षाका लागि विद्यालय नर्स कार्यक्रम सञ्चालन
- बिद्यालयमा कार्यरत कर्मचारी र बालविकास केन्द्रका कर्मचारीहरुलाई आर्थिक प्रोत्सहान
- बिद्यालय अनुगमन तथा निरीक्षण
- आवश्यकता र औचित्यको आधारमा बिद्यालय मर्च तथा दरबन्दी मिलान
- विद्यालय तहमा पुस्तकालय स्थापना र संचालन
- शिक्षाक्षेत्र सुधारका लागि आवश्यक नीति नियम तयारी

### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- शिक्षक क्षमता विकास तालिम ।
- नमूना विद्यालयका भौतिक पूर्वाधार निर्माण ।
- पाठ्यक्रम विकास र समन्वय ।
- वहुप्राविधिक विद्यालयको स्थापना

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- छात्रबृत्ति
- नमूना बिद्यालय पूर्वाधार
- लिङदेन  आत्मानन्द सेन बहुमुखी क्याम्पसको स्थापना संचालन तथा व्यवस्थापन ।
- श्री चिसोपानी मा.वि.लाई स्मार्ट मा.वि.को रुपमा स्तरोन्नति गर्ने ।
- सबै विद्यालयहरुमा दिवा खाजाको व्यवस्थापन

### ६.१.७ अपेक्षित उपलब्धी

गाउँपालिका क्षेत्रमा एक प्राविधिक विद्यालय स्थापना भएको हुने,  गाउँपालिका नमूना बिद्यालय संचाालन भएको हुने, लिङदेन आत्मानन्द सेव बहुमुखी क्याम्पस स्थापना भएको हुने, साक्षरता ९५ प्रतिशत पुगेको हुने, आधारभूत तहमा भर्ना दर ९९.५ प्रतिशत पुगेको र विद्यालय छाड्ने दर १ प्रतिशत भन्दा कम भएको हुने, माध्यमिक विद्यालयमा भर्ना दर ८५ प्रतिशत पुगेको हुने र कक्षा छाड्ने दर १ प्रतिशतमा झरेको हुने, स्थानीय पाठ्यक्रम निर्माण भई नियमित प्रयोगमा आएको हुने, हरेक माध्यामिक तह विद्यालयमा कम्प्यूटर ल्याव र विज्ञान प्रयोगशाला स्थापना भएको हुने, एस.ई.ई परीक्षामा सबै विद्यार्थी "वी" भन्दा माथिको श्रेणीमा उतीर्ण भएको हुने, सबै शिक्षक तालिम प्राप्त भएको हुने ।

## ६.२ स्वास्थ्य, पोषण तथा खाद्यसुरक्षा

### ६.२.१ प्रमुख समस्या

विश्वव्यापी प्रकोपको रुपमा रहेको कोविड १९ को लागि पूर्व सावधानीमूलक कृयाकलापहरु कम हुनु, आपतकालिका अवस्थामा स्तरीय उपकरण सहितको उपचारकेन्द्रहरु स्थापना नहुनु, सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (birthing center) को अभावले प्रसुति सेवामा कठिनाई, सरुवा तथा जटिलप्रकारका नसर्ने रोगको प्रकोप बढ्दै जानु, समुदायमानै सुविधासम्पन्न अस्पतालको

अभावले रोग निदानमा समस्या, महिला प्रजनन स्वास्थ्य समस्या बढ्दै जानु, सरकारी स्वास्थ्य संस्थामा आवश्यकता अनुसारको उपकरण र विशेषज्ञ चिकित्सकको अभाव, निशुल्क तथा अत्यावश्यक औषधीको समयमानै पर्याप्त मात्रामा बर्षभरीनै उपलब्ध नहुनु । अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको पहुँचमा कमी, बालबालिकाका पोषण अवस्था सन्तोषकनक नुहुनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन ।

### ६.२.२ अवसर र चुनौती

#### (क) अवसर

नेपालको संविधानले आधारभूत स्वास्थ्यलाई मौलिक हकको रुपमा राख्नु साथै आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहनु, सवैलाई सुलभ स्वस्थ्य सेवा भन्ने लक्ष्यका साथ १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहनु, सबै वडामा खोप केन्द्र उपलब्ध हुनु, सामुदायिक स्वास्थ्य केन्द्र संचालन हुनु, राष्ट्रिय स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनमा रहनु, स्वास्थ्य प्रवर्द्वन कार्य गाउँपालिकाको प्राथमिक्ता र जनचासोको विषय रहनु, ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहको क्रियाशीलता, आपतकालिन अवस्थाको लागि सडक पहुँचको विस्तार हुने क्रममा रहनु, पालिकाले संचालन गर्ने गरी एम्बुलेन्स खरिद गर्नु आदि यस क्षेत्रका प्रमुख अवसरहरू रहेका छन् ।

#### (ख) चुनौती

भौगौलिक प्रतिकुलताका कारण स्वास्थ्य सेवालाई सबैको सुलभपहुँच भित्र ल्याउनु, कोविड १९ जस्ता महामारीजन्य रोग न्यूनिकरणका लागि आपतकालिन उपचार प्रवन्धको पूर्वचारी गर्नु, नसर्ने गम्बिर प्रकारका रोगहरु न्यूनिकरणका उपाय पहिचान गर्नु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा यूक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुऱ्याउनु, स्वास्थ्य विमा कार्यक्रमलाई सबै नागरिकको दायरामा पुऱ्याउनु, खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु, प्रवर्द्धनात्मक तथा निरोधात्मक र उपचारात्मक स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ६.२.३ उद्देश्य

गुणस्तरीय पूर्वाधार सहितको स्वास्थ्य सेवा तथा पोषणलाई सबैको पहुँचमा पुर्याउनु

### ६.२.४ रणनीति

१. आधारभूत स्वास्थ्य तथा सरसफाईमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।
२. महामारी जन्य रोग न्यूनिकरणको लागि पूर्वतयारी अपनाउने साथै संस्थागत क्षमता विकास गर्ने ।
३. व्यक्तिगत सरसफाई, स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि गर्दै खाद्यसुरक्षा अभिबृद्धि गर्ने ।

#### रणनीति १ आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

- सवैको लागि स्वास्थ्य भन्ने लक्ष्यका साथ १५ शैयाको अस्पताल निर्माणको लागि थप स्रोत सुनिश्चिता र आवश्यक पहल गरिनेछ ।
- सवै सरकारी स्वास्थ्य संस्थामा आधारभूत औषधी, उपकरण र चिकित्सक सेवा उपलब्ध गराइने छ ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचारको लागि जेष्ठ नागरिक सहायता कोषलाई निरन्तरता दिईनेछ ।
- सबै स्वास्थ्य संस्थाहरूमा नियमित जाँच सहितको प्रसुती सेवा (birthing center) उपलब्ध गराइने छ ।
- स्वास्थ्य संस्थामा प्रसुती गराउन प्रेरित गर्दै शून्य होम डेलिभरी वडा घोषणा कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- महिलासँग सम्बन्धित रोगहरू (पाठेघर जन्य समस्या, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, रक्त अल्पता) आदि रोकथाम तथा नियन्त्रणका लागि विशेष स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।
- स्वास्थ्य संस्था केन्द्रीत विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिने छ ।
- बाल, मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी खोप कार्यक्रम प्रभावकारी बनाई लक्षित समुहलाई शत प्रतिशत पूर्ण खोपको दायरमा ल्याइने छ ।
- जुकाको औषधि, भिटामिन ए, हेपाटाइटिस बी, हात्ती पाइले लगायतका खोप तथा औषधि कार्यक्रमलाई अभियानको रुपमा निरन्तर सञ्चालन गरिनेछ ।
- स्वास्थ्य बीमाको पहुँच सबै परिवारमा पुर्याइनेछ, अति विपन्न समुदायलाई स्वास्थ्य बीमा सम्बन्धी अनुदान सहयोग उपलब्ध गराइने छ ।
- स्वास्थ्य, शारिरीक अपाङ्ग तथा पोषण क्षेत्रमा कार्यरत संस्था र निकायहरू वीच समन्वय कार्य गरिनेछ ।
- स्वास्थ्य, सरसफाइ र पोषण जस्ता अन्तर सम्बन्धीत विषयहरूमा कार्यक्रमगत आवद्धता सुदृढ गरिनेछ ।

- स्वास्थ्य क्लिनिक, सामुदायिक स्वास्थ्य क्लिनिक लगायत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिने छ ।
- वडास्तरमा स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधार निर्माण सम्पन्न गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता बृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

### २. महामारी जन्य रोग न्यूनिकरणको लागि पूर्वतयारी अपनाउने साथै संस्थागत क्षमता विकास गर्ने ।

- कोविड १९ लगायतका महामारीजन्य प्रकोप न्यूनिकरणको लागि विपद् व्यबस्थापन कोषलाई थप स्रोतसाधनयुक्त बनाईनेछ ।
- भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था मिलाइने छ ।
- महिला स्वास्थ्य स्वंयमसेविकाहरुको क्षमता विकासलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षणलाई नियमितता दिईनेछ ।

### ३.व्यक्तिगत सरसफाई, स्वास्थ्य तथा पोषण चेतना अभिवृद्धि मार्फत खाद्यसुरक्षा गर्ने ।

- खुल्ला दिशामुक्त गाउँपालिका घोषणा पश्चात गर्नुपर्ने फलोअपका कृयाकलापलाई नियमितता दिईनेछ ।
- स्वास्थ्य स्वंमसेविकाहरुको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- प्राथमिक स्वास्थ्य सेवामा सुलभ पहुँचका लागि  विभिन्न उपचारात्मक, प्रतिकारात्मक, र प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- विद्यालय तहमा विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- समुदाय तहसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धिको कार्यक्रम पुर्याइनेछ ।
- विभिन्न खालका सरुवा रोगको प्रकोप सम्बन्धी चेतना अभिवृद्धि गरिनेछ ।
- आमा समूह समुदायमा आधारित संघ संस्था, क्लव तथा गैर सरकारी संस्था समेतको सहकार्यमा खाद्य व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।
- अति कुपोषण परेका महिला तथा बाल बालिकाहरूलाई पोषण सम्बन्धी उपचारात्मक सेवा उपलब्ध गराइनेछ ।
- महिला स्वयं सेविकाहरूको क्षमता विकास गरी समुदाय केन्द्रीत जनचेतना अभिवृद्धिका साथै स्वास्थ्य सेवा विस्तारमा परिचालन गरिने छ ।
- गाउँपालिकामा अधिक रहेका सर्ने र नसर्ने (ब्लड प्रेसर, मधुमेह, मानसिक रोग, आदि) रोगको पहिचान गरी रोगहरूको कारण र प्रारम्भिक रोकथामका बारेमा व्यापक जनचेतना अभिवृद्धि गरिने छ ।
- व्यायाम, योग जस्ता शारिरीक सुगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रीत बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिने छ ।

## ६.२.६ प्रमुख कार्यक्रम

### (क) स्थानीय तह आफैले गर्ने

- स्वास्थ्य सेवा सुधारको लागि पालिकास्तरमा आवश्यक नीति तथा नियमहरु तयार
- स्वास्थ्य र पोषण सचेतना
- संस्थागत प्रसूति सेवा विस्तार र जनचेतनामूलक कार्यक्रम
- सुरक्षित मातृत्व कार्यक्रम
- स्वास्थकर्मीहरुको अस्थायी पदपूर्ति व्यवस्थापन
- स्थानीय तथा रैथाने पोषणयुक्त बालीहरुको संरक्षण तथा प्रवर्द्धन
- आधारभूत औषधी खरिद एवंम् व्यबस्थापन
- मौसमी संक्रामक रोग/महामारी नियन्त्रणमा लगानी
- आयुर्वेदिक उपचार प्रचार-प्रसार र अनुसन्धानात्मक गतिविधि सहयोग
- स्वास्थ्य पूर्वाधार तथा उपकरण
- खोप कार्यक्रम संचालन
- प्रसुति सेवा
- स्वस्थ्य सेवा प्रभावकारीताको लागि जनशक्ति व्यबस्थापन
- घुम्ती सेवा तथा सामुदायिक स्वास्थ्य ईकाइ संचालन

- आकष्मिक विपद् कोष व्यास्थापन
- स्वास्थ्य विमा कार्यक्रम कार्यन्वयन
- स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण
- स्वास्थ्य स्वयंम्सेविकाहरुको क्षमता विकास तथा प्रोत्साहन भत्ता
- स्वास्थ्यकेन्द्रको भौतिक पूर्वाधार स्तरोन्नती
- स्वास्थ्य चौकीमा आवश्यक उपकरण खरिद तथा आपूर्ति
- नसर्ने रोग पहिचान तथा न्यूनिकरण सम्बन्धी कार्यक्रम
- अति विपन्न तथा असाहय दिर्घरोगीहरुलाई स्वास्थ्य उपचार सहयोग गर्ने

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- सवैलाई सुलभ स्वस्थ सेवाअर्न्तगतचतुरे/मनीपुरमा १५ शैयाको अस्पताल निर्माण
- रिफरल स्वास्थ्य
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण तथा उपकरण
- विशेषज्ञ अस्पताल सँग सहकार्य,
- आवश्यक चिकित्सकको पदपूर्ति ।
- उपकरण खरिद तथा व्यबस्थापन
- मौसमी संक्रामक रोग/महामारी नियन्त्रणमा लगानी
- आकष्मिक प्रकोप कोष साझेदारी

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- विशिष्टीकृत औषधिको आपूर्ति एवंम् सहजीकरण
- विशिष्टीकृत घुम्ती सेवा (शिक्षण संस्था, विशेषज्ञ अस्पताल सँग सहकार्यमा),
- डिपिआर अनुसारको स्वास्थ्य पूर्वाधार निर्माण अनुदान
- महामारी जन्य आकष्मिक तथा अन्य नियमित खोप आपूर्ति
- महामारीजन्य आकष्मिक कोषमा साझेदारी

### ६.२.७ अपेक्षित उपलब्धी

न्यूनतम १५ बेड भएको पूर्वाधार सहितको अस्पताल निर्माण भएको हुने, सबै स्वास्थ्य सेवामा आधारभूत सुविधा तथा प्रसूति सेवा उपलब्ध भएको हुने, १ घण्टाको दुरी भित्र ८० प्रतिशत नागरिकको स्वास्थ्य संस्थामा पहुँच भएको हुने, रिफरल अस्पताल सँग सहकार्य सम्झौता भएको हुने, ६० प्रतिशत जनसंख्यामा स्वास्थ्य बीमाको पहुँच स्थापित भएको हुने, ७५ प्रतिशत भन्दा बढी महिलाले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका हुने, बाल कुपोषण दर १० प्रतिशतमा झरेको हुने, भिटामिन ए प्राप्त गर्ने बालबालिका ९९ प्रतिशत पुगेको हुने, सेवाको सूचकमा सुधार भएको हुने, सरुवा रोग उल्लेख्य रुपमा घटेको हुने, बार्षिक कम्तिमा एकपटक स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण भएको हुने तथा  सबै विद्यालयमा पोषण स्वास्थ्य कार्यक्रम पुगेको हुने छ ।

## ६.३ यूवा तथा खेलकुद

### ६.३.१ प्रमुख समस्या

युवा शक्तिलाई सम्मानित कृषिमा आकर्षण पैदा गर्न नसक्नु साथै उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसकिनु, दक्ष श्रमशक्ति भएको युवा पलायन, खेलकुदको विकासका लागि पूर्वाधारको कमी, व्यावसायिक खेलकुदको कमी, खेलकुद प्रशिक्षणको कमी, क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी, युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ५.३.२ अवसर र चुनौती

**(क) अवसर**

युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, स्थानीय तहमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु, गाउँपालिमा प्रधानमन्त्री स्वरोजगार कार्यक्रम शुरुवात हुनु, रोजगार संयोजकका रुपमा

जनशक्ति कृयाशिल रहनु, गाउँपालिकामा विभिन्न तहमा प्रतियोगितात्मक खेलकुद विकासका लागि बजेट विनियोजन हुनु आदि यस क्षेत्रका प्रमुख अवसरका रुपमा रहेका छन् ।

### (ख) चुनौती

युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा तथा जनशक्ति पलायन रोक्नु, युवामा वैदेशिक रोजगारीको मोह कम नहुनु, स्थानीय स्तरमा सृजना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु, यूवाक्लबहरुसँग साझेदारीमा सामुदायिक विकास कृयाकलाप संचालन गर्नु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, व्यावसायिक खेलकुदको विकास गर्नु, खेलकुद प्रतियोगिता आयोजना गर्नु आदि यस क्षेत्रका प्रमुख समस्या हुन

### ६.३.३ उद्देश्य

१. युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु
२. खेलकुदको विकास गर्नु

### ६.३.४ रणनीति

१. युवाहरूको क्षमता विकास गरी स्थानीय रोजगारीको अभिवृद्धि गर्ने
२. स्थानीय स्तरमा खेलकुद पूर्वाधारको विकास गर्ने

### ६.३.५ कार्यनीति

#### रणनीति (१) युवाहरूको क्षमता विकास गरी स्थानीय रोजगारीको अभिवृद्धि गर्ने

१. युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सीपमूलक तालिम दिईनेछ ।
२. युवाहरूलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग संस्थागत सहजिकरण गरिनेछ ।
३. युवाहरूको दक्षाता र क्षमताका आधारमा उद्यमशील, रोजगार मूलक र स्वरोजगारीमा आवद्ध गराइनेछ ।
४. युवाहरूलाई दुर्व्यसनबाट रोकी उत्पादनसील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिने छ ।
५. युवाहरूलाई सामाजिक कार्य, समूहमा आवद्धता, विपद् व्यवस्थापन जस्ता कार्यमा संलग्न गराइने छ ।
६. युवाहरूलाई संगठित गर्न विभिन्न संघ सस्था र साँकृतिक क्लव, मनोरञ्जन समूह आदिमा संलग्न गराई प्रतिभा प्रष्फुटनको अवसर दिलाइने छ ।
७. परम्परागत मौलिक संस्कृति र सीपहरूलाई युवा पुस्तामा पुस्तान्तरण गर्न प्रोत्साहित गरिने छ ।
८. राष्ट्रिय युवा नीतिका आधारमा स्थानीय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ । साथै राष्ट्रिय युवा परिषद र प्रदेश सर कारसँग आवश्यक समन्वय गरिनेछ ।
९. कोविड १९ बाट अति प्रभावित युवाहरुलाई लक्षित गरी व्यबसायिक, सीपमूलक, रोजगारमूलक तालिम तथा कार्यक्रम संचालन गरिनेछ ।

#### रणनीति २ः स्थानीय स्तरमा खेलकुद पूर्वाधारको विकास गर्ने ।

१. खेलकुद विकासका लागि गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिताहरु आवधिक रुपमा आयोजना गरिनेछ ।
२. डोलटार खेलमैदानलाई पालिकास्तरीय खेलमैदानको रुपमा स्तरोन्नती गरिनेछ । साथै प्रत्येक वडामा एक वडा एक खेलमैदान निर्माण वा स्तरोन्नति गराइने छ ।
३. विद्यालय स्तर देखि नै खेलकुद विकासका लागि हरेक विद्यालयमा खेल मैदानको एवंम् खेलकुद सामाग्रीहरु व्यवस्था गर्न सहयोग गरिनेछ ।
४. खेलकुद विकासको गठन गरिएको गाउँपालिका स्तरीय माङसेबुङ खेलकुद विकास समितिको सवलीकरण गरिनेछ ।
५. विद्यालय स्तरमा खेलकुद शिक्षकको क्षमता विकास गरिने छ ।

### ६.३.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- युवा क्षमता विकास
- युवाहरुको संस्थागत विकास
- बेरोजगारहरुको संख्या अद्यावधिक

- स्थानीय सीप र प्रविधिमा आधारित यूवा उद्यमशीलता विकास कार्यक्रम संञ्चालन गर्ने ।
- युवा रोजगारी प्रवर्द्धन
- राष्ट्रिय यूवा परिषदको समन्यमा बिद्यालय तहमा स्काउट तयारी
- विद्यालयहरुमा खेल सामग्रीहरु सहितको पूर्वाधार तयारी
- खेलाडी प्रतिभा पहिचान
- बिद्यालयतहका खेलकुद मैदान निर्माण तथा स्तरोन्नती
- डोलटार खेलमैदानलाई पालिकास्तरीय खेलमैदानको रुपमा स्तरोन्नती
- खेलकुद प्रतियोगिता संचालन तथा प्रवर्द्धन
- राष्ट्रिय विभूती फाल्गुनन्दको जन्मोत्सवका फाल्गुनन्द गोल्डकप र सेइङ आत्मनन्द गोल्डकप संचालन

### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- युवा अनुभव आदान प्रदान
- युवा उद्धमशीलता अनुदान
- खेलकुद मैदानको स्तरोन्नती
- खेलकुद प्रशिक्षक प्रशिक्षण
- खेलकुद प्रतियोगिता संचालनको लागि संभाव्यताको आधारमा खेलमैदान, कवर्डहल लगायतका पूर्वाधार र श्रोत व्यबस्थाका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने युवा अनुभव आदान प्रदान

- युवा स्वरोजगार
- खेलकुद मैदान स्तरोन्नती
- प्रशिक्षक प्रशिक्षण
- पालिकास्तरीय खेलकुद पूर्वाधार
- राष्ट्रिय युवा परिषदसँग समन्वय
- सहासिक मनोरञ्जनको लागि संभावना अध्ययन र प्रवर्द्धन

### ६.३.७ अपेक्षित उपलब्धी

पालिका स्तरीय युवा सञ्जाल निर्माण भएको हुने, गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नति भएको हुने, १ वटा कभडहल निर्माण भएको हुने, सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक तोकिएको हुने, वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना भएको हुन तथा आन्तरीक गोल्डकपहरुको आयोजना भएको हुनेछ ।

## ६.४ लैङ्गिक तथा सामाजिक समावेशीकरण

### ६.४.१ प्रमुख समस्या

महिला नेतृत्व विकासको कमी, महिलाको भूमिका औपचारिक आर्थिक कृयाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु महिला लक्षित कार्यक्रमको कमी, अपाङ्गता तथा वाल मैत्री पूर्वाधारको कमी, अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक अवसरमा कम पहुँच, अशक्त तथा जेष्ठ नागरिकलाई असमान व्यवहार गर्ने प्रवृत्ति बढ्दो आदि यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । आदिबासी जनजाती समुदाय तथा सम्बद्ध संस्थाहरुको क्षमताविकासमा कम लगानी, अपाङ्गता भएको व्यक्तिहरुको आर्थिक अवस्था कमजोर हुनु आदी यस गाउँपालिकाका प्रमुख सम्स्याहरु हुन ।

### ६.४.२ अवसर र चुनौती

#### (क) अवसर

विकास अवधारणामा समावेशीकरणलाई प्राथमिकता दिई सो अनुसार विभिन्न प्रयासहरु जारी रहनु, समावेशी प्रतिनिधित्वको संवैधानिक एवं कानूनी व्यवस्था हुनु, अधिकारमा आधारित विकास, दिगो विकासको लक्ष्यलाई सबै तहका सरकारहरूले आत्मसात गर्नु, पालिकाको निर्णय प्रक्रियामा महिला, दलित तथा अल्प संख्यकको प्रतिनिधित्वले गर्दा सम्बन्धित वर्ग र समुदायको मुद्दा समेटिदै जानु, विभिन्न वर्ग र समुदायको अधिकार सम्बन्धी संगठन हुनु, अधिकारवादी सस्थाहरूको गाउँपालिका सम्म सञ्जालीकरण हुनु, दलित तथा सीमान्तीकृत समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालनमा आउनु, स्थानीय जनजाति समुदायको घरायसी निर्णय

प्रक्रियमा महिलाको भूमिका प्रभावकारी हुनु, अपाङ्ता भएका, जेष्ठनागरिक, एकलमहिला आदीसँग सम्बन्धित स्थानीय र समुदायमा आधारित संस्थाहरु कृयाशिल हुनु आदि प्रमुख यस क्षेत्रका प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

महिला तथा वञ्चितिमा परेका वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, गाउँपालिका भित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही मुखी संस्थाहरूमा यस वर्ग र समूदायको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु, वाल मैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्नु, सवै सार्वजनिक संरचनाहरु अपाङ्ग र जेष्ठ नागरिक मैत्री पूर्वाधारको विकास गर्नु, आर्थिक तथा सामाजिक जिवनमा लैङ्गिक समानता कायम गर्नु, पारिवारिक र सामाजिक मूल्य मान्यता तथा लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु, सीपविकास मार्फत ग्रामीण महिलाको जीवन स्तरमा सुधार ल्याउनु, महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्नु आदि प्रमुख चुनौती रहेका छन् ।

### ६.४.३ उद्देश्य

समावेशी र समतामूलक समाजको निर्माण गर्नु ।

### ६.४.४ रणनीति

१. महिलाहरूलाई सामाजिक आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने,
२. वञ्चितीकरण र भेदभावमा परेका वर्ग र आादिबासी जनजाती समूदायको सशक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने,
३. बालबालिका, किशोर किशोरीको श्रृजनशीलताको विकास गर्ने,
४. अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच वढाउने,
५. लैससास नीतिको अवलम्वन गर्ने

### ६.४.५ कार्यनीति

**रणनीति १ः महिलाहरूलाई सामाजिक आर्थिक विकासमा मूल प्रवाहीकरण गर्ने ।**

१. महिला, दलित र अल्पसंख्यक जन प्रतिनिधिहरूको नेतृत्व क्षमता विकास गरी उनीहरूको भूमिका सशक्त बनाइनेछ ।
२. महिलाहरूको प्रतिनिधित्व, अर्थपूर्ण सहभागिता वढाउँदै सेवा सुविधा र अवसरमा पहुँच सुनिश्चित गरिनेछ ।
३. एकल महिलाको संरक्षण, सशक्तिकरण गरी सम्मानित जीवन विताउन सहजीकरण गरिने छ ।
४. महिला विभेद, हिंसा र शोषण जस्ता सामाजिक समस्याका विरुद्ध सचेतना, पीडितको उद्धार र संरक्षण तथा उपचारात्मक उपायको अवलम्वन गरिनेछ ।

**रणनीति २ः वञ्चितीकरण र भेदभावमा परेका वर्ग र आदिबासी जनजाती समुदायको शसक्तीकरण गरी विकास प्रक्रियामा सहभागिता वढाउने ।**

१. सामाजिक विभेद विरुद्ध चेतना विकास कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।
२. दलित तथा पिछडिएका वर्गले परम्परागत रुपमा सञ्चालन गरी आएका पेशालाई आधुनिकीकरण गरी व्यावसायिक वनाउन तालिम र प्रविधि हस्तान्तरण गरिनेछ ।
३. वञ्चितीकरण र भेदभावमा परेका वर्ग र समूदायको उपभोक्ता समितिहरू, सामुदायिक सस्था तथा लाभग्राहीमुखी सस्थाहरूमा प्रतिनिधित्व वढाउँदै अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।
४. जातिय विभेद, छुवाछुत, हिंसा र शोषण जस्ता सामाजिक अपराधबाट पीडितको संरक्षण तथा उपचारात्मक उपायको अवलम्वन गरिने छ ।
५. जेष्ठ नागरिकहरूको ज्ञान, अनुभवहरूको अन्तरपुस्ता हस्तान्तरण गर्ने व्यवस्था गरिने छ ।
६. माङसेबुङ गाउँपालिकालाई धार्मिक तथा सांस्कृतिक आर्कषणकेन्द्रको रुपमा विकास गरिनेछ ।
७. स्थानीय समुदाय विशेषतः आदिवासी जनजातीहरुमा जलवायु परिवर्तनका नकारात्मक असरका सम्बन्धमा आदिवासी जनजाती समुदायको सहभागितामा सचेतना र शसक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**रणनीति ३ः बालबालिका, किशोर किशोरीको श्रृजनशीलताको विकास गर्ने ।**

१. स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमसँग आवद्ध गरी मातृ स्वास्थ्य, वाल तथा मातृ पोषण जस्ता वालवचाउका कार्यक्रमहरू सञ्चालन गरिने छ।
२. बालबालिकाको जन्म दर्ता अधिकार स्थापित हुने गरी व्यक्तिगत घटना दर्तालाई अभियानको रुपमा सञ्चालन गरिने छ। साथै व्यक्तिगत घटनादर्तालाई प्रविधिमैत्री बनाईनेछ।
३. निकृष्ट वाल श्रमको अन्त्य गरिने छ।
४. वालकल्व, वाल सञ्जालहरूको स्थापना र विकास गरी वाल सरोकारका विषयमा वाल सहभागिता सुनिश्चित गरिनेछ।
५. विद्यालयहरूमा बालबालिका र प्रतिभा प्रष्फुटनमा योगदान हुने खालका अतिरिक्त क्रियाकलाप सञ्चालन गरिने छ।

**रणनीति ४: अपाङ्गता भएका व्यक्तिको संरक्षण, क्षमता विकास गरी अवसरमा पहुँच वढाउने**

१. 'क' र 'ख' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको संरक्षणका लागि आवश्यक व्यवस्था गरिने छ।
२. 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको क्षमता विकास गरी रोजगारी र स्वरोजगारीका अवसरहरूमा पहुँच वढाइने छ।
३. वोली र श्रवण अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष शिक्षाको व्यवस्था मिलाइने छ।
४. गैसस र सामुदायिक संघसस्थाहरू सँग समन्वय गरी ह्विल चियर, श्रवण यन्त्र, कृतिम अङ्ग जडान जस्ता सुविधाहरूमा पहुँच विस्तार गरिनेछ।

**रणनीति ६: लैससास नीतिको अवलम्वन गर्ने।**

१. लैससास नीतिको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
२. लैङ्गिक संवेदनशील वजेट प्रणालीको अवलम्वन गरिनेछ।
३. सबै क्षेत्रगत नीतिहरूमा लैससासका विषयहरूलाई एकीकृत गरिनेछ।
४. सहभागिता मूलक वार्षिक योजना तर्जुमा गर्दा महिला, दलित, अल्प संख्यक र वञ्चितीमा परेका वर्ग र समुदायको सहभागिता गराई प्राथमिकतालाई सम्वोधन गरिनेछ।

### ६.४.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- लैससास नीति तर्जुमा
- जनचेतना अभियान
- भाषा, कला, साहित्य र सांस्कृतिक श्रष्टा सम्मान
- लक्षित वर्ग विकास
- लक्षितवर्गका लागि सरकारी सेवाप्रवेश तालिम
- आदीबासी जनजाति समुदायको भाषा, कला, साहित्य तथा सांस्कृति सम्वन्धी प्रकाशन
- आय आर्जन तथा रोजगारी मूलक तालिम
- लैङ्गिक विभेद, हिँसा तथा शोषण सम्वन्धी अभिमुखीकरण
- महिला सशक्तिकरण
- सबै प्रकारका हिंसा पीडितहरुको उद्धार, उपचार र न्यायसेवाका लागि आर्थिक तथा कानूनी सहयोग
- बालक्लब गठन तथा परिचालन
- नेतृत्व विकास तथा क्षमता अभिवृद्धि
- जेण्डर बजेट अडिट
- महिला संचालक भएको सहकारीलाई विशेष अनुदान
- बालप्रोफायल तयार गरी कार्यान्वयन गर्ने।
- बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणा

#### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- क्षमता विकास
- लैंङ्गिक विभेद, हिँसा तथा शोषण सम्बन्धी अभिमुखीकरण
- न्यायिक समिति क्षमता विकास
- जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवहरुलाई पुस्ता हन्तान्तरणको लागि अध्ययन केन्द्रको स्थापना
- अपाङ्गता भएका व्यक्तिहरुलाई सहयोगी उपकरण सहयोग
- स्थानीय आदिवासी जनजातीहरुको भाषा लिपि, संस्कृति र कलाको संरक्षण तथा प्रबर्द्धन र विकासको लागि संग्राहलय निर्माण

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- अपाङ्गता भएकालाई कृतिम अङ्ग प्रदान
- सामाजिक सुरक्षा (सामाजिक संरक्षण)
- विशेष शिक्षा

### ६.४.७ अपेक्षित उपलब्धी

गाउँपालिकाको लैससास नीति तर्जुमा भएको हुने, लैङ्गिक बजेट प्रणाली अवलम्बन भएको हुने, गाउँपालिकको बार्षिक प्रगतिको जेण्डर अडिट हुने, नेतृत्व तहमा महिला तथा लक्षित बर्गको प्रतिनिधित्व ३३ प्रतिशत पुगेको हुने, ४५ प्रतिशत महिलाको बैङ्क खाता भएको हुने, २०० जनालाई क्षमता विकास तालिम दिइएको हुने, गाउँपालिकाबाट गठन हुने समितिहरूमा ४० प्रतिशत समावेशीता भएको हुने, वर्षिक २ वटा महिला तथा जेष्ठ नागरिक लक्षित घुम्ती स्वास्थ्य सेवा सञ्चालन भएको हुने, ६ वटा वालक्लव स्थापना भएको हुने, बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा हुनेछ ।

## ६.५ खानेपानी तथा सरसफाई

### ६.५.१ प्रमुख समस्या

प्राकृतिक एवं मानवजन्य कारणले पानीका श्रोत तथा मुहानहरूमा ह्रास आई खानेपानीको उपलब्धतामा कमी आउनु, गाउँपालिकाका सवै घरधुरीमा सुलभ खानेपानी पुऱ्याउन नसक्नु, खानेपानी मुहान जीर्ण हुनु, मुहान संरक्षणको बारेमा जनचेतनाको कमि हुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू वढ्नु, भूक्षयको कारण खानेपानी तथा सरसफाइका संमरचनाहरू क्षति ग्रस्त हुनु, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु, खानेपानी मुहानभन्दा मानववस्ती माथितिर हुनु आदि प्रमुख समस्या हुन ।

### ६.५.२ अवसर र चुनौती

#### (क) अवसर

पानीका श्रोतहरू उपलब्ध हनु, गाउँपालिकाको लगानीमा ठूला खानेपानी योजनाहरु निर्माणधिन हुनु, खानेपानी उपलब्धताको बिषय पालिकको प्राथमिकता क्षेत्रभित्र पर्नु, खानेपानीमा विभिन्न सरकारी, निजि तथा गैससहरूको सहकार्य हुनु, एक घर/एक धारा, गाउँपालिका पूर्णसरसफाई क्षेत्रको रुपमा घोषणा हुनु, सरसफाइ सम्बन्धी चेतना अभिवृद्धि हुनु आदि यसका अवसर हुन ।

#### (ख) चुनौती

'एक घर एक धारा र एक चर्पी' नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खानेपानीका मूहानको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, भूक्षयबाट क्षतिग्रस्त संरचनाहरूको पूनर्निर्माण र पूनर्स्थापन गर्नु, सरसफाइको अभ्यास वढाउनु आदि प्रमुख चुनौती हुन ।

### ६.५.३ उद्देश्य

सवै घरधुरीमा स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था गर्नु ।

### ६.५.४ रणनीति

१. घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।
२. पूर्ण सरसफाई पश्चात नियमित फलोअप गर्नुका साथै सरसफाइको अभ्यास वढाउने ।

### ६.५.५ कार्यनीति

**रणानीति १: एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने ।**

१. खानेपानी तथा सरसफाइ गुरुयोजनाको समिक्षा गरिने र अपुग कृयाकलपाहरु कार्यान्वयन गरिने छ ।
२. जिर्ण भएका र भूक्षयको कारण जोखिम भएको स्थानीय खानेपानीको मूहान संरक्षण गरिनेछ ।
३. नयाँ मझौला तथा ठूला खानेपानीका योजनाहरु संचालन, स्तरोन्नती एवंम् मर्मत कार्यलाई नियमितता दिईनेछ ।
४. सवैघरधुरीमा स्वच्छ तथा सुरक्षिता पिउनेपानी प्रयोग सम्बन्धी चेतना जागरण गरिनेछ ।
५. एक घर एक धारा अभियान अर्न्तगत हरेक घरमा पाइपद्वारा पानी पुऱ्याउने व्यवस्था गरिनेछ ।
६. खानेपानी प्रणालीको दिगो व्यवस्थापनको लागि प्रणालीगत रुपमा व्यवस्थापन समिति गठन गरी नियमित मर्मत सम्भारको लागि जिम्मेवार वनाइनेछ ।

७. खानेपानी तथा सरसफाइ सम्बन्धी काम गर्ने सरकारी, निजी, गैसस र सामुदायिक सस्थाहरू सँग सहकार्य गरिनेछ ।

८. मानव वस्ती भन्दा खानेपानी मुहान तलतिर भएका घरधुरीकोको लागि सौर्य पम्प प्रणाली मार्फत लिफ्ट खानेपानी प्रवर्द्धन गरिनेछ ।

**रणानीति २: पूर्ण सरसफाई पश्चात नियमित फलोअप गर्नुका साथै सरसफाइको अभ्यास वढाउने ।**

१. खुल्लादिशा मुक्त गाउँपालिकका घोषणा भइसकेकोले नियमित फलोअप निरन्तर जारी राखिनेछ ।
२. मापदण्ड युक्त चर्पी वनाउन नसक्ने अतिविपन्न परिवारलाई प्रोत्साहनको व्यवस्था गरिने छ ।
३. घरभित्रबाट उत्पादन हुने फोहरमैला व्यास्थापनको लागि, शुन्य फोहर उत्पादन, चेतना अभिवृद्धि फोहोर विसर्जन वास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिने छ ।
४. प्रमुख वस्ती र बजार केन्द्रहरूमा सार्वजनिक सौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ ।
५. सबैलाई आधारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव तथा पशु उत्सर्जीत मलमूत्र र फोहर पानीको उचित व्यवस्थापन गरी वातावरण स्वच्छ राख्न सहयोग पुऱ्याइने छ ।
६. व्यक्तिगत एवम् सामुदायिक स्वास्थ्य मापदण्डलाई प्रवर्द्धन गरिनेछ ।

### ६.५.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- खानेपानी तथा सरसफाई सम्बन्धी नीति तथा मापदण्ड तयार
- सरसफाई गुरुयोजना समीक्षा तथा अद्यावधिक
- जीर्ण भएका जोखिमयुक्त खानेपानी मुहानहरुको श्रोत संरक्षण
- एक घर, एक धारा, एक चर्पी अभियान
- संचालित तथा पुराना खानेपानी योजना नियमित मर्मत
- घरबाट निस्कने फोहरमैला व्यबस्थापन
- सार्वजनिक शौचालयहरु निर्माण
- नयाँ खानेपानी योजना डिपिआर तयारी तथा योजना कार्यान्वयन
- लिफ्ट प्रणाली मार्फत खानेपानी आफूर्ति

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- ठूला खानेपानी आयोजनाको डिपिआर तथार तथा योजना कार्यान्वयनको लागि अन्तर सरकार समन्वय
- खानेपानी तथा सरसफाई क्षेत्रको लागि आर्थिक स्रोत व्यवस्थापन ।
  पिउने पानी शुद्धिकरणगर्ने ठूला प्रविधि र उपकरण

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- नीति, निर्माण गर्न सहकार्य
- बृहद खानेपानी योजना कार्यान्वयन
- प्राविधिक सहयोग
- श्रोत परिचालन तथा साझेदारी

### ६.५.७ अपेक्षित उपलब्धी

खानेपानी तथा सरसफाइ गुरुयोजनाको समीक्षा भएको हुने, सबै घर परिवारमा पाइपप्रणाली मार्फत खानेपानी वितरण भएको हुने, सबै घरमा व्यवस्थित चर्पीको प्रयोग हुने, भूक्षय वा प्राकृतिक कारणबाट क्षति ग्रस्त प्रणालीहरूको पूनर्स्थापना भएको हुने, ३० वटा खानेपानी मुहानको संरक्षण हुने, सरसफाइको अवस्थामा उल्लेख्य सुधार भएको हुने, बजार केन्द्रमा सार्वजनिक शौचालयको निर्माण भएको हुने छ ।

# परिच्छेद ७

# भौतिक पूर्वाधार क्षेत्र

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन् ।**

(क) सडक तथा यातायात
(ख) आवास भवन तथा बस्ती विकास
(ग) सिचाई तथा नदी नियन्त्रण
(ङ) ऊर्जा
(च) सूचना तथा सञ्चार

## ७.१ सडक तथा यातायात

### ७.१.१ प्रमुख समस्या

यस गाउँपालिकालाई जोड्ने प्रमुख सडक कच्ची हुन अधिकांश आन्तरिक सडकहरु मौसमी सडक मात्र रहनु, झापा र पाँचथर जोड्ने फाल्गुनन्द राजमार्ग पक्कीगर्ने कार्य निर्माण सुस्त हुनु, महत्वपूर्ण पर्यटकीय तथा धार्मिक, साँस्कृतिक स्थलहरूसम्म अलवेदर सडकको पहुँच नहुनु, प्रारम्भिक र बिशिष्ठ प्राविधिक अध्ययन डिजाइन विना नै टोलस्तरमा सडक खोल्ने प्रवृत्ति बढ्दो, धेरै सडकको शुरूवात भए तापनि अत्यन्तै आर्थिक स्रोतको कारण न्यून कार्य प्रगति हुनु, आवश्यक्ता अनुसार झोलुङ्गे पुल नहुनु, सडक सञ्जालको अभावमा ग्रामिण भेगमा आर्थिक कृयाकलाप न्यून हुनु आदि प्रमुख समस्या रहेका छन ।

### ७.१.२ अवसर र चुनौती

**(क) अवसर**

गाउँपालिकाको यातायात मेरुदण्डको रुपमा रहेको उत्तर दक्षिण जोड्ने फाल्गुनन्द राजमार्ग र अन्य रणनीतिक सडकहरु स्तरोन्नती सहित निर्माणाधीन रहनु, रणनैतिक सडकलाई आधार मानी अन्य शाखा सडकहरू निर्माणाधीन रहनु, विभिन्न संघ संस्थाहरूले ग्रामिण यातायात क्षेत्र खासगरी झोलुङ्गे पुल निर्माणमा सहयोग पुऱ्याउनु, यातायात पूर्वाधार विकास संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहका सरकारको उच्च प्राथमिकतामा कार्य सञ्चालनमा रहनु, सडकपुल र कलबर्डहरु निर्माणधिन हुनु, यातायात प्रणालीमा आम नागरिकको चासो र प्राथमिक्तामा हुनु आदि यस क्षेत्रका प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

निर्माणाधीन मझौदा तथा ठूला सडकहरू सम्पन्न गर्नु, वडा केन्द्रहरूलाई अलवेदर सडक मार्फत जोड्नु, महत्वपूर्ण टोल बस्तीहरू र सबै पहिचान भएका पर्यटकीय केन्द्रसम्म सडक पुर्याउनु, सडक पुल निर्माण गर्नु, भूक्षयबाट क्षति ग्रस्त सडक पुनर्निर्माण गर्नु, निर्मित सडकहरूको स्तरोन्नति गर्नु, अध्ययन नगरी जथाभावी सडक खोल्ने प्रवृत्ति रोक्नु, चुरे क्षेत्रका नदीहरुमा व्यस्थित पुल/कजवे बनाउनु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ७.१.३ उद्देश्य

गाउँपालिका केन्द्र, वडाकेन्द्र र महत्वपूर्ण स्थानमा अलवेदर सडक यातायातको पहुँच पुऱ्याउनु ।

### ७.१.४ रणनीति

१. "रमाईलो र भरपर्दो माङसेबुङ" अभियान अर्न्तगत गाउँपालिका केन्द्रबाट सबै वडाकेन्द्र र महत्वपूर्ण स्थानमा अलवेदर सडक सञ्जालको विस्तार गर्ने ।
२. मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी अलवेदर बनाउने ।

### ७.१.५ कार्यनीति

**रणनीति १: गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र र महत्वपूर्ण स्थानमा अलवेदर सडक सञ्जालको विस्तार गर्ने ।**

१. गाउँपालिकको सडक गुरु योजना तर्जुमा तथा डिपिआर तयार गरी कार्यान्वयन गरिनेछ ।
२. गाउँपालिका भित्र निर्माण भएका ग्रामीण तथा शाखा सडकहरुलाई बाह्रैमहिना यातायात संञ्चालनको लागि सुधारगरी निर्माण अपुरो रहेको सडकलाई योजना अवधिभरमा सम्पन्न गरिनेछ ।

३. नयां सडक निर्माण गर्दा प्राविधिक अध्ययन गरेर मात्र निर्माण गरिने छ।
४. सडक निर्माण गर्दा वातावरण मैत्री, विपद् प्रतिरोधी अवधारणा अवलम्वन गरिने छ।
५. सडक निर्माण गर्दा बायोइञ्जिनियरिङ प्रोत्सहान गरिने छ।
६. स्थानीय साधन, श्रोत र सीपको अत्यधिक उपयोग गरी ग्रामीण रोजगारी सृजना गरिने छ।
७. सडक, पुल तथा झोलुङ्गे पुल निर्माण गर्दा गुणस्तरीयता कायम गर्न निर्माण व्यवसयीले नै आयोजना हस्तान्तरण भएको निश्चित वर्ष सम्म मर्मत सम्भार समेत गर्ने गरी ठेक्का व्यवस्थापन गरिने छ।
८. गाउँपालिका स्तरीय सडकको सडक सिमांकन तथा क्षेत्राधिकार सहितको मापदण्ड उल्लेख्य गरी राजपत्रमा प्रकाशित गरिने छ।
९. पालिका स्तरीय पूर्वाधार मर्मतसंभार कोषबाट संचालन हुने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**रणनीति २ः मौजुदा सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भार गरी अलवेदर बनाउने।**

१. निर्माण सम्पन्न भएका सडकहरूको स्तरोन्नति र नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ।
२. सडकको दीगो व्यवस्थापनका लागि स्थानीय सडक उपभोक्ता समितिलाई जिम्मेवार वनाइनेछ
३. सडक मर्मत सम्भार कोष खडा गरी स्थानीय सडक यातायात शुल्क र अन्य स्रोतबाट प्राप्त रकम समेत यसमा जम्मा गरिने छ।
४. सडकको दायाँ वायाँ फलफूल, अम्रिसो, डाले घाँस आदि वायो इन्जिनियरिङ प्लाण्ट लगाई स्थानीय समुदायको आय आर्जन सँग आवद्ध गराइनेछ।
५. अन्तर जिल्ला सरदमुकाम र अन्तर पालिका जोड्ने सडक साथै गाउँपालिकाको गौरवको रुपमा रहेका चक्रपथ तथा अन्य महत्वकांक्षी सडक निर्माणको लागि आवश्यक आर्थिक स्रोतको व्यबस्था गरिनेछ।
६. आवश्यकता अनुसार झोलुङ्गे पुल र अन्य पुल पुलेसाको निर्माण र नियमित मर्मत सम्भार गरिनेछ।
७. प्रतिस्पर्धात्मक दरमा कार्य गर्ने गराउने प्रयोजनका लागि निर्माण व्यबसायीहरु सूचिकृत गर्ने एवंम् दशलाख भन्दा बढी बजेट भएका पूर्वाधार निर्माण ठेक्का प्रकृयामार्फत गर्ने परिपाटी कार्यान्वयन गरिनेछ।

### ७.१.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- सडकहरुको गुरु योजना तर्जुमा तथा डिपिआर तयारी।
- पूर्वाधार निर्माणका लागि आवश्यक नीति तयारी एवम् कार्यान्वयन
- पालिकाको गौरभका रुपमा पहिचान भएको सडक पूर्वाधारहरुलाई निर्माण सम्पन्न गर्ने
- अन्तर पालिका तथा सबै वडा केन्द्र जोड्ने सडकहरूमा अलवेदर सडक सञ्जाल विस्तार
- वातावरण मैत्री विपद् प्रतिरोधी संरचना निर्माण अवधारणा अवलम्वन
- सडक क्षेत्राधिकार, मापदण्ड र सिमाङ्कन उल्लेख गरी राजपत्रमा प्रकाशन
- सडक स्तरोन्नति र नियमित मर्मत सम्भार
- सडक मर्मत सम्भार कोष
- प्राकृतिक प्रकोप वा अन्य विपद्बाट क्षति भएका यातायात संरचनाहरूको मर्मत
- पालिकाको पर्यटीयस्थलससम्मको सडक यातायातलाई सहजता
- सडकको किनारमा बहुबर्षे फलफूल बिरुवा, अम्रिसो, डाले घाँस आदि वायो इन्जिनियरिङका प्रविधि प्रवर्द्धन
- पालिकाका सवै वडा जोडने सडकहरुको स्तरउन्नतीमार्फत अलवेदर गर्ने
- चतुरे-फुलुङ्गीहुदै माई न.पा सडक ग्राभेल तथा स्तरोन्नती गर्ने
- पिपलडाँडा-माताङ-अलैचीटार सडकको नयाँ ट्रयाक खोल्ने

#### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- प्रादेशिक सडक पहिचान र निर्माण
- पर्यटकीय स्थलको सडक पूर्वाधार निर्माण
- अन्तर जिल्ला सरदमुकाम र अन्तर पालिका जोड्ने सडकको लागि स्रोत व्यबस्थापन
- अन्तर सरकार, अन्तर निकाय समन्वय
- सडक पुल तथा झोलुङ्गेपुल निर्माण स्रोत
- सालिक भञ्जाङ- सुवाचिङ-चिबुवा- सिङलाबु हुदै इभाङ जोड्ने सडकको स्तरोन्नती गर्ने

- फाल्गुनन्द दोभान जोड्ने वडा न. ६ वि.पि. मार्ग निर्माण सम्पन्न गर्ने
- आत्मानन्द मार्गबाट फुलुङ्गी फल्गुनन्द  ज्ञानभूमी सम्म जोड्ने तिर्थमार्ग स्तरोन्नती

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- रणनैतिक सडकहरूको निर्माण
- २५ मिटर भन्दा ठुला सडकपुलहरूको डिपिआर निर्माण एवम् पुलनिर्माणको स्रोत व्यबस्थापन
- सडक राष्ट्रिय सडक यातायात सम्बन्धी नीति निर्माण/संसोधन
- तोभाङ्ग, घोर्लेभिर, लामीडाँडा हुदै धामसम्म रिङ्गरोड सम्पन्नगर्ने
- माङसेबुङ रिङ्गरोड कालोपत्रे गर्ने
- इभाङ चतुरे सडक १३.५ कि.मि.कालोपत्रे गर्ने

### ७.१.७ अपेक्षित उपलब्धी

गाउँपालिका यातायात गुरुयोजना निर्माण भई कार्यान्वयन भएको हुने, सडकको मापदण्ड (सडक क्षेत्र) निर्धारित भएको हुने, सबै वडा केन्द्रसम्म सडकको पहुँच अलवेदर भएको हुने, गाउँपालिकाको गौरव सडकहरुको निर्माण सम्पन्न हुने, पहिचान भएको पर्यटकीइ स्थलहरुसम्म सडक पहुँच अलवेदर हुने, सडक तथा पर्यटकीय मार्गहरू नियमित मर्मत सम्भार भएको हुने, मर्मत सम्भार कोष स्थापना भएको हुने आदि । इभाङ चतुरे सडक १३.५ कि.मि.कालोपत्रे हुने ।

## ७.२ आवास, भवन तथा बस्ती विकास

### ७.२.१ प्रमुख समस्या

केही वडा कार्यालयहरूको आवश्यक सम्पूर्ण पूर्वाधार सहित आफ्नै व्यबसस्थित भवन नभएको, गाउँपालिकाको एकीकृत सम्पत्ति कर प्रकृयाको लागि भवनहरुको प्राविधि लगत तयार गर्न नसकिएको, भवन आचार संहिता लागू नभएको, भूक्षयको दृष्टिले केही टोलहरु असुरक्षित तथा जोखिमयुक्त स्थानमा वस्तीहरू भएको, व्यवस्थित वस्ती विकास  एवंम् भू उपयोग योजना तयार नभएको, भवन निर्माणको लागि नक्सापास अनिवार्य गर्न सकिएको, सार्वजनिक सभा समारोह संचालन गर्न सभा भवनहरुका नभएको, लामो समयदेखि समाधान हुन नसकेको भूमिहिन, सकुम्बासी तथा अव्यबस्थित बसोबास समस्या हल गर्न नसकिको, बसाई बसेर जाने क्रम धेरै देखिनु आदि प्रमुख समस्या हुन ।

### ७.२.२ अवसर र चुनौती

**(क) अवसर**

स्थानीय निर्माण सामग्रीको उपलब्धता, गाउँपालिकाको प्रशासनिक भवन निर्माण भएको तथा अन्य वडा कार्यालयहरुको पनि प्रकृया शुरुवात भएको, सार्वजनिक भवन निर्माणमा गाउँपालिका सकारात्मक हुनु, विद्यालय, स्वास्थ्य सस्था तथा वस्ती विकासमा पूर्वधार सहित अग्रगामी सम्भावना भएको, स्थानीय रोजगारी र सेवा सुविधा विस्तारको सम्भावना रहेको, साविकको बाभ्mो ८ र ९ को शाहाकारी क्षेत्र भएकोले फलफूल रोपण क्षेत्रको रुपमा विकास गर्न सकिने, अव्यबस्थित/सुकुम्बासी वसोबास समाधानको लागि लगत संकलन शुरुवात भएको आदि प्रमुख अवसरका रुपमा रहेका छन ।

**(ख) चुनौती**

सवै वडामा सुविधा सपन्न पर्याप्त कोठा सहितको प्रशासनिक भवन निर्माण सम्पन्न गर्नु, भूक्षयको जोखिम भएको बस्तीलाई सुरक्षित गर्नु, वाल र महिला मैत्री भौतिक सामाजिक संरचनाहरू निर्माण गर्नु, १५ वेडको अस्पताल निर्धारित समयमा सम्पन्न गर्नु, भवनहरुको लगत तयार गर्नु र निर्माण आचार संहिता लागू गर्नु, जिआईएस प्रविधिमैत्री भू उपयोग योजना तयार लागू गर्नु, लामो समयदेखि समाधान हुन नसकेको सुकुम्बासी एवंम् अव्यबस्थित बसोबास तत्काल समाधान गर्नु आदि प्रमुख चुनौतीका रुपमा रहेका छन ।

### ७.२.३ उद्देश्य

दिगो भूपयोग अवधारणा अनुसार सुरक्षित वस्ती गर्दै व्यबस्थित सार्वजनिक भवन निर्माण गर्ने ।

### ७.२.४ रणनीति

१. दिगो भू-उपयोग योजना सहितको सुरक्षित वस्ती विकास गर्ने ।
२. न्यूनतम पूर्वाधार आवासक्षेत्र तथा सार्वजनिक भवनहरू निर्माण गर्ने ।

### ७.२.५ कार्यनीति

**रणनीति १: न्यूनतम पूर्वाधार सहितको सुरक्षित वस्ती विकास गर्ने ।**

१. दिगो भूउपयोग योजना तयार गरी लागू गरिनेछ
२. भूक्षय लगायतका प्राकृतिक प्रकापको दृष्टिकोणले जोखिम युक्त वस्तीहरूको पहिचान तथा नक्साङ्कन गरिनेछ
३. जमिनमा महिला किसानको एकल वा संयुक्त स्वामित्व कायम गर्ने तथा संयुक्त पूर्जा बनाउने कार्यलार्य प्रोत्साहन गरिनेछ ।
४. भूमिहिन सुकुम्बासी तथा अव्यबस्थित बसोबासीहरुको समस्या संघीय सरकारसँग समन्वय गरी समाधान गरिनेछ ।
५. साविक बाझो ८ र ९ को शाहाकारी बस्तीमा एकघर पाँच फलफूल रोपण कार्यक्रम संचालन गरिनेछ ।

**रणनीति २: न्यूनतम पूर्वाधार आवास क्षेत्र तथा सार्वजनिक भवनहरू निर्माण गर्ने ।**

१. गाउँपालिका भित्रका घरहरुको संरचना सहितको लगत तयार गरिनेछ ।
२. सरकारी तथा सार्वजनिक भवनहरू वाल, महिला तथा अपाङ्गता मैत्री वनाइनेछ ।
३. वडा कार्यालय लगायतका सार्वजनिक भवनहरु निर्माण सम्पन्न गरी सेवा सुचारु गरिनेछ ।
४. अति विपन्न वर्ग, विस्थापित, परिवारबाट एक्लिएका, द्वन्द पीडित तथा लोपोन्मुख जातिका लागि सहुलियत आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
५. विपन्न समुदायको फूसको जोखिमयुक्त घरको छाना कर्कटपाता मार्फत विस्थापन नीति अवलम्बल गरिनेछ ।

### ७.२.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- भूउपयोग योजना/वस्ती विकास योजना
- शाहाकारी क्षेत्रमा एक घर पाँच फलफूल विरुवा रोपण अभियान
- गाउँपालिका भित्रका घरधुरीहरुको पूर्वाधार संरचनागत अभिलेख तयार
- फूसको छाना विस्थापन
- भवन एवम् पूर्वाधार निर्माण आचार संहिता
- सरकारी तथा सार्वजनिक भवनहरू डिपिआर तयार एवंम् भवन निर्माण
- पालिका स्तरीय सामुदायिक भवन निर्माण
- आवास, भवन तथा वस्तीविकास सम्बन्धी आवश्यक नीति तयार

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- सार्वजनिक सेवा कार्यालयहरुको डिपिआर तयार तथा भवन निर्माण
- अन्तर सरकार एवंम् निकाय समन्वय
- वस्ती विकास र सेवा विस्तार
- भूक्षय नियन्त्रण स्रोत व्यबस्थापन

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- नीति र मापदण्ड निर्धारण
- प्रकोप नियन्त्रण तथा भूक्षय न्यूनिकरण
- विपन्न वर्ग आवास कार्यक्रम
- विशेष अनुदान स्रोत सुनिश्चता
- ग्रामीण सडकहरुको लगत कट्टा तथा अभिलेख अद्यावधिक

### ७.२.७ अपेक्षित उपलब्धी

सुरक्षित बस्ती तथा आवास क्षेत्रहरुमा न्यूनतम आधारभूत सेवा पुगेको हुने, भवन/पूर्वाधार निर्माण आचार संहिता निर्माण भई कार्यान्वयन भएको हुने, ९० प्रतिशत फुसको छाना विस्थापन भएको हुने, विपन्न वर्ग विशेष अनुदान मार्फत आवास योजना कार्यान्वयनमा आएको हुने, सार्वजनिक तथा सरकारी भवनहरू बाल, महिला र अपाङ्गमैत्री निर्माण भएको हुनेछ ।

## ७.३ सिंचाई तथा भूक्षय नियन्त्रण

### ७.३.१ प्रमुख समस्या

सवै कृषि भूमि बर्षभरी सिचाइ सुविधा नहुनु, नयाँ प्रविधिमा आधारित सिचाइ योजनाको विस्तार नहुनु, सडक निर्माणको क्रममा प्रयोग भएका ठूला उपकरण तथा अन्य प्राकृतिक कारणले भूक्षयको प्रकोप वढदै जानु, पालिकाको दक्षिणी भेगमा चुरे क्षेत्र र खहरेको कारण पहिरो र माटो कटान धेरै हुनु, पानीको स्रोत भन्दा खेतिभूमि माथि भएकोले पम्पपिङ सिंचाई निर्माण नहुनु आदि प्रमुख समस्या हुन ।

### ७.३.२ अवसर र चुनौती

#### (क) अवसर

स्थानीय साना ठूला खोला/खोल्सामा सिंचाईको लागि पानीको श्रोत हुनु, गाउँपालिकाका अधिकांश घरधुरीको प्रमुख पेशा कृषि तथा पशुपालन हुनु, स्पिङकल, थोपासिंचाई जस्ता साना सिंचाई प्रविधि क्रमशः किसानहरुले प्रयोग गर्न शुरुवात गर्नु, गाउँपालिकाको प्राकृतिक श्रोत र स्थानीय तहको अधिकारमा रहनु आदि प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

नयाँ सिंचाईकुलो निर्माण तथा पुरानो कुलो मर्मतका लागि पर्याप्त आर्थिक स्रोत नुहुनु, जलाधारर संरक्षणका कृयाकलापहरु प्राथमिकतमा नपर्नु, सडक निर्माणका क्रममा कुलो पुरिने तथा भूक्षयको क्रम बृद्धि हुनु, चुरेमा खहरे र बर्खा याममा माटो कटान धेरै हुनु आदि चुनौतीको रुपमा रहेको छ ।

### ७.३.३ उद्देश्य

१. कृषि योग्य सवै जमिनमा सिचाइ सुविधा पुर्‍याउनु,
२. भूक्षयजन्य प्रकोप न्यूनिकरण गर्नु ।

### ७.३.४ रणनीति

१. पुराना तथा नयाँ सिचाई प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिचाइ सुविधा विस्तार गर्ने ।
२. पहिरो एवंम् भूक्षय नियन्त्रण गरी क्षति न्यूनीकरण गर्ने ।

### ७.३.५ कार्यनीति

**रणनीति १: पुराना तथा नयाँ सिचाई प्रणालीको विकास गरी कृषि योग्य भूमिमा सिचाइ सुविधा विस्तार गर्ने ।**

१. सतही जलस्रोतलाई उपयोग गरी नयाँ नयाँ योजनाहरु मार्फत सिंचित क्षेत्र विस्तार गर्दै लगिनेछ ।
२. सिचाइको सम्भाव्यता हेरी, आकासेपानी संकलन, प्लाष्टिक पोखरी, थोपा सिचाइ, स्प्रिङकल जस्ता नयाँ प्रविधिमा आधारित सिचाइ सुविधाको विस्तार गरिने छ ।
३. भौगोलिक कारणले सभावना भएका क्षेत्रहरुमा सौर्य पम्प सिंचाई प्रणाली मार्फत नमूना सिंचाई योजना संचालन गरिनेछ ।
४. सिचाई आयोजना निर्माण र व्यवस्थापनमा स्थानीय उपभोक्ता समितिको क्षमता विकास गरी सक्रिय वनाइनेछ ।
५. भूक्षय तथा अन्य कारणबाट जीर्ण भएका पुरना सिंचाईकुलोहरुलाई नियमित मर्मत गर्दै लगिनेछ ।

**रणनीति २ : पहिरो एवंम् भूक्षय नियन्त्रण गरी क्षति न्यूनीकरण गर्ने ।**

१. नदी, खहरे तथा पहिरो जोखिम अध्ययन गरी नक्साङ्कन गरिने छ ।
२. भूक्षय जन्य प्राकृतिक प्रकोप नियन्त्रणमा सकेसम्म बायोइञ्जिनरिङ स्थानीय सीप र प्रविधिको उपयोग गरिने छ
३. सडक किनार, पहिरो क्षेत्रमा वन संरक्षण गर्नुका साथै आवश्यकता अनुसार नयाँ वृक्षरोपण गरिने छ ।
४. सडक निर्माण तथा नयाँ ट्र्याक खोल्ने क्रममा दिगो विकासका मान्यता अनुरुप न्यून वातावरणीय क्षतिमा संचालन गरिनेछ ।

### ७.३.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- नयाँ सिचाई आयोजनाको डिपिआर तयार
- नयाँ सतही सिंचाईकुलो निर्माण

- मौसमी कूलोहरु तथा पुराना कुलोको मर्मत सम्भार
- नयाँ प्रविधिमा आधारित सिचाइ प्रवर्द्धन
- नमूना सौर्य पम्प सिंचाई योजना संचालन
- उपभोक्ता समितिको क्षमता विकास
- भूक्षय नियन्त्रण
- वायो इन्जिनियरिङ तथा खाली स्थानमा वृक्षरोपण
- जलाधार संरक्षण योजना/नदीजन्य प्रकोप नक्सांकन

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- डिपिआर तयार
- प्रदेश स्तरीय सतह सिचाइ योजना
- बृहद भूक्षय नियन्त्रण कार्यक्रम
- अन्तर सरकार समन्वय

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- नीति निर्माण
- ठूला सिंचाई योजना कार्यान्वयन
- ठूला नियन्त्रण गुरुयोजना तयारी

### ७.३.७ अपेक्षित उपलब्धी

थप १५० हेक्टर जमिनमा सिचाई सुविधा पुगेको हुने, २ वटा उप-जलाधार क्षेत्र संरक्षण भएको हुने, २ वटा नमूना सौर्यपम्प सिंचाई योजना संचालन हुनेछ, ५ वटा नयाँ सिंचाईकुलो निर्माण हुनेछ, ६ वटा क्षति जीर्ण सिचाइ प्रणालीहरूको मर्मत भएको हुने, एउटा जलधार/जलउपयोग गुरुयोजना निर्माण भई कार्यान्वयनमा आएको हुने, नदी जन्य प्रकोप/जोखिम नक्साङ्कन भएको हुनेछ ।

## ७.४ बिद्यूत तथा बैकल्पिक ऊर्जा

### ७.४.१ प्रमुख समस्या

गाउँपालिका क्षेत्रमा राष्ट्रिय प्रसारण लाईनको बिद्यूत पुगेको भएपनि सवै वडाको सवै भागमा बिद्यूत विस्ता भईनसकेको, स्थानीय खोला खोल्साबाट उत्पादन भएको मझौला माइक्रो हाइड्रो प्रति समुदायको आर्कषण क्रमशः कम हुदै गएके, देउमाई खोलाबाट बिद्यूत उत्पादनको संभावना भएपनि नीजि लगानीकर्ताको प्राथमिकतामा नपरेको, खाना पकाउने इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको, बैकल्पिक ऊर्जा प्रर्वद्धनकेन्द्रसँग नवीकणीय ऊर्जा प्रवर्द्धनका लागि :इग भए पनि कार्यप्रगति र स्रोत सन्तोषजनक नभएको आदि प्रमुख समस्या हुन ।

### ७.४.२ अवसर र चुनौती

**(क) अवसर**

उज्यालो घर अभियान अर्न्तगत बैकल्पिक ऊर्जा प्रवर्द्धनात्मक कार्य भईरहको, देउमाई खोला, फेवाखोला, रतुवा र तावा खोलाबाट हाइड्रोपावर उत्पादन गर्न सकिने, हाल गाउँपालिकाको उच्च प्राथमिकतामा परी ग्रामीण बिद्युतीकरणको कार्य द्रुत गतिमा भईरहेको, गाउँपालिका भित्र बिद्यूत सेवा उपभोग गर्दै रहेको र यो द्रुतविस्तारको क्रममा रहेनु, प्रदेश सरकार-गाउँपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र वीच बैकल्पिक ऊर्जा प्रवर्द्धनको लागि त्रिपक्षीय सम्झौता भईसकेको, ऊर्जा प्रवर्द्धनको लागि लगानी अनुकूल नीति रहेको आदि अवसरको रुपमा रहेका छन ।

**(ख) चुनौती**

ठूलो पहाडी भूगोल र छरिएको वस्ती भएकोले सवै घरधुरीमा राष्ट्रिय प्रसारण लाइनमा आवद्ध गर्नु, स्थानीय उत्पादित ससाना विद्युत प्रणालीलाई राष्ट्रिय प्रणालीमा जोड्नु, इन्धनका रुपमा विद्युतको प्रयोग बढाउनु, सबै दाउरा प्रयोग गर्ने घरधुरीमा धुँवारहित सुधारिएको चुलो निर्माण गर्नु, आदी प्रमुख चुनौती हुन ।

### ७.४.३ उद्देश्य

सबै घर धुरीमा भरपर्दो बिद्युत सुविधा पुऱ्याउदै वैकल्पिक ऊर्जा मार्फत उज्यालो घर अभियान सार्थक बनाउने ।

### ७.४.४ रणनीति

१. ग्रामीण बिद्यूतीकरणलाई विस्तार गर्ने ।
२. गाउँपालिका क्षेत्रमा नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने ।

### ७.४.५ कार्यनीति

**रणनीति १: ग्रामीण बिद्यूतीकरणलाई विस्तार गर्ने ।**

१. उज्यालो घर अभियान अर्न्तगत सवै वडा र टोलमा राष्ट्रिय प्रसारण लाइन सँग शीघ्र जोड्न संघीय तथा प्रदेश सरकार सँग समन्वय गरिने छ ।
२. स्थानीय खोलाबाट जलबिद्यूत उत्पादनको लागि संभाव्यता अध्ययन गरिनेछ ।
३. विद्युतको उपयोगलाई लघु तथा घरेलु उद्योग सँग आवद्ध गरिने छ ।
४. गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा सौर्य प्रविधि मार्फत बिद्यूतीकरण गरिनेछ ।

**रणनीति २: गाउँपालिका क्षेत्रमा नवीकरणीय ऊर्जा प्रवर्द्धन गर्ने ।**

१. सुधारिएको चुलो निर्माण अभियानलाई सवै ग्रामीण घरधुरी सम्म विस्तार गरिनेछ ।
२. प्रदेश सरकार, गाउँपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग भएको त्रिपक्षीय सम्झौता अनुसारका वैकल्पिक ऊर्जा बिस्तार गरिनेछ ।
३. सुधारिएको चुलो तथा बायोग्याँस जडान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । उक्त कार्यमा संघीय सशर्त अनुदान तथा गाउँपालिकाबाट बिनियोजन भएको स्रोतसँग आवद्ध गरिनेछ ।

### ७.४.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- बिद्यूत तथा वैकल्पिक ऊर्जा प्रवर्द्धन मैत्री नीति निर्माण गर्ने
- गाउँपालिकाका सवै घरधुरीमा बिद्यूतीकरण विस्तार गर्ने
- बायोमास प्रविधि विस्तार एवंम् सुधारिको चुलो निर्माण
- घरभित्रको धुवाभुक्त वडा/पालिका घोषणा
- अन्तर सरकार समन्वय गर्ने ।
- स्थानीय स्रोतबाट बिद्यूत उत्पादनको लागि संभाव्यता अध्ययन गर्ने ।
- साना बजारी क्षेत्र तथा धार्मिक पर्यटकीय क्षेत्रहरुमा सौर्य प्रविधि जडान

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- ऊर्जा प्रर्वद्धनको लागि सम्भाव्यता अध्ययन
- बैकल्पिक ऊर्जा प्रवर्द्धनको लागि अनुदान सहजीकरण
- साना सौर्य ग्रीड मार्फत बिद्यूत उत्पादनको संभावना अध्ययन
- वडा न. १ को लामिडाँडा, खोलागाउँ र सारेङमाबिद्यूतविस्तार गर्ने
- वडा न. ३ को चिवुवा, खुद्रुङके, भाङटार, सुवाचेङ र चावुवामाबिद्यूतविस्तार गर्ने
- वडा न. ४ को सवै वस्तीमा बिद्यूतविस्तार गर्ने
- वडा न. ६ को पंचमीबजार बाहेकको अन्यबाँकी वस्तीहरुमा बिद्यूतविस्तार गर्ने

**(ग) संघीय सरकारसँग सहकार्यमा गर्ने**

- राष्ट्रिय प्रसारण लाईन विस्तार सहयोग
- नीति तथा नियमावली तयारी

- उज्यालो माङ्सेबुङअर्न्तगतबिद्यूतीकरण नभएका क्षेत्रमाद्रुतबिद्यूतबिस्तार

### ७.५.७ अपेक्षित उपलब्धी

गाउँपालिकाको ८० प्रतिशत घरधुरीमा राष्ट्रिय प्रसारण लाइन पुगेको हुने, स्थानीय बिद्यूत उत्पादनको लागि निजी क्षेत्रको सहयोगमा संभाव्यता अध्ययन भएको हुने, सुधारिएकोचुलो/बायोमास प्रविधि प्रयोग गर्ने धुरी ६० प्रतिशत हुने, धार्मिक तथा पर्यटकीय स्थानमा सौर्यवत्ती जडान भएको हुने र  नवीकरणीय ऊर्जा प्रवर्द्धन सम्बन्धी नीति तयार भएको हुनेछ ।

## ७.६ सूचना तथा संचार

### ७.६.१ प्रमुख समस्या

गाउँपालिकामा ल्याण्ड लाइन टेलिफोन सेवा नपुगेको, मोवाएल करिव ६० प्रतिशतमा मात्र रहेको, गुणस्तरीय नेटवर्कको लागि टावरहरूको समुचित व्वयस्था नरहेको कारणले इन्टरनेट र मोवाइल सेवा समेत भर पर्दो नभएको, स्थानीय पत्रपत्रिका प्रकाशन हुने नगरेको, गाउँपालिका कार्यालयमा इन्टरनेट सुचारु भएपनि वडातहमा इन्टरनेट सहज नभएको हुन नसकेको, इन्टरनेट सेवाकै कारण घटनादर्ता अभिलेखलाई वडातहबाट प्रभावकारी संचालन गर्न नसकिएको आदि प्रमुख समस्या रहेका छन ।

### ७.६.२ अवसर र चुनौती

#### (क) अवसर

नेपाल टेलिकम तथा एनसेल मोवाइल सेवाको पहुँच पुगेको छ । टेलिभिजन र एफ.एम. रेडियोलाई सञ्चार माध्यमको रुपमा प्रयोग वढ्दै गएको, सदरमुकाम र छिमेकी जिल्लामा संचालन भएका एफ.एम रेडियोको कभरेज भएको, इन्टरनेट तथा धषष को प्रयोग वढ्दै गएको, स्थानीय सरकार आधारभूत सेवामा नागरिकको पहुँच वढाउन सूचना प्रविधिको प्रयोग गर्ने नीति रहेको, गाउँपालिका कार्यालय र वडा कार्यालयलाई सूचना प्रविधि मैत्री वनाउने नीति रहेको, गाउँपालिका कार्यालय वेवसाइट र फेसबुक पेजको व्यवस्था रहेको आदि प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

सञ्चारका सबै प्रविधिसँगको व्यवस्थित पहुँच स्थापित गर्नु,  गुणस्तरीय मोवायल नेटवर्कको लागि टेलिफोन टावरहरू विस्तारको लागि समन्वय गर्नु, वडातहमा इन्टरनेट र वाइफाईको प्रयोगमा वृद्धि गराउनु, पालिकाको तथ्यांक, सूचना तथा जानकारीहरुको प्रविधिमा नियमित अद्यावधिक गर्नु आदि प्रमुख चुनौती हुन ।

### ७.६.३ उद्देश्य

दिगो सञ्चार सुविधाको विस्तार गरी नागरिकको पहुँच वढाउनु ।

### ७.६.४ रणनीति

दिगो सूचना प्रविधि र सञ्चार सुविधाको सबै वडा र वस्तीसम्म विस्तार गर्ने ।

### ७.६.५ कार्यनीति

**रणनति १: दिगो सूचना प्रविधि र सञ्चार सुविधाको सबै वडा र वस्तीसम्म विस्तार गर्ने ।**

१. सबैको पहुँच पुग्ने गरी गुणस्तरीय नेटवर्क सहितको मोवायल, इन्टरनेटको र वाईफाईको लागि टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिनेछ ।
२. गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिने छ ।
३. स्थानीय एफ.एम.को सेवा विस्तारको लागि प्रोत्सहान गरिनेछ ।
४. स्थानीय पत्र पत्रिका प्रकाशन गर्न प्रोत्साहित गरिने छ, साथै सार्वजनिक चासोको बिषयमा सूचना व्यबस्थानलाई सहज गरिनेछ ।

### ७.६.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- अनुकुल नीति तयारी
- विद्युतीय सूचना पूर्वाधार निर्माण
- स्थानीय संचार संस्था प्रवर्द्धन

- आमसंचार पत्रकारिता क्षमता विस्तार एवंम् उदरघोषण तालिम
- सामुदायिक अध्ययन केन्द्र स्थापना तथा व्यबस्थापन
- गाउँपालिकको सूचना र सुशासनमा संचार क्षेत्रको भूमिका प्रोत्हासन
- गाउँपालिकाको प्रोफायललाई डिजिटल प्रविधिमा आवद्ध गर्ने

### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- विद्युतीय सूचना पूर्वाधार निर्माण
- नीति निर्माण

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- दुरसंचार सेवा प्रदायकहरुसँगको समन्वयमा टावरहरूको निर्माण
- नीति निर्माण

### ७.६.७ अपेक्षित उपलब्धी

सबै नागरिकमा इन्टरनेट तथा मोवाइलको गुणस्तरीय सेवामा पहुँच पुगेको हुने, गाउँपालिका र वडा तहसम्म सूचना पूर्वाधार निर्माण भएको हुने, सामुदायिक एफ.एमको संचालन क्षमता विकास हुने, स्थानीय पत्रिका प्रकाशन तथा प्रवर्द्धन भएको हुने, गाउँपालिकाको सूचना तथा जानकारीहरु नियमित अद्यावधिक हुने र गाउँपालिकाको प्रोफायललाई डिजिटल ढाँचामा तयार भएको हुनेछ ।



# परिच्छेद ८

# वन, वातावरण तथा बिपद् व्यबस्थापन

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन् ।**

क) वन तथा वातावरण

(ख) विपद् व्यवस्थापन

## ८.१ वन तथा वातावरण

### ८.१.१ प्रमुख समस्या

सडक पूर्वाधार निर्माणको क्रममा भूक्षय तथा पहिरोको जोखिम बड्दै रहेको छ । वातावरण संरक्षण सम्बन्धी जनचेतनाको कमी, चुरेक्षेत्रको भू संवेदनशीलता तथा वनसंरक्षणमा पर्याप्त कार्यक्रम संचालन हुन नसक्नु, खाना पकाउन इन्धनको रुपमा वनजङ्गलमा आश्रित रहनु, जलाधार व्यवस्थापन कमजोर हुनु, साना बजारी क्षेत्रबाट निस्कने प्लाष्टिक र शिशाजन्य फोहोर मैलाको उचित व्यवस्थापन नहुँदा माटो प्रदुषण र अन्य वातावरणीय ह्रास वढ्दै जानु, रसायनिक मल तथा बिषाधीको असन्तुलित प्रयोगको कारण बिषाधीजन्य नकारात्मक प्रभाव देखा पर्नु, जलवायु परिवर्तनको नकारात्मक असर बढ्दै जानु आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

### ८.१.२ अवसर र चुनौती

**(क) अवसर**

वन तथा वातावरण सम्बन्धी ऐन तयारी हुनु, वातावरणीय सुधारका कार्यक्रम गाउँपालिकाको प्राथमिकतामा पर्नु, यस गाउँपालिकामा धार्मिक तथा सामुदायिक वनउपभोक्ता समिति कृयाशिल रहनु, बाँस धेरै पाइने हुनाले बाँसमा आधारित व्यसायहरु संचालन गर्न सकिने, चुरे क्षेत्रपर्ने भएकोले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिसँग समन्व गर्न सकिने, माङसेबुङ क्षेत्र जैविक विविधताले भरिपूर्ण हुनु, निजी वनहरुको उपलब्धता हुनु आदि ।

**(ख) चुनौती**

पूर्वाधार विकास/ग्रामीण सडक निर्माण तथा स्तरोन्नतीमा वातावरणीय पक्ष र विकास वीच  दिगो सन्तुलन कायम गर्नु, पहिरो क्षेत्र साथै खाली एवं बाँझो जमिनमा वृक्षरोपण गर्नु, वनमा बढ्दो इन्धन निर्भरता घटाउनु, जलाधार, जैविक विविधता र पानीका मुहानहरूको संरक्षण गर्नु, वन र वातावरण संरक्षणलाई आर्थिक कृयाकलाप सँग आवद्ध गर्नु, वनजन्य पैदावार तथा जडिवुट्टीहरूको उत्पादन र बजार निकासीको तथ्याङ्क नहुनु, साना बजारी क्षेत्रमा प्लाष्टिक एव वोतलजन्य फोहर व्यबस्थापन, वन जडिवुट्टीहरूको अनुसन्धान गरी व्यावसायिक उत्पादन गर्नु, वन तथा वातावरण वारे जनचेतना वढाउनु तथा यस सम्बन्धी काम गर्ने संघ सस्थाहरू वीच समन्वय र सहकार्य गर्नु, चुरे संरक्षण कार्यक्रमसँग दिगो समन्वय आदि यस क्षेत्रका चुनौती हुन ।

### ८.१.३ उद्देश्य

वन तथा वातावरणको संरक्षण संवर्द्धन गर्दै प्राकृतिक श्रोतको दिगो उपयोग गर्नु ।

### ८.१.४ रणनीति

१. वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवं विकास गर्ने

२. वातावरण संरक्षण गर्ने ।

३. वन जङ्गल, जडिवुट्टी तथा वातावरण विकास एवं संरक्षणलाई आय र रोजगारीसँग आवद्ध गर्ने

### ८.१.५ कार्यनीति

**रणनीति १: वन, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण एवं विकास गर्ने ।**

१. पहिलो क्षेत्र, सडक किनार, वन क्षेत्रको खाली जमिन र वुट्टयान क्षेत्रमा वृक्षरोपण गरी वनको क्षेत्रफल बढाइने छ ।

२.डढेलो नियन्त्रणका लागि अग्नि रेखा निर्माण, चोरी निकासी नियन्त्रण गर्दै वन क्षत्रको प्रभावकारी संरक्षण गरिने छ ।

३. वन जङ्गल संरक्षण र संवर्द्धनको लागि जनचेतना विकासलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

४. पानीका मुहान, जलाधार क्षेत्र, जैविक विविधताको संरक्षणका लागि समुदायमा आधारित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६. वातावरण मैत्री दिगो विकासको लागि नवीकरणीय ऊर्जाको प्रवर्द्धन गरिनेछ ।

७. जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलन सम्बन्धी जनचेतनाका लागि कार्यक्रम सञ्चालन गरिने ।

**रणनीति २: वातावरण संरक्षण गर्ने**

१. दिगो विकासे सिद्धान्त अनुसार विकास र वातावरण वीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम सञ्चालन गरिने छ ।
२. भौतिक विकासका संरचना निर्माण गर्दा वन, जलाधार क्षेत्र तथा जैविक विविधताको सकेसम्म कम क्षति हुने गरी सञ्चालन गरिनेछ ।
३. प्राविधिक एवं वातावरणीय अध्ययन पूर्वाधार विकासको पूर्वशर्तको रुपमा विकास गर्दै लगिने छ ।
४. शुन्य फोहोर उत्पादनको लागि फोहोरको वर्गीकरण, पुन प्रयोग गर्ने र बिर्सजन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी स्वच्छ वातावरणको विकास गरिने छ ।
५. वातावरण सम्बन्धी काम गर्ने संघ सस्था वीच प्रभावकारी समन्वय र सहकार्य गरिने छ ।
६. जलवायु परिवर्तन र वातावरण संरक्षण सम्बन्धी जनचेतना विकास कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ,
७. सूचकहरूको आधारमा वातावरण मैत्री गाउँपालिकाको रुपमा विकास गर्दै लगिने छ,
८. दाउराको प्रयोग घटाई घरभित्रको प्रदुषण घटाउन वैकल्पिक ऊर्जाका श्रोतहरू जस्तै धुवाँ रहित चुल्हो विद्युत, गोवर ग्याँस आदिको प्रयोगमा प्रोत्साहन गरिने छ ।

**रणनीति ३: वनजङ्गल, जडिवुट्टी तथा वातावरण विकास संरक्षणलाई आय र रोजगारी सँग आवद्ध गर्ने ।**

१. सामुदायिक वन, धार्मिक र नीजि वन संरक्षणमा मा जन सहभागिता र स्वामित्व वृद्धि गरी प्रभावकारी व्यवस्थापन मार्फत वनजन्य उत्पादन आदिमा उपभोक्ताहरूलाई प्रोत्साहित गरिने छ ।
२. गाउँपालिका भित्र रहेको वनको विकास गरी अति विपन्न परिवारको आय आर्जनको आधारको रुपमा विकास गरिने छ ।
३. निजी जग्गामा वढी आयमूलक काठ, जडिवुट्टी, डाले घाँस तथा फलफूलको विरुवा लगाई आय आर्जनमा संलग्न हुन किसानहरूलाई प्रोत्साहित गरिने छ,
४. जडीवुट्टीको सम्भाव्यता अध्ययन गरी गाउँपालिका भित्र जडिबुटी लगायतका वन पैदावरमा अधारित उद्योग सरकारी, नीजि, सहकारी र समुदायको साझेदारीमा स्थापना गर्नका लागि पहिल गरिनेछ ।
५. वन, वातावरण, जलाधार, जैविक विविधता आदि प्राकृतिक विविधता र सुन्दरतालाई पर्यटन प्रवर्द्धनसँग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिने छ ।

### ८.१.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- नीति नियम तथा ऐन तर्जुमा
- पहिचान भएको क्षेत्रमा वृक्षरोपण
- बनजङ्गल, जडिवुट्टी, जलाधार तथा जैविक विविधता संरक्षण
- एकीकृत वातावरण संरक्षण
- एकघर एक बहुबर्षे फलफूल विरुवा रोपण
- जलवायु परिवर्तनसँग जुध्नको लागि अनुकुलन क्षमता विकास
- आयमूलक कार्यक्रममा वित्तिय पहुँच र प्राविधिक सहायता,
- वातावरणीय अध्ययन
- स्थानीय वातावरण मैत्री गाउँपालिका सूचक पूर्णता एवंम् घोषणा
- विद्यालय नर्सरी स्थापना कार्यक्रम
- फोहरमैला व्यबस्थापन
- स्मार्ट कृषि प्रविधि विकास तथा विस्तार
- पालिका स्तरको स्थानीय जलवायु अनुकुलन योजना तयारी

**(ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने**

- नीति निर्माण
- अन्तर सरकार र निकायको समन्वय
- वातावरणीय संरक्षण
- वन विकास कार्यक्रम तथा डिजिटल नक्साङ्कन
- प्राकृतिक स्रोतहरुमा स्थानीय आदिबासी जनजातिहरुको हक स्थापना तथा पैरवी
- प्रशोधन उद्योग प्रोत्साहन
- वातावरणीय प्रभाव अध्ययन

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- नीति निर्माण
- वन, जलाधार तथा जैविक विविधता संरक्षण,
- खानी तथा संरक्षण क्षेत्र सम्बन्धी कार्य
- राष्ट्रपति चुरे क्षेत्र संरक्षण कार्यक्रमसँग निरन्तर समन्वय

### ८.१.७ अपेक्षित उपलब्धी

वन तथा वातावरण सम्बन्धी स्थानीय नीति तर्जुमा भएको हुने, वनक्षेत्र १० प्रतिशतले बृद्धि हुने, सामुदायिक तथा धार्मिक वन उपभोक्ता समितिको संस्थागत क्षमता विकास भएको हुने, जलाधार क्षेत्र संरक्षण सम्बन्धी योजना बनेको हुने, ६० प्रतिशत घरधुरीले सुधारिएको चुलो प्रयोग गर्ने, ५ बर्षे स्थानीय जलवायु अनुकुलन योजना तयार भएको हुनेछ ।

## ८.२ विपद् व्यबस्थापन

### ८.२.१ प्रमुख समस्या

महामारीको रुपमा फैलिएको कोविड १९ पालिकाको सवै क्षेत्र प्रभावित हुनु , ग्रामीण साना सडकहरु निर्माण गर्दा अनिवार्य प्राविधिकको प्रत्यक्ष उपस्थितिमा ठूलाउपकरण प्रयोग गर्नुपर्ने कार्यलाई पालना नगरिएको, संवेदनशील क्षेत्रका पहिचान नगरी सडक ट्र्याकखोल्ने कार्यले भूक्षय र पहिरो जानु, दैविक तथा प्राकृतिक विपद् जोखिम र विपद्का घटना बढ्दै जानु, जोखि न्यूनिकरणको लागि जनचेतनाको कमी हुनु, विपद् जोखिम न्यूनिकरण योजना तयार नहुनु, अन्तर निकाय समन्वयमा तत्काल जोखिम न्यूनिकरणका प्रयास कम हुनु आदि प्रमुख समस्या हुन् ।

### ८.२.२ अवसर र चुनौती

#### (क) अवसर

प्राकृतिक प्रकोप र जोखिम व्यबस्थापनको लागि विपद् आर्थिक कोषको स्थापना, आपतकालिन अवस्थामा प्रयोग हुने एम्बुलेन्स संचालन शुरुवात हुनु, विपद् जोखिम न्यूनीकरणका स्थानीय नीति तयार हुनु आदि अवसरहरु रहेका छन् ।

#### (ख) चुनौती

सवै निर्माण हुने व्यक्तिगत घरहरु भूकम्प प्रतिरोधी प्रविधिमा आधारित भएर निर्माण गर्नु, भवन संहिता लागु गर्नु, कोविड १९ र अन्य महामारी न्यूनिकरणका लागि तत्कालि आपतकालिन योजना तयार गर्नु, महामारीबाट प्रत्यक्ष पिडितहरुको लागि आर्थिक उत्थानमूलक प्याकेज कार्यक्रम संचालन गर्नु, भूक्षय र पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, चुरे कटान नियन्त्रण गर्नु, विपद् व्यवस्थापनमा संलग्न बिभिन्न संघसस्था वीच समन्वय गर्नु, विपद् जोखिम नक्सांकन र जोखिम योजना तयार गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन ।

### ८.२.३ उद्देश्य

समुदायमा विपद् तथा प्रकोपजन्य जोखिम व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्नु ।

### ८.२.४ रणनीति

१. प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने ।
२. विपदबाट हुने क्षति क गर्ने ।

### ८.२.५ कार्यनीति

#### रणनीति १: प्राकृतिक तथा गैह्र प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने

१. विपद् व्यवस्थापन सम्बन्धी स्थानीय, नीति, कानून र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
२. विपद् पूर्व तयारी, प्रतिकार्य योजना तथा पूर्व सूचना प्रणाली प्रभावकारी वनाइने छ ।
३. विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिने छ ।
४. विपद्को वेला उद्धार कार्यका लागि युवा स्वयंसेवी, सामाजिक संघ संस्थाहरू, सुरक्षा निकाय आदिलाई तयारी अवस्थामा राखिने छ ।
५. प्राकृतिक पैकोप, महाामारी, बाढीपहिरो, आगलागी साथै कोरोना भाईरस (कोविड १९) समेतले निम्त्याउन सक्ने असहज अवस्थाको व्यबस्थापनको लागि पालिका स्तरीय विपद् व्यवस्थापन कोषमा बर्षै पिच्छे निश्चित रकम छुट्याइने छ र उक्त र कम विपद् व्यवस्थापनमा मात्र खर्च गरिने छ ।
६. गाउँपालिकाको विपद् व्यवस्थापन समितिलाई क्षमता विकास गरी सक्रिय वनाइने छ ।
७. समुदायमा आधारित विपद् व्यवस्थापन प्रणाली अवलम्वन गरिने छ ।
८. स्थानीय विपद् तथा जलवायु अनुकुलन योजनालाई तयार गरी कायान्वयन गरिनेछ ।

**रणनीति २: विपदबाट हुने क्षति घटाउने,**

१. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरिने छ ।
२. विपद् जोखिम अध्ययन गरी विपद् प्रतिरोधी संरचनाहरूको निर्माणलाई नीतिगत रुपमा लागू गरिनेछ ।
३. दिगो विकासको मान्यता अनुसार विकास कार्यमा जोखिम आंकलन गरी न्यूनिकरणका उपाहरु अवलम्बन गरिनेछ ।
४. विपदबाट वच्ने वारेमा सचेतना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।
५. विपद् सम्बन्धी चेतना अभिवृद्धिका लागि रेडियो कार्यक्रम तयार गरी स्थानीय एफ.एम र पत्रपत्रिकाबाट प्रचार प्रसार गरिने छ,
६. स्थानीय भवन निर्माण मापदण्ड वनाई प्रभावकारी रुपमा लागु गरिने छ ।
७. कोविड १९ र यसका असरजन्य महामारीबाट बच्न अल्पकालिन र दिर्घकालिन कृयाकलापहरु पहिचान गरिनेछ ।

### ८.२.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- नीति कानून र योजना तर्जुमा
- पालिकास्तरीय विपद् व्यवस्थापन कोष स्थापना र संचालन
- विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना
- स्थानीय जलवायु अनुकुलन योजना तयार
- अन्तर सरकार तथा अन्तर निकाय समन्वय
- जनचेतना अभियान
- बिद्यूत पोल तथा वितरण प्रणालीमा रहेको जोखिम न्यूनिकरण
- विपद् प्रतिरोधि संरचना निर्माण
- विपद् जोखिम नक्साङ्कन
- जोखिमयुक्त बस्तीको पहिचान
- वडा कार्यालयमा मार्फत आकस्मिक उद्धार सामाग्री व्यास्थापन तथा फोकलपर्सन तयारी
- प्रकोप पिडितहरुको लागि पुर्नस्थापना कार्यक्रम
- विपद् व्यबस्थानका लागि विद्यालय स्तरमा चेतना मूलक कार्यक्रम
- कोविड महामारीबाट प्रत्यक्ष प्रभावितहरुको लागि एकीकृत राहात प्याकेज कार्यक्रम

#### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- विपद् प्रतिरोधी संरचना निर्माण
- विपद् प्रतिरोधी संरचना निर्माण सम्बन्धी तालिम
- वातावरण प्रभाव मूल्याकंन
- पालिका स्तरीय बिपद् कोषमा साझेदारी
- जोखिम न्यूनिकरणको लागि संस्थागत क्षमता विश्लेषण
- प्रकोप पिडितहरुको लागि पुर्नस्थापना कार्यक्रम

#### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- विपद् प्रतिरोधी ठूला पूर्वाधार स्रोत व्यबस्था
- अन्तर सरकार समन्वय ।
- आवश्यक नीतिगत प्रवन्ध

### ८.२.७ अपेक्षित उपलब्धी

विपद् सम्बन्धी नीति, कानून र योजना बनेको हुने, विपद् जोखिम नक्साङ्कन भएको हुने, नयाँ निर्माण हुने भौतिक संरचना मापदण्ड बमोजिमका र विपद् प्रतिरोधी भएको हुने, ठूला पूर्वाधार योजना कार्यान्वयन अगाडी वातारणीय प्रभाव मूल्याकंन प्रतिवेदन तयार भएको हुने, चुरे कटान नियन्त्रणका लागि समन्वयात्मक कार्यक्रम संचालन भएको हुने, स्वास्थ्य सम्बन्धी रोगको महामारी न्यून भएको हुने, सरोकारवाला संस्थाहरू वीच प्रभावकारी समन्वय भएको हुने, गाउँपालिका स्तरीय विपद् कोषमा आर्थिक स्रोत मजबुद हुने, स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना तयारी भई कार्यान्वयन हुनेछ ।

# परिच्छेद ९

# सुशासन तथा संस्थागत विकास

**यस अन्तर्गत देहायका विषय समावेश गरिएका छन् ।**

(क) योजना तथा तथ्याङ्क

(ख) संस्थागत विकास तथा सेवा प्रवाह

## ९.१ योजना तथा तथ्याङ्क

### ९.१.१ प्रमुख समस्या

पालिकाको सामाजिक आर्थिक विवरण सहितका डिजिटल तथ्याङ्कहरुको कमी, ऐन तथा नियम अनुसार सबै क्षेत्रगत योजनाहरु तर्जुमा नहुनु, वडा कार्यालय एवंम् सेवा कार्यालयहरुमा पर्याप्त जनशक्तिको कमी, स्थानीय सरकार संचालन ऐनको प्रावधान अनुसार गाँउपालिकाले तयार गर्नुपर्ने कतिपय ऐनकानून तर्जुमा नहुनु, अधिकांश वडाकार्यालयहरुको आफ्नो कार्यालय भनव नहुनु कमजोर संस्थागत पूर्वाधारका कृयाकलापहरु पूर्ण गर्न स्रोत कमी आदि क्षेत्रका प्रमुख समस्या हुन ।

### ९.१.२ अवसर र चुनौती

**(क) अवसर**

स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान अनुसार संस्थागत विकासका विभिन्न प्रावधानहरु व्यवस्था हुनु, नयाँ प्रशासनिक एकाइ भएकोले केही गरेर उदाहरणीय हुन सकिने अवस्था हुनु, गाउँपालिकाको सबै घर धुरी सर्वेक्षणबाट तथ्याङ्कको आधार प्राप्त हुनु, जनप्रतिनिधिमा योजनावद्ध विकास प्रति उत्साह हुनु, विकासका सम्भावना लाई प्राथमिकीकरण गर्ने अवस्था प्राप्त हुनु, संघीय योजना र दिगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नु, आदि यस क्षेत्रका प्रमुख अवसर हुन ।

**(ख) चुनौती**

प्राविधिमा एवमं आधारसूचक तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्नु, आवधिक योजना र वार्षिक योजना बीच तादाम्यता कायम गर्नु, दिगोविकासका सूचकहरुलाई स्थानीकरण गर्नु, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्नु, नतिजामुखी योजना तर्जुमा गर्नु, योजनाको कार्यान्वयन क्षमता वढाउनु, जनताका बढ्दो आकांक्षा व्यवस्थापन गर्नु, सस्थागत क्षमताको विकास गर्नु, सहकारी एवंम् निजी क्षेत्रको लगानी आकर्षित गर्नु, विकासमा सबै लिङ्ग, वर्ग र समुदायको समतामूलक पहुँच स्थापित गर्नु, वाल, महिला, अपाङ्गता एवं वातावरण मैत्री विकास गर्नु, श्रोतको समुचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन ।

### ९.१.३ उद्देश्य

प्रविधिमा आधारित सूचकाङ्क सहितको नतिजामूलक योजना तर्जुमा गर्नु ।

### ९.१.४ रणनीति

१. व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणाली स्थापना गर्ने
२. जनसहभागितामा आधारित प्रविधिमैत्री योजना तर्जुमा प्रणालीलाई सुदृढ गर्ने,
३. नतिजामुखी योजना प्रक्रिया अवलम्वन गर्ने,
४. नतिजामूलक अनुगमन तथा मूल्याङ्क प्रणाली अवलम्बन गर्ने ।

### ९.१.५ कार्यनीति

**रणनीति १: व्यवस्थित तथ्याङ्क तथा सूचना प्रणाली स्थापना गर्ने ।**

१. हाल घरधुरी र सस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई नपुग तथ्याङ्क समेत सङ्कलित डिजिटल प्रविधिमा व्यवस्थित गरिनेछ ।
२. गाउँपालिकामा सूचना शाखा सुदृढ गरी तथ्याङ्क र सूचनाप्रति जिम्मेवार वनाइनेछ । एवम् सबै कार्यालयहरुमा बिद्युतीय हाजिरी लागू गरिनेछ ।
३. तथ्याङ्कलाई आवधिक रुपमा अध्यावधिक प्रकाशित गरिनेछ ।

४. योजना तर्जुमालाई सहयोग पुग्ने गरी विषय क्षेत्र तथा उपक्षेत्र गत एवं अन्तर सम्बन्धित विषयहरूको खण्डीकृत तथ्याङ्क तथा सूचना सङ्कलन र व्यवस्थापन गरिनेछ।
५. तथ्याङ्क प्रणालीलाई विद्युतीय प्रणालीमा आवद्ध गरी संघ तथा प्रदेश सरकारका तथ्याङ्क प्रणालीसँग सञ्जालीकरण गरिनेछ,
६. तथ्याङ्क सङ्कलनमा संलग्न कर्मचारीहरूलाई क्षमता विकास तालिम दिइनेछ। साथै पालिकाको सेवा प्रवाहलाई सफ्टवेयर प्रणालीमा क्रमशः जोडिने छ।
७. सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेटसेवा विस्तार गर्दै लगिनेछ।

**रणनीति २: जन सहभागितामा आधारित प्रविधिमैत्री योजना तर्जुमा प्रणालीलाई सुदृढ गर्ने।**

१. तथ्याङ्क एवं सूचनामा आधारित भई सहभागितामूलक प्रविधिमैत्री योजना प्रक्रिया अवलम्वन गरिनेछ।
२. योजना तर्जुमा कार्यलाई यथार्थ परक वनाउन सरोकार वाला र विज्ञहरूको व्यापक छलफल गराइनेछ।
३. आर्थिक सामाजिक रुपले पछाडि परेका सबै वर्ग, लिङ्ग, भौगोलिक क्षेत्र आदि सबैको समावेशी आवाज र प्राथमिकतालाई यो जनामा समेटिने छ।
४. संस्थागत, संगठनात्मक तथा कर्मचारी एवं जनप्रतिनिधिको क्षमता विकास सम्बन्धी विविध कार्यक्रम सञ्चालन गरिनेछ।

**रणनीति ३: नतिजामुखी योजना प्रक्रिया अवलम्बन गर्ने**

१. मध्यकालीन खर्च संरचना तयार गरी विषय क्षेत्रगत र कार्यक्रमिक प्राथमिकता निर्धारण गरिनेछ।
२. आयोजनाको प्रकृति र कार्यान्वयन अवस्थाका आधारमा संघीय र प्रदेश सरकार, गाउँपालिका, निजी क्षेत्र स्थानीय समुदायले सञ्चालन गर्ने आयोजनाहरू सूचीकरण गरिनेछ।
३. स्थानीय योजनालाई लागत र योजनाको महत्व एवं भूगोलको आधारमा पालिकास्तर र वडा स्तरमा विभाजित गरी कार्यान्वयन गरिनेछ।
४. विस्तृत परियोजना अध्ययन सम्पन्न गरी पूर्वाधार सम्बन्धी योजना वैकं तयार गरी कार्यान्वयन गरिनेछ।
५. वार्षिक योजना र आवधिक योजनाको अन्तर सम्बन्ध स्थापित गरी आवधिक योजनाका लक्ष्यहरू प्राप्त गर्दै लगिनेछ।
६. स्थानीय स्तरको योजना कार्यान्वयन अवस्थाको दिगोविकास लक्ष्य सँगको तारतम्यताको अभिलेख तयार गरिनेछ।

**रणनीति ४: नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने।**

१. वार्षिक अनुगमन योजना बनाई कार्यान्वयन गरिनेछ।
२. अनुगमन समितिको क्षमता विकास गरी सुदृढ र कृयाशील गराइनेछ।
३. नतिजा सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी वनाइनेछ।
४ अनुगमन समितिको प्रतिवेदन कार्यपालिकाको नियमित वैठकमा छलफल गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।
५. चौमासिक तथा वार्षिक प्रगति समीक्षा गरी विकासका समस्या समाधान गरिनेछ।
६. विकास आयोजनाको निश्चित ढाँचामा प्रगति प्रतिवेदन तयार गरी नियमित रुपमा सम्बन्धित निकायमा पठाइनेछ।
७. आवधिक योजनाको मध्यावधि र अन्तिम मूल्याङ्कन गरी पृष्ठपोषणलाई कार्यान्वयनमा ल्याइनेछ।

### ९.१.६ प्रमुख कार्यक्रम

#### (क) स्थानीय तह आफैले गर्ने

- तथ्याङ्क सङ्कलन, प्रशोधन, आवधिक परिमार्जन र प्रकाशन
- गाउँपालिकाको तथ्याङ्कलाई डिजिटल प्रविधिमा आवद्ध गर्ने
- प्रोफायलको मोवायल एप तयारी
- सहभागितामूलक योजना तर्जुमा कार्यान्वयन
- नतिजा सूचकहरू निर्धारण र अनुगमन तथा मूल्याङ्कन
- क्षमता विकास तालिम
- विस्तृत आयोजना अध्ययन गरी योजना वैंक तयारी

#### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- तथ्याङ्कको विद्युतीय सञ्जालीकरण

- नतिजामूलक योजना तर्जुमा
- प्रभाव मूल्याङ्कन
- क्षमता विकास स्रोत साझेदारी

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- योजना मार्ग दर्शन
- तथ्याङ्कको विद्युतीय सञ्जालीकरण तथा नीति तयारी
- नतिजामूलक योजना तर्जुमा तथा संस्थागत क्षमता विश्लेषण
- प्रतिवेदनका ढाँचाहरू, सफ्टवेयर निर्माण ।

### ९.१.७ अपेक्षित उपलब्धी

व्यवस्थित तथ्याङ्क प्रणाली स्थापित भई विद्युतीय प्रणालीमा आबद्ध भएको हुने, गाउँपालिकाको डिजिटल प्रोफायल तयार भएको हुने, तथ्याङ्कहरुको मोवाएल एप तयारी हुने, सहभागितामूलक योजना प्रणाली स्थापित भएकोहुने, मध्यकालीन खर्च संरचना तयार भएको हुने, योजनाको लक्ष्य र उपलब्धि वीचको अन्तर न्यून भएको हुने, सूचकमा आधारित योजना अनुगमन र मूल्याङ्कन प्रणाली विकास भएको हुने, पूँजीगत खर्च ९० प्रतिशत भन्दा बढी भएको हुने, चौमासिक र वार्षिकप्रगति समीक्षा नियमित भएको हुने, सामाजिक परीक्षण एवंम सार्वजनिक सुनुवाई नियमित हुने र वार्षिक प्रगति प्रतिवेदन प्रकाशित भएको हुनेछ ।

## ९.२ संस्थागत विकास तथा सेवा प्रवाह

### ९.२.१ प्रमुख समस्या

गाउँपालिका कतिपय वडा कार्यालयको आफ्नै व्यबस्थित भवन नहुनु, दरवन्दी अनुसार सवैशाखामा पदपूर्ति नहुनु, कर्मचारीहरूमा दिगो सेवा र स्थायित्वको कमी, नयाँ प्रशासनिक संरचना भएकोले सस्थागत क्षमता कमजोर हुनु, सिमित क्षमताको इन्टरनेट सुविधा, न्यायिक समितिको क्षमता विकासमा कम लगानी हुनु, नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सार्वजनिक एवं सामाजिक परीक्षण नियमित नहुनु, आन्तरिक राजस्व क्षमता कमजोर हुनु आदि प्रमुख समस्या हुन ।

### ९.२.२ अवसर र चुनौती

#### (क) अवसर

समावेशी प्रतिनिधित्व सहितको स्थानीय सरकार गठन भई कार्य सञ्चालन हुनु, सक्षम युवा जनशक्ति नेतृत्वमा रहनु, स्थानीय शासन सम्बन्धी कानून, निर्देशिका र मापदण्ड तर्जुमाको अधिकार हुनु, आफ्नो प्रशासनिक संगठन संरचना निर्माणको अधिकार हुनु, विभिन्न किसिमका अन्तर सरकारी वित्तीय हस्तान्तरण प्राप्त हुनुका साथै आन्तरिक राजस्व परिचालनको अधिकार हुनु, दातृ सस्था र गैससहरूको प्राविधिक र आर्थिक सहयोग प्राप्त हुनु आदि प्रमुख अवसर हुन ।

#### (ख) चुनौती

आवश्यकतानुसार कर्मचारीको व्यवस्थित गर्नु, विभिन्न वडा कार्यालयहरू सँग गुणस्तरीय इन्टरनेट सहित विद्युतीय सञ्जाल कायम गर्नु, आन्तरिक राजस्व वढाउनु, एकीकृत सम्पती कर लागू गर्नु, सेवा र विकास कार्यक्रमको गुणस्तर कायम गर्नु, सूचना तथा अभिलेखहरूलाई विद्युतीय प्रणालीमा आवद्ध गर्नु, सरकारी खर्च मार्फत सम्पन्न हुने योजनामा बित्तिय अनुशासनको पालना र गुणस्तरीय कार्यसम्पादन गर्नु आदि प्रमुख चुनौती हुन ।

### ९.२.३ उद्देश्य

पालिका मार्फत प्रदान हुने सेवा सुविधामा नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्दै सुशासन कायम गर्नु ।

### ९.२.४ रणनीति

१. विकास कार्य र सेवा प्रवाहलाई प्रभावकारी वनाउने
२. सार्वजनिक सेवा प्रवाहमा विधि र प्रक्रियाको अवलम्वन गर्दै असल शासन कायम गर्ने
३. प्रभावकारी वित्तीय अनुशासन मार्फत सुशासन कायम गर्ने

### ९.२.५ कार्यनीति

**रणनीति १: विकास कार्य र सेवा प्रवाहलाई प्रभावकारी वनाउने ।**

१. संगठन तथा व्यवस्थापन (O&M) अध्ययन गरी कार्यमूलक संगठनात्मक संरचना निर्माण गरिनेछ ।
२. स्थानीय सेवा प्रवाहलाई विद्युतीय प्रणालीमा आवद्ध गरी विषयगत शाखा र वडा कार्यालयबाट अनलाइन सेवा सञ्चालन गर्दै लगिनेछ ।
३. गाउँपालिकाको वेव सइटलाई स्तरीकरण गरी सबै निर्णय, बजेट तथा कार्यक्रम र प्रगति, खर्चको विवरण लगायतका सार्वजनिक चासोका विषयहरू नियमित रुपमा वेव साइटमा राखिनेछ ।
४. सेवा प्रवाहलाई घर दैलोमा पु¥याउन घुम्ती सेवा प्रदान गरिनेछ ।
५. विकास निर्माण कार्यलाई योजनावद्ध हिसावले कार्यान्वयन गरी कम लागतमा अधिकतम प्रतिफल प्राप्त गर्ने गरी तोकिएको समयमा गुणस्तरीय रुपमा सञ्चालन गरिनेछ ।
६. नागरिक वडापत्रहरु, कार्यक्रमका सूचना, फोटो तथा भिडियो लाईभ कार्यक्रमहरु प्रर्दशन गर्नका लागि बिद्यूतीय डिजिटल बोर्ड स्थापना गरिनेछ ।

**रणनीति २: विधि र प्रक्रियाको अवलम्वन गर्दै असल शासन कायम गर्ने ।**

१. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, सेवा सन्तुष्टि सर्वेक्षण जस्ता औजारहरूको प्रयोग गरी नागरिक उत्तरदायित्व सुनिश्चित गरिनेछ ।
२. विधिको शासन, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, भ्रष्टाचार न्यूनीकरण जस्ता सुशासनका औजारहरू उपयोग गरिनेछ ।
३. आफ्नो अधिकार क्षेत्र भित्रका विषयहरूमा कानून, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
४. गाउँपालिका कार्यालय र वडा कार्यालयहरूमा नागरिक वडापत्र राखी तदनुसार सेवा प्रवाह गरिनेछ ।
५. सबै कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन र पुरस्कार तथा दण्डलाई उनीहरूको कार्य प्रगतिसँग आवद्ध गरिनेछ ।
६. स्थानीय राजपत्र नियमित रुपमा प्रकाशित गरिनेछ ।
७. करदाता शिक्षालाई प्रभावकारी बनाउदै राजश्व प्रशासन र कर प्रणालीलाई जनधारणा अनुसार तय गरिनेछ ।

**रणनीति ३: प्रभावकारी वित्तीय व्यवस्थापन गर्ने ।**

१. खर्च व्यवस्थापनलाई प्रभावकारी बनाई वित्तीय जवाफदेहिता कायम गरिनेछ ।
२. स्थानीय राजश्व परामर्श समितिलाई प्रभावकारी बनाई वार्षिक राजश्व योजना निर्माण गरिनेछ ।
३. आन्तरिक आयका क्षेत्र पहिचान गरी स्रोतको दायरा बढाउँदै राजश्वको वृद्धि गरिनेछ ।
४. लेखा समिति र सुशासन समितिलाई प्रभावकारी बनाई तिनको प्रतिवेदन सभामा प्रस्तुत गरी छलफल गराइनेछ ।
५. खरिद प्रकृयालाई थप व्यबस्थित गर्न बिद्यूतीय खरिद प्रकृया - E bidding लागू गरिनेछ ।

### ९.२.६ प्रमुख कार्यक्रम

**(क) स्थानीय तह आफैले गर्ने**

- संगठन तथा व्यवस्थापन (O&M) अध्ययन
- अनलाइन सफ्टवयेमा आधारित सेवा सञ्चालन
- स्थानीय राजपत्र नियमित प्रकाशन
- वेव साइट अध्यावधिक
- घुम्ती सेवा सञ्चालन
- नागरिक वडापत्र प्रकाशन
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन, सेवा सन्तुष्टि सर्वेक्षण
- कानून, निर्देशीका, मापदण्ड तथा कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयन
- वित्तीय जवाफदेहिता कायम
- रेडियो कार्यक्रम उत्पादन
- वडा कार्यालयहरुमा डिजिटल बोर्ड स्थापना तथा नागरिक वडापत्र तयारी
- विद्यालय तथा सवै सेवा कार्यालयहरुमा बिद्यूतीय हाजिरी
- सवै बिद्यालयहरु र वडा कार्यालयहरुमा इन्टरनेट पहुँच
- मध्यकालिन खर्च संरचना योजना तयारी

### (ख) प्रदेश सरकारसँग सहकार्यमा गर्ने

- संगठन तथा व्यवस्थापन (O&M) अध्ययन
- सफ्टवयेर तथा वेवसाइट अद्यावधिक
- घुम्ती सेवा सञ्चालन
- कानून, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरूको तर्जुमा

### (ग) संघीय सरकारसँग सहकार्यमा गर्ने

- संगठन तथा व्यवस्थापन (O&M) अध्ययन,
- कानून, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरूको तर्जुमा
- नीति निर्देशन
- न्यायिक समितिको क्षमता विकास
- मध्यस्तता समितिको क्षमता विकास

### ९.२.७ अपेक्षित उपलब्धी

आफ्नो अधिकार क्षेत्रका कानून, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरूको तर्जुमा भएको हुने, संगठन तथा व्यवस्थापन (O&M) अध्ययन भई कार्यान्वयन भएको हुने, वेवसाइट अद्यावधिक भएको हुने, गाउँपालिकाका २५ प्रतिशत सेवा विद्युतीय अनलाइन प्रणालीवाट सञ्चालन भएको हुने, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाईवार्षिक २ पटक भएको हुने, गाउँपालिका तथा सबै वडाहरूमा नागरिक वडापत्र निर्माण भई कार्यान्वयनमा आएको हुने, सेवा कार्यालयहरुमा डिजिटल डिसप्ले बोर्ड राखिएको, पालिकाको गतिविधि समेटिएको रेडियो कार्यक्रम उत्पादन भएको, सेवा सन्तुष्टि ७० प्रतिशत पुगेकोहुने, स्थानीय राजपत्र नियमित रुपमा प्रकाशन भएको हुनेछ ।



# परिच्छेद १०

## नतिजा खाका

### १०.१ पृष्ठभूमी

योजना, लक्ष्य वा  तथा कृयाकलापहरु बीच नतिजाहरूको तहगत अन्तर सम्बन्ध स्थापना गरी योजना प्रक्रियालाई नतिजामुखी बनाउनु पर्ने हुन्छ। यसमा कारण र असरहरूको विश्लेषण गर्दै लगानी देखि प्रतिफल हुँदै लक्ष्य वा प्रभावसँग पुग्ने गरी नतिजाहरूको श्रृङ्खलावद्ध सम्वन्ध स्थापित गरिएको हुन्छ। यो तर्कवद्ध खाका तयार गर्दा विषयगत क्षेत्रका आधारमा नतिजा क्षेत्र (Key result areas) निर्धारण गरी सो सँग सबै विषयगत क्षेत्र तथा उपक्षेत्रको योगदानलाई अन्तर सम्बन्धित गराउने प्रयास गरिएको छ। यसमा रहेका नतिजा सूचकहरू मार्फत योजनाको प्रगति अनुगमन गरी निर्णय प्रक्रियालाई प्रमाणमा आधारित बनाउन एवं नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित गर्न सहयोग पुग्नेछ भन्ने विश्वास लिइएको छ।

### १०.२ बिषयगत तर्कबद्ध खाका

#### १०.२.१ मानवीय तथा आर्थिक विकास सूचक

| नतिजाको स्तर | विषय क्षेत्र र सूचकहरु | एकाई | आधार बर्ष | लक्ष्य | | सूचनाको स्रोत | कार्यान्वयन निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/०७७ | २०८०/०८१ | २०८२/०८३ | | | |
| असर | **मानवीय विकास सूचक** | | | | | | | |
| प्रतिफल १ | औसत आयू (वर्षमा) (प्रदेश | सूचक | ७०.७ | ७२ | ७५ | | | |
| प्रतिफल २ | मानव  विकास सूचकांक | सूचकांक | ०.५७४ | | | | | |
| प्रतिफल ३ | प्रतिव्यक्ति आय  PPP डलर (प्रदेश) | सूचकांक | १०७१ | १२५० | १४०० | | | |
| प्रतिफल ४ | आर्थिक बृद्धिदर (प्रदेश) | सूचकांक | ३.४१ | ६ | १० | | | |
| प्रतिफल ५ | गरिवीको दर इलाम जिल्ला | | १९.७ | १७ | १४ | | | |
| प्रतिफल ६ | जनसंख्या बृद्धिदर | | –०.२५ | | सन्तुलन गर्ने | | | |
| प्रतिफल ७ | औषत परिवार संख्या | संख्या | ४.९२ | कायम राख्ने | कायम राख्ने | | | |
| प्रतिफल ८ | कृषि तथा पशुपालनसँग प्रत्यक्ष संलग्न जनसंख्या | प्रतिशत | ८०.०७ | | | | | |
| प्रतिफल ९ | खाद्यबालीको उत्पादन | मेट्रिकटन | २९ | ४० | ५० | | | |
| प्रतिफल १० | दैनिक दूध उत्पादन | लिटर | ४१७४ | ५००० | ७००० | | | |
| प्रतिफल ११ | कृषि पकेट क्षेत्र घोषणा | संख्या | ० | २ | ६ | | | |
| प्रतिफल १२ | आफ्नो अन्न उत्पादनले ३ महिना भन्दा कममात्र खानपुग्ने घरपरिवार | प्रतिशत | ५५ | ४० | २५ | | गाउँपालिका कार्यालय | |
| प्रतिफल १३ | भोगचलन अनुसार नीजि स्वामित्वको जमिनमा आफ्नो घर भएको घरधुरी | प्रतिशत | ९४.७९ | ९८ | १०० | गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदन | | नीजि क्षेत्रको सहयोग भएको हुने। अन्तर सरकार समन्वय हुने |
| | **पशुपालन** | | | | | | | |
| प्रतिफल १४ | गाई र गोरु | संख्या | ४६१५ | ५५०० | ६५०० | | | |
| प्रतिफल १५ | भैसी | संख्या | ७०१ | ९०० | १००० | | | |
| प्रतिफल १६ | कुखुरा हाँस | संख्या | ३७७८ | | १०००० | | | |
| प्रतिफल १७ | वाख्रा | संख्या | ७४३६ | ८००० | १०००० | | | |
| प्रतिफल १८ | सुंगुर | संख्या | १०६७ | २५०० | ५००० | | | |
| प्रतिफल १९ | पशुपालन सम्बन्धी ठूला व्यबसायिक फर्म | संख्या | ० | ४ | ८ | | | |
| | **पर्यटन तथा रोजगार** | | | | | | | |
| प्रतिफल २० | पहिचान भएको पर्यटकीय स्थल | संख्या | १८ | पूर्वाधार विकास | पूर्वाधार विकास | | | |
| प्रतिफल २१ | होस्टे संञ्चालन पहिचान भएको क्षेत्र | संख्या | ० | १० | ३० | | | |
| प्रतिफल २२ | सहासिक पर्यटन प्रवर्द्धनको लागि पहिचान भएको क्षेत्र | संख्या | १ | १ | पूर्वाधार विकास | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल २३ | पार्क तथा उद्यान | संख्या | ४ | ५ | पूर्वाधार विकास | गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन | गाउँपालिका, प्रदेश सरकार | नीजि क्षेत्रको सहयोग भएको हुने । अन्तर सरकार समन्वय हुने |
| प्रतिफल २४ | बैदेशिक रोजगारीमा तेस्रो मुलुक गएको जनसंख्या | संख्या | ९२१ | ७०० | ५०० | | | |
| प्रतिफल २५ | पर्यटन गुरुयोजना | संख्या | ० | १ | १ | | | |
| | **सहकारी, उद्योग** | | | | | | | |
| प्रतिफल २६ | सहकारी संख्या | संख्या | १४ | नीति अनुसार | | | | |
| प्रतिफल २७ | बैंक तथा बित्तिय संस्था | संख्या | १ | १ | २ | | | |

## १०.२.२ सामाजिक विकास सूचक

| नतिजाको स्तर | विषय क्षेत्र र सूचकहरु | एकाई | आधार बर्ष | लक्ष्य | | सूचनाको स्रोत | कार्यान्वयन निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/०७७ | २०८०/०८१ | २०८२/०८३ | | | |
| असर | **जनसंख्या** | | | | | गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन | गाउँपालिका कार्यालय | सघीय सरकारबाट प्राप्त हुने श्रोत अनुमान अनुसारनै उपलब्ध हुने अन्तर सरकार समन्वय हुने |
| प्रतिफल १ | कूल घरपरिवार | संख्या | ३७६९ | सन्तुलन राख्ने | | | | |
| प्रतिफल २ | कूल जनसंख्या | संख्या | १८५४९ | सन्तुलन राख्ने | सन्तुलन राख्ने | | | |
| | **शिक्षा तथा खेलकुद** | | | | | | | |
| प्रतिफल ३ | सरदर साक्षरता | प्रतिशत | ९०.०४ | ९५ | १०० | | | |
| प्रतिफल ४ | ईन्टरनेट सुविधा उपलब्ध भएको सामुदायिक बिद्यालयको विवरण | संख्या | २ वटा | ८ | १५ | | | |
| प्रतिफल ५ | आधारभूत तहको बिद्यालय संख्या | संख्या | २४ | नीति अनुसार | | | | |
| प्रतिफल ६ | माध्यमिक तह | संख्या | ७ | नीति अनुसार | | | | |
| प्रतिफल ७ | नमूना बिद्यालय | संख्या | ० | १ | २ | | | |
| प्रतिफल ८ | आधारभूत तहको खुद भर्नादर (प्रदेश) | ९७.३ | ९८.५ | | १०० | | | |
| | **स्वास्थ्य** | | | | | | | |
| प्रतिफल ९ | ४ पटक गर्भवती जाँच गराएका गर्भवती | प्रतिशत | ४३ | ६० | ७५ | | | अन्तर सरकार समन्वय तथा श्रोत व्यवस्थापन हुने |
| प्रतिफल १० | आईरन चक्कीको पूरा मात्रा लिएका गर्भवती | प्रतिशत | ६५ | ७५ | ९० | | | |
| प्रतिफल ११ | संस्थागत प्रसुती सेवा दर | प्रतिशत | ६२ | ७० | ७५ | | | |
| प्रतिफल १२ | दक्ष स्वास्थ्य कर्मीबाट प्रसुती सेवा दर | | ५५.६ | ६० | ७५ | | | |
| प्रतिफल १३ | प्रसुती पछि स्वास्थ्य जाँच गराउने सुत्केरी आमा प्रतिशत | प्रतिशत | ४० | ६० | ७५ | | | |
| प्रतिफल १४ | स्वास्थ्य सेवामा सुलभ पहुँच भएको घरधुरी | प्रतिशत | ६३ | ७० | ८५ | | | |
| प्रतिफल १५ | एकघण्टा भन्दा धेरै समयमा मात्र प्राथमिक स्वास्थ्यसेवा प्रदायक संस्था भेट्ने परिवार | प्रतिशत | ५५ | ४० | २५ | | | |
| प्रतिफल १६ | आयोडिनयुक्त नून प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८८ | १०० | | | गाउँपालिका कार्यालय | |
| प्रतिफल १७ | स्वास्थ्य चौकी संख्या | | | ६ | | | | |
| प्रतिफल १८ | अस्पताल | संख्या | ० | ० | १ | | | |
| | **खानेपानी तथा सरसफाई** | | | | | | | संघीय तथा प्रदेश सरकारका वीच समयानै स्रोतको सुनिश्चत हुने |
| प्रतिफल १९ | पाइप प्रणालीबाट खा.पा. उपभोग गर्ने जनसंख्या | प्रतिशत | ८३.२० | ८६ | ९० | | | |
| प्रतिफल २० | नछोपिएको खुल्ला इनार, कुवा, जरुवा आदिबाट खानेपानी संकलन गर्ने घरधुरी | | ९.५७ | ६ | २ | | | |
| प्रतिफल २१ | मापदण्ड युक्त शौचालय प्रयोग गर्ने घरधुरी | प्रतिशत | ६०.१२ | ७५ | ९० | | | |
| प्रतिफल २२ | शौचालय नभएको घरधुरी | प्रतिशत | २.६२ | १ | ० | | | |
| प्रतिफल २३ | सार्वजनिक शौचालयका | संख्या | १४ | १६ | २० | | | |
| | **महिला तथा बालबालिका** | | | | | | | |
| प्रतिफल २४ | महिला घरमुली भएको घरधुरी | प्रतिशत | २१.५४ | २५ | ३० | | | |
| प्रतिफल २५ | महिलाको नाममा अचल सम्पत्ति भएको घरधुरी | प्रतिशत | | २५ | ३० | | | |
| प्रतिफल २६ | महिलाको नाममा बैंक खाता भएको घरधुरी | प्रतिशत | १६ | २५ | ३० | | | |
| प्रतिफल २७ | अपाङ्गता भएका बालबालिकाहरुलाई लक्षित गरी ब्रेललिपि माध्यमबाट पठनपाठन हुने विद्यालयको | संख्या | ० | | १ | | | |
| प्रतिफल २८ | बालविकास केन्द्रको | संख्या | | | २० | | | |
| | **कला भाषा संस्कृति** | | | | | | | स्थानीय संस्थाहरु कृयाशील हुने |
| प्रतिफल २९ | आदीबासी जनजाति मातृभाषामा पठन पाठन हुने बिद्यालय | संख्या | १ | | ४ | | | |
| प्रतिफल ३० | किराँत साम्जिक मुन्दुम पाठशाला | संख्या | १ | | कायम राख्ने | | | |
| प्रतिफल ३१ | जातीय संगालय | संख्या | ० | | १ | | | |
| प्रतिफल ३२ | बार्षिक सास्कृति प्रर्वद्धन कृयाकपाल | संख्या | १ | १ | २ | | | |
| | **शान्ति तथा सुरक्षा** | | | | | | | संघीय सरकारबाट सहयोग हुने |
| प्रतिफल ३३ | ससस्त्र प्रहरी सुरक्षा वेश | संख्या | १ | | कायम राख्ने | | | |
| प्रतिफल ३४ | प्रहरी चौकी | संख्या | ३ | | ४ | | | |
| प्रतिफल ३५ | अस्थायी प्रहरी विट संख्या | संख्या | २ | | ३ | | | |

### १०.२.३ पूर्वाधार विकास क्षेत्र

| नतिजाको स्तर | विषय क्षेत्र र सूचकहरु | एकाई | आधार बर्ष | लक्ष्य | | सूचनाको स्रोत | कार्यान्वयन निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/०७७ | २०८०/०८१ | २०८२/०८३ | | | |
| असर | **सडक तथा यातायात** | | | | | | | |
| प्रतिफल १ | मोटरबाटो/सडक | कि.मी. | | | | | | |
| प्रतिफल २ | कालो पत्रे (कि.मी.) | क.मी. | | | | | | |
| प्रतिफल ३ | ग्राभेल सडक | कि.मी. | | | | | | |
| प्रतिफल ४ | ग्रामीण धुले सडक | कि.मी. | | | | | | |
| प्रतिफल ५ | ग्रावेल सडक पहुँच भएका घरधुरीको | प्रतिशत | | | | | | प्रस्तावित स्रोत सुनिश्चित हुने |
| प्रतिफल ६ | पक्की सडकले छोएको घरधुरी | प्रतिशत | ० | १५ | ३५ | | | |
| प्रतिफल ७ | झोलुंगे पुल (संख्या) | संख्या | १३ | | १५ | | | |
| प्रतिफल ८ | लोकल बस स्टप | संख्या | २ | ३ | ४ | | | |
| प्रतिफल ९ | पक्की मोटरपुल | संख्या | २ | ३ | ४ | | | |
| प्रतिफल १० | ट्रस पुल | संख्या | ३ | | ५५ | | | |
| | **बिद्युत तथा वैकल्पिक ऊर्जा** | | | | | | | |
| प्रतिफल ११ | विद्युत जडान गरिएको संख्या | | ६४.०७ | ७५ | ९० | | | लघुजलविद्युत समेत |
| प्रतिफल १२ | गोबरग्याँस प्रयोग गर्ने घरपरिवार | संख्या | २१ | १०० | २५० | | | |
| प्रतिफल १३ | सौर्य उर्जा प्रणाली प्रयोग गर्ने घर | प्रतिशत | २६.५५ | बिद्यूतीकरण गर्ने | बिद्यूतीकरण गर्ने | | | |
| प्रतिफल १४ | सुधारिएको चुलो प्रयोग गर्ने घरधुरी | प्रतिशत | १४ | ४० | ६० | गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदन | गाउँपालिका कार्यालय | सेवा प्रदायकबाट प्राविधिक सहयोग प्राप्त हुने |
| प्रतिफल १५ | सिलिण्डर ग्यांस प्रयोग गर्ने घरधुरी | संख्या | ४.५३ | १० | २५ | | | |
| प्रतिफल १६ | सौर्य उर्जा पम्पिङ्ग प्रणालीवाट खानेपानी योजना | संख्या | १ | २ | ४ | | | |
| प्रतिफल १७ | सौर्य सिंचाई प्रणाली | संख्या | ० | २ | ४ | | | |
| | **संञ्चार** | | | | | | | |
| प्रतिफल १८ | रेडियो स्टेसन | संख्या | १ | | कायम राख्ने | | | |
| प्रतिफल १९ | PSTN टेलिफोन सेवा लिने घरधुरी | प्रतिशत | ० | ५ | १५ | | | नीजि क्षेत्रको सहयोग हुने |
| प्रतिफल २० | ADSL इन्टरनेट सेवा लिने संख्या | प्रतिशत | ० | १५ | २५ | | | |
| प्रतिफल २१ | हुलाक सेवा कार्यालयको | संख्या | २ | २ | ४ | | | |
| प्रतिफल २२ | मोवाईल प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ६३ | ७५ | ८५ | | | |
| | **सिंचाई** | | | | | | | |
| प्रतिफल २३ | कूल कृषियोग्य जमिन मध्ये सिंचित क्षेत्रफल हेक्टर | हेक्टर | | | | | | |
| प्रतिफल २४ | ठूला तथा मझौला सिंचाई आयोजना | संख्या | २ | २ | २ | | | |
| प्रतिफल २५ | साना सिंचाई कुलो | संख्या | १४ | २५ | ३० | | | |
| | **आवास संरचना** | | | | | | | |
| प्रतिफल २६ | जस्तापाताको छाना भएको घरधुरी | प्रतिशत | ९१.७४ | ९३ | ९५ | | | |
| प्रतिफल २७ | पक्की वा ढलान गरिएको छत भएको घरधुरी | प्रतिशत | ०.७९ | ३ | ५ | | | |
| प्रतिफल २८ | खर वा फुसको छाना भएको घरधुरी | प्रतिशत | ६.९७ | २ | ० | गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदन | गाउँपालिका कार्यालय | स्रोत सुनिश्चता हुने |
| | **अन्य पूर्वाधार** | | | | | | | |
| प्रतिफल २९ | बर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य केन्द्र | संख्या | १ | २ | ४ | | | |
| प्रतिफल ३० | सामुदायिक स्वास्थ्य केन्द्र संख्या | संख्या | ४ | ५ | ६ | | | |
| प्रतिफल ३१ | आफ्नै कार्यालय भएका वडा कार्यालय | संख्या | २ | २ | २ | | | |
| प्रतिफल ३२ | ल्याण्डफिल्ड साईड | संख्या | ० | | १ | | | |

## १०.२.४ वन वातावरण प्रकोप

| नतिजाको स्तर | विषय क्षेत्र र सूचकहरु | एकाई | आधार बर्ष | लक्ष्य | | सूचनाको स्रोत | कार्यान्वयन निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| असर | **वन** | | २०७६/०७७ | २०८०/०८१ | २०८२/०८३ | | | |
| प्रतिफल १ | वनको कूल क्षेत्रफल | वर्ग कि.मि. | | | | | | |
| प्रतिफल २ | सामुदायिक वन उपभोक्ता समिति संख्या | | | | | | | |
| | **वातावरण** | | | | | | | |
| प्रतिफल ३ | घरभित्रको धुवाँमुक्त वडा | संख्या | ० | ३ | ६ | | | |
| प्रतिफल ४ | वातावरणमैत्री वडा संख्या | संख्या | ० | ३ | ४ | | | |
| प्रतिफल ५ | जलवायू अनुकुलन गाउँ | संख्या | ० | | ४ | | | |
| प्रतिफल ६ | संरक्षण क्षेत्र | संख्या | ० | १ | २ | गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदन | | |
| प्रतिफल ७ | ल्याण्डफिल्ड साइड (फोहोरमैला विर्सजन स्थल) | संख्या | ० | ० | १ | | | सरोकारवाला वीच समन्वय हुने |
| प्रतिफल ८ | तालतलैया, प्राकृतिक पोखरी तथा सिमासार | संख्या | ३ | ० | ६ | | गाउँपालिका कार्यालय | |
| प्रतिफल ९ | पशुपधशाला | संख्या | ० | | २ | | | |
| | **विपद् तथा जोखिम** | | | | | | | |
| प्रतिफल १० | जोखिम क्षेत्रमा वसोवास गर्ने परिवार | संख्या | ४७ | | ० | | | |
| प्रतिफल ११ | विपत तथा प्रकोपवाट हुने क्षती (वार्षिक) | संख्या | १७ | ० | ० | | | |
| प्रतिफल १२ | आपतकालिन अवस्थाको लागि तोकिएको खुल्ला क्षेत्र | संख्या | ० | | ३ | | | |
| प्रतिफल १३ | आपतकालिन यातायातका साधन (एम्बुलेन्स) | संख्या | १ | १ | २ | | | |
| प्रतिफल १४ | स्थानीय विपद् तथा जलवायु अनुकुलन योजना | संख्या | ० | १ | | | | |

### १०.२.५ संस्थागत विकास

| नतिजाको स्तर | विषय क्षेत्र र सूचकहरु | एकाई | आधार बर्ष | लक्ष्य | | सूचनाको स्रोत | कार्यान्वयन निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/०७७ | २०८०/०८१ | २०८२/०८३ | | | |
| असर | **संस्थागत विकास** | | | | | गाउँपालिकाको बार्षिक प्रगति प्रतिवेदन | गाउँपालिका | |
| प्रतिफल १ | सामुदायिक सूचना केन्द्र | संख्या | ० | ३ | ३ | | | श्रोत सुनिश्चित हुने |
| प्रतिफल २ | विकास प्रक्रियामा महिला सहभागिताको | प्रतिशत | | ३३ | ३३ | | | |
| प्रतिफल ३ | गाउँपालिकाको गतिविधि सम्बन्धी नियमित बुलेटिन | संख्या | १ | २ | २ | | | |
| प्रतिफल ४ | सांस्कृतिक अधिकार सम्बन्धी कार्यरत संघ-संस्था | संख्या | ३ | | ४ | | | |
| प्रतिफल ५ | युवा क्लब संख्या | संख्या | ४ | | ६ | | | |
| प्रतिफल ६ | बालक्लब तथा बाल संजालको | संख्या | २१ | ३० | २१ | | | |
| प्रतिफल ७ | गाउँपालिकाको वेभ साईड | संख्या | १ | | ११ | | | |
| प्रतिफल ८ | मोवाएल एप्लिकेसन तयारी | संख्या | ० | १ | ० | | | |
| प्रतिफल ९ | प्रकोप नक्सांकन | पटक | ० | १ | ० | | | |
| प्रतिफल १० | भू उपयोग योजना | पटक | ० | १ | ० | | | |

### १०.२.६ वित्तिय व्यवस्थापन तथा सुशासन

| नतिजाको स्तर | वित्तिय व्यवस्थापन तथा सुशासन | एकाई | आधार बर्ष | लक्ष्य | | सूचनाको स्रोत | कार्यान्वयन निकाय | जोखिम अनुमान |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०७६/०७७ | | | | | |
| असर | **वित्तिय अनुसाशन** | | | २०८०/०८१ | २०८२/०८३ | गाउँपालिकाको बार्षिक बजेट बक्तव्य | गाउँपालिका | अन्तर सरकार वीच समन्यन हुने |
| प्रतिफल १ | वेरुजु फस्यौट | प्रतिशत | | | | | | |
| प्रतिफल २ | स्रोत परिचालन र क्षमता विकास | | | | | | | |
| प्रतिफल ३ | आन्तरिक आय अभिबृद्धि | | | | | | | |
| प्रतिफल ४ | समन्वय र साझेदारी | प्रतिशत | | | | | | |
| प्रतिफल ५ | आन्तरीक नियन्त्रण प्रणाली | | | | | | | |
| प्रतिफल ६ | सामाजिक परीक्षण | संख्या | ० | १ | १ | | | |
| प्रतिफल ७ | लैङ्गिक बजेट परीक्षण | संख्या | ० | १ | १ | | | |
| प्रतिफल ८ | सार्वजनिक सुनुवाई | संख्या | २ | २ | २ | | | |
| प्रतिफल ९ | आय व्ययको सार्वजनिकरण | संख्या | | | | | | |
| प्रतिफल १० | अनलाईन सेवा | संख्या | ० | १ | ३ | | | |

## १०.३ गाउँपालिका स्तरीय गौरवका योजनाहरु

- एक गाउँपालिका एक प्राविधिक बिद्यालयमार्फत प्रविधियुक्त नमूना शैक्षिक पूर्वाधार
- नयाँ आयोजना निर्माण तथा पुराना खानेपानीमर्मत मार्फत एकघर एक धारा कार्यक्रम
- बालमैत्री स्थानीय शासन अर्न्तगत बालमैत्री गाउँपालिका घोषणा
- माङसेबुङलाई धार्मिक सांस्कृतिक र कृषिपर्यटन प्रवर्द्धन मार्फत पर्यटकीय हव तयारी
- राष्ट्रिय विभूती महागुरु फाल्गुनन्द लिङदेनको सवै भन्दा अग्लो पूर्ण कदको सालिक निर्माण
- सवैलाई सुलभ स्वस्थ सेवा अर्न्तगत चतुरे/मनीपुरमा १५ शैयाको अस्पताल निर्माण
- अन्तर वडा तथा अन्तरपालिका सडक संजाल लिंकेज
- उज्यालो माङ्सेबुङ अर्न्तगत बिद्युतीकरण नभएका क्षेत्रमा द्रुत बिद्युत बिस्तार
- पालिकाका सवै वडा जोडने सडकहरुको स्तरउन्नतीमार्फत अलवेदर
- माङसेबुङ रिङ्गरोड कालोपत्रे
- तोभाङ्ग, घोर्लेभिर, लामीडाँडा हुदै धामसम्म रिङ्गरोड
- फाल्गुनन्द दोभान जोड्ने वडा न. ६ वि.विमार्ग निर्माण सम्पन्न गर्ने
- चतुरे-फुलुङ्गी हुँदै माई न.पा सडक ग्राभेल तथा स्तरोन्नती
- सालिक भञ्जाङ- सुवाचिङ-चिबुवा-सिङलाबु हुदै इभाङ जोड्ने सडकको स्तरोन्नती
- पिपलडाँडा-माताङ-अलैचीटार सडकको नयाँ ट्र्याक खोल्ने
- आत्मानन्द मार्गबाट फुलुङ्गी फल्गुनन्द  ज्ञानभूमी सम्म जोड्ने तिर्थमार्ग
- घोर्ले भिरमा सहासिक पर्यटनको लागि रकक्लाईमिङ र जिपलाईनिङ्गको एवंम् गिद्धेपार्क क्षेत्रमा प्याराग्लाईडिङ्गको संभाव्यता अध्ययन गरी कार्यान्वयन
- माङमालुङ एकीकृत पर्यटकीय पूर्वाधार
- तीन थुम्की दृश्या वलोकनका लागि भ्यूटावर
- माङमालुङ देवस्थल एकीकृत पूर्वाधार निर्माण
- पञ्चमीबजार तथा चतुरेमा कवर्ड हल निर्माण
- आत्मानन्द जन्मस्थान/चुक्चीनाम्वा पूर्वाधार
- लिम्बु जातिय सङ्गालय
- ईन्टरनेट सुविधा सहितको प्रविधिमैत्री बिद्यालय पूर्वाधार
- कृषि, फलफुल तथा पशुपालन पकेट क्षेत्र घोषणा तथा प्रवर्द्धन
- नयाँ तथा पुराना सिंचाई कुलोको डिपिआर तयार
- गजुरमुखी धाममा भक्तजनहरुकालागि एक सार्वजनिक धर्मशाला निर्माण
- महिला उद्यमीशलता कार्यक्रम

परिच्छेद ११

# दिगो विकास लक्ष्यको स्थानीयकरण तथा मध्यकालिन खर्च संरचना

## ११.१ दिगो विकासको लक्ष्यसँग आवधिक योजनाको स्थानीयकरण

### ११.१.१ परिचय

गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिने आवधिक योजनाको प्रदेश एवंम सघिय सरकारको आवधिक तथा रणनीतिक योजनासँग प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्न सकिने ठूला आयोजनाहरु गाउँपालिका उपलब्ध हुने साधन र स्रोत अपुग भएको अवस्थामा प्रदेश स्तरीय एवं सघिय योजनामा समावेश गरि सञ्चालन गरिएको हुन्छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र रही आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रतग मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने प्रावधान अनुसार साथै १५औ केन्द्रीय आवधिक योजनाको रणनीति अनुसार स्थानीय तहको आवधिक योजना तयार गरिएको छ।

संयुक्त राष्ट्रसंघको सेप्टेम्बर २०१५ मा बसेको साधारणसभाले सन् २०१६ देखि २०३० सम्ममा दिगो विकासको लागि १७ वटा लक्ष्यहरु किटान गरेको छ। नेपाल सरकार लगायत सवै निकायहरुले तय गरेका अवधारणा, मार्गदर्शन, नीति, योजना तथा कार्यक्रमहरुलाई मूर्तरुप दिन विकासको तल्लो निकायसम्म उक्त लक्ष्यहरुको तारतम्य मिलाउनुपर्ने देखिन्छ। सवै तहका सरकारको क्रियाशिलताबाट मात्रै दिगो विकासको सफल कार्यान्वयन र लक्ष्य प्राप्ति हुन सक्दछ। दिगो विकास लक्ष्य हासिल गर्न सम्पूर्ण निकायको महत्वपूर्ण जिम्मेवारी हुन्छ। संघीय, प्रदेश र स्थानीय तहका सरकारले योजनाहरुको छनौट, कार्यान्वयन, अनुगमन र मूल्यांकन समन्वयात्मक रूपमा गर्नुपर्ने हुन्छ। दिगो विकास लक्ष्य हासिल गर्न सरकारको एकल प्रयासले मात्र सम्भव छैन। यसमा सरकारका अतिरिक्त निजी तथा गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय लगायत सम्पूर्ण विकास साझेदारहरूबीचमा साझेदारी एवम् सहकार्य अनिवार्य छ। तसर्थ गाउँपालिकाको यस आवधिक योजनाले पनि स्थानीय रुपमा दिगो विकासका तोकिएका लक्ष्यहरु प्राप्तिमा सकारात्मक टेवा पुर्‍याउने विश्वास गरिएको छ।

आ.व. २०७४/७५ देखि मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुर्‍याउने आयोजनालाई उच्च प्राथमिकता प्रदान गर्ने गरी सूचक निर्माण एवम् कार्यक्रम/आयोजनाको प्राथमिकीकरण गरिएका छन्। बजेट, नीति तथा कार्यक्रमका लागि व्यवस्था गरिएको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट कार्यक्रमका लागि दिगो विकास लक्ष्य अनुकूल हुने गरी कार्यक्रमको सांकेतीकरण गरिएको छ। यसबाटे दिगो विकासका लक्ष्यहरु हासिल गर्न स्थानीय तहले नतिजामूलक योजनाको छनौट गरी कार्यन्वयन गर्नु न्युनतम शर्तको रुपमा मान्न सकिन्छ।

### ११.१.२ दिगो विकासका लक्ष्यहरु

| | |
|---|---|
| **लक्ष्य १:** सवै किसिमको गरिवीको सर्वत्र अन्त्य गर्ने | **लक्ष्य २:** भोकको अन्त्य, खाद्य सुरक्षा एवंम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्द्धन गर्ने |
| **लक्ष्य ३:** सवै उमेरका सवैजनाको स्वस्थ जीवन सुनिश्चित र हित प्रवर्द्धन | **लक्ष्य ४:** सवैकालागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाई प्रवर्द्धन |
| **लक्ष्य ५:** लैङ्गिक समानता हासिल गर्ने तथा सवै महिला र बालबालिकाको ससक्तिकण गर्ने | **लक्ष्य ६:** पानी र सरसफाईमा सवैको पहुँच सुनिश्चित गर्ने |
| **लक्ष्य ७:** पहुँचयोग्य, विश्वसनीय, दिगो एवंम् आधुनिक ऊर्जामा सवैको पहुँच सुनिश्चित गर्ने | **लक्ष्य ८:** सवैका लागि समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण रोजगारी, र सम्मानजनक काम प्रवर्द्धन गर्ने |
| **लक्ष्य ९:** प्रतिरोधी संरचना निर्माण गर्ने, दिगो औद्योगिकरण प्रवर्द्धन गर्ने र नयाँ विचारहरुलाई सवलीकरण गर्दै लैजाने | **लक्ष्य १०:** देशिभित्र र देशहरु वीचको सवै असमानता कम गर्ने। |

| | |
|---|---|
| **लक्ष्य ११:** शहरहरु मानववस्तीलाई समावेशी, सुरक्षित प्रतिरोधी एवंम् दिगो बनाउने | **लक्ष्य १२:** दिगो उपभोग एवंम् उत्पादनढाँचालाई सुनिश्चित गर्ने |
| **लक्ष्य १३:** जलवायु परिवर्तन र यसका प्रभावविरुद्ध अनुकलन गर्न आवश्यक कार्ययोजना सञ्चालन गर्ने | **लक्ष्य १४:** जलस्रोत, पानीमा आस्रित जीवन संरक्षण एवंम दिगो प्रयोग |
| **लक्ष्य १५:** वनजङ्गलको दिगो व्यबस्थापन, मरुभूमीकरण विरुद्ध संङ्घर्ष, भूमि क्षयीकरण रोक्ने र त्यसलाई उल्ट्याउने र जैविक विविधता ह्रासलाई रोक्ने | **लक्ष्य १६:** दिगो विकासका लागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरु प्रवर्द्धन गर्ने, सवैको न्यायमा पहुँच गराउने र सवै तहमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरुको निर्माण गर्ने |
| **लक्ष्य १७:** दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुनः सशक्त बनाउने | |

### ११.१.३ स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने प्रमुख अवयवहरू

दिगो विकास लक्ष्यहरू हासिल गर्न स्थानीय तहले सार्वजनिक व्यवस्थापन प्रक्रियाका प्रत्येक चरणमा नतिजामा आधारित योजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनका गतिविधिहरू सञ्चालन गर्नुपर्दछ । जसमा देहायका कुराहरूमा ध्यान दिन आवश्यक हुन्छ ।

(क) दिगो विकास लक्ष्य हासिल गर्न नतिजामूलक आवधिक योजना तर्जुमा गरिएको छ ।

(ख) स्थानीय तहले स्थानीय आवधिक योजनासँग तालमेल हुने गरी विस्तृत र नतिजामूलक वार्षिक योजना तथा बजेट तयार गरिदै आएको छ ।

(ग) आवधिक योजनाको बजेट प्रक्षेपणमा विषयगत क्षेत्रको चालु खर्च समेतको अनुमान नतिजामा आधारित भएर गरिएकोछ । गाँउपालिकाले वार्षिक बजेटमा समावेश गरेको चालु खर्चसमेत नतिजामा आधारित हुने गरि तयार पारिएको छ । सबै विषयगत क्षेत्रको चालु खर्चको समेत यथासम्भव सेवा प्रवाह तहसम्म खण्डीकृत बजेट तयार पारिएको छ ।

(घ) वार्षिक योजना तयार गर्दा मध्यमकालीन खर्च संरचनासँग तालमेल हुने गरी तयार गरिएको छ ।

(ङ) अनुगमन तथा मूल्याङ्कनलगायत योजना प्रक्रियाको हरेक चरणमा समावेशी, उत्तरदायी, पारदर्शी, जवाफदेही स्थानीय व्यवस्थापनको सुनिश्चितता गरिएको छ । यी विषय स्थानीय समुदायले विकासका आकांक्षाहरू दिगो रूपमा हासिल गर्ने एउटा अभिन्न अंग हुन् ।

(च) स्थानीय तहले सहकारिता, सहभागिता र साझेदारी अनुरूप प्रादेशिक तथा संघीय तह लगायत निजी क्षेत्र तथा समुदायसँग सहकार्य गर्दै स्थानीय तहमा दिगो विकास लक्ष्य हासिल गर्ने अवस्थाको सुनिश्चितता गरिएको छ ।

### ११.१.४ स्थानीय तहको अधिकार तथा दिगो विकास लक्ष्य वीचको सम्बन्ध

नेपालको संविधान तथा कानूनहरूले स्थानीय तहमा प्रदान गरेको अधिकार र दिगो विकास लक्ष्यबीच बलियो सम्बन्ध रहेको पाइन्छ । स्थानीय स्तरमा महत्वपूर्ण सार्वजनिक सेवाहरूको प्रवाह र त्यसको निमित्त लगानी गर्ने कार्य स्थानीय तहको जिम्मेवारीमा पर्दछ । यी स्थानीय जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ, कृषि, आधारभूत पूर्वाधार तथा सामाजिक समावेशीकरण एवम् संरक्षण प्रमुख रहेका छन् । स्थानीय तहमा रहेका आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण संरक्षण एवम् संस्थागत विकास र सुशासन समितिहरूका क्रियाशीलताले दिगो विकास लक्ष्यको स्थानीयकरण गर्न योगदान पुऱ्याउँछ ।

| क्र.सं. | दिगो विकास लक्ष्यका आयाम | स्थानीय तहको संवैधानिक अधिकार तथा कार्यदिशा (अनुसूची -८) | अधिकारको साझा सूची (अनुसूची -९) | दिगो विकास लक्ष्य |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २. सहकारी<br>१०. स्थानीय बजार व्यवस्थापन<br>११. ग्रामीण सडक, कृषि सडक, सिंचाई<br>१५.कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन,<br>१८.कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १. सहकारी<br>४.कृषि<br>१०.गरिबी निवारण<br>१३.सुकुम्बासी व्यवस्थापन | लक्ष्य १: गरीबीको अन्त्य<br>लक्ष्य २: शून्य भोकमरी लक्ष्य<br>८: मर्यादित काम तथा आर्थिक बृद्धि लक्ष्य<br>१०: असमानतामा कम |
| २ | सामाजिक विकास | ८. आधारभूत र माध्यमिक शिक्षा<br>९.आधारभूत स्वास्थ्य, सरसफाइ (ढल निकास)व्यवस्था<br>१६.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन १७ बेरोजगारको तथ्याङ्क संकलन १९.खानेपानी<br>२२.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | २. शिक्षा<br>३.स्वास्थ्य<br>५. खानेपानी<br>१०.सामाजिक सुरक्षा | लक्ष्य ३: राम्रो स्वास्थ्य तथा स्वस्थ जीवन,<br>लक्ष्य ४: गुणस्तरीय शिक्षा,<br>लक्ष्य ५: लैङ्गिक समानता,<br>लक्ष्य ६: स्वच्छ खानेपानी तथा सरसफाइ |
| ३ | पूर्वाधार विकास | ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू,<br>११.स्थानीय सडक,<br>१४.घर जग्गा धनीपूर्जा वितरण,<br>१९.साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, | ५.विद्युत, सिँचाइ<br>१५.सवारी साधन अनुमति | लक्ष्य ७: धान्न सक्ने तथा स्वच्छ ऊर्जा, लक्ष्य<br>९: उद्योग, नवीन खोज तथा पूर्वाधार, लक्ष्य<br>११: दिगो सहर तथा समुदाय |
| ४ | वातावरण व्यवस्थापन | ९.सरसफाइ (फोहरमैला व्यवस्थापन)<br>१०. वातावरण संरक्षण र जैविक विविधता<br>२०.विपद् व्यवस्थापन<br>२१. जलाधार, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | ७. वन, जंगल, वन्यजन्तु, चराचुरूंगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता<br>८. खानी तथा खनिज<br>९.विपद् व्यवस्थापन | लक्ष्य १२: दिगो उपभोग तथा उत्पादन लक्ष्य<br><br>१३: जलवायु कार्य<br>लक्ष्य १५: जमिनमाथिको जीवन |
| ५ | संस्थागत विकास तथा सुशासन | १. नगर प्रहरी<br>३. एफ.एम (रेडियो) सञ्चालन<br>४. स्थानीय कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना<br>५. स्थानीय सेवाको व्यवस्थापन<br>६. स्थानीय तथ्यांक र अभिलेख संकलन<br>१२.गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन<br>१३. स्थानीय अभिलेख व्यवस्थापन | २. पत्रपत्रिका<br>६. कर, दस्तुर, दण्ड जरिवाना, रोयल्टी, सेवा शुल्क<br>११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह दर्ता र तथ्याङ्क<br>१२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय | लक्ष्य १६: शान्ति, न्यायपूर्ण तथा सबल संस्था<br><br>लक्ष्य १७: बहुसरोकार साझेदार |

### ११.१.५ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत | दिगो विकास लक्ष्य | कार्यक्रम संख्या | आ.व. २०७८ / ७९ को व्यय अनुमान (हजारमा) | | आ. व. २०७९/८० को खर्च प्रक्षेपण (हजारमा) | | आ. व. २०८०/८१ को खर्च प्रक्षेपण (हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | २७ | २४७०५ | ५ | २७१७६ | ५ | २९८९३ | ५ |
| २ | शुन्य भोकमरी | १ | १२०० | ० | १३२० | ० | १४५२ | ० |
| ३ | स्वस्थ जीवन | २५ | ४६६३१ | १० | ५१२९४ | १० | ५६४२४ | १० |
| ४ | गुणस्तरीय शिक्षा | ३३ | १०८९२९ | २३ | ११९८२२ | २३ | १३१८०४ | २३ |
| ५ | लैंगिक समानता | ३ | २९५५ | १ | ३२५१ | १ | ३५७६ | १ |
| ६ | दिगो सफा पानी तथा सरसफाई | ४७ | ४३५४७ | ९ | ४७९०२ | ९ | ५२६९२ | ९ |
| ७ | आधुनिक उर्जामा पहुँच | ९ | ८५०५ | २ | ९३५६ | २ | १०२९१ | २ |
| ८ | समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम | ११ | २२५९५ | ५ | २४८५५ | ५ | २७३४० | ५ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ३ | २९६१ | १ | ३२५७ | १ | ३५८३ | १ |
| १० | असमानता न्यूनीकरण | ९ | ९९०० | २ | १०८९० | २ | ११९७९ | २ |
| ११ | दिगो सहर र बस्तीहरु | ३० | ५३६०० | ११ | ५८९६० | ११ | ६४८५६ | ११ |
| १२ | दिगो उपभोग तथा उत्पादन | ५ | ५२२५ | १ | ५७४८ | १ | ६३२२ | १ |
| १३ | जलवायु परिवर्तन अनुकुलन | ४ | ३५०० | १ | ३८५० | १ | ४२३५ | १ |
| १४ | सामुद्रिक श्रोतको उपयोग | – | ० | – | ० | – | ० | – |
| १५ | भू सतह श्रोतको उपयोग | ३ | ३८२५ | १ | ४२०८ | १ | ४६२८ | १ |
| १६ | शान्तिपूर्ण , न्यायपूर्ण र सशक्त समाज | ३० | १९२९० | ४ | २१२१९ | ४ | २३३४१ | ४ |
| १७ | दिगो विकासका लागि साझेदारी | ६ | ११९१० | ३ | १३१०१ | ३ | १४४११ | ३ |
| १८ | खुल्न नसकेको | २१ | ९८०६६ | २१ | १०७८७३ | २१ | ११८६६० | २१ |
| | **जम्मा** | २६७ | ४६७३४४ | १०० | ५१४०७८ | १०० | ५६५४८६ | १०० |

## ११.२ मध्यमकालिन खर्च संरचना तथा आवधिक योजना तर्जुमा

### ११.२.१ मध्यकालिन खर्च संरचना पृष्ठभूमी

सार्वजनिक वित्त व्यवस्थापनको एक औजारका रूपमा यस खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित साधन स्रोतको आँकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँड गर्ने गर्दछ । यस अन्तर्गत सरकारी स्रोत, राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान तथा ऋणको आँकलन गरी समष्टिगत आर्थिक खाका निर्धारण गरिन्छ । यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत मन्त्रालय र सरकारका अन्य निकायहरूको नीति तथा कार्यक्रमहरू कार्यान्वयन गर्न आवश्यक मध्यम अवधिको बजेट विनियोजन र संघीय संरचनामा संघीय सरकार र प्रदेश सरकारले स्थानीय सरकारलाई उपलब्ध गराउनु पर्ने अनुदान र राजस्व बाँडफाँड सहितको मध्यमकालिन खर्च अनुमानको खाका तयार गरिन्छ ।

### ११.२.२ आवश्यकता

मध्यकालिन खर्च संरचनाको लागि सम्बन्धित निकायहरूको आर्थिक अवस्थाको प्रवाह र छलफल पछि पहिलो पटक तीन वर्ष अवधिको बजेटको खाका तयार गरिन्छ । यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि

अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेट अनुमान हुन्छ भने जुन चाहि बार्षिक बजेटसँग तादम्यता रहन्छ र बाँकी दुई वर्षको ९इगतभच थ्मबच ञगमनभतण० प्रक्षेपण गरिन्छ । पहिलो वर्ष बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालिन खर्च संरचना तयार गरिन्छ । जसमा पहिलो वर्षको प्रगति समीक्षा गरिन्छ भने बाँकी दुई वर्षको विगतमा प्रक्षेपण गरेको अनुमानलाई परिमार्जन गरी एक वर्षको बजेट प्रक्षेपण थप गरिन्छ । यसरी मध्यमकालिन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक आगामी वर्ष तीन वर्षको बजेटको आँकलन गर्नुपर्ने हुन्छ । त्यसैले यसलाई विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमान समेतका आधारमा प्रत्येक वर्ष परिमार्जन गर्नुपर्ने हुन्छ ।

### ११.२.३ उद्धेश्य

**मध्यमकालिन खर्च संरचनाका उद्देश्यहरू निम्नानुसार छन् ।**

- सार्वजनिक खर्च प्रणालीमा वित्तिय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि गाउँपालिकालाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र वाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने ।
- गाउँपालिकाको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न साधन श्रोतको विनियोजन प्रक्रियाको पुनसंरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँड गर्ने ।
- सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।
- सम्बन्धित विषयगत कार्यालयहरूको बजेट अनुमान वास्तविक बनाउने ।

### ११.२.४ आवधिक योजनामा बजेट स्रोतको अनुमान र मध्यकालिन समायोजन

माङसेबुङ गाउँपालिकाको आवधिक योजना तयार गर्ने क्रममा गाउँपालिकाको बजेट श्रोत अनुमान गर्दा देहायका आधारहरु अपनाइएको छ ।

१. आर्थिक वर्ष २०७७/७८को विनियोजित बजेट तथा सो आ व को बर्षमा राजस्व तथा खर्चको आंकलन गरिएको छ ।
२. दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको आवधिक योजनाका लक्ष्य, घोषित कार्यक्रम र सोअनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ ।
३. संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड, समानीकरण अनुदान, सरकारबाट सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानहरुको अनुमान गरिएको छ ।

उल्लिखित आधारहरुलाई विश्लेषण गर्दा माङसेबुङ गाउँपालिकाको तीन वर्षको अवधिमा **कुल बजेट** १,५४६,९०९,६९० रहने प्रक्षेपण गरिएको छ ।

### ११.२.५ मध्यमकालिन खर्च अनुमान

| क्र.स. | विवरण | ०७७/०७८ को अनुमान आधारबर्ष | आ.व.०७८/०७९ अनुमान | आ.व.०७९/०८० प्रक्षेपण | आ.व.०८०/०८१ प्रक्षेपण | तीन वर्षको कुल अनुमान |
|---|---|---|---|---|---|---|
| १ | बजेट अनुमान | | | | | |
| १.१ | चालु खर्च | २८७,५५९,००० | ३३४,०५७,७१८ | ३६७,४६३,४९० | ४०४,२०९,८३९ | १,१०५,७३१,०४६ |
| १.२ | पुंजीगत खर्च | ११४,७४७,००० | १३३,२८६,५९९ | १४६,६१५,२५९ | १६१,२७६,७८५ | ४४१,१७८,६४४ |
| | कुल खर्च | ४०२,३०६,००० | ४६७,३४४,३१७ | ५१४,०७८,७४९ | ५६५,४८६,६२४ | १,५४६,९०९,६९० |
| २ | श्रोत अनुमान | | | | | |
| २.१ | संघीय सरकारको अनुदान | | | | | |
| | वित्तिय समानीकरण अनुदान | ८७,८००,००० | ९६,५८०,००० | १०६,२३८,००० | ११६,८६१,८०० | ३१९,६७९,८०० |
| | ससर्त अनुदान | १५८,३४८,००० | १७४,१८२,८०० | १९१,६०१,०८० | २१०,७६१,१८८ | ५७६,५४५,०६८ |
| | राजश्व बाँडफाँडको रकम | ६७,५४३,०३० | ७४,२९७,३३३ | ८१,७२७,०६६ | ८९,८९९,७७३ | २४५,९२४,१७२ |
| | विशेष अनुदान | | १०,०००,००० | ११,०००,००० | १२,१००,००० | ३३,१००,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समपूरक अनुदान | | ५,५००,००० | ६,०५०,००० | ६,६५५,००० | १८,२०५,००० |
| २.२ | प्रदेश सरकारको अनुदान | | | | | |
| | समानीकरण अनुदान | ६,९९१,००० | ७,६९०,१०० | ८,४५९,११० | ९,३०५,०२१ | २५,४५४,२३१ |
| | सशर्त अनुदान | ६३०,००० | ५,०००,००० | ५,५००,००० | ६,०५०,००० | १६,५५०,००० |
| | राजश्व बाँडफाँडको रकम | ४,९०४,००० | ५,३९४,४०० | ५,९३३,८४० | ६,५२७,२२४ | १७,८५५,४६४ |
| | विशेष अनुदान | | ५,०००,००० | ५,५००,००० | ६,०५०,००० | १६,५५०,००० |
| | समपूरक अनुदान | १०,०००,००० | ११,०००,००० | १२,१००,००० | १३,३१०,००० | ३६,४१०,००० |
| २.३ | आन्तरिक राजश्व | ६६,०९०,६२२ | ७२,६९९,६८४ | ७९,९६९,६५३ | ८७,९६६,६१८ | २४०,६३५,९५५ |
| कूल स्रोत (स्थानीय संचित कोष अर्न्तगत गाउँपालिकाको जम्मा प्राप्ती) | | ४०२,३०६,६५२ | ४६७,३४४,३१७ | ५१४,०७८,७४९ | ५६५,४८६,६२४ | १,५४६,९०९,६९० |

## ११.२.६ प्राथमिकताक्रम आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकता क्रम | कार्यक्रम संख्या | आ.व. २०७७/७८ को व्यय अनुमान | | आ.व. २०७८/७९ को खर्च प्रक्षेपण | | आ.व. २०७९/८० को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | रकम | प्रतिशत | रकम |
| **पहिलो प्राथमिकता प्राप्त आयोजना (P1)** | ६३ | १२६१८२९६६ | २७% | २१०७७२२८७ | ४१% | १३००६१९२४ | २३% |
| **दोश्रो प्राथमिकता प्राप्त आयोजना (P2)** | २०४ | ३४११६१३५१ | ७३% | ३०३३०६४६२ | ५९% | ४३५४२४७०० | ७७% |
| **संकेतिकरण नगरिएका** | – | – | – | – | – | – | – |
| **जम्मा** | २६७ | ४६७३४४३१७ | १०० | ५१४०७८७४९ | १०० | ५६५४८६६२४ | १०० |

## ११.२.७ विषय क्षेत्रगत संकेतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क.स. | विवरण | कार्यक्रम संख्या | आ.व.२०७८/०७९ प्रक्षेपण | | आ.ब.२०७९/०८० प्रक्षेपण | | आ.व.२०८०/०८१ प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | बजेट रकम | प्रतिशत | बजेट रकम | प्रतिशत | बजेट रकम | प्रतिशत |
| १ | आर्थिक विकास | ७६ | ४२,६२४,४०० | ९.१२ | ४६,८८६,८४० | ९.१२ | ५१,५७५,५२४ | ९.१२ |
| २ | सामाजिक विकास | ६२ | १८२,७४६,८१७ | ३९.१० | २०१,०२१,४९९ | ३९.१० | २२१,१२३,६४९ | ३९.१० |
| ३ | पूर्वाधार विकास | ६७ | १०२,०१२,२०० | २१.८३ | ११२,२१३,४२० | २१.८३ | १२३,४३४,७६२ | २१.८३ |
| ४ | वातावरण तथा विपद् व्यबस्थापन | १६ | ५,६१०,००० | १.२० | ६,१७१,००० | १.२० | ६,७८८,१०० | १.२० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह सुशासन | ३५ | ५५,१३५,८३० | ११.८ | ६०,६४९,४१३ | ११.८० | ६६,७१४,३५४ | ११.८० |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११ | ७९,२१५,०७० | १६.९५ | ८७,१३६,५७७ | १६.९५ | ९५,८५०,२३५ | १६.९५ |
| | जम्मा | २६७ | ४६७,३४४,३१७ | १०० | ५१४,०७८,७४९ | १०० | ५६५,४८६,६२४ | १०० |

# परिच्छेद १२

# सामाजिक समावेशीकरण

## १२.१ पृष्ठभूमी

नेपालको संविधान, २०७२ मा संविधानको प्रस्तावना, मौलिक हक, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिमा सामाजिक समावेशीकरणसँग सम्बन्धित बिषयहरु उल्लेख छ। नेपाल सरकारले विभिन्न नीति तथा रणनीतिहरु तयार गरी उल्लेखित व्यवस्थालाई कार्यान्वयनमा ल्याएको छ। संविधानले महिला, वालवालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी, जनजाति, दलित, मधेसी, उत्पीडित, उपेक्षित र अल्पसंख्यक समुदाय तथा दुर्गम भेगका वासिन्दा, जेष्ठ नागरिक (६० वर्ष माथिका वृद्धवृद्धा) र द्वन्द्व पिडितलाई यस लक्षित वर्गको रुपमा पहिचान गरेको छ । योजनाले यी वर्गका आवश्यकतालाई सम्वोधन र उनीहरुको अधिकारलाई सुनिश्चित गर्न सबै विषयगत क्षेत्रमा सहभागिताको लागि समान अवसरको सिर्जना गर्ने रणनीति तथा कार्यक्रम समावेश गरेको छ । सामाजिक समावेसीकरणका लागि नेपाल सरकारले समय समयमा नीति नियम तथा कानूनहरुको कार्यान्वयनका लागि स्थानीय स्तरवाटनै विभिन्न संघ तथा संस्थाहरुले सचेतना कार्यक्रम संचालन गर्दै आएको भएता पनि अझै सम्म पनि मापनयोग्य उपलब्धि आउन सकेको छैन । यसका लागि अझ थप कार्यक्रमहरु संचालन गर्न आवश्यक भएको र आगामी योजनामा समावेश भएका योजनाहरुले सामाजिक समावेशीकरणका लागि उपलब्धिमूलक कार्य गर्नसक्ने गरी कार्यक्रमहरु समावेश गरिएको छ ।

## १२.२ योजनामा लैङ्गिक समता तथा सामाजिक समावेशिकरण प्रकृया

योजनाले लैङ्गिक संवेदनशीलता तथा समावेशिकरणका सवाललाई अन्तरनिहित साझा सवाल (Cross Cutting issues) को रुपमा लिईएको छ । यस योजनाले समावेशीकरणलाई कार्यान्वय तहमा मात्र नहेरी योजना चक्रका रुपमा निर्णय, प्रकिया र परिणामको तहमा समेत हेर्ने कोशिस गरेको छ । विशेष गरी योजनामा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवाललाई दुई तरिकाबाट समाविष्ट गरिएको छ ।

### १२.२.१ मूलप्रवाहिकरण

विकेन्द्रिकरण, सहभागिता विकास र सामाजिक वहसकै प्रकियाबाट लैङ्गिक समता तथा सामाजिक समावेशीकरणका सवाललाई सम्बोधन गर्न सकिन्छ । केन्द्रदेखि गाउँपालिका एवं समुदाय स्तरसम्म लैससासको अवधारणाबारे अपेक्षाकृत स्पष्टता अझै छैन । यी सवाललाई समन्वयात्मक तथा प्रभावकारीरुपले कार्यान्वयन गर्नका लागि पर्याप्त प्राथमिकता दिन साथै विश्लेषण गर्ने र सो अनुरुप कार्य गर्ने सीपको विकास गर्न आवश्यक रहेको छ । योजनाले पहिचान गरेको सबै विषयगत क्षेत्रका लक्ष्य, उद्देश्य, नीति तथा निर्देशक सिद्धान्त, दीर्घकालीन सोच, विकासका रणनीति, उद्देश्य र कार्यक्रममा महिला तथा लक्षित वर्गका सवाललाई अन्तरनिहित सवालका रुपमा सम्बोधन गरिएको छ। विषयगत क्षेत्र भित्र समावेशीकरणका लागि लिइएका विशेष नीतिहरुमा सकारात्मक विभेद, आदिवासी जनजाती, महिला, दलित तथा अन्य लक्षित वर्गका लागि विशेष लक्ष्य तथा कार्यक्रम निर्धारण र निर्णायक तहमा समानुपातिक सहभागिता प्रणाली हुन् ।

### १२.२.२ गरीव, महिला, वालवालिका तथा लक्षित वर्ग लक्षित कार्यक्रम

योजनाले लैससासलाई विषयगत क्षेत्रमा मूलप्रवाहीकरण गर्नुका साथसाथै गरीव, महिला तथा लक्षित वर्गको कार्यक्रमलाई छुट्टै विषयगत क्षेत्रको रुपमा लिएर योजना तयार गरिएको छ । बालमैत्री गाउँपालिकाको कार्यक्रम प्रस्तुत गरिएकोछ। यसरी कार्यक्रम तथा लक्ष्य निर्धारण गर्दा पहिचान, प्रतिनिधित्व, पहुँच र उपभोग लाई ध्यान दिएको छ ।

### १२.२.३ तथ्याङ्क/सूचना संकलन तथा विश्लेषण

लैङ्गिक मैत्री, वालमैत्री तथा समावेशी लक्षित कार्यक्रम तय गर्ने प्रमूख आधार भनेको सबै जाति, वर्ग र क्षेत्रको खण्डीकृत तथ्याङ्क/सूचनाको उपलब्धता हो । विकासलाई समष्टिगत रुपमा हेरी बनाईने योजनाले महिला तथा लक्षित वर्गका आवश्यकता र समस्यालाई सम्बोधन गर्न सक्दैन। प्रविधिमा आधारित अद्यावधिक वस्तुगत तथ्यांक र त्यसले परिलक्षित गरेको सूचनाको आधारमा योजना तथा क्रियाकलापहरु छनौट गर्न सके मात्र विकासको समुचित प्रतिफल प्राप्त हुन सक्छ। त्यसैले गरीव, महिला तथा वञ्चित वर्ग उन्मुख योजना तयारीका लागि ती वर्गहरुको पहिचान, अवस्था र स्तर झल्किने किसिमका खण्डिकृत तथ्याङ्कको आवश्यकता पर्छ। सोही अनुरुप यस योजनामा तय गरिएका लक्ष्य तथा कार्यक्रमलाई अध्यावधिक तथा परिमार्जन गर्नुपर्ने हुन्छ ।

परिच्छेद १३

# आवधिक योजना कार्यन्वयन, अनुगमन तथा मुल्याङ्कन

## १३.१ पृष्ठभूमी

विकास योजना, नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ । योजना तर्जुमा तथा कार्यान्वयमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासले लक्ष्य तथा उद्धेश्य हासिल हुन गईरहेको छ छैन भन्ने जानकारी प्राप्त गर्न सहयोग पुग्छ । कार्यान्वयनको चरणमा नै आयोजनाहरुमा भएको लगानी र श्रोत साधनहरुको प्रवाह समुचित ढङ्गले भए नभएको, व्यवस्थापकीय सबलता र कमजोरीहरु के कस्ता रहेका छन् भन्ने जानकारी प्राप्त गर्न सकिन्छ । अतः गाउँपालिकाले आवधिक योजनाको नियमित अनुगमनको व्यवस्था मिलाउनु पर्छ । योजना कार्यान्वयनको प्रारम्भदेखि नै प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास साथै प्रणाली नतिजामूखी व्यवस्थापनमा आधारित हुनुपर्छ।

संविधानको धारा २२१ मा स्थानीय तहको व्यवस्थापकीय अधिकार गाउँ वा नगर सभामा निहित रहने र २२६ मा स्थानीय व्यवस्थापिकाले अनुसुची ८ र ९ मा उल्लेख भएका विषयमा कानून वनाउन सक्ने भएकोले आफनो कार्यक्षेत्रको समग्र अनुगमन गर्न सक्ने छ त्यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को ११ मा एकल अधिकार वमोजिमको कार्यसम्पादनको अधिकार कार्यपालिकावाट हुने त्यसै गरी ऐनको दफा १४, ७८, ७४, ९३, ९४, १०० मा अनुगमन तथा मूल्याकंन सम्वन्धी व्यवस्था गरिएको छ ।

योजना, आयोजना, कार्यक्रम र गतिविधिहरुको कार्यान्वयनमा देखापरेका समस्यालाई समयमै पहिचान र निराकरणका लागि सम्वन्धितहरुलाई पूर्वसूचना दिन, तोकिएको उपलब्धी तोकिएको समयमै हासिल गर्न वाधा पुर्याउने गतिविधिहरु उपर निगरानी गर्न, पूर्व निर्धारित लागतका आधारमा स्रोत परिचालन गर्न मितव्ययिता कायम गर्न, कामको निर्धारित गुणस्तर कायम गर्न लगाउन र अन्तर कार्यान्वयन इकाई बीच समन्वय कायम गर्न मद्दत गर्ने उद्देश्यले अनुगमन तथा मूल्याङ्कनको व्यवस्था र संयन्त्रको परिकल्पना गरिएको हो ।

## १३.२ योजनाको कार्यन्वयन ढाँचा र पद्दति

अनुमान गरिएको श्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाहरुको कार्यान्वन यस आवधिक योजना अनुसार भए नभएको एंव आयोजना कार्यान्वयनमा देखिने बाधा वा अड्चन समाधानका लागि स्थानीय सरकार संचालन ऐनले व्यवस्था गरे अनुरुप सर्वपक्षीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन हुनेछ। उक्त समितिले योजना तर्जुमाको समयमा अनुगमनको क्षेत्रमा व्यवस्था गरेको जिम्मेवार निकायसँग समेत समन्वय गर्नेछ। यसको अलवा बिषयगत समिति, सरोकारवाला तथा कार्यान्वयन निकायले समेत पटके, आवधिक र बार्षिक अनुगमन गर्नेछ। त्यसैगरी योजनाको वीचमा र अन्त्यमा तेश्रो पक्षीय अनुगमनको व्यवस्था हुनेछ । तेस्रो पक्षले मध्यावधि र अन्तिम मूल्याङ्कन गरी यस योजना सफल कार्यान्वयनमा सहयोगी भूमिका खेल्नेछ ॥

## १३.३ अनुगमन मूल्याङ्कन सम्वन्धि संस्थागत व्यवस्था

गाउँपालिकाले कानून वमोजिम योजनाको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कनको लागि विभिन्न समितिहरु गठन गरी संस्थागत गर्नेछ। समितिलाई आवश्यक वजेट, जिम्मेवारी सहित वार्षिक अनुगमनको उचित व्यवस्था गरिएको छ । यस किसिमको अनुगमन मूल्यांकन ससक्त बनाउन गाउँपालिकाले आवश्यक कार्यविधि तयार गरी लागू गर्नेछ । योजनाको अनुगमन तथा मूल्याङ्कन प्रयोजनका लागि विद्यमान कानूनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ ।

### १३.३.१ सुपरिवेक्षण तथा अनुगमन समिति

स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यबस्था भएअनुसार गाउँपालिका स्तरीय गठन हुने अनुगमन तथा सुपरिवेक्षण समितिलाई सक्रिय तुल्याई सम्बन्धित तह लगायत अन्य बिषयगत कार्यालयहरुले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गरी आयोजनाहरुलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सकृय तुल्याईने छ। उक्त समितिले नेपालको संविधान २०७२ को अनुसरची ८ मा उल्लेख भए वमोजिमका गाउँपालिकाले एकल अधिकार भित्रका कामहरुको अनुगमन मूल्याकंन गर्ने, स्थानीय स्तरको आयोजना तथा परियोजना सम्वन्धि नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन अनुमन, मूल्याकंन र नियमन गर्ने जिम्मेवारी हुनेछ ।

### १३.३.२ सुपरिवेक्षण तथा अनुगमन उपसमिति

सुपरिवेक्षण तथा अनुगमन समितिलाई आवश्यक सहयोग प्रदान गर्न तथा आवश्यक प्रतिवेदन दिने प्रयोजनको लागि कानूनमा व्यबस्था भए अनुरुप वडा स्तरमा उपसमिति गठन गरी सुपरिवेक्षण तथा अनुगमन उपसमितिलाई सक्रिय तुल्याइनेछ । यस उपसमितिले वडामा संञ्चालित आयोजनाहरुको नियमित अनुगमन तालिका तयारी, तथ्यांक व्यबस्थापन, नियमित

अद्यावधिक तथा प्रशोधन गर्ने व्यवस्था गरी आधारवर्षको स्थितिबाट प्रगति आधार तयार गर्नेछ । उप समितिबाट हुने अनुगमनलाई बढी सहभागितात्मक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलाहरुमा वडाका अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गरिनेछ ।

### १३.३.३ बिषयगत समिति

स्थानीय सरकार संचालन ऐन अनुसार गठन हुने बिषयगत समितिहरुले आ-आफ्नो बिषय क्षेत्र अर्न्तगत वडा, बिषयगत कार्यालय तथा अन्य गैससबाट गाउँपालिका क्षेत्रभित्र संञ्चालित गतिविधिहरुको स्थलगत अनुमगन तथा प्रतिवेदनहरुको आधारमा आवश्यकता अनुसार नियमित अनुगमन गर्नेछन् ।

### १३.३.४ सम्बन्धित निकाय तथा परियोजना

कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा संस्थाले हरेक कार्यक्रम, क्रियाकलाप कार्यान्वयन गर्ने विभिन्न चरणहरुमा स्थलगत रुपमा भ्रमण, अवलोकन, प्रतिवेदन अध्ययनका माध्यमबाट नियमिति अनुगमन गर्नेछन् ।

### १३.४ अनुगमन प्रकृया

नतिजामा आधारित प्रस्तावित अनुगमन खाका अनुसार आवधिक योजनाको विषयगत रुपमा पटके तथा नियमित अनुगमन, बार्षिक समीक्षा, मध्यावधी तथा अन्तिम मूल्यांकन गरिनेछ । साथै गाउँ सभाले योजना स्वीकृत गर्दा सूचक सहितको अनुगमन र मूल्याङ्कन योजना नभई स्वीकृत नगर्ने पद्धति स्थापना गरिनेछ । योजनाको अनुगमन तथा मूल्याकंन प्रक्रिया देहाय अनुसार प्रस्ताव गरिएको छ ।

### १३.४.१ पटके तथा नियमित अनुगमन

नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बिषयगत बार्षिक कार्यक्रम तथा बजेटको सम्बन्धित वडा, विषयगत समिति, सुपरिवेक्षण तथा अनुगमन समिति तथा उपसमितिले पटके तथा नियमित अनुगमन गर्नेछन्।

### १३.४.२ नागरिक अनुगमन

आवधिक विकास योजनामा आधारित भई बार्षिक योजना तथा बजेट तर्जुमा भए नभएको, स्वीकृत योजना तथा बजेट र कार्ययोजना अनुसार कार्यक्रम संञ्चालन, सेवा प्रवाह भए नभएको, योजनामा तोकिएको विधि तथा प्रक्रिया पूरा भए नभएको, आयोजना तथा कार्यक्रमबाट नतिजा तथा उपलब्धि हासिल भए नभएको, नागरिक तथा समुदायमा आधारित संस्थाहरुले अनुगमन गर्न सक्नेछन् । यस प्रकारको अनुगमन कार्यलाई नागरिक समाजका संस्थाहरुले आवश्यक सहजीकरण गर्ने तथा सम्बन्धित सेवा प्रदायकहरुले सूचना उपलब्ध गराउने तथा अनुगमनमा प्राविधिक सहयोग गर्ने कार्य गर्नेछन् ।

### १३.४.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समीक्षा

आवधिक योजनाको बिषयगत रुपमा समीक्षा गरी योजनाको नतिजा तथा कार्य सम्पादनको मापन नतिजामा आधारित ढाँचा अनुसार गरिनेछ । आयोजना सञ्चालनका क्रममा निश्चित रकम अनुगमनमा विनियोजन गरी अनुगमन योजना अनुसार तालिका बनाई सूचकहरुको आधारमा अनुगमन गरिनेछ । यस प्रकारको अनुगमनमा सहभागितात्मक अनुगमन प्रक्रिया तथा सरोकारवाको संलग्नता रहनेछ । यसका साथै तेस्रो पक्ष वा बिषयविज्ञले यस प्रक्रियामा सहजीकरण गर्नेछन् ।

### १३.४.४ मध्यावधि मूल्याङ्कन

आवधिक योजनामा निर्धारित लक्ष्य, उद्धेश्य, सूचक र नीतिहरुका आधारमा आ.व. २०८१/०८२ मा यसको मध्यावधि मूल्याङ्कन हुनेछ । मध्यावधि मूल्याङ्कन नतिजामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार बार्षिक समीक्षा प्रतिवेदन तथा सूचनाको आधारमा सहभागितात्मक प्रक्रियाबाट गरिनेछ । मध्यावधि खर्च संरचनाको आधारमा बजेटको समेत समीक्षा गरिनेछ। मूल्याकङ्नमा गाउँपालिका, बिषयगत तथा संयुक्त अनुगमन समिति र अनुगमन तथा सुपरीवेक्षण समितिको मुख्य भूमिका हुनेछ । मूल्याकङ्नको सहजीकरण योजना तर्जुमा तथा अनुगमनमा विज्ञता भएका साथै अन्य अनुभवी पेशाविद्को समूह संलग्न हुनेछन् । मध्यावधि मूल्याङ्न टोलीमा रहने तथा अन्य सदस्यहरु र यसको कार्यविधि गाउँसभाले निर्धारण गर्नेछ ।

### १४.४.५ अन्तिम मूल्याङ्कन

यस आवधिक योजनाको निधारित समयावधि समाप्त भएपछि योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा बिषयगत उपलब्धिहरु हासिल भए वा नभएको नजितामा आधारित प्रस्तावित अनुगमन ढाँचा अनुसार मापन तथा लेखाजोखा गरिनेछ। योजना तर्जुमा, अनुगमन, तथा मूल्याकंनमा दख्खल भएका तेस्रो पक्षका अनुभवी पेशाविद्हरुको संलग्नता र सहजिकरणमा अन्तिम मूल्याकंन गरिनेछ । अन्तिम मूल्याकंन टोलीमा रहने पेशाविद् तथा अन्य सदस्यहरु र यसको कार्यविधि गाउँकार्यपालिकाको सिफारिसमा गाउँसभाले निर्धारण गर्नेछ। यस टोलीले यस योजनाको अन्तिम प्रतिवेदन सार्वजनिक गरिनेछ । यो प्रतिवेदन दोस्रो आवधिक योजनाको लागि आधारको रुपमा प्रयोग गरिनेछ ।

## सन्दर्भ सामग्रीहरु


- माङसेबुङ गाउँपालिकाको वस्तुगत विवरण, २०७५, माङसेबुङ गाउँपालिकाको कार्यालय, इलाम
- प्रदेश पार्श्वचित्र, प्रदेश न. १, आ.व. २०६७/०७७, प्रदेश योजना आयोग प्रदेश न. १ विराटनगर
- माङसेबुङ गाउँपालिकको बार्षिक नीति तथा कार्यक्रम २०७५/०७६
- माङसेबुङ गाउँपालिकको बार्षिक नीति तथा कार्यक्रम २०७६/०७७
- माङसेबुङ गाउँपालिकको बार्षिक नीति तथा कार्यक्रम २०७७/०७८
- स्थानीय सरकार संञ्चालन ऐन २०७४
- पन्धौ योजना आ.व. २०७६/०७७ देखि २०८०/०८१, राष्ट्रिय योजना आयोग, नेपाल सरकार राष्ट्रिय योजना आयोग
- इलाम जिल्लाको दोस्रो अध्यावधिक जिल्ला विकास योजना (०७१२/०७३ देखि ०७५/०७६), जिल्ला विकास समिति इलाम २०७२
- इलाम जिल्ला पार्श्वचित्र २०७०, जिल्ला विकास समिति इलाम
- जलवायु परिवर्तन सम्बन्धी पहलकदमी, स्वच्छ उर्जा नेपाल (०६८/०६९)
- नेपालको संविधान २०७२
- आजिवियो तर्जुमा निर्देशिका २०५८
- राष्ट्रिय आवधिक योजनाको नीति तथा लक्ष्य
- Multi Sector Nutrition Plan, NPC, 2013-2017
- लैङ्गिक समानताको लागि अन्तर्राष्ट्रिय महासन्धि तथा सिद्धान्त (महिला विरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९ (CEDAW),

## अनुसुची १

## माङसेबुङ गाउँपालिका क्षेत्रको वडास्तरीय प्रमुख समस्या पहिचान

### वडा नं. १, गजुरमुखी

| क्र.स. | समस्या | आगामी योजना |
|---|---|---|
| १.१ | व्यवसायिक कृषि र पशुपालन प्रर्वद्धनमा कमि | • वडाको तल्लो क्षेत्रमा व्यवसायिक धान खेती कार्यक्रम संचालन गर्ने ।<br>• व्यवसायिक कफी खेतीको बिस्तारका लागि कफी पकेट खेती कार्यक्रम संचालन गर्ने ।<br>• गजुरमुखी साविक ७ र ८ को लामीडाँडा र ढुङ्गेडाँडामा व्यवसायिक किवी खेतीको विकास गर्ने ।<br>• वडाको तल्लो भागमा बेमौसमी तरकारी खेती प्रवर्धन गर्ने ।<br>• स्थानीय स्तरमा कृषी तथा पशुपालन व्यवसायिकरणका लागि जनशक्ती उत्पादन गर्ने ।<br>• वडाका विभिन्न क्षेत्रमा किसान पहचान गरि उन्नतजातको गाई, बाख्रा, बंगुर, कुखुरा र माछापालन पकेट  कार्यक्रम संचालन गरि आयआर्जनमा वृद्धी गर्ने ।<br>• वडामा स्थान पहिचान गरि कृषी उपजको लागि भण्डारणको व्यवस्थापन |
| १.२ | **सिंचाई** | • नयाँ तथा पुरानो सिंचाईकुलोहरु मर्मत गर्ने । |
| | खेतीयोग्य जमिनमा सिंचाईको कमि । | • २७ वटा सिचाई कुलोको डि.पि.आर तयार गर्ने ।<br>• २६ वटा सिचाई कुलोको मर्मत तथा सञ्चालनमा सहयोग गर्ने । |
| १.३ | **पर्यटन**<br>स्थानीय पर्यटन क्षेत्रहरुको पूर्वाधार विकासमा कमि । | • गजुरमुखीधाममा पर्यटकहरुको सुविधाका लागि चारकोठे व्यबस्थित सार्वजनिक शौचालय निर्माण गर्ने ।<br>• रत्न बान्तवा शाहदत स्थल र राष्ट्रिय विभुती फाल्गुनन्दको जन्मस्थान माङमालुङ पर्यटन स्थल व्यवस्थापन गर्ने ।<br>• गजुरमुखीधाममा जैविक तथा अजैविक फोहरमैला व्यवस्थापन गर्नका लागि फोहर फाल्ने स्थान (डम्पीङ्ग साईट)को व्यवस्था गर्ने ।<br>• गजुरमुखीधाम र यस क्षेत्रका पर्यटकिय स्थलको जानकारीमुलक डिजिटल डिस्प्ले  तयार गरी गजुरमुखीमा राख्ने ।<br>• लिम्बु संस्कृति संरक्षण र प्रर्वद्धनका लागि गजुरमुखीधाममा होमस्टे कार्यक्रम संचालनमा सहयोग गर्ने ।<br>• घोर्लेभिरमा साहासिक पर्यटन प्रर्वद्धन (रक क्लाईम्बीङ्ग, जिपलाईनिङ्ग र साङरेङ्ग देखि सिकारी थुम्का पदमार्ग, एक्लेचुली, थामचुली पर्यटन  र खराने थुम्कामा सूर्योदयको दृष्य अवलोकन स्थल तथा पिकनिक स्पट निर्माण गर्ने ।<br>• गुम्बाडाँडाको (सर्बशक्ति बौद्य विहार)मा संग्रालय निर्माण साथै रेलिङ सहितको सिडी निर्माणमा सहयोग गर्ने ।<br>• माङवालुङ्ग ढुङ्गा क्षेत्रलाई पर्यटकिय स्थल निर्माण तथा व्यवस्थापनमा सहयोग गर्ने ।<br>• साङ्गखोला रिंगटे क्षेत्रमा झिल निर्माण ।<br>• अन्धाराजा स्थित पक्की सिडी निर्माण<br>• अन्धाराजा क्षेत्रलाई अधेंरी सिमसार क्षेत्रको रुपमा संरक्षण गर्ने ।<br>• चमेरे गुफा संरक्षण तथा व्ययस्थापन<br>• तिनतले डाँडामा पूर्वाधार निर्माण । |
| १.४ | **सहकारी**<br>स्थानीय सहकारीहरुको व्यवस्थापनमा कमि । | • कृषकलाई सहकारीमा आवद्ध गर्न एक घर एक सहकारी सदस्य कार्यक्रम मार्फत सहकारी संस्थाको पँहुच वृद्धिमा सहयोग गर्ने ।<br>• वडामा रहेका कृषि तथा पशुपालन एवम बहुउद्धेश्य सहकारी संस्थाका सदस्यहरुलाई सहकारी  व्यवस्थापन, लेखा व्यवस्थापन तथा व्यवसायिक तरकारी खेती, बाख्रापालन, बंगुरपालन र अन्य वितिय आयआर्जनसँग सम्बन्धि तालिमका कार्यक्रम सञ्चालनमा सहयोग गर्ने । |

| | | |
|---|---|---|
| २.१ | **शिक्षा:**<br>विद्यालयहरुमा भौतिक पर्वाधारको कमि | • श्री महेन्द्रोदय माध्यमिक विद्यालयमा प्राविधिक शिक्षाको शुरुवात गर्ने ।<br>• वडा भरिका सबै विद्यालयहरुको सुरक्षित भौतिक पुर्वाधार (कक्षाकोठा, खेल मैदान, खानेपानी, शौचालय) एव्म आवश्यक शैक्षिक सामाग्रीहरुको प्रयाप्त व्यवस्था गर्ने ।<br>• बाल मैत्री कक्षा कोठा निर्माण गर्ने ।<br>• गुणस्तरीय शिक्षाका लागि शिक्षकलाई अभिमुखिकरण एव्म तालिम सञ्चालन गर्ने ।<br>• सार्वजनिक शिक्षाको सुधारको लागि स्थानीय अभिभावक सचेतना अभियान सञ्चालन गर्ने । |
| २.२ | **स्वास्थ्य तथा सरसफाई**<br>समुदायको स्वास्थ्य सेवा प्रभावकारी हुननसकेको । | • स्वास्थ्य चौकीको लागि आधुनिक  भवन निर्माण गर्ने ।<br>• गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न जनशक्तिको व्यवस्थापन, निशुल्क औषधी एव्म प्रसुति सेवा सञ्चालन गर्ने ।<br>• स्वास्थ्य चौकीबाट प्रदान गरिने नि:शुल्क औषधीको सुची सहितको सार्वजनिक सुचना वोर्ड राख्ने ।<br>• दन्तसेवा, महिलाको पाठेघर सम्बन्धि, मानसिक रोग, कान, आँखा जस्ता रोगहरुको उपचारका लागि स्वास्थ्य शिबिर संचालन गर्ने ।<br>• गजुरमुखी दोभानमा सार्वजनिक शौंचालय निर्माण गर्ने ।<br>• वडा कायार्लयमा एक सार्वजनिक शौंचालय निर्माण गर्ने<br>• आपाङ्ग परिचय पत्र वितरण तथा अद्यावधिकको व्यवस्था मिलाउने । |
| २.३ | **महिला तथा बालबालिका**<br>महिलाहरुका लागि सीप तथा आयमूलक कार्यक्रमको कमि । | • स्थानीय जागरुक महिलालाई ढाका तान बुन्ने तथा सिलाइ कटाई तालिम आदि जस्ता सिपमुलक तालिम संचालन गर्ने ।<br>• महिला उद्यमशिलता विकासका लागि प्राविधिक तथा आर्थिक सहायताका लागि कार्यक्रमहरु सञ्चालन गर्ने ।<br>• मौसमी तथा बेमौसमी तरकारी खेती तालिम र बाख्रापालन कार्यक्रम संचालन गर्ने । |
| २.४ | **आदिबासी जनजाती तथा दलित**<br>लोपउन्मुख जाती, भेषभुषा तथा कला संस्कृती संरक्षणको कमि | • पुराना बाजा जस्तै ढोल र च्याबरुङ्ग को संरक्षण  ।<br>• लिम्बुजातिको सांस्कृति संरक्षण र संवद्धनकालागि एक लिम्बुजातिय सङ्गालय स्थापना गर्ने । |
| ३.१ | **सडक तथा यातायात**<br>सडक सहज नभएकाले यातायत सुचारु हुन नसकेको साथै विभिन्न स्थानमा झोलुङ्गे पुल तथा कलर्वटहरु निर्माण नभएको । | • दोभान देखि हुलाकसम्म कालोपत्रे सडक निर्माण गर्ने ।<br>• तोभाङ्ग,  घोर्लेभिर, लामीडाँडा हुदै धामसम्म रिङ्गरोड निर्माण गर्ने ।<br>• वडा कार्यालयबाट गााउँपालिका कार्यालय जाने सडकमा नाली सहित सोलिङ्ग गर्ने ।<br>• डाँडा गाँउ देखि बनपाला जोड्ने सडक निर्माण गर्ने ।<br>• नावालुङ्ग, तिनतले तिल्केनी लम्फेवा खोला हुदै राईगाँउ सडक स्तरोन्नति गर्ने ।<br>• वडाभित्रका सबै शाखा सडकहरुको स्तरोन्नति गर्ने ।<br>• साविक ७ र ८ जोड्ने साङखोलामा पक्की पुल निर्माण<br>• साविक ६ र ९ जोड्ने लम्फेवा खोलामा पक्की पुल निर्माण<br>• साविक ५ र ९ जोड्ने लम्फेवा खोलामा पक्की पुल निर्माण<br>• पाटीगाँउ बाट तोबाङ्ग जोड्ने लम्फेवा खोलामा झोलुङ्गेपुल निर्माण<br>• साविक ५ र ६  जोड्ने सुन्तले खोल्सामा पक्की कजवे निर्माण<br>• साविक १ र २ जोड्ने फिजारे खोल्सामा पक्की कजवे निर्माण<br>• वडा कार्यालय देखि लुम्दे जोड्ने फुङ्गखोलामा पक्की कजवे निर्माण<br>• रेडक्रस शाखा मार्फत एक्बुलेन्स सेवा विस्तार । |
| ३.२ | **खानेपानी**<br>स्थानीय जनता व्यवस्थित योजना मार्फत खानेपानीको सेवावाट लावान्वित हुन नसक्नु । | • वडाका सबै घरधुरीमा एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्ने ।<br>• गजुरमुखी महिला सहकारी भवनमा खानेपानी व्यवस्थापन गर्ने ।<br>• वडा कर्यालय आसपास तथा नावालुङ्ग बजारमा लावती धारा स्रोत मार्फत खानेपानी आयोजना सञ्चालन गर्ने ।<br>• युनिसेफ खानेपानी मर्मत संभार गर्ने ।<br>• वडाका विभिन्न सार्वजनिक स्थानहरुमा पानी धारा निर्माण<br>• महेन्द्रदय मा.वि.मा पानी शुद्धिकरण प्रविधिको जडान सहितको खानेपानीको व्यवस्था गर्ने ।<br>• वडामा भएका सबै खानेपानीका मुहान संरक्षण तथा व्यवस्थापन गर्ने । |

| | | |
|---|---|---|
| ३.३ | **संचार**<br>संचार सेवा प्रभावकारी हुन नसकेको । | • सार्वजनिक कार्यालय, विद्यालय, स्वास्थ्य इकाईमा ईन्टरनेट प्रभावकारी रुपमा विस्तार गर्ने ।<br>• नावलुङ्ग क्षेत्रमा एनसेलका एक वटा रिपीटर टावर निर्माणका लागि पहल गर्ने ।<br>• ईलाका हुलाक कार्यालय व्यवस्थापन गर्ने ।<br>• महेन्द्रदय मा.वि.लाई नमुना विद्यालयको रुपमा विकास गर्ने । |
| ३.४ | **विद्युत**<br>वडाका सबै क्षेत्रहरुमा विद्युतीकरण भएको छैन | • आगामी एक बर्ष भित्र वडाका सबै घरधुरीमा भरपर्दो विधुत सेवा विस्तार गर्ने ।<br>• साविक गजुरमुखी ८ को लामिडाडा क्षेत्र<br>• साविक गजुरमुखी ९ को खोलागाउँ<br>• साविक गजुरमुखी ९ को सामरेङ |
| ३.५ | **बैकल्पिक ऊर्जा**<br>वैकल्पिक उर्जा पर्वद्धन कार्यक्रम तथा सो को फाईदाका बारेमा समुदायमा जानकारीको कमि । | • महेन्द्रय मा.वि., स्वास्थ्य चौकी आसपास र गजुरमुखीधाम क्षेत्रमा सौर्य  सडक बत्ति जडान तथा व्यवस्थापन गर्ने ।<br>• महेन्द्रय मा.वि. मा सोलार जडान गर्ने ।<br>• वडाको दक्षिण क्षेत्रमा  गोबर ग्यास कार्यक्रम संचालन । |
| ३.६ | **सार्बजनिक निर्माण**<br>सार्बजनिक संरचनाको व्यवस्थापनमा कमि ।_ | • वडाकार्यालय आसपास जग्गा व्यवस्थापन गरि अस्थाई प्रहरी चौकीको पक्की भवन निर्माण गर्ने ।<br>• स्वास्थ्य चौकीको भवन निर्माण गर्ने ।<br>• नावालुङ्गमा नेपाल रेडक्रस सोसाईटीको देउमाई उपशाखा निर्माणमा सहयोग गर्ने ।<br>• वडा कार्यालय आसपास सम्पन्न सार्बजनिक सभा भवन निर्माण<br>• श्री गजुरमुखीधाममा भक्तजनहरुका लागि एक सार्वजनिक धर्मशाला निर्माण गर्ने ।<br>• बौद्ध गुम्बा व्यवस्थापनमा सहयोग गर्ने ।<br>• देउमाई दोभान र फेवाखोलामा धाट निर्माण गर्ने ।<br>• सालघरे चिहाँन डाँडामा सडक सहित मलामी टहरो निर्माण ।<br>• श्री महिला गजुरमुखी बहुउद्धेश्य सहकारी संस्थाको भवन निर्माणमा सहयोग गर्ने । |
| ३.७ | **वन**<br>वन व्यवस्थापन तथा जैविक विविधता सम्वन्धि चेतनामूलक कार्यक्रमको कमि । | • सालघारी, चरचपानी र घोर्लेभिर सामुदायिक वनमा घेराबार गर्ने ।<br>• जैविक विविधता तथा वन संरक्षण बारे उपभोक्ता सचेतना कार्यक्रम संचालन । |
| ३.८ | **विपद्**<br>विपत व्यवस्थापन बारे स्थानीय स्तरमा प्राविधिक योजनाको कमि । | • सार्बजनिक कार्यालयहरुमा विपत व्यवस्थापनका लागि चाहिने न्यूनतम सामग्रीहरुको व्यवस्थापन गर्ने ।<br>• वडामा विपत व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने ।<br>• बनमा बर्षेनी हुने गरेको डढेलो नियन्त्रण तथा विपद व्यवस्थापन सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्ने ।<br>• गाउँमा बाँदर प्रकोप न्यूनिकरण कार्यक्रम लागु गर्ने । |

## वडा नं. २, ईभाङ्ग

| क्र.स. | समस्या | आगामी योजना |
|---|---|---|
| १.१ | **कृषि**<br>किसानहरलाई नगदेबाली खेती र प्राङ्गारिक खेतीतर्फ उन्मुख गराउन नसक्नु । | • साबिक ईभाङ्ग ४, ५ र ९ को व्यवसायिक किबि खेती तथा जडीबुटी उत्पादन पकेट कार्यक्रम संचालन गर्ने ।<br>• साबिक ईभाङ्ग १, २ र ३ मा व्यवसायिक कफी, एभोकाडो र मोरिङ्गा खेती पकेट कार्यक्रम संचालन गर्ने ।<br>• साबिक ईभाङ्ग १, तल्लो क्षेत्रमा व्यवसायिक रुद्राक्ष खेती पकेट कार्यक्रम संचालन गर्ने ।<br>• साबिक ईभाङ्ग १, २ र ३ मा धान खेती पकेट कार्यक्रम संचालन गर्ने ।<br>• बाली बिमा कार्यक्रम संचालन गर्ने ।<br>• वडा कार्यालय आसपास क्षेत्रमा व्यवसायिक तरकारी खेती कार्यक्रम संचालन गर्ने ।<br>• नगदेवालीको बजारीकरण बारे स्थानीय स्तरमा कृषक र व्यवसायीहरुलाई प्रर्वद्धन कार्यक्रम संचालन ।<br>• स्थानीय स्तरमा उत्पादित नगदे बाली तथा फलफुलहरुको भण्डारण व्यवस्थापन गर्ने । |
| १.२ | **पशुपालन**<br>पशुपालन व्यवसायिकरण हुन नसकेको । | • साबिक ईभाङ्ग १, २ र ३ मा व्यवसायिक बाख्रा तथा बंगुर पालन कार्यक्रम<br>• साबिक ईभाङ्ग १ मा व्यवसायिक माहुरीपालन पकेट कार्यक्रम<br>• साबिक ईभाङ्ग १, मा व्यवसायिक लोकल कुखुरापालन कार्यक्रम सञ्चालन गर्ने ।<br>• वडाको माथिल्लो क्षेत्रमा व्यवसायिक गाई पालन रहेकाले दुग्ध  डेरी प्रर्वद्धन गर्ने ।<br>• पशुबिमा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने । |
| १.३ | **पर्यटन**<br>वडा भित्र भएका ऐतिहासिक तथा धार्मिक स्थानहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास हुन नसकेको । | • माङमालुङ्ग धार्मिक पर्यटन क्षेत्र स्थित चारसुरे डाँडाबाट  दृष्य अवलोकन गर्न भ्यूटावर निर्माण गर्ने ।<br>• साविक ईभाङ्ग ५ स्थित १७औं राष्ट्र विभूती फाल्गुनन्दको जन्मस्थान चुक्चीनाम्वा पूर्वाधार निर्माण गर्ने ।<br>• साविक ईभाङ्ग २ प्राचिन सातपोखरी स्थल माहारानी डाँडा संरक्षण गर्ने ।<br>• साविक ईभाङ्ग २ नेवार जातीहरुको भिमसेन मन्दिर संरक्षण गर्ने ।<br>• प्राचिन कालिन लेप्चाजातीहरुले आश्रय लिएको चिसापानी गुफा संरक्षण गर्ने ।<br>• नेपाल कम्युनिष्ट आन्दोलनका अग्रज योद्धा क. रत्न साहदत स्थानलाई व्यवस्थित बनाइने ।<br>• गजुरमुखी छेवैमा देउमाई किनारमा रहेको माहादेव गुफा संरक्षण गर्ने ।<br>• देउमाई खोला किनारमा रहेको मनोरम छाँगे झरना  संरक्षण<br>• साविक ईभाङ्ग ५ डोलपोखरी संरक्षण<br>• साविक ईभाङ्ग ५ स्थित किराँत धर्मगुरु आत्मानन्द  जन्मस्थान अगौटेवारीमा पूर्वाधार निर्माण । |
| १.४ | **खेलकुद**<br>खेलकुदका लागि आवश्यक पूर्वाधार र प्रशिक्षणको कमि । | • ईभाङ्ग बरबोटेमा मापदण्डयुक्त खेल मैदान निर्माण गर्ने ।<br>• साविक ५ डोलटारमा खेलमैदान निर्माण गर्ने ।<br>• खेलकुदको विकासको लागि तालिम तथा प्रशिक्षणमा सहयोग गर्ने ।<br>• बताहमुनी टोलमा खेलमैदान निर्माणमा सहयोग गर्ने । |
| २.१ | **शिक्षाः**<br>स्थानीय स्तरमा प्राविधिक शिक्षाको कमि | • श्री ईभाङ्ग मा.वि.मा प्राविधिक शिक्षा र मातृभाषा सबन्धि शिक्षाको शुरुवात गर्ने ।<br>• श्री ईभाङ्ग मा.वि.मा पनि अंग्रेजी माध्यम बाट पढाई सुचारु गर्ने ।<br>• साविक २ मा नेवा देवं दक्षु संचालन गर्ने ।<br>• स्थानीय विद्यालयहरुमा फर्निचर, कम्प्यूटर, खेलमैदान, कम्पाउण्ड खेराबार, खानेपानी र अपाङ्गमैत्री सौचालय निर्माण गर्ने । |
| २.२ | **स्वास्थ्य तथा सरसफाई**<br>स्वास्थ्य सेवा सर्वसुलभ भएता पनि भौतिक पूर्वाधारको कमि । | • वडाको स्वास्थ्य चौकीमा ल्याब सहितको विशेषज्ञ सेवा, औषधी आपूर्ति, खानेपानी, संचार, शौचालय निर्माण साथै दक्ष जनशक्ति  तथा उपकरण व्यवस्थापन गर्ने ।<br>• गर्भवती महिलाहरुमा कुपोषण रोकथाम कार्यक्रम संचालन स्वास्थ्य चौकी एक एम्बुलेन्स सेवा संचालन गर्ने । |

| | | |
|---|---|---|
| २.३ | **महिला तथा बालबालिका**<br>महिलाहरुका लागि सीप तथा आयमूलक कार्यक्रमको कमि साथै समुदायिक विकास कार्यमा महिला सहभागीतामा न्यून हुनेगरेको । | • महिलाका लागि सीप तथा क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।<br>• कृषि तथा पशु लघु उद्यम कार्यक्रम संचालन गर्ने ।<br>• महिला रोग सम्बन्धि स्वास्थ्य शिविर संचालन गर्ने । |
| २.४ | **आदिबासी जनजाती तथा दलित**<br>आदिबासी जनजाती तथा दलितजातीहरुको पंरम्पारगत पेशाको आद्युनिकिकरण र संरक्षणको कमि । | • आदिबासी जनजातीहरुको संग्रालय निर्माण<br>• परम्परागत सीप र प्रविधिको प्रर्वद्धनमूलक कार्यक्रममा सहयोग गर्ने । |
| ३.१ | **सडक तथा यातायात**<br>वडा र अन्तर वडा जोड्ने मोटरबाटो र पुलको कमिका कारण आवतजावतमा असुविधा भएको । | • तामाखोला भोटेडाँडा सडक स्तरउन्नति गर्ने ।<br>• साविक ४, ५ र ९ जोड्ने सडक स्तरउन्नति गर्ने ।<br>• रत्न शाहदात स्थल नेम्बाङ्ग गाँउ वताहा दोभान डाँडागाँउ अगौटे हुदै तेलिटार गजुरमुखी १ जोड्ने कृषि सडक निर्माण गर्ने ।<br>• माङसेबुङ धार्मिक स्थलबाट चिबुवा हुदै सिङलागु र गा.पा. केन्द्र पुग्ने सडक निर्माण तथा स्तरोन्नति गर्ने ।<br>• साविक ईभाङ्ग ४ जोरधाराबाट ठूलोपावा हुदै चुक्चीनाम्वा मन्दिर हुदै अगौटे सम्म सडक निर्माण गर्ने ।<br>• तिखेचोकबाट ईभाङ्ग घाट वालुङ्ग जोड्ने सडक स्तरोन्नति गर्ने ।<br>• सुनापुरटारबाट जोगीडाँडा हुदै अलैचीटार चितुवा जोड्ने सडक निर्माण गर्ने ।<br>• डोलटार, दहगाउँ लाटापाखा, खाम्नुवा हुदै ढाँडगाउँ जोडने सडक निर्माण गर्ने ।<br>• चारसुरे मालबाँसे जोरसाल जोडने सडक निर्माण गर्ने ।<br>• गजुरमुखी, ढाँडे सातबिसे हुदै वालुङ्ग छाँगे झरनासम्म जोडने सडक निर्माण गर्ने ।<br>• साविक ईभाङ्ग १ र जीतपुर (देउमाई खोला) बरदम्बा जाड्ने झोलुङ्गे पुल निर्माण ।<br>• पिपलडाँडा-माताङ-अलैचीटार सडकको नयाँ ट्र्याक खोल्ने |
| ३.२ | **खानेपानी**<br>समुदायमा खानेपानी आपुर्ति नियमित हुननसकेको । | • वडा नं १, २ र ३ तामाखोला बृहत खानेपानी योजना निर्माण<br>• वडा नं १, २ र ३ युनिसेफ खानेपानी योजनाको मर्मत संभार गर्ने ।<br>• वडा नं १, २ र ३ सुनगाभा खानेपानी योजना मर्मत संभार गर्ने ।<br>• फेवाखोला सांग्रेङ्ग मुहान हुदै लाप्चेटार, तामाङ्गगाउँ, नेम्बाङ्ग गाउँ, सिम्लेटोल, रत्नबस्ती र पानीटार खानेपानी योजना विस्तार गर्ने ।<br>• साविक ४, ५, ९ को माथिल्लो क्षेत्रको पावा, गोलटार, दहगाउँ, तेलिटार, खाम्नुवा, सानो र ठुलो पावा, चित्रे र ठाडेगाउँमा लिफ्टिङ्ग प्रविधी मार्फत खानेपानी वितरण गर्ने ।<br>• स्थानीय स्तरका सबै खानेपानी श्रोतहरु संरक्षण । |
| ३.३ | **सिंचाई**<br>व्यवस्थित सिंचाई सुविधाको कमी | • वडा नं १, २ र ३ का करिब ५०० घर लाभान्वित हुने कुलो निर्माण गर्ने ।<br>• साविक वडा नं १ को वालुङ्ग र हाङ्गमैना क्षेत्रमा लिफ्टिङ्ग प्रविधी मार्फत सिंचाई कुलो निर्माण गर्ने ।<br>• साविक वडा नं १ को लेवा दोभानमा सिंचाई कुलो निर्माण । |
| ३.४ | **संचार**<br>सुलभ संचार सुविधाको कमी । | • सार्वजनिक कार्यालय, विद्यालय, स्थावास्थ्य इकाईमा ईन्टरनेट प्रभावकारी रुपमा विस्तार गर्ने । |
| ३.५ | **विद्युत**<br>समुदायका सवै घरधुरीमा विद्युत सेवा विस्तार हुन नसकेको । | • आगामी तिन बर्ष भित्र वडाका सबै घरधुरीमा विधुत सेवा विस्तार गर्ने ।<br>• साविक वडा नं. १ मा विद्युत ट्रान्सफर्मरको क्षमता वृद्धि गर्ने । |
| ३.६ | **बैकल्पिक ऊर्जा**<br>वैकल्पिक ऊर्जाको प्रवर्द्धनमा कमी । | • वडाको क्षेत्रमा उत्तरी क्षेत्रका घरधुरीमा सुधारिएको चुलो, संस्थागत चुलो निर्माण तथा वडाको दक्षिण गोबर ग्यास कार्यक्रम संचालन । |

| | | |
|---|---|---|
| ३.७ | **सार्बजनिक निर्माण**<br>सार्वजनिक तथा स्तानीय संघसंस्थाको पूर्वाधारका कमिका कारण सेवा प्रभावकारी हुन नसकेको । | • साहारा महिला कृषि सहकारी संस्थाको भवन निर्माणमा सहयोग गर्ने ।<br>• लालीगुराँस सहकारी संस्थाको भवन निर्माण सहयोग गर्ने ।<br>• साबिक ईभाङ्ग ४ मा आदिबासी जनजाती भवन निर्माण सहयोग गर्ने ।<br>• साबिक ईभाङ्ग १, २, ३ को बिचमा पर्ने गरि शिवालय निर्माण गर्ने ।<br>• वडाकार्यालय आसपास सार्वजनिक सभा भवन निर्माण गर्ने ।<br>• साबिक ईभाङ्ग १ स्थित थामडाँडा शिवालय मन्दिरको भवन निर्माण ।<br>• बावर चासुम बजार क्षेत्रमा पाक्षिक हटियाका लागि सटर/टहरा निर्माण गर्ने ।<br>• बावर चासुम बजार क्षेत्रमा पाक्षिक हटियाका लागि सटर/टहरा निर्माण गन |
| ३.८ | **वन**<br>वन व्यवस्थापन, जैविक विविधता र जलवायु परिवर्तन सम्वन्धि सचेतनामूलक कार्यक्रमको कमि । | • साबिक ईभाङ्ग ४, ५, ९ मा केशर खेती शुरुवात र जडिबुटी खेती विस्तारका लागि नर्सरी स्थापनामा सहयोग गर्ने ।<br>• माङमालुङ्ग क्षेत्र जैविक विविधता साथै वन व्यवस्थापन र संरक्षण कार्यक्रम संचालन गर्ने ।<br>• माङमालुङ्ग क्षेत्रमा एक वन नर्सरी स्थापनामा सहयोग गर्ने ।<br>• वन तथा पर्यावरण संरक्षणका लागि सामुहिक तथा निजी वन संचालन र व्यवस्थापन कार्यक्रममा सहयोग गर्ने । |
| ३.९ | **विपद्**<br>विपत व्यवस्थापन बारे स्थानीय स्तरमा ठोस कार्य हुननसकेको । | • सङसाजुङ्ग, बताह र पचासे पहिरो नियन्त्रण कार्य गर्ने ।<br>• माँसेबुङ्ग २ मा रहेको डोलपोखरी संरक्षण गर्ने ।<br>• फेवाखोला र देउमईखोला किनारका खेतीयोग्य जमिन संरक्षणका लागि ग्याबिन वाल निर्माण । |

## वडा नं. ३ ईभाङ्ग चतुरे

| क्र.स. | समस्या | आगामी योजना |
|---|---|---|
